CC-0. In Public Domain. Digitization by eGangotri

सरलीकृत

नेपाली रामायण

राम जन्मभूमि अयोध्यापुरीको अनुसन्धानमा आधारित



यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri 5·Z·625

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरलीकृत

नेपाली रामायण

राम जन्मभूमि अयोध्यापुरीको अनुसन्धानमा आधारित

Acc: 2862 / 2475
NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ
पुस्तकालय

यज्ञराज ज्ञवाली
का.म.पा.१० बुद्धनगर काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरलीकृत

नेपाली रामायण

राम जन्मभूमि अयोध्यापुरीको अनुसन्धानमा आधारित

लेखक : यज्ञराज ज्ञवाली
का.म.पा.१० बुद्ध नगर काठमाडौं

प्रकाशक : दायित्व वाङ्मय प्रतिष्ठान
चावहिल, काठमाडौं
फोन नं. ०१-४४८६४७६

संस्करण : वि.सं. २०७८, पौष, १५, प्रथम

सर्वाधिकार : @ लेखकमा

मूल्य रु. : ३५०/-

ले-आउट/मुद्रण : लुम्बिनी प्रिन्टिङ्ग सर्भिसेज प्रा.लि शंखमूल, काठमाडौं
फोन नं. ९८५१०६०९६४

ISBN : 978-9937-9479-8-5

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा दिवंगत परिवारजन

एवं

समस्त पितृजनहरुको

मोक्षका कामनार्थ

तिनै देवाङ्गमा समर्पित भएका पितृहरुको चरण कमलमा

सादर समर्पण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक दम्पती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

यज्ञजीले गरेको महान् यज्ञ

राम प्रसाद पन्त

खोज अनुसन्धान गर्ने काम कहिल्यै सकिँदैन, यो निरन्तर चलिरहने प्रक्रिया हो । अनुसन्धान गर्दै जाँदा कति थपिन्छन्, कति काटिन्छन् र कति बदलिन्छन् जुन प्रमाणमा आधारित हुन्छ । **'यत्र-यत्र धूम तत्र-तत्र वह्नि'** यो तर्कशास्त्रको नियम हो । अर्थात् जहाँ धुवाँ देखिन्छ त्यहाँ आगो हुन्छ भनेर अनुमान गर्न सकिन्छ । यस्तै अनुमानले अनुसन्धान गर्न सिकाउँछ ।

राम जन्मभूमि अयोध्या कहाँ थियो ? आज चर्चाको विषय भएको छ । अहिले जसलाई अयोध्या भनिन्छ, त्यही नै इक्ष्वाकु कुलवंशले शासन गरेको वा दशरथले पुत्रेष्टि यज्ञ गरी रामसहित चार पुत्रलाई जन्म दिएको राजधानी हो कि होइन भन्ने तर्कवितर्क चलिरहेको छ । लखनौस्थित अयोध्याको तत्कालीन राममन्दिर तोडेर मुस्लिम शासक इब्राहिम लोदीले मस्जिद बनाएका र अर्का शासक बाबरले लोदीलाई मारेर आफ्नो नाममा बाबरी मस्जिद बनाएको भन्ने उल्लेख छ। पुनः त्यस मस्जिदलाई भत्काएर गत वर्ष २०२० देखि पुनः राममन्दिर बनाउन थालिएको छ तर जग उत्खनन गर्दा त्रेताकालीन रघुकुलवंशीय कुनै अवशेषहरु भेटिएनन्, बरु बुद्धविहारका केही अवशेषहरु फेला परे ।

उता राममन्दिर निर्माण हुँदै गर्दा तत्कालीन नेपालका प्रधानमन्त्री के पी शर्मा ओलीले सम्भवतः लोकमणि पौडेलको सहयोग लिएर नेपालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्सा जिल्लामा रहेको ठोरीको अयोध्यापुरी नै राम जन्मभूमि हो भनी ठोकुवा गरे र राम, सीता, लक्ष्मण र हनुमान्का मूर्तिहरु कुँदेर राममन्दिर बनाई मूर्ति स्थापना गर्नका लागि पठाए । उनले भारतलाई चुनौती दिने गरी यति ठूलो निर्णय त्यसै गरेनन्, थुप्रै तर्कहरु पेश गरे ।

के.पी ओलीले शान्त पोखरीमा ढुङ्गा प्रहार गरेर तरङ्ग सिर्जना गरेपछि नेपालीको मात्र होइन, भारतीयहरुको ध्यान पनि मोडियो नेपालको अयोध्यापुरीतर्फ । धेरै आधारहरु यस्ता थिए, जुन खण्डन गर्न सकिँदैनथे। अध्येताहरुले वाल्मीकि रामायणलाई मूल आधार बनाए र आनन्द रामायण, अद्भुत रामायण, अध्यात्म रामायण, तुलसी रामायण र तामिल रामायणहरुको पनि सहयोग लिए । यी सबै अनुसन्धाताको अनुमान भारतको अयोध्याभन्दा नेपालको अयोध्यापुरीमा केन्द्रित थियो ।

अयोध्या पुग्न घनाजङ्गलको बाटो तय गर्नुपर्ने कुरा, भारतको अयोध्याबाट चार दिनमा जनकपुर पुग्न सकिने कुरा, श्रीरामले अयोध्याबाट डेढ योजन पश्चिम गएर सरयु नदीको दर्शन गरेको कुरा, देवघाटदेखि अयोध्या पचास किलोमिटर भएको कुरा, श्रवणकुमारले आफ्ना अन्धा मातापितालाई तीर्थाटन गराउन लैजाँदै गर्दा शिकार खेल्न गएका दशरथलले मृगको भ्रममा, श्रवणकुमारलाई मारेको कुरा, जुन सरोवर स्याङ्जामा छ र अन्धाअन्धी तालले चर्चित छ, जहाँ शिकार खेल्नका लागि अयोध्याबाट आउन सकिने सम्भावना छैन । लक्ष्मणले सीतालाई एक दिन वास बसी अयोध्याबाट वाल्मीकि आश्रम पुर्याएको कुरा, शत्रुघ्न एक दिनमा वाल्मीकि आश्रम पुगेर बास बसी त्यहाँबाट आठ दिनमा मथुरा पुगेको कुरा, अश्वमेध यज्ञको घोडा पश्चिमतर्फ छोडिएको कुरा, सरयु नदी (राप्ती) पूर्वबाट पश्चिम बगेको कुरा । जब कि फैजावादको अयोध्यामा बग्ने सरयु नदी पश्चिमबाट पूर्व बग्छ । देवघाटमा पुत्रेष्टि यज्ञ गराउने ऋषिको तपस्थल, आश्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोशी किनार र गुल्मीको रेसुङ्गा भएको कुरा, ताडका वध भएको ठाउँ सिन्धुपाल्चोकको पाँचपोखरी भएको अनुमान, त्यहाँबाट फर्कंदा पनौतीमा गौतम ऋषिद्वारा श्रापित भएर शिलाको रुपमा रहेकी गौतमीलाई जीवनदान दिएको कुरा रामायणमा आधारित कुरा हुन् र यी आधारभूत कुराहरुले रामजन्मभूमि नेपालकै अयोध्यापुरी भएको पुष्टि हुन्छ ।

यसै गरी मानसरोवरको पानी सरयुमा मिसिएको भन्ने अर्को बलियो प्रमाण किन छ भने पहिले मानसरोवर दामोदर कुण्डलाई भनिन्थ्यो । त्यही कुण्डबाट बगेको पानी कालीगण्डकी हुँदै नारायणीमा मिसिन्छ र त्यही नारायणीमा सरयुनदी नदी पनि विलय हुन्छ । अर्को कुरा अयोध्यापुरीको निकटवर्ती क्षेत्रमा यस्ता नामहरु विद्यमान छन्, जसले अयोध्यापुरीलाई नै रामजन्मभूमि भन्न मद्दत पुर्याउँछन् , जस्तै- रामधुनी, रामनगर, रामपुर, रामग्राम र सीतागुफा आदि । यतिमात्र होइन, अयोध्यापुरीमा उत्खनन गर्दा प्राचीन ठूला आकारका इँटाहरु पनि भेटिएका छन् ।

यदि उक्त कुराहरुको पुष्टि हुने हो भने रामसर्किट पनि बदलिन्छ । जब कि अहिलेसम्म रामसर्किटको रुपमा जनकपुर, सीतामढी, दरभङ्गा, बक्सर, अयोध्या, चित्रकुट, नन्दीग्राम, महेन्द्रगिरि, जगदलपुर, भद्राचलय, टप्पी, नासिक, नागपुर र रामेश्वरम् मानिदै आएको थियो । यसरी नै अयोध्याबाट श्रीलङ्का तीन हजार किलोमिटर छ भन्ने रेकर्डमा पनि फेरबदल हुन्छ ।

हो, वास्तवमा खोजी हुनु र खोजलाई प्रमाणित गर्नु नराम्रो कुरा होइन र अनौठो कुरा पनि होइन । खोजेर प्रामाणिक कुरा भेटियो भने कसैको हार र जितको कुरा पनि हुँदैन । **'वादे-वादे जायते तत्त्वबोध'** भने झैं वाद, संवाद र अनुसन्धानले तथ्य कुरा पत्ता लगाउन सकिन्छ । यस्तै हाम्रा महाकवि लक्ष्मीप्रसाद देवकोटाको पहिलो रचना 'पूर्णिमाको जलधि' (कविता १९९१) मानिँदै आएकोमा पछि गोरखापत्रमा नै छापिएको वसन्त षोडशी (कविता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१९८५) भेटियो । यसै गरी बेलायत पुग्ने पहिलो नेपाली जङ्गबहादुर भनिएकोमा पछि मोतीलाल सिंह भन्ने थाहा भयो । यस्तै न्युजिलैन्ड पुग्ने पहिलो नेपाल सत्यमोहन जोशी भनिँदै आएकोमा पछि जनरल मृगेन्द्र समशेरको तीन सदस्यीय टोली भन्ने प्रमाणित भयो ।

नेपालमा यस्ता थुप्रै अनुसन्धेय विषयहरु छन् । 'नेपालमै चार धाम छन्, नेपालमै बाह्र ज्योतिर्लिङ्ग छन्' भनेर धर्मशास्त्रको आधारमा प्रमाणित गरिदिनुभएको छ, जगद्गुरु मोहनशरण देवाचार्यले । यतिमात्र होइन, उहाँले 'हाम्री आमा भ्याटिकन सिटीमा छिन्' भन्ने नेपाली क्रिश्चियनहरुलाई चुनौती दिँदै मेचीमहाकाली घुमेर एकएक रुपैयाँ सङ्कलन गरी १८ करोडको लागतमा कन्चनपुरको झम्केनी महाकाली किनारमा ७५ फिट अग्लो नेपालमाताको मूर्ति तयार गर्दै हुनुहुन्छ । यस्ता अनुसन्धाता हुने हो भने र वैदिक, पौराणिक र शास्त्रीय प्रमाणहरुका आधारमा पुष्टि गरेर देखाइदिने हो भने नेपालको शान र मान अझ उचो हुन्छ । यसमा दुईमत छैन ।

उक्त बमोजिमका आद्योपान्त कुराहरुलाई आधारभूमि बनाएर अन्वेषक यज्ञराज ज्ञवालीले सरलीकृत नेपाली रामायणको रचना गर्नुभएको छ र यस कृतिको प्रकाशन गर्ने जिम्मा दायित्व वाङ्मय प्रतिष्ठानलाई दिनुभएको छ । श्री ज्ञवाली अत्यन्त उत्साही र जाँगरिला व्यक्तित्वका रुपमा चिनिनुहुन्छ । उहाँका तीनवटा आध्यात्मिक कृतिहरु देवदर्शन, हाम्रो धार्मिक आस्था र प्रतिबिम्ब २०७३ सालमा यसै प्रतिष्ठानद्वारा विमोचन भई प्रकाशित पनि भइसकेका छन् । अहिले अर्को अनुसन्धानपरक कृति नेपाली प्रकाशन गर्न पाएर हामी गौरवान्वित भएका छौँ । गौरव गर्नुपर्ने कुरा के छ भने वाल्मीकि रामायण नै अन्य रामायणहरुको स्रोत रामायण हो । त्यसैले यो प्राचीन रामायण हो । गायत्री मन्त्रमा २४ अक्षर छन् भने यस रामायणमा २४ हजार श्लोक छन् । यसैले पनि यस रामायणको विशेष महत्त्व छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसैले भन्न सकिन्छ, चौबीसको सङ्ख्यामा महान् अर्थ लुकेको छ । यस्तो महान् पवित्र ग्रन्थलाई आधारभूमि बनाएर, थप अनुसन्धान गरेर तर्कपूर्ण रुपमा उदाहरणहरु दिएर यज्ञजीले जुन कृति तयार गर्नुभयो, यस अर्थमा हामी श्री यज्ञराज ज्ञवालीलाई बधाई तथा शुभकामना दिन्छौं । तपाईंको लेखनी निरन्तर अगाडि बढिरहोस् । जय राम ! जय राम जन्मभूमि !

अध्यक्ष

दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

॥ श्री हरि ॥

॥ श्री स्वामिनारायण विजयतेत् राम् ॥

स्वामी लोकानन्द

विषय – शुभाशीर्वाद शुभकामना ।

धर्म संस्कृति, प्रकृति र परम्पराको रक्षार्थ जन र जगतको कल्याणको कामनार्थ हाम्रा ऋषिमुनि महर्षि योगी हरूले आफूले देखेका भोगेका सुनेका अनुभव गरेका जगत अनि जगदीशकाबारेमा जतिपनि ग्रन्थहरू बने यि सवै हाम्रा वैदिक सनातन धर्मका धरोहर मानिन्छन् । यिनै मान्यतालाई आत्मसाथ गरी खोज कर्तायज्ञराज ज्ञवालीज्यू बाट लेखिएको यो सरलीकृत नेपाली रामायणमा वाल्मीकि आश्रमको सान्नीध्यतामा अवस्थित माडीको अयोध्यालाई समेत समेटेर अनुसन्धानका साथ लेख्नु भएको देखिन्छ । यो ग्रन्थ जन उपयोगी आध्यात्मीक मार्गदर्शनको रुपमा स्थापित भई समस्त जनहरूमा रामायण रूपी भागीरथी गंगा स्वपान गर्ने अवसर सबैलाई मिलिरहने छ । लेखकमा अरू खोज पूर्ण लेखहरू लेखि रहने प्रेरणा परमात्मा बाट प्राप्त भइरहोस यही शुभेच्छा शुभकामना शुभाशिर्वाद छ । अस्तु ।

श्री स्वामिनारायण मुक्तिनाथ धाम
स्वामिनारायण मुक्तिनाथ विकास ट्रष्ट 'नेपाल'
शाखा रूपन्देही बुटवल (फोन नं ०७१-४४५१००)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

Communist Party of Nepal (UML)

केन्द्रीय कार्यालय / Central Office

शुभकामना

राम जन्मभूमि अयोध्यापुरी सम्बन्धी अनुसन्धानमा आधारित **'सरलीकृत नेपाली रामायण'** कृति प्रकाशनका लागि सर्वप्रथम अनुसन्धानकर्ता विद्वान यज्ञराज ज्ञवालीजीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । हाम्रो प्राच्य सभ्यता र इतिहासको अध्ययनका लागि यस कृतिले अमोघ अन्वेषणको स्थान ग्रहण गर्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु ।

हाम्रा प्राचीन नीतिशास्त्रहरु आर्ष ज्ञानले प्रस्फुरित भएका हुन् । त्यसैले ती हाम्रा विद्वान पूर्खाहरुका जीवन अनुभूति, अनुभव र व्यवहारहरुद्वारा सिद्ध छन् । यस भूखण्डबाट सुरु भएको ज्ञानको ज्योतिलाई संसारले आधारज्ञानका रुपमा ग्रहण गरेको हामी ज्ञान/विज्ञान सम्बन्धी गहन अध्ययनवाट थाहा पाउन सक्छौं । यस्ता अध्ययन र खोजद्वारा यहाँको प्रकृति जैविक उन्नयनका लागि मात्र होइन ज्ञानको हैमप्रभा विस्तारका लागि पनि उर्भर थियो भन्ने बुझ्न सकिन्छ । यस अनुसन्धानमुलक कृतिले त्यस खोजका लागि योगदान गर्ने छ भन्ने मेरो विश्वास छ ।

रामायणमा वर्णित त्रेता युगका आदर्श चरित्रोत्तम राम हाम्रो पवित्र भूमिमा जन्मेका हुन् । इतिहासको अध्ययन र खोजमा हाम्रो ध्यान नपुग्दा रामको जन्मभूमि नेपाल नभएर अन्यत्रै हो भन्ने भ्रान्त भान पर्न गएको छ । रामायणको शाब्दिक अर्थ रामको चरित्र वर्णन हो । रामायणमा वर्णित रामचरित्र र तिनमा प्रयुक्त पात्र र स्थानहरुबारे खोजी गर्दा हाल नेपालभित्र रहेको चितवनको अयोध्यापुरी रामको जन्मभूमि हो भन्ने पुष्टि हुन्छ । राजा दशरथले सन्तानोत्पादका लागि शृङ्गी ऋषि मार्फत पुत्रेष्ठी यज्ञ आयोजना गरेको रामायणमा उल्लेख छ । संस्कृत व्याकरणमा शृङ्को अर्थ पहाड र शृङ्गीको अर्थ पहाडको तरेली हो । शृङ्गी ऋषिको तपस्यास्थल हालको गुल्मी जिल्लामा छ र हामी त्यहाँ शृङ्ग गुफा पनि देख्न सक्छौं । यस तथ्यले पनि राम यस भूगोलमा जन्मेका थिए भन्ने प्रष्ट पार्दछ । रामायणमा वर्णित यस्ता अनेकौं पात्र र स्थानहरुले राम यहाँ जन्मेका थिए भन्ने बुझ्न सकिन्छ ।

अध्ययनको निष्कर्षमा सहमत हुने/नहुने अधिकार हरेक पाठकहरुमा सुरक्षित रहेको हुन्छ । तर तथ्यहरुमा आधारित रहेर गरिने विमर्शहरुले सत्यलाई प्रकाशित गर्दछ । रामायणका कथामा आधारित रहेर नेपाली भौगोलिक परिवेश झल्काउने हाम्रा प्राचीन शास्त्रहरुको गहन अध्ययन, खोज र अनुसन्धान गरी तिनीहरुका बहुआयामिक तथ्यहरुलाई प्रकाशित गर्न यस कृतिले सहयोग पुऱ्याउने छ भन्ने मेरो विश्वास छ । यस गहन तत्परताका लागि विद्वान लेखक यज्ञराज ज्ञवालीजीलाई धन्यवाद दिँदै उहाँको खोज अनुसन्धान कार्यको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

२ माघ २०७८

केपी शर्मा ओली
अध्यक्ष

थापाथली, काठमाडौं, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, फ्याक्स: +९७७ १ ४०१५९८०, पो.ब.नं.: ५४७१, ईमेल : office@cpnuml.org, वेबपेज: www.cpnuml.org
Thapathali Kathmandu Nepal Phone +977 1 5908114 5908214 5908314 Fax +977 1 4015980 PO Box No 5471 Email office@cpnuml.org Website www.cpnuml.org

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरलीकृत नेपाली रामायण

(एक सङ्ग्रहणीय कृति)

प्रा. डा. भागवत ढकाल

ज्ञानको कुनै परिसीमा मापन गर्न गाह्रो छ । नित्य निरन्तर साधना र अन्वेषणबाट व्यक्तिले महत्वपूर्ण उपलब्धि हासिल गर्न सक्छ । जीवनलाई भोग विलासको बाटोमा लैजाने वा कर्मशील बनेर अध्ययन अनुसन्धानमा प्रवृत्त हुने ? यो व्यक्तिको वैयक्तिक स्वतन्त्रताको कुरा हो । कतिपय व्यक्ति जागिरे जीवनबाट निवृत्त भएपछि एकाकी जीवनबाट वाक्कदिक्क भएर रोगी हुन्छन् । कतिपय तीर्थव्रतमा लाग्छन् भने कोही दुर्व्यसनमा फसेका हुन्छन्, तर अपवाद आफ्नो सेवा निवृत पछिल्लो जीवनलाई अत्यन्त ऊर्जाका साथ समाजोपयोगी तुल्याएर बाँच्ने प्रतिभाशाली व्यक्ति हुनुहुन्छ यज्ञराज ज्ञवाली ।

व्यक्ति १८, २० वर्षको छ, बिहान आठ बजेसम्म सुतिरहन्छ । तीन पटक आमाले बोलाएपछि खाना खाइदिन्छ, फेरी सुत्छ । खाजाको अनुरोध स्विकार्छ फेरि सुत्छ । आफ्नो कोठामा मोवाइल र ल्यापटपबाट बाहिर निस्कन सकेको छैन । त्यसलाई युवा भन्ने ? वा उमेर ७० कटेको छ तर ४ बजे उठ्ने पूजापाठ नित्य नैमित्तिक कार्य गर्ने टोल छिमेक भेटघाट सन्चो बिसन्चो सोध्ने, गाह्रो साह्रोमा मलम लगाउने, नयाँ सोंच नयाँ विचार समाजलाई दिइरहने केही लेखपढ खोज अनुसन्धान गर्ने व्यक्तिलाई युवा भन्ने ? हो यो पछिल्लो पङ्क्तिका युवा हुनुहुन्छ यज्ञराज ज्ञवाली ।

जीवनमा धेरै मानिससङ्ग भेटघाट भएको छ, सङ्गत गरिएको छ । तर कर्ममा यति गतिशील र खरो मानिस भेट्टाउन गाह्रो छ । २०७३ साल तिरको कुरा हो, 'हाम्रो धार्मिक आस्था' 'देव दर्शन' र 'प्रतिविम्ब' किताबका पाण्डुलिपि लिएर मसँग आउनु भयो र केही भाषिक त्रुटि हेरि दिनुपर्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नु भयो । ढिलोचाँडो केही परिमार्जन गरेर दिएँ, कृति प्रकाशित भए । भव्य समारोह गरी विमोचन गरियो । त्यतिखेरका कृतिमा थुप्रै भाषिक त्रुटि र वाक्यगठन गत समस्या थिए । यस पटक पनि एक दिन बिहान घरमा छिरेर कृतिको पाण्डुलिपि दिँदै गर्दा म साँच्चिकै खिन्न थिएँ । कति त्रुटि कमजोरी छन् ? कसरी हेर्ने होला भन्ने । तर मेरो भ्रम यस कृतिले तोडेको छ । यस कृतिरूपी चौथो सन्तानमा आइपुग्दा वहाँको भाषा काली गण्डकी भैँ सलल बगेको छ । व्याकरणगत त्रुटि सून्य प्राय छन् । वाक्य गठन सुन्दर छ । पद सङ्गति युक्त छ । कहीँ कतै ठूलो समस्या नपरीकन यस कृतिको पहिलो पाठक बन्ने अवसर दाजुले (मैले स-सम्मान दाजु भन्ने गरेको छु) मलाई प्रदान गर्नु भयो । यस विश्वासका लागि म आभारी छु ।

कृति जिम्मा लिएर मैले वहाँलाई समयमा फिर्ता गर्न सकिन । एकातिर कृतिको विराटता अर्कातिर यहाँ वर्णित प्रसङ्गहरू एकपटक मात्रै पढेर मेरो हृदय शान्त भएन, चित्त बुझेन, दोहोर्याएर पढेँ, अनि बल्ल आफ्नो ज्ञानको शिशु अवस्था र दाजुको परिश्रमका पसिना अनुमान गर्न थालेँ । भन्न सजिलो छ परि पुर्याउन र गर्न गाह्रो छ । रामायण साहित्य प्राय सवै भाषामा लेखिएका छन् । रामायण स्रष्टाहरूका लागि राम्रो पौराणिक मिथक बनेको छ । यसलाई समाजसँग, इतिहाससँग, अध्यात्मसँग जहाँ जसरी पनि जोड्न सकिन्छ । बाह्र वर्ष रामायण पढ्यो सीता कसकी जोई? भन्ने उखानले पनि रामायण जति पढे पनि पढी नसक्नु ग्रन्थ हो भन्ने प्रमाणित गरेको छ । रामायणका घटना आज पनि समाजमा विद्यमान छन् । कसैको घरमा जाँदा त्यहाँ भैँ भगडा चलेको भए के महाभारत चल्दै छ यहाँ ? भन्नु र राम्रो अनुशासित व्यवहार देखिएमा कस्ता राम लक्ष्मण जस्ता मिलाप भएका वा कस्ती सीता जस्ती बत्तीसै लक्षणले युक्त नारी आदि उपमा दिएर भन्ने गरिन्छ । रामायण गद्य र पद्य दुवैमा लेखिएका छन् । रामायणका कुनै पात्र विशेषलाई लिएर काव्य महाकाव्य लेखिएका छन् । हामी नेपालीहरूले वाल्मीकि रामायण र भानुभक्तीय रामायणलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामजीको कथाको श्रोत बताउँदै आएका छौं । यही रामायणमा कैयौं शोध अनुसन्धान भए । स्नातकोत्तर तह देखि विद्यावारिधि उपाधिका विषयवस्तु बने । यसै रामायणमा आधारित रामलीला मञ्चनको लामो परम्परा छ । फिल्महरू होऊन् वा टेलिशृङ्खला रामायण जुनसुकै जीवन र समाजमा पनि उपयुक्त र ज्ञानोपयोगी बनेको छ ।

'सरलीकृत नेपाली रामायण'का स्रष्टा यज्ञराज ज्ञवाली स्वाभिमानी देशभक्त व्यक्ति हुनुहुन्छ । राजनैतिक विचार र चेत जसको जे होस् तत्कालिक प्रधानमन्त्री के पी शर्मा ओलीले रामको जन्म भारतको अयोध्यामा नभएर नेपालको चितवन जिल्ला अन्तर्गत अयोध्यापुरीमा भएको थियो भनी आफ्नो विचार व्यक्त गर्नु भयो । यस विचारले स्वदेश र विदेशमा रहेका अनुसन्धातालाई नयाँ विषय प्राप्त भयो । नेता जहिले पनि नव-नव विचार जगाउने जन्माउने हुनुपर्छ । ओलीजीले पनि नेपाली धार्मिक समाजलाई जगाइ दिनुभयो । त्यसपछि त्यस ठाउँमा जाने अध्ययन अनुसन्धान गर्ने कार्य प्रारम्भ भए । यसबाट एकातिर धार्मिक पर्यटनको विकास त भयो नै अर्कातिर के साँच्चिकै राम हाम्रै देशका सपूत थिए त ? भन्ने जिज्ञासा पनि आम नेपालीमा जाग्दै गयो । यसैको फलस्वरूप यज्ञराज ज्ञवाली पनि त्यस ठाउँमा पुग्नु भयो । स्थानीय सँग भेटघाट गर्नुभयो । त्यहाँको वस्तुस्थितिको स्वयंले अध्ययन गर्नु भयो । अनि एउटा कलमजीवीका लागि यस नवीन विषयमा हात हाल्ने जमर्को चल्यो । फलस्वरूप यो कृति जन्मिएको हो ।

हुनपनि अयोध्यावाट जन्ती लिएर जनकपुर विवाह गर्न आउन तत्कालिक समयमा सम्भव थिएन । यातायातका श्रोत साधन, बाटोघाटो पुल आदिको सुविधा नभएको बेला भारतको अयोध्यादेखि नेपालको जनकपुरसम्म घोडा र रथ सहितका वरियात आउन सक्ने सम्भावना देखिँदैन । रामायणका श्रष्टा महर्षि ब्यास, ब्रह्मर्षि वाल्मीकि, पुत्रेष्टि यज्ञ लगाइदिने महर्षि शृङ्ग,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम लक्ष्मणलाई लिएर राजा जनकको धनुष यज्ञमा जाने महर्षि विश्वामित्र, रामका कुलगुरु महर्षि वशिष्ठ, महर्षि भारद्वाज जस्ता रामायण कालिन ऋषि महर्षिहरूको आश्रम नेपालमै पाइनुले रामायणकालीन घटनाक्रम नेपालमै भए घटेको हुनसक्ने भन्न सकिन्छ । किनभने स्रष्टाले आफूले देखे भोगेको कुरा साहित्यमा पस्कने हो । अनुसन्धाता यज्ञराज ज्ञवालीले केवल नेताको भनाइलाई पुष्टि गरिदिनु मात्र नभएर यसको वास्तविक अनुसन्धानतर्फ केन्द्रित भएर विभिन्न धर्म ग्रन्थहरू, इतिहासका ठेलीहरू, प्राप्त अन्य सामग्रीहरू जोडजाम गरेर यस कृतिमा रामको जन्म भारतको अयोध्यामा होइन, नेपालको चितवन जिल्ला अन्तर्गत पर्ने अयोध्यापुरीमा नै भएको हो भन्ने कुराको पुष्टि गर्नु भएको छ । यस सरलीकृत नेपाली रामायणले नेपाली समाजको मात्र होइन अपितु इतिहास पुराणमा आएका रामायणमा उल्लेख भएका ऐतिहासिक स्थल र चरित्रहरूको प्राचीन नाम र त्यसको अपभ्रंश हुँदै आजको दिनमा प्रयोगमा रहेका नामसँगको सम्बन्धगत सान्निध्य स्थापित गरेको छ । यस कृतिका धेरै विशेषताहरू मद्धे केहीलाई निम्न बुँदाका आधारमा स्पष्ट पार्न सकिन्छ ।

क–१ आलोचनात्मक दृष्टिकोण – स्रष्टा यज्ञराज ज्ञवालीले केवल रामायणको कथा लेख्नु भएको छैन, अपितु सृष्टि स्थिति भूगोल र इतिहासलाई परम्परासँग जोडेर आधुनिक आँखाले हेर्नु भएको छ। अगाध आस्थाले कहिलेकाहीँ कतिपय लेखकलाई सत्यबाट टाढा पुर्याउन सक्छ। यहाँ पृथ्वीको उत्पत्ति होस या विकाश निर्माणका गतिविधि तिनलाई आधुनिक भौतिकवादी विज्ञानवादी आँखाले वहाँले चर्चा गर्नु भएको छ, यो लेखकीय सफलता हो । स्रष्टा जहिले पनि तटस्थ र आलोचनात्मक हुनुपर्छ त्यो यस कृतिमा भएको छ ।

२ इतिहास र वर्तमानको समन्वय – यस कृतिमा यज्ञराज ज्ञवालीले एकातिर इतिहासको उत्खनन गर्नु भएको छ भने अर्कातिर तत्तत् ऐतिहासिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महत्वका व्यक्ति, ठाउँ र घटनालाई वर्तमानसँग जोड्नु भएको छ । कतिपय ठाउँको यात्रा अवधि र किलोमिटर, माइल आदिको उल्लेख गरेर त्यसलाई वस्तुसत्य बनाउनु भएको छ । यो इतिहासलाई वर्तमानसँग जोड्न सक्नु लेखकीय सफलता हो ।

३ पौरस्त्य ज्ञानको निचोड - हुनत ज्ञानको सीमा हुँदैन तरपनि यज्ञराज ज्ञवालीले पौराणिक ज्ञानको सार यस कृतिमा खिच्नु भएको छ । रामायण नाम दिइए पनि यहाँ ब्रह्मा, विष्णु र महेशका विभिन्न चरित्र, कार्य र जीवनोद्देश्यको यथार्थ अङ्कन छ । विभिन्न स्वरूपहरूमा इश्वरीय लीलाको माग, त्यसको कार्यकारण, सम्बन्ध, ओझेलमा परेका वा केन्द्रविन्दुमा रहेका पौराणिक पात्रका गुण दोष, रामगीता र गीता दर्शनका निचोड पस्किएर स्रष्टाले एकातिर आफ्नो ज्ञानको गहिराइ देखाउनुभएको छ भने अर्कातिर पौरस्त्य ज्ञानलाई सरल भाषामा एउटै कृतिमा प्रस्तुत गर्नु भएको छ । यो थप लेखकीय सफलता हो ।

४ सु-बोध्य भाषा शैली - आजको व्यक्ति इतिहास पढ्दैन । पुराणसम्म सबैको पहुँच हुँदैन । भाषिक जटिलताले पनि कतिपय जिज्ञासुलाई तगारो हालेको हुन्छ । यस कृतिमा अत्यावश्यक संस्कृत श्लोक उद्धरणको रूपमा लिइए पनि तिनको नेपाली अनुवाद दिइएको छ भने अर्कातिर सम्पूर्ण इतिहास र पुराणलाई सरल सु-बोध्य भाषा र कलात्मक शैलीमा सामान्य उपशीर्षक बनाएर प्रस्तुत गरिएको छ । यसबाट एकातिर कृति सरल र सर्वपहुँच योग्य बनेको छ भने अर्कातिर स-साना उपशीर्षकले आफ्नो रुचिको शीर्षक मात्र पढ्ने छुट दिइएको छ । यो लेखकीय सफलता हो ।

५ समाजसँगको समन्वय - हुनत यो कृति पुराणसँग नजिक छ । पौराणिक घटनाक्रम र चरित्रको सेरोफेरोमा कृति जन्मिएको छ तर पनि ती हरेक चरित्र र घटनालाई आजको समय र समाजसँग जोडेर प्रस्तुत गर्नु यस कृतिको थप वैशिष्ठ्य हो र लेखकीय सफलता पनि हो । रावण प्रवृति उसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दशाननका लोभ लालच, ईर्ष्या, द्वेष रूपी स्वरूप होऊन् या शिव पार्वतीका घटना, सीताको जन्म कर्म र व्यवहार एवं रामसँग जोडिएका मानव र मानवेत्तर सवै पात्र प्रवृति र पर्यावरणलाई वर्तमान समाजसँग समन्वय गरेर यस कृतिमा प्रस्तुत गरिएको छ । यसर्थ यस कृतिलाई समाजसँग जोड्न सक्नु नै यस कृतिको सफलता हो । पुराण र इतिहासलाई युग सापेक्ष तुल्याएर वर्तमान समाजसँग जोड्नु वहाँको सफलता हो ।

यज्ञराज ज्ञवालीका बारेमा केही लेखौं ? छिमेकी भाइ हो, बढाइ चढाइ गर्यो भन्लान्, केही न लेखौं यति राम्रो कृति रहेछ भूमिका लेखक महाँ अल्छी परेछ, यी यस्ता दुवै दोषबाट म अवश्य पीडित हुनेछु तर पनि एउटा कलमजीवीले वस्तु सत्यको उद्धाटन गर्छ । अन्य रूप, बल वा आफन्त पराइबाट मुक्त हुन्छ भन्ने बुझ्नका लागि केही समस्या भएन । कृतिभित्र मक्केश्वर महादेवका कुरा होऊन् या कृस्चियन धर्मको प्रचारका प्रसङ्गहरू तत्तत् धर्मावलम्वीहरूका लागि अनुसन्धेय विषय हुन् भनी उठान गरिएको छ । यसमा विवाद गर्नु पर्ने केही छैन । तरपनि धार्मिक असहिष्णुता लेखकीय अमीष्ट होइन ।

अन्त्यमा जीवन बाँच्न जान्नु पर्दो रहेछ । जीवन जिउन र बाँच्न जानेका थोरै व्यक्तिहरू मध्ये यज्ञराज ज्ञवाली पनि हुनुहुन्छ । **'कीर्तियस्य स जीवति'** त्यसै भनिएको होइन । यति महत्वपूर्ण पुराणहरूको मन्थन गरी निकालिएको यो अमृतरूपी कृति आस्तिक, नास्तिक, स्वधर्मी, परधर्मी सबैका लागि उत्तिकै प्रिय र प्रभावकारी हुनेछ । ज्ञवाली दाजुले कृति तयार गर्दा कति पसिना बगाउनु भयो ? त्यो वहाँलाई थाहा छ तर पाठकले यसमा विशुद्ध मेवामात्र पाउने छन् ।

त्यस कृतिबाट एउटा धार्मिकले धार्मिक आस्थाको सागर भेट्नेछ भने एउटा इतिहासकारका लागि ऐतिहासिक साक्षी र प्रमाण भेटिनेछन् । समाज सास्त्रीले समाजको विकाशक्रम भेट्ने छ भने भौतिक वादीले मानव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनको विकाशको भौतिक शृङ्खला पाउने छ । नास्तिकले खण्डनका लागि पढ्ला ज्ञान पिपासुले ज्ञान बृद्धिका लागि । यो आफैमा सानो तर सम्पूर्णता समेटिएको कृति हो । यस्तै रचनाको प्राप्तिका लागि होला स्वर्गीय माधव घिमिरेले **'यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ'** भन्नु भएको थियो । यो आफ्नो विषय र क्षेत्रको पूर्ण संसार समेटिएको कृति हो । यसलाई नपढ्ने पाठकका लागि अध्ययनमा ठुलो खाडल रहनेछ ।

कृति पठनीय र सङ्ग्रहणीय बनेको छ । पुराणका ठेली पल्टाउन नसक्नेका लागि ती ग्रन्थहरूका सार खिचेर प्रस्तुत गरिएकाले समयको समेत सदुपयोग हुने र पाठकहरूका निमित्त पूर्ण सन्तुष्टि दिने गरी कृति प्रकाशन गर्न लाग्नु भएकोमा मुरी-मुरी साधुवाद टर्क्याउँदै आफ्ना शब्द यहीँ बिसाउँछु । भवतु **सर्व मङ्गलम् ।**

२०७८।९।१९

पितृ अमावस्या

वाल्मीकि विद्यापीठ, प्रदर्शनी मार्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशंसा

वक्तव्य

प्राणीहरूको कल्याणका लागि परमात्मा स्वयम् अवतरण गर्नुहुन्छ र आफ्ना लीलाहरूद्वारा प्राणीहरूलाई सांसारिक भवबन्धनबाट मुक्त गराउनुहुन्छ । यो सनातन धर्मको अवतारवादको विशिष्ट चिन्तन हो । दार्शनिक रूपमा सम्पूर्ण संसार नै परमात्माको अवतार हो । संसार परमात्माभन्दा भिन्न कहाँ छ र ? **'यतो वा इमानि भूतानि जायन्ते । येन जातानि जीवन्ति । यत्प्रयन्त्यभिसंविशन्ति । तद्विजिज्ञासस्व । तद् ब्रह्मेति ।'** (तै. उ. ३ । १ । १) ।

परमात्माका तीनप्रकारका अवतारहरू छन् सामान्य, विभूति र मुख्य । सामान्य अवतारभित्र संसारका सबै पदार्थ र प्राणीहरू पदर्छन् । विश्वब्रह्माण्डका अनन्त वस्तुहरूमध्ये विशिष्ट गुण र धर्म भएका वस्तुलाई परमात्माका विभूतिका रूपमा चिन्तन गरिएको छ । श्रीमद्भगवद्गीताको अनुसार विशिष्ट गुण, पहिचान, प्रभाव र सामर्थ्य भएका पदार्थहरूमा परमात्माको तेज अभिव्यक्त हुन्छ ।

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।

तत्तदेवावगच्छ त्वं मम तेजोंशसम्भवम् ॥(भ. गी. १० । ४१)

पर्वतहरूमा हिमालय, नदीहरूमा गङ्गा, रुखहरूमा पीपल आदि परमात्माका अनन्त विभूतिहरू हुन् । यी सम्पूर्ण विभूतिहरू पूज्य र सम्माननीय भएता पनि कृपाशक्तिको सामर्थ्य नभएकाले उपास्य भने होइनन् । किनभने उपासनाको फल दिने शक्ति यी विभूतिमा हुँदैन । आफ्नो कृपाशक्ति र करुणाशक्तिको सामर्थ्य भएका राम, कृष्ण आदि अवतारहरू मुख्य अवतार हुन् । परमात्माका सम्पूर्ण सामर्थ्यले परिपूर्ण भएका यी विशिष्ट अवतारहरू करुणामयी शक्तिका मूर्त स्वरूप हुन् । शरणागतको दुःख निवारण गरी उसको उद्धार गर्ने सामर्थ्य यी अवतारहरूमा छ । जीवका सम्पूर्ण आवश्यकता पूरा गर्न सक्ने भएकाले यिनै विशेष रूपहरूलाई लोकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवतार भनिन्छ । सम्पूर्ण संसार र यस संसारमा निवास गर्ने प्राणीहरू परमात्माको आफ्नै स्वरूप भएकाले यिनीहरूको मुक्तिका लागि अनेक बहाना बनाउँदै भिन्न-भिन्न अवतार लिएर परमात्मा यस संसारमा अवतरण गर्नुहुन्छ । करुणामूर्ति परमात्माले लिएका भिन्न भिन्न अवतारहरूमा भिन्न भिन्न स्वभाव र विशेषताहरू छन् । भगवान् श्रीकृष्ण योगश्वर हुन्, लीलापुरुषोत्तम हुन् भने भगवान् श्रीराम मर्यादापुरुषोत्तम हुन् । मानिस भएर पालना गर्नुपर्ने भिन्न भिन्न मर्यादा र व्यवहारका उच्चतम आदर्शहरूको सफा ऐना नै मर्यादापुरुषोत्तम श्रीरामको चरित्र हो । उनै रामका मर्यादित जीवन र आदर्शपूर्ण चरित्रको यशोगानमा संस्कृत वाङ्मय र पौरस्त्य सभ्यता अनुप्राणित छ । श्रीरामको दर्शन र चरित्रगान दुवै अमोघ छन् **अमोघं दर्शनं राम अमोघस्तव संस्तवः ॥** (वा.रा.युद्ध, ११७/३०) । भक्तिपूर्वक रामको दर्शन गर्नेहरू मुक्त हुन्छन् । त्यसैले वैदिक वाङ्मयको अर्थ बुझ्न नसक्ने सामान्य व्यक्तिहरूका लागि, महर्षिहरूले सबैप्रकारका आदर्शको शिक्षा दिनका लागि सबैभन्दा पहिला श्रीरामको चरित्रलाई नै लिएका छन् । लौकिक साहित्यको आदिकाव्य वाल्मीकीय रामायण हो । यसबाट ऋषिहरूको दृष्टिमा लौकिक आदर्शको सर्वोत्कृष्ट स्वरूप श्रीराम नै हुन् भन्ने बुझिन्छ । श्रीरामको चरित्रमा आदर्श पुत्र, आदर्श दाजु, आदर्श मित्र र आदर्श राजाको पूर्ण स्वरूप भेट्न सकिन्छ । एकै व्यक्तिको जीवनमा धेरैप्रकारका आदर्शहरूको पूर्णता देखिएकाले नै श्रीरामलाई मर्यादापुरुषोत्तम भनिन्छ । रामको नाम सनातन परम्परामा सबैभन्दा धेरै उच्चारण गरिने नाम हो । वैदिक साहित्यमा पनि रामको वर्णन गरिएको छ । यहाँ रामको नाम लिई बलवान् राजाको रूपमा चर्चा गरिएको छ ।

प्र तद्दुःशीमे पृथवाने वेने प्र रामे वोचमसुरे मघवत्सु ।
ये युक्त्वाय पञ्च शतास्मयु पथा विश्राव्येषाम् ॥ (ऋग्वेद, १०/९३/१४)

अथर्ववेदमा अयोध्या नगरीका चर्चा प्रसङ्गहरू पाइन्छन् ।

अष्टचक्रा नवद्वारा देवानां पूरयोध्या ।
तस्यां हिरण्ययः कोशः स्वर्गो ज्योतिषावृतः ॥ (अथर्ववेद, १०/२/३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै उपनिषद्हरूमध्ये सीतोपनिषद्, रामसहस्योपनिषद्, श्रीरामपूर्वतापिनी उपनिषद्, श्रीरामोत्तरतापिनी उपनिषद्, तारसारोपनिषद्, कलिसन्तरणोपनिषद्, मुक्तिकोपनिषद् र लाङ्गुलोपनिषद् आदिमा श्रीरामतत्त्वको वर्णन र रामविषयक उल्लेख पाइन्छ । त्यसैगरी पुराणहरूमध्ये श्रीमद्भागवतमहापुराण, ब्रह्मपुराण, पद्मपुराण, शिवपुराण, ब्रह्माण्डपुराण आदिमा राम चरित्रको वर्णन पाइन्छ । प्राचीन काव्य, महाकाव्य, नाटक, स्तोत्र, कविता आदि धेरै ग्रन्थहरूमा रामको चरित्र एवम् आदर्शलाई विषय बनाइएको पाइन्छ ।

रामस्य अयनम् जीवनचरितम् भन्ने षष्ठीतत्पुरुष समास गर्दा रामायण शब्द बन्दछ । रामायण शब्दको अर्थ रामको जीवन चरित्र भन्ने हुन्छ । आदि कविको वाल्मीकीय रामायण, आनन्द रामायण, अध्यात्म रामायण, अद्भुत रामायण, नेपाली भानुभक्तीय रामायण, तुलसीदासको रामचरितमानस, बङ्गाली कृत्तिवासरामायण, तेलगु रङ्गनाथरामायण, उडिया विलङ्कारामायण, तमिल कम्बरामायण, असमिया रामायण आदि विभिन्न भाषाका रामायणहरूले रामलाई आफ्नो आदर्श र आराध्य मानेका छन् । भुटान, बङ्गलादेश, म्यानमार, थाइल्यान्ड, श्रीलङ्का, इन्डोनेसियाजस्ता देशहरूमा आफ्नै भाषा, परिवेश र आस्थाअनुसार रामचरित्रको वर्णन गरिएको छ । मर्यादापुरुषोत्तम श्रीरामलाई सबैले आफ्नो आराध्यको रूपमा स्विकारेका छन् ।

भगवान् राम, उनका आदर्श, लीलाभूमि र भूमिकालाई आफ्नो बनाउने क्रममा विभिन्न स्थान र परिवेशलाई रामको जीवन चरित्रसँग जोडिएको छ । यसैक्रममा इतिहासका साक्ष्य, प्रमाण, मिथक एवं किम्बदन्ती आदिलाई आधार बनाई विभिन्न देश र स्थानले रामलाई आफ्नो बनाउन प्रयास गरेको देखिन्छ । रामायणका कथामा झल्कने परिवेशमध्ये नेपालका वर्तमान भूभागहरू झल्कने प्रमुखस्थानहरू विद्वान्हरूले औंल्याएका छन् -

श्रवणकुमारका अन्धा माता पिताले दशरथलाई सराप दिएको स्थान- आँधीखोला (स्याङ्गजा), शृङ्गी ऋषिको जन्मथलो- सिङ्गीघाट (हाल कपिलवस्तु), विभाण्डक ऋषिको तपस्थली- नन्दनगर (कपिलवस्तु), शृङ्गी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषिको तपस्थली- रेसुङ्गा (हाल गुल्मी), महर्षि विश्वामित्रको निवासस्थल कोशी नदी, जनकको राज्य र सीताको जन्मथलो जनकपुर, रावणको जन्मस्थल- पुलहाश्रम (म्याग्दी), रावणले प्रदोषमा ताण्डवनृत्य गरी शिवलाई प्रसन्न बनाएको स्थल- नरपानी (नर्तनाचल, हाल अर्घाखाँची), वाल्मीकि ऋषिको आश्रम- नारायणी किनार (नवलपरासी), काक भुशुण्डीले तपस्या र ज्ञानोपदेश गरेको ठाउँ- तिलिचो ताल र कागबेनी (मुस्ताङ)। यीबाहेक पनि देवघाटधाममा रहेको वसिष्ठ गुफा, रामले वनवासको क्रममा तीर्थयात्रा गरेका गण्डकी किनारका विभिन्न तीर्थ र लव-कुशको क्रीडाभूमि लगायत अनेकौं नेपाली भूभागहरू रामायणको कथाविकासका भूगोलहरू हुन् । योगमायारूपी सीतालाई जन्माई रामको अर्धाङ्गिनीका रूपमा दान गर्नु नै रामायणमा नेपालको सबैभन्दा ठुलो योगदान हो । (राष्ट्रिय रामायण सम्मेलन स्मारिका २०६८, पृ.११५-१२८)

यसै प्रसङ्गमा वर्तमानको रामजन्मभूमिको बहसलाई समेत दृष्टिगत गरी **यज्ञराज ज्ञवालीले** आफ्नो अथक एवम् अनवरत परिश्रमबाट विभिन्न पुस्तक अध्ययन, साक्ष्य अवलोकन, स्थलगत भ्रमण तथा विद्वान्हरूसँगको विमर्शबाट **सरलीकृत नेपाली रामायण** तयार गर्नुभएको छ । **गागरमा सागर** भनेझैं रामायणका सम्पूर्ण विषय र प्रसङ्गहरूलाई सङ्क्षेपमासरलीकृत रूपमा उठान गर्नुभएको छ । पाठवर्गलाई राम र रामका आदर्श बुझ्नका लागि पक्कै पनि यो कृति अत्यन्त सार्थक र सफल हुनेछ । यज्ञराज ज्ञवालीको यो हनुमत्कार्यले रामतत्त्वको अन्वेषणमा सबैलाई मार्ग प्रसस्त होस् र सबैमा **राम मेरा हुन्** भन्ने भाव जागृत होस् यिनै शुभकामनाका साथयस कृतिको आशातीत सफलताको शुभभाव व्यक्त गर्दछु । **शङ्करोतु शङ्करः ।**

२०७६/९/२४

डा. स्वामी केशवानन्द गिरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकीय

राम जन्म भूमि अयोध्याको बारेमा गत २०७७ साल आषाढ २९ गते भानु जन्म जयन्तीको अवसरमा तत्कालीन प्र.म. के.पी. शर्मा ओलीज्यूले बालुवाटार बाटै आफ्नो वक्तव्य दिने क्रममा भानुभक्त द्वारा लिखित रामायणको प्रसङ्ग उठाउँदै राम जन्म भूमिको बारेमा आजसम्म मानिदै आएको राम जन्म भूमि भारतमा अवस्थित अयोध्यालाई मानिदै आएको भएतापनि आफ्नो अनुसन्धान र बुझाइको क्रममा राम जन्म भूमि अयोध्या भारतमा अवस्थित अयोध्या नभएर नेपालको चितवनमा अवस्थित अयोध्यापुरी नै राम जन्म भूमि भएको र राम नेपालकी चेली विवाह गर्ने विदेशी ज्वाईं नभएर नेपालकै सपूत नेपाली थिए भन्ने प्रसङ्ग उठाए पछि यो विषय सबैको निमित्त चर्चा र अनुसन्धानको विषय रहन गयो ।

यसै प्रसङ्गमा अयोध्यापुरीको अवलोकन गर्न म पनि चितवनको अयोध्या पुरि सम्म पुगेँ । त्यहाँका स्थानीय जानकार प्रतिष्ठित व्यक्ति पद्मपाणिज्यूको सहयोगमा धेरै पहिले देखि अयोध्यापुरीको खोज अनुसन्धानमा लाग्नु भएका सन्त कृष्णानन्द वत्सज्यूलाई भेटी वहाँको संलग्नतामा उक्त सम्भाव्य स्थलको अवलोकन गर्न जाँदा देखिएका प्राकृतिक दृश्यको आधारमा र वहाँले औंल्याउनु भएका तथ्यगत प्रमाणको धारमा राम जन्मभूमि अयोध्या चितवनको अयोध्यापुरी नै हुनसक्नेमा प्रबल संभावना देखि थप ऐतिहासिक तथ्यगत कुराको पनि अनुसन्धान गर्नु पर्ने भएकाले यो त्रेतायुगको ऐतिहासिक घटनाक्रममा आधारित कुरा भएको हुनाले तत्कालीन समयका ग्रन्थहरू बाटै यसको प्रमाणीकरण खोज्नु पर्ने भएको हुँदा मैले संभव भए सम्मका रामायणका किताबहरू र इन्टरनेट बाट पनि अध्ययन गर्दा जे पाएँ त्यो हजुरहरू समक्ष प्रस्तुत गर्दै छु ।

रामानन्द सागरद्वारा निर्मित पचास भागको धारावाहिक (T. V. SERIAl)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेरेपछि पनि मनमा धेरै कुरा खट्किए । हुन पनि हो, व्यक्ति द्वारा कुनै घटनाक्रमको कुरालाई मञ्चन गरिएको नाटकमा कति कुरा समेट्न सकिन्छ र, त्यो पनि भारतीयको भनाइमा रामको जन्म भारतको विवादित भूमि अयोध्यामा भएको थियो भन्ने भनाइ अनुसार हालसम्म मानिई आएको अयोध्या भारतको अयोध्या भएतापनि नेपालको चितवन माडीमा पाइएका पुरातत्वका अलौकिक शिलाहरू र रामायणमा वर्णित ऐतिहासिक स्थानहरू समेत यही क्षेत्रमा पाइँदै आएको अवस्थामा यो स्थान अलि बिकट जङ्गल क्षेत्रमा पर्ने हुनाले यहाँका स्थानीय व्यक्तिहरूको दृष्टिमा यो कुरा मनमा लागेको भएतापनि आजसम्म यहाँको यो सच्च्याइको आवाज बुलन्द गरि दिन समाचारका माध्यमहरू यस क्षेत्रमा प्रवेश नगरेको हुनाले, प्रचार प्रसार हुन नसकि ओझेलमा परेको अवस्था हुनाले यो क्षेत्रको प्रचार र विकाश हुन नसकीरहेको अवस्था बुझिन्छ ।

यहाँ पुग्ने जो कोहीलाई पनि यहाँ पुगेर फर्किंदा भिल्लका देशमा मणि भनेर त्यसै भनिएको रहेन छ भन्ने महशुस हुन्छ । हाल यहाँ स्थलगत निरीक्षणमा जाने व्यक्तिको त घुइँचो नै लागेको देखिन्छ । हुन पनि यहाँको जङ्गल भित्र यस्ता पौराणिक सम्पदाहरू यत्र तत्र छिरल्लिएर रहेको पाइनुले खोज अनुसन्धानको विषय नै बनेको छ । यिनै कुराहरूबाट प्रभावित भएर नै मैले पनि राम जन्मभूमि अयोध्यामा आधारित भएर यसको खोज अनुसन्धानमा लागेको हुँ ।

हाम्रो नेपाली समाजमा रामायणजस्तो लोकप्रिय किताब एक पटक पनि नपढेको बाँकी को नै होला र ? तैपनि त्यसमा पनि पढ्ने आफ्ना-आफ्ना तरिका र उद्देश्य रहेका हुन्छन् । कसैले लय मिलाएर गाउनको आनन्दले रामायणको किताब फुकाएका हुन्छन् । कसैले आस्थाको कारणबाट पढ्नु पर्छ र जान्नुपर्छ भन्ने धारणा राखेका हुन्छन् । कतिपयले प्राचीन इतिहासलाई बुझेर त्यसबाट आफूले केही सिक्ने र बुझ्ने चाहना पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिएका हुन्छन् । जे होस् रामायण जस्तो हाम्रो पूर्वीय दर्शनको ग्रन्थ एक पटक सबैले पढ्नु नै पर्छ र त्यो पनि बुढेसकाल लागेपछि होइन कि, जे गर्नुपर्छ, जे सिक्नुपर्छ, उमेरमै र समयमै जान्नुपर्छ भन्ने उद्देश्यले रामायणका जिज्ञासालाई एउटै किताबबाट धेरै कुरा अवगत गर्न सजिलो होस् भन्ने अभिप्राय लिएर यो किताबको लेखन कार्य थालनी गरिएको हो । यसमा पस्किएका विषयवस्तुबाट यहाँहरूले कत्तिको संतुष्टि लिन सक्नुहुन्छ ? संतुष्टि हुन नसक्नु भनेको अझ बढी जिज्ञासा बढ्नु हो । असन्तोष हुनु भने कै अरू खोजको निमित्त अगाडि बढ्ने प्रेरणा जाग्नु हो । यहाँ मेरो आसय पनि यही हो की, पाठकहरूको मनमा पनि जिज्ञासाको भोक जागोस् र अझ बढी खोज अनुसन्धान तर्फ सबैको मन मस्तिष्क उत्प्रेरित होस् । यहाँ समावेश गरिएका खण्डहरू रामायणमा उल्लेख भए जस्तो काण्ड वा सर्ग को आधारमा वर्गीकरण नगरी श्रृंङ्खला वद्ध भएका घटनाक्रमको आधारमा प्रस्तुत गरिएको छ ।

मेरो यो कृतिका पाण्डुलिपिलाई भाषा सम्पादन गरी प्रकाशन योग्य बनाइ साहित्यरुपी हारले सजिएको भूमिका लेखि मेरो लेखलाई सजाइदिने विद्वत् व्यक्ति श्री भागवत ढकालज्यू र मेरा यस अघिका कृतिको पनि प्रकाशनको साथै विमोचन समेत गरिदिने साहित्यिक क्षेत्रका मूर्धन्य व्यक्तित्व दायित्व वाङ्मय प्रतिष्ठान नेपालका अध्यक्ष श्री रामप्रसाद पन्त ज्यू, साथै तत्वदर्शी ब्रह्मनिष्ठ सन्तशिरोमणी श्री १००८ स्वामी लोकानन्दजी महाराजज्यू (हाल मुक्तिनाथ धाम नयाँ गाउँ) र पूज्य स्वामी डा. श्री केशवानन्द गिरीज्यू (हाल शङ्कराचार्य मठ पशुपति) का प्रेरणादायी शब्दहरूले मेरो लेखन विधामा अझै आत्मबल जागेर आएको मैले महशुस गरेको छु । मलाई रामजन्मभूमि खोज अनुसन्धानमा उत्प्रेरित गराई यो कृति तयार पार्ने ऊर्जा र प्रेरणा प्रदान गर्नुहुने मेरो शक्तिका श्रोत तत्कालीन सम्माननीय प्रधान मन्त्री श्री खड्गप्रसाद ओलीज्यू समेत सवै आदरणीय व्यक्तिहरू मेरा प्रेरणाका श्रोत हुनुहुन्छ । वहाँहरू प्रति म सधै नमन गर्दै आभार प्रकट गर्दछु । मेरो लेखन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यमा मेरो सदा सहयोगीको भूमिकामा रही मलाई लेखन कार्यमा सधै सघाउँदै हौसला र प्रेरणा दिने श्री विमल ज्ञवाली (टिकाथली ल. पु.), मेरी श्रीमती श्री अनुराधा ज्ञवाली र मेरा भतिज शुसान्त वस्याल पनि मेरा निमित्त धन्यवादका पात्र रहेका छन् ।

मैले मेरो लेखलाई प्राचीन एतिहासको एक खोज अनुसन्धानमा मात्र सिमित नराखेर श्रीरामको जीवनीबाट हामीले ग्रहण गर्नु पर्ने मनन योग्य कुराहरूको पनि मन्थन गरी प्रस्तुत गर्ने प्रयास गरेको छु । किन भने कसैको जीवनी मनन गर्नु भनेको उनको अशल पनको अनुकरण गर्न सक्नु हो । जसको प्रेरणाले हाम्रो जीवनमा परिवर्तन ल्याउन सकोस् । खोज अनुसन्धानमा केही कमी कमजोरी रहेको वा मेरो अनुसन्धानले पूर्णता नपाएको भएता पनि यो शोधकर्ताहरूको निमित्त एक प्रेरणाको श्रोत बन्नेछ भन्ने मेरो बुझाइ रहेको छ । अस्तु । जय श्रीराम !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

१ सृष्टिको रचना ३२
२ देवर्षि वाल्मीकि ३८
३ रामायणका सन्दर्भमा ४६
४ श्रीरामको जन्मभूमि अयोध्यापुरी ५६
५ सूर्यवंशी शासकको उदय ६९
६ रामावतार ७८
७ मिथिला (जनकपुर) ८०
८ श्रवण कुमार ९१
९ अहिल्याको श्राप मोचन ९३
१० लङ्काधिपति रावण ९५
११ सीताजीको विवाह प्रसङ्ग १०१
१२ देवर्षि नारदबाट विष्णुलाई श्राप १०३
१३ रामलाई वनवास र भरतलाई राज्याभिषेकको घोषणा १०४
१४ रामको वनवास यात्रा १०९
१५ चित्रकुट ११०
१६ जटायुसँग रामको भेट ११४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१७ पञ्चवटी आश्रम ११५

१८ श्रीरामले लक्ष्मणलाई दिएको तत्वज्ञान (राम गीताको सार) ११६

१९ पञ्चवटीमा सुर्पणखाको आगमन १२८

२० रावणद्वारा सीताजीको अपहरण १३०

२१ जटायुसँग श्रीरामजीको दोस्रो भेट १३२

२२ शवरी १३३

२३ किष्किन्धा नगरी १३४

२४ हनुमानको परिचय १३५

२५ बाली र सुग्रीवबिचको युद्ध १३८

२६ जाम्बवन्त १४१

२७ सम्पाति १४१

२८ तपस्विनी स्वयम्प्रभा १४२

२९ हनुमानको लङ्का गमन १४४

३० विभीषण १४५

३१ सेतुवन्धको निर्माण १४७

३२ नल र नील १४८

३३ युवराज अङ्गद १५०

३४ कुवेर १५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३५ मन्दोदरी १५३

३६ मेघनाद १५४

३७ लङ्कामा सीताको अवस्था १५५

३८ लङ्का युद्ध १५७

३९ राम लक्ष्मणको अपहरण १६०

४० नवदुर्गा माताको पूजा आरम्भ १६८

४१ बिभीषणको राज्यारोहण १७०

४२ श्रीरामको अयोध्या आगमन १७३

४३ श्रीरामको राज्याभिषेक १७४

४४ श्रीराम लक्ष्मण र सीताको तीर्थयात्रा १७५

४५ श्रीरामद्वारा सीताजीको त्याग १७७

४६ श्रीरामको अश्वमेध यज्ञ १८९

४७ सीताको पाताल गमन १८१

४८ लवकुशलाई राज्य हस्तान्तरण १८१

४९ सुर्पणखाको बाँकी जीवन १८५

५० आफ्नो बुझाइमा लागेका केही सारगर्भित कुराहरू ... १८७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टिको रचना

रामायणको प्रसङ्ग सुरु गर्नु भन्दा पहिले रामको परिचय र उनको अवतरण हुनुको कारण बारे छर्लङ्ग हुनु उचित हुने ठानि यहाँ सृष्टिको कुरादेखि रामको जन्मको आवश्यकता सम्मको प्रसङ्ग जोड्ने प्रयास गरिएको छ । यो ब्रह्माण्डको सृष्टि हुनुभन्दा अगाडि यो सून्य आकाशमा निराकार शक्ति मात्र रहन्छ जसलाई परब्रह्म भनिएको छ । यो परब्रह्मलाई यो ब्रह्माण्डमा लोकको सृष्टि गर्ने इच्छा जाग्छ र उसले सृष्टिको रचना निमित्त पुरुष र स्त्रीको आवश्यक पर्ने महसुस गरी साकार रूपमा दुर्गा (शक्तिकी प्रतीक 'प्रकृति') र ब्रह्माको (यहाँ ब्रह्माको होइन ब्रह्मको) रचना हुन्छ । व्यवहारमा कर्म अनुरूपको स्वभाव आवश्यक पर्ने भएको हुनाले यिनै ब्रह्म र दुर्गाद्वारा रजोगुण, सत्त्व गुण र तमोगुणले युक्त भएका तीन पुरुष र तीन नारीको सृष्टि गरिन्छ । जसमा पुरुषमा ब्रह्मदेखि ब्रह्मा, विष्णु महेश्वर र नारीमा शक्ति स्वरूपा दुर्गादेखि ब्रह्माजीको निमित्त गायत्री, विष्णुजीको निमित्त लक्ष्मीजी र शिवको निमित्त गौरीको उत्पत्ति गरिएको छ । यहाँ मानिसहरू ब्रह्म र ब्रह्माको बीचको भिन्नतामा प्रस्ट हुन नसक्दा द्विविधामा पर्न गएको पनि देखिन्छ । यहाँ ब्रह्मा, विष्णु र महेश्वरको उत्पत्ति गर्ने ब्रह्म हुन् भने ऋषिहरूको उत्पत्ति गर्ने सृष्टिको जिम्मेवारी वहन गरेका ब्रह्मा हुन् । ब्रह्माले सृष्टिको संरचना गर्नु पूर्व यी तीनै पुरुष ब्रह्मा विष्णु र शिव बीच कार्य विभाजन भएको हुन्छ । सृष्टिको संरचना गर्ने दायित्व ब्रह्माको हुन्छ भने ब्रह्माद्वारा रचित संरचनाको पालनपोषण र संरक्षण गर्ने जिम्मेवारी विष्णुमा रहेको हुन्छ । यी ब्रह्मा द्वारा रचना गरिएका सवै वस्तु नाशवान् हुन्छन् । यीनीहरू बाट भएका कार्य विधिको लेखाजोखा राखी अवधि पुगेपछि नष्ट गर्ने जिम्मेवारी शिवलाई दिइन्छ । यसैले यहाँ सृष्टि भएका सम्पूर्ण वस्तु नाशवान् छन् । यद्यपि ब्रह्माद्वारा रचित वस्तु मात्र

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नभएर ब्रह्म द्वारा रचित ब्रह्मा विष्णु र महेश्वर पनि नाशवान् देखिन्छन् । यिनीहरूको पनि आयु तोकिएको छ । जव सबैको अन्त्य हुन्छ त्यतिबेला ब्रह्म र शक्ति स्वरूपा दुर्गा (प्रकृति) पनि निस्कृय हुने हुनाले यिनीहरू पनि परब्रह्ममा लिन हुन्छन् र ब्रह्माण्ड पहिले जस्तै सून्य मय हुन्छ र यही क्रमले पुनः सृष्टिको कार्य सुरु हुन्छ । यो नै सृष्टिको नियम हो भनिएको छ । यसको शास्त्रीय प्रमाण तल पेस गरेको छु ।

कलियुगको आयु ४,३२,०००, वर्ष, द्वापरको आयु कलिको डवल अर्थात् ८,६४,०००, वर्ष, त्रेताको युगको आयु, कलिको तिन गुणा अर्थात् १२,९६,०००, वर्ष र सत्ययुगको आयु कलिको ४ गुणा अर्थात् १७ लाख २८ हजार वर्ष । चारै युगको जम्मा आयु ४३ लाख, २० हजार वर्ष बराबर एक चतुर युग मानिन्छ । १००० चतुर्युग बराबर १ कल्प हुन्छ । यो एक कल्पमा ४ अरब ३२ करोड वर्ष हुन्छ जो ब्रह्माजीको बल्ल १ दिन हुन्छ । ३६५ कल्पको ब्रह्माजीको १ वर्ष हुन्छ र ब्रह्माजीको पूर्णायु १०० वर्षको हुन्छ भनिएको छ । ब्रह्माजीको १ वर्ष बराबर विष्णुको १ दिन, विष्णुको १ वर्ष बराबर महेश्वरको १ दिन, विष्णुको पूर्णायु १०० वर्ष र महेश्वरको पनि पूर्णायु १०० वर्ष हुन्छ । ब्रह्माजीको अहोरात्रमा दिन पछिको (अहोरात्रको) प्रत्येक रात एक प्रलय समय हो र ब्रह्माजीको १०० वर्ष पछि महा प्रलय हुन्छ । यो महा प्रलयमा सृष्टिको संरचना पूर्वरूपमा ध्वस्त हुन्छ र पुनः सृष्टिको नयाँ प्रक्रिया दोहोरिन्छ ।

ब्रह्माजीको एक दिनलाई कल्प भनिन्छ । प्रत्येक कल्पमा पृथ्वी एक पटक ध्वस्त हुनै पर्ने नियम छ । ब्रह्माजीको १ महिनामा ३० कल्प हुन्छन् । एक कल्पको १४ भागको एक भागलाई मनु (मन्वन्तर) भनिन्छ । ऐलेसम्म ब्रह्माजीको उत्तरार्द्ध सुरु भइसकेको हुनाले पटकौं पछिको सप्तम मनुको पालोको पनि २७ चतुर्युग बितिसके । एक मन्वन्तर बराबर ३० करोड ८५ लाख ७१ हजार ४२९ वर्ष हुन्छ । सत्य त्रेता द्वापर र कली यी चारै युगले चक्र प्रणाली द्वारा ७१ पटक पालो पुर्याउँदा बल्ल एक मनुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शासन अवधि पुरा हुन्छ । यसलाई एक मन्वन्तर भनिन्छ । यी मन्वन्तरका शासक मनु १४ छन् । यिनको नाम - स्वयं भुव, स्वाँरो चीख, उत्तम, तामा, रैवतक, चाक्षुष, वैवस्वत, सावर्णी, दक्ष सावर्णी, ब्रह्म सावर्णी, धर्म सावर्णी, रुद्र सावर्णी, देव सावर्णी र इन्द्र सावर्णी भनिएको छ । ऐले सप्तम मनु वैवस्वत र बराह कल्प को पालो चलेको छ । यसै कारण यज्ञमा सङ्कल्प गर्दा सङ्कल्पको विधिमा भन्ने गरिन्छ कि "**ब्रह्मणो द्वितीय परार्धे श्रीश्वेत वराहकल्पे सप्तमे वैवस्वत मन्वन्तरे अष्टा विंशतितमे कलियुगस्याद्य चरणे जम्बुद्वीपे भारत वर्षे भरत खण्डे**" यसको आसय के हुन्छ भने ब्रह्माजीको उमेर ५० वर्ष पुरा भई एकाउन्नौं वर्षमा प्रवेश भएको हुनाले ५० देखि माथिलाई उत्तरार्द्ध भनिने हुँदा, **द्वितीय परार्धे**, श्वेत वराह कल्पको पालो भएको हुनाले **श्वेत बराह कल्पे**, वैवस्वत मनुको पालो भएको हुनाले **वैवस्वत मन्वन्तरे**, ऐलेसम्म २७ चतुर्युग बितेर २८ चतुर्युगमा कलिको पालो चलेको हुनाले, **अष्टाविंशतितमे कलियुगे**, कलिको प्रथम चरण भएको हुनाले **प्रथम चरणे**, मर्त्य लोक भएकाले **भूर्लोके**, एसिया महादेश जम्बु दिपमा पर्ने भएकाले **जम्बुदिपे**, दक्षिण एसियाका मुलुक (भुटान पाकिस्तान, बङ्गला देश, नेपाल, भारत, श्रीलङ्का र अफगानिस्तान) लाई प्राचीन युगमा भारत प्रदेश भन्ने गरिएकोले **भारत प्रदेशे**, भरत राजाले राज्य गरेको इलाका भएको हुनाले **भरत खण्डे** यसरी सङ्कल्पको विधिमा पनि मिलाएर भन्ने प्रचलन छ । सङ्कल्पमा यो वाक्य प्रयोग हुनुलाई यही समय कालसङ्ग जोडिएको कुरा माथिको तथ्यले पुष्टि गर्दछ ।

हाम्रो समाजमा वैदिक धर्मका विरोधीहरूले ब्रह्माजीले आफ्नै पुत्री सरस्वतीसँग विवाह गरे भन्ने जस्ता अनर्गल कुरा गरेको पनि सुन्नमा आउँछन् । यही भ्रमको निवारण निमित्त सरस्वतीको उत्पत्ति सम्बन्धमा अध्ययन गर्दा के देखिन्छ भने सरस्वतीका दुईवटा रूप पाइन्छ । एक ब्रह्माको मुखद्वारा उत्पन्न श्वेत वर्णकी सरस्वती र अर्की लक्ष्मीद्वारा जन्म लिएकी रक्तवर्णकी सरस्वती । यी रक्त वर्णकी सरस्वती ब्रह्माले विवाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको पाइन्छ भने श्वेत वर्णकी सरस्वती श्रीविष्णुले विवाह गरेका छन् । मानिस किन भ्रमित हुन्छन् भने यता लक्ष्मीलाई र सरस्वतीलाई दुई बैनी (सौता सौती) मानेको छ भने उता ब्रह्माका सावित्री, गायत्री, सरस्वती, श्रद्धा, र मेघा पाँच पत्नीहरूमा पनि सरस्वतीको नाम समावेश भएको देखिन्छ । एकै व्यक्ति दुई पुरुषका पत्नी पनि त विशेष अवस्था नपरी हुन सक्दैनन् । त्यसैले वहाँहरूको जिज्ञासा निवारणको निमित्त यहाँ मैले सरस्वतीको उत्पत्ति सम्बन्धमा खोजी गरी यहाँ प्रस्ट्याउने प्रयास गरेको हुँ ।

अब यिनै तीन पुरुष र शक्ति देवीहरूको सहयोगमा सृष्टिको संरचना, संरक्षण र संहारको कार्य शुरू हुन्छ । सृष्टिको क्रममा सर्वप्रथम ब्रह्माले आफ्नो कल्पनाद्वारा रचना गरेका प्राणीहरूमा, मनबाट मरीचि, आँखाबाट अत्रि, मुखबाट अँगिरा, कानबाट पुलस्त्य, नाभिबाट पुलह, हातबाट ऋतु, छालाबाट भृगु, प्राणबाट वशिष्ठ, औंठाबाट दक्ष, काखबाट नारद, दाहिने स्तनबाट धर्म, पिठ्यूँबाट अधर्म, हृदयबाट काम, दुवै आँखीभौंबाट क्रोध, मुखबाट सरस्वती, तल्लो ओंठबाट लोभ, लिङ्गबाट समुद्र, छायाबाट कर्दम । यिनैका चार मुखमध्ये पूर्वको मुखबाट ऋग्वेद, दक्षिण मुखबाट यजुर्वेद, पश्चिम मुखबाट सामवेद, उत्तर मुखबाट अथर्ववेद । यसबाहेक पनि आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र स्थापत्य आदि उपवेदको पनि उत्पत्ति गरेका छन् । साथै मुखबाट इतिहास पुराणहरू, योग विद्या, दान, तप, सत्य, ओङ्कार, स्वर, छन्द यस्ता कैयौं उत्पन्न गरेका छन् । अन्य चराचर प्राणी जगतको सृष्टि फेरि तिनै ऋषिहरूले गरेका छन् ।

यसरी सृष्टिको संरचना कायम भएपछि सम्पूर्ण प्राणी जगतको पालनपोषण र संरक्षणको जिम्मा विष्णुको भागमा परेको हुनाले लोकमा शान्ति सुव्यवस्था र सुशासन कायम राख्ने काम पनि विष्णुको नै रहेको हुन्छ । भूलोकमा रहेका प्राणी जगतमा सारो गाह्रो परेको बेला यिनको रक्षा गर्ने जिम्मेवारी श्रीविष्णुको नै रहेको हुनाले भूलोकमा रहेका प्राणीहरूले पनि दुख पर्दा श्री विष्णुलाई नै संझिनु स्वाभाविकै पनि मान्नु पर्ने हुन्छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अव देवता र दानव, अनि शूर र अशूर भनेका को हुन् ? यो सम्बन्धमा अध्ययन गर्दा के देखिन्छ भनें यहाँ दक्ष प्रजापतिका छोरीहरू मद्धे दिति र अदिति दुई बहिनी ऋषि कश्यपले विवाह गरेका छन् । अदितिको कोखबाट जन्मनेहरू सात्विक आहार गर्ने, सदाचारी स्वभाव भएका हुनाले यिनी हरू देवता कहलाएका छन् । दिति अल्लि ईर्ष्या स्वभावकी हुन्छिन् । त्यसैले यिनी बाट जन्मने सन्तान पनि यस्तै कुबुद्धिवाला अहङ्कारी र कुकर्मतर्फ प्रेरित हुने स्वभावका देखिन्छन् । यीनीहरूको नामकरण गर्दा स्वभाव अनुसारको नामकरण गरी शान्त स्वभाव हुनेलाई देवता (देव) र उग्र स्वभाव हुनेलाई दानव (असुर) भनेर वर्गीकरण गरिएको छ । जनमानसमा दानव, असुर, र राक्षस सबैलाई एउटै वर्गमा समावेश गरेर हेर्ने गरिन्छ, तर पुराणहरूको आधारमा राक्षस र असुरहरूमा फरक रहेको बताइन्छ । ब्रह्माका पुत्र मरीचि र मरीचिका पुत्र कश्यप हुन् । कश्यप ऋषिका सन्ततिमा देवता र दानव (असुर) दुवै थिए। यी दुवै वर्गका पिता एउटै भए पनि यीनीहरूकी आमाहरू भने फरक थिए । यी दुई सन्तान विमात्री (सौता सौता) का सन्तान हुनुले पनि एक आपसमा ईर्ष्या बढ्नु र मेलमिलाप नहुनु स्वाभाविक थियो । त्यसैले यिनीहरू परस्परमा सधैं विरोधी देखिन्छन् । असुरहरूको वासस्थान पाताल लोक हिरण्य पुरालाई मानिएको छ तर राक्षसहरूलाई वैश्रव र पुलस्त्य ऋषिको सन्तान हुन् भनिएको छ । रामायण कालीन रावणादि भनेका राक्षस कुलका हुन् । त्यसैले असुर र राक्षसमा भिन्नता भएको देखिन्छ। यो थियो देवता दानव (असुर) र राक्षसको उत्पत्तिको कुरा ।

अब हामी विष्णुको कार्यक्षेत्रतर्फ लागौं । पृथ्वी लोकमा रहेका मानव जातिहरूलाई राक्षसहरूद्धारा वेला वेलामा आक्रान्त बन्नु परेका घटनाहरू त प्रशस्त छन् । जसको कारण श्री विष्णुले रामावतार लिनु भन्दा अगावै पनि मत्स्य, कूर्म, वराह, नृसिंह, वामन र परशुराम गरी छ अवतार लिइ सकेको प्रमाण पाइन्छ । भगवान् श्री विष्णुको अवतार मध्ये रामावतार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं अवतार हो । पृथ्वीमा कुनै सङ्कट आइ नपरेसम्म भगवानको अवतार हुने गरेको छैन । रामावतारको समय त्रेतायुगको समय हो । यति वेला पनि रावणादि राक्षसहरूको भयबाट पृथ्वी आक्रान्त बनेकी थिइन् । त्यसैले पृथ्वीकै पुकारमा देवताहरू सबै मिलेर भगवान् श्री विष्णुसँग विन्ती गर्न जाँदा श्री विष्णुबाट यसको व्यवस्थापन म गर्छु भन्ने वचन दिनुभएको हुनाले श्री विष्णुलाई पृथ्वी लोकमा जन्म लिन अनिवार्य भएको थियो । यतिनै बेला देवताहरू सङ्ग समय आएपछि मैले रामावतार लिनेछु भनेर जन्मनु अगाडि नै आफ्नो जन्मको बारेमा देवताहरूलाई बताउनु भएको छ । यही वचनको आधारमा यहाँ रामावतार भएको छ । रामावतारको बारेमा लोकमा प्रकाश पार्ने तत्कालीन समयका (रामावतारको समयका) ऋषि वाल्मीकि हुन् । त्यसैले यहाँ उनको बारेमा पनि केही प्रस्ट्याउने प्रयास गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवर्षि वाल्मीकि

त्रेतायुगका रामको जीवनी सङ्ग सम्बन्ध राख्ने रामायणको लेखन कार्यमा ब्रह्मर्षि वाल्मीकि कसरी सफल भए ? यो सम्बन्धमा जानकारी पाउन ब्रह्मर्षि वाल्मीकिको जीवनी पनि अध्ययन गर्नु पर्ने हुन्छ । वाल्मीकि रामायणमा वाल्मीकिजी स्वयंले उल्लेख गरे अनुसार उनी ऋषिहरूकै कूलका एक ऋषि प्रचेताका पुत्र थिए । प्रचेता को अर्को नाम बरूण पनि भनिएको छ । बरूण ब्रह्माजीकै मानस पुत्र हुन् । वरुणका दशौं पुत्रको नाम अग्नि शर्मा थियो । यिनै अग्नि शर्माको अर्को नाम रत्नाकर थियो भनिएको छ । यो भनाइ अनुसार वाल्मीकि स्वयं ब्रह्माजीकै नाति भएको देखिन्छ । भनिन्छ की रत्नाकरलाई यिनको बाल्य कालमा एउटी सन्तान विहीन भिल्लनी (जङ्गली मानिस) ले चोरेर लगि प्रेम पूर्वक पालन पोषण गरेर राखेकी हुन्छे । जहाँ यो भिल्लनी बसोबास गर्दथी त्यो समुदायका मानिस निकै असभ्य र दुष्कर्म गरेर जीवन यापन गर्दथे । उनको विवाह पनि त्यही भिल्लको समुदाय भित्रै भएको थियो । त्यसैले उनको दैनिकी पनि त्यही समुदायको रहन सहन अनुसार हुनु स्वबाविकै थियो ।

जङ्गलको एकान्त स्थललाई चयन गरेर त्यो बाटो भएर हिंड्ने बटुवाहरूलाई पक्री उनीहरूको साथमा भएको रुपियाँ पैसा गरगहना जे सम्भव हुन्छ सबै मिलेर लुट्थे र आपसमा विभाजन गर्थे । ऋषि नारदले यो कुराको चाल पाएर ऋषि कूलका सन्तति यस्तो कुलतमा फसेको चालपाई यिनको यो कुलत बाट उद्धार गरी सत्यको मार्ग देखाइ दिन उनीहरूको आकर्षणमा पर्न सक्ने मध्येका केही गरगहना शरीरमा भिरेर देवर्षि नारद त्यही बाटो हुँदै आउँछन् । ती डाँकुका जत्थाहरूले नारदलाई देखेर त्यहीं रोकेर धक्क्याउँदै भन्छन् की, तेरो शरीरमा भएका गरगहना पैसा जे जति छन् यहीं उतार, होइन भने तँलाई हामी यहाँ त्यसै छाड्ने छैनौं । यति धम्की सुनेपछि नारदले पनि आफूसँग रहेका सबै दौलत त्यही थुपारी दिन्छन् र भन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कि अवत तिमिहरूको चित्त बुझ्यो ? लौ मसँग भएको जे छ यही राखि दिएको छु, तर मलाई तिमीहरूसँग एउटा कुरा सोध्न मनलाग्यो, के म प्रश्न गर्न सक्छु ? डाँकुहरूले ती दौलत सँभाल्दै के भन्नु छ ल भन, भन्छन् ।

नारद भन्छन् - हे भाइ हो ! तिमीहरूले यो सब केको लागि गर्दै छौं ? डाँकुको सरदार बनेको रत्नाकरले उत्तर दिँदै भन्छन्, यो हाम्रो पेसा हो । परिवारको पालनपोषण र घर व्यवस्थापनको निमित्त हामीले यो काम गर्दै आएका छौं । तब नारद भन्छन् - हे भाइ हो ! अर्थोपार्जनका पेसाहरू धेरै छन् । कसैको अहित हुने गरी कसैको आत्म दुखाएर गरिने कर्महरूलाई दुष्कर्म भनिन्छ । यो दुष्कर्मबाट मिल्ने फाइदा भने कमाइका साझेदार सदस्य सबैको हुन्छ तर परिणाम भने जसले कर्म गर्छ उसैले भोग्नु पर्छ, त्यसैले जीवन भरी कुकर्म गरेर घर परिवारलाई पोस्यो, अन्तमा परिणाम आफैले भोग्नु पर्दा, हामीलाई जुनी जुनीसम्म नरक वास अर्थात् सधैं दुःखको भुमरीमा पिल्सिएर बाँच्नुपर्ने हुन्छ ।

तिमी एक पटक आफ्नो घर गएर आफ्ना परिवारलाई सोध । तिम्रा परिवार तिमीले गरेको आर्जनको मात्र भागीदार हुन् कि ? यसको परिणामका पनि भागीदार हुन् ? यसमा प्रस्ट भएर आऊ । तिमीलाई लाग्न सक्छ यो बटुवा बाठो बनेर उम्किन खोज्दै छ भनेर, तिमिले यो शङ्का लिनु पर्दैन । तिमीले मलाई यही कतै रूखमा बाँधेर राखि छोड र पहरेदार पनि खटाइ देऊ । म तिमी फर्की न आउँदा सम्म यहीं हुने छु । यति भनेपछि नारदको कुरामा कति सत्यता छ, बुझ्न उसले नारदलाई त्यही एउटा रूखमा बाँधेर सुरक्षा गार्ड समेत राखी आफू घर गए । सधैं रात परेर आउने मानिस त्यो दिन अचानक दिउँसै घर आएकोमा परिवारले पनि आश्चर्य मान्दै सोधे, किन आज चाँडै ? नारदले भनेका कुरा सबै यथार्थ सुनाउँदै रत्ना करले भन्यो, के तिमीहरू मैले गरेका उपलब्धिहरूका मात्र भागीदार हौं ? अथवा परिणामका पनि ? परिवारहरू भन्छन्, कर्म तपाई गर्नुहुन्छ, खराब कर्म गर्नुहुन्छ वा अशल? त्यो त हामीलाई थाहा हुँदैन । हामी त हजुरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिवार हौं । पिता माता अशक्त, हजुर माथि आश्रित हुनुहुन्छ । आमा घरभित्रको काम र परिवारको व्यवस्थापनमा व्यस्त हुनै पर्यो । हामीहरू नाबालक नै छौं त्यसैले हामी आफू सक्षम नुहुँदा सम्म तपाई माथि आश्रित हुनै पर्यो, यो हाम्रो बाध्यता हो । त्यसैले परिवार पाल्ने दायित्व हजुरको रहेकोले ऐले हामी उपलब्धिका मात्र भागीदार हौं । परिणाम त तपाई को कर्मको फल हो, भन्दै जबाफ दिन्छन् ।

घर परिवारका सदस्यबाट यस्तो जबाफ पाएपछि जन्मको संस्कारको कारण पनि रत्नाकर को भित्री आँखा उघारिन्छ र नारदको कुरालाई मनन गर्दै त्यो बटुवाले ठिकै भनेको रहेछ भनेर जङ्गलमा गई नारदलाई बाँधिराखेको वन्धन खोली दिन्छन् र नारदको पाउ पर्दै भन्छन् कि, हे बटुवा ! आज तिमीले मेरा भित्री आँखा उघारि दियौ । भन अब म के गरूँ ? नारद भन्नुहुन्छ, काम केही गर्नु पर्दैन, मात्रै मेरो कुरामा विश्वास गर । हामी आफै यहाँ आएका त होइनौं । जब कसैले हामीलाई यहाँ ल्याएको छ अर्थात् जन्म दिएको छ भने काम र मामको ग्यारेन्टी पनि उसैसँग हुनुपर्छ । यदि हाम्रो काम केही नभए हामी यहाँ रहनको पनि कुनै औचित्य छैन ।

यति बुझ्दा बुझ्दै पनि हामीले नरक जाने काम गर्छौं भने त्यसको परिणाम हामीले नभोगेर कसले भोग्ने ? मैले भनेको मान्छौ भने, तिमी यहीं समाधि कसेर थपक्क बस । तिमीलाई म एउटा मन्त्र दिन्छु तिमी केवल यही मन्त्र 'मरा ... मरा' मात्रै छिटो-छिटो जपी राख, अरू तिमीले केही गर्नु पर्दैन, अरू तिम्रो सबै आवश्यकता आफै पूर्ति हुनेछन् । यति भनेपछि त्यो रत्नाकर त्यहीं समाधि कसेर बस्छन् र मरा...मरा जप्न थाल्छन् ।

आफ्नो भोगाइको अनुभवबाट प्राप्त गरेको ज्ञान हुनाले ऊनी आफ्नो बाटोबाट पटक्कै विचलित हुँदैनन् । आफ्नो समाधिमै लीन हुँदा आफ्नो शरीरभरि धमिराले माटो उठाएर थुम्को बनाई सक्दा पनि उनलाई पत्तो हुँदैन । ऊनी मरा...मरामै तल्लीन भएर रहन्छन् । कुबाटो अपनाएको मानिस भएको हुनाले सिधैं रामको नाममा मन नजान सक्छ भन्ने अभिप्रायले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नारदले रामको नामलाई उल्टो गरी जप्न लगाएका हुन्छन् । हुनत मरा. मरा भने पनि जपिरहँदा राम-राम नै जपिन्थ्यो । त्यसैले रामको भक्ति आराधनाबाटै उसलाई ज्ञान प्राप्त हुन्छ र पछि उनी त्रिकालदर्शी महर्षि वन्न पुग्छन् । यसरी रामका भक्त बनेको हुनाले, रामको बारेमा अवगत हुनु स्वाभाविक पनि मान्न सकिन्छ । संस्कृतमा धमिरालाई वल्मीक पनि भनिने हुनाले यही धमिराको गोलो भित्रबाट एक ज्ञानी महर्षिको पुनर्जन्म भएको हुँदा पछि यी महर्षिलाई वाल्मीकि भनेर नामकरण गरिएको हुन्छ । बाटो बिराएर बिचमा भड्किएको भएतापनि अन्ततः इनि ऋषि कूलमै फर्किन्छन् ।

ज्ञान प्राप्त गरेपछि ब्रह्मर्षि वाल्मीकिले आफ्नो जीवनलाई तप साधनामै समर्पित गरी वनवासी जीवन बिताउन शुरू गर्छन् । हाम्रा सन्त, महन्त, ऋषि, मुनिहरू सबैको जीवनी अध्ययन गर्यौं भने ध्यान साधनाको निमित्त उपयुक्त स्थल भनेका पवित्र नदीका किनारा र गुफाहरू, प्रकृतिले हरा भरा भएका एकान्त र शान्त वातावरणले युक्त स्वच्छ स्थलको खोजी गरी तपोस्थलको चयन गरेको देखिन्छ। आत्म चिन्तन गर्ने हरूको निमित्त यस्तै स्थान उपयुक्त हुने भएकाले होला, शायद हाम्रा ऋषि मुनिहरूको रोजाइमा परेको तपोवनको एकान्त वास, वनका कन्दमूलको सात्त्विक आहार र चिन्तारहित जीवन। भौतिक विलासिताका वस्तुदेखि आफूलाई टाढै राख्न सक्नु ले पनि ऋषि महर्षिहरूको जीवन स्वस्थ, दीर्घायु, र अन्तर्यामी वन्न सफल भएको हुन सक्छ। यसै क्रममा महर्षिले आफ्नो तपोभूमिको चयन गर्दा नवलपरासी जिल्लाको त्रिवेणी घाट देखि पारी चितवन जिल्लाको पश्चिम दक्षिण कोणमा रहेको तमसा नदी र नारायणी नदीको कोणलाई चयन गरेको देखिन्छ ।

ऋषि वाल्मीकिलाई रामायण लेख्ने प्रेरणा कसरी प्राप्त भयो त ? भन्ने प्रसङ्गमा गोरखा भाषा प्रकाशिनी समितिका ना.सु.पं. राममणिका अध्यक्षतामा सम्पादन भएको गोर्खा संक्षिप्त रामायणका अनुसार एक दिन अकस्मात् नारद ऋषि वाल्मीकि आश्रममा आइ पुग्छन् । वाल्मीकिद्वारा नारदको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वागत सम्मान गरेपछि उनले नारदसँग प्रस्न गर्छन् की “हे ऋषि वर ! यस लोकमा सौर्य सम्पन्न पुण्यात्मा ब्रह्मज्ञानी तेजोश्वी जितेन्द्रिय र महा पराक्रमी पुरुष को छ ? कसको कृति चन्द्रमाको किरण सरह सारा जगतमा प्रकाशमान छ ?” जस्ता आदित्यादि प्रस्न गर्दा नारद भन्छन् “हे मुनि वर तपाइले यस घडीमा राम्रो कुरा सोध्नु भयो । तपाइले सोधे जस्तो मानिस राम चन्द्र बाहेक अन्य पुरुष पाउन कठिन छ । किन भने राम चन्द्रको महिमा अपार छ । अपार गुणले युक्त भएका रामको अरू कसै सङ्ग पनि तुलना गर्न सकिँदैन । रामचन्द्र भनेका राजाहरूका पनि शिरोमणि हुन्” । यति भनि नारदजी वाल्मीकिसँग बिदा भई नारदजी आफ्ना धाम तर्फ लाग्छन् । नारदजीका यी वचनले वाल्मीकि पनि प्रसन्न भई आनन्दित महशुस गर्न लाग्छन् ।

एक दिन ब्रह्मर्षि वाल्मीकिले तमसा नदीमा स्नान गरी आफ्ना चेलाहरूको साथमा नदीको किनारा तर्फ हिँड्दै गर्दा चखेवा (कराङ्‌ कुरूङ्)का एक जोडी पक्षी मद्धे दुवैलाई व्याधाले तत्काल वाण हानेर मरणासन्न अवस्थामा पुर्याएर छाडेको देख्छन् । यो बेला वाल्मीकिको मनमा करुण रस प्रवाह हुन लाग्छ र उनी शोकले व्याकुल हुँदै मनमा यस्तो सोच्न लागेकी ओहो ! यो मोरो व्याधाले बडो मर्म विदारक कर्म गर्यो । यसको कुकर्मले यी निरपराध पक्षीको व्यर्थमा ज्यान जाने भयो । आज मलाई यी मेरा आँखाले यस्तो अनर्थ के देख्नु पर्यो ? यसै बेला वाल्मीकिजीका मुखबाट अकस्मात् एउटा श्लोक प्रकट हुन्छ **“मा निषाद प्रतिष्ठां त्वमगमः शास्वतीः समाः । यत् क्रौञ्चमिथुनादेकमवधीः काममोहितम्”** (वा .रा. बा.का. सर्ग २ श्लोक १५) । यो बेलासम्म वेदमा समावेश भएका छन्दोबद्ध श्लोकहरू वाहेक अन्य कतै पनि छन्दोबद्ध लयमा रचना गरेको पाइँदैनथ्यो । यसैले पनि अकस्मात् आफ्नो मुखबाट यस्तो श्लोक निस्कदा उनी स्वयं आश्चर्य चकित हुन पुग्छन् । यो घटना बाट प्रभावित भई आफूलाई अचानक यस्तो श्लोक प्रस्फुटन भएको कुरा आफ्ना शिष्यहरूलाई सुनाउँदै उनी बाटोमा हिँड्दै गरेको बेला अगाडिबाट आइरहेका ब्रह्माजीसँग अकस्मात् जम्काभेट हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्छ । ब्रह्माजीसँगको भेट प्रसङ्गमा वाल्मीकिजीले आफूमा आइ लागेको यो घटनाको कुरा ब्रह्माजीलाई पनि सुनाउँछन् । ब्रह्माजीले वाल्मीकिजीलाई सम्बोधन गर्दै भन्नुहुन्छ हे मुनीश्वर तिम्रो मुखबाट निस्केका यी श्लोक त सरस्वतीजीका आशीर्वचन हुन् । यसले तिमीमा सरस्वती खुल्नेछन् । अव तिमी ठूला कवि हुने छौ । अव तिमीले सर्वप्रथम श्रीरामको जीवन चरित्रमा आधारित एउटा काव्यको रचना गर । सरस्वतीको कृपाले तिमी यसै कृतिद्वारा लोकमा चर्चित हुनेछौ । अव ढिलो नगरी काव्यको रचना तर्फ लाग भन्ने सन्देश दिई ब्रह्माजी आफ्नो बाटो लाग्छन् । ब्रह्माजीको यो सन्देसले वाल्मीकिमा थप ऊर्जा भरिन्छ र उनी रामायणको रचना तर्फ लाग्छन् ।

अर्को भनाइ अनुसार नारदले नै दिव्य दृष्टि प्रदान गरेर श्रीरामको दिनचर्यालाई आफ्नै आश्रममा रहेर पनि सम्पूर्ण अवगत गर्न सक्ने शक्ति प्रदान गरेका थिए पनि भनिएको छ । दामोदर कुण्डदेखि उद्‌गम भएकी काली र मुक्तिनाथदेखि उद्‌गम भएकी गण्डकी मिलेर कालीगण्डकी बनेकी छन् । यी गङ्गामा शालिग्राम पाइने हुनाले सबै गङ्गाभन्दा कालीगण्डकीलाई सर्वोत्कृष्ट गङ्गा मानिन्छ । दामोदर कुण्ड र मुक्तिनाथदेखि भारतको गङ्गा नदीसम्म बग्ने काली गण्डकीको दुवै किनारा प्राचीन ऋषि मुनिहरूको तपस्थल भएकाले त्रिवेणी, देवघाट, राम्दी घाट, रिडी, रुद्रवेणी, सेतीबेनी यस्ता तमाम धार्मिक स्थलको रूपमा मानिँदै आएका तीर्थ धामहरू छन् । यी सबै स्थानको कतै न कतै प्राचीन ऋषि मुनिहरूसँग सम्बन्धित घटनाक्रमसँग सम्बन्ध जोडिएका छन् । आफ्नो तपोबलबाट सिद्धी प्राप्त गरेका महर्षिहरूले कस्ता-कस्ता अलौकिक कार्यहरू पनि मन्त्र शक्तिद्वारा सम्पन्न गराएका उदाहरणहरू हामी सामु विद्यमान छन् । ब्रह्मर्षि वाल्मीकिले पनि यिनै काली गण्डकी कै तटमा आफ्नो साधना गरी सिद्धि प्राप्त गरेका हुन् ।

शृङ्ग ऋषिको आश्रम कोशी तटमा रहे पनि तपोस्थल गुल्मीको शृङ्गामा हुनु, जानकीको जन्म स्थल जनकपुरमा हुनु, चितवनकै दक्षिण पूर्वी कोणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्यापुरी हुनु, देवघाटमै महर्षि वशिष्ठको आश्रम हुनु, सीता गुफा र सीता पाताल गमन स्थल पनि यही क्षेत्रमा पाइनु । यस बाहेक पनि ब्यास गुफा, वालिका आश्रम, गर्ग ऋषि आश्रम, शङ्कराचार्य आश्रम, चण्डेश्वर मन्दिर, गलेश्वर आश्रम, महेश संन्यास आश्रम, अघोरी बाबा आश्रम, आदि ऋषिका आश्रमहरू र गुफाहरू पाइनु लाई एउटा संयोगमात्र भन्न कहाँ मिल्ला र ? यस्तै रामको जन्म पनि यहीं नेपालकै अयोध्यापुरीमा हुन सक्ने आधारहरू प्रसस्तै देखिन्छन् । यो विषय ऐतिहासिक सम्पदासँग जोडिएको विषयवस्तु पनि भएको हुनाले प्राप्त प्रमाणहरूको आधारमा यसको प्रमाणीकरणको निमित्त राष्ट्रिय स्तरबाट नै विशेष खोज अनुसन्धान हुनु पनि जरुरी देखिन्छ । वाल्मीकि ऋषिको आश्रम भएकै कारणले जङ्गलले घेरिएको यो कुनालाई प्राचीन कालदेखि नै वाल्मीकि आश्रमको नामले चिनिँदै आएको छ ।

अनुसन्धानको क्रममा पत्ता लागेका केही ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरू निम्नानुसार त्यहाँ अवस्थित रहेको कुरा त्यहाँ जाने जो कोही दर्शनार्थीले प्रत्यक्ष देख्न सक्छौं ।

१) वाल्मीकिले दिव्यज्ञान हासिल गरेको स्थल, वाल्मीकिको मूर्ति, हवन कुण्ड, सम्पूर्ण रामायण खोपेको शिला स्तम्भ, वाल्मीकिको समाधि स्थल ।

२) सीताको आश्रम र मूर्ति, सीताको समाधि स्थल, अमृत कुवा, सीता कुण्ड, सीताले पूजा गर्ने गरेको स्थान, सीताले पानीको घडा राख्ने गरेको भनिने घडाको पिँधको आकारको संरक्षित स्थान ।

३) लव कुश जन्मेको स्थान, पढेको खेल्ने गरेको स्थान, रामले छाडेको घोडा समातेर बाँधेको स्थान, लव कुशको मूर्ति, वैदिक झण्डाको अवशेष ।

४) नव ग्रहहरूको मन्दिर, दुर्गा माता मन्दिर, हरिहरेश्वरको मन्दिर, हनुमानको मन्दिर आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीतालाई वनवासमा लगेर छोड्दा पनि सीता वनवास आउँदै छिन् भन्ने वाल्मीकिलाई पहिले नै थाहा भइसकेको थियो । लक्ष्मणले सीतालाई वनवासमा छोड्दा दाजुको निर्देशन अनुसार आश्रमको नजिकै छोडेर सीतासङ्ग बिदा हुन्छन् र त्यही नजिकैको झाडीमा लुकेर सीतालाई नियाली रहेका हुन्छन् । यति बेला आश्रममा रहेका चेलाले सीतालाई देख्छन् र महर्षि गुरु वाल्मीकिजीलाई सुनाउँछन् । गुरुले आफ्नो ध्यान दृष्टिबाट हेर्दा सीताजी आएको भन्ने चाल पाउनुहुन्छ र स्वयं सीताजीको स्वागतमा निस्केर सीताजीसङ्ग वहाँ यहाँ आउने भन्ने कुरा आफूलाई पहिले नै अवगत भएको सुनाउँदै सीतालाई लिएर आश्रममा प्रवेश गरी आश्रमका परिवार समक्ष परिचय गराई वहाँको बस्ने व्यवस्थापनको निमित्त त्यहाँ रहेका सहयोगीहरूलाई अह्राई सीताको बस्ने व्यवस्था मिलाई दिनुहुन्छ ।

यहाँ पनि लक्ष्मण अयोध्याबाट छुटेको एक दिन एक बिहानमा वाल्मीकि आश्रम पुगेको रामायण मै उल्लेख गरिएको छ भने तीन दिनका दिन वाल्मीकि आश्रमबाट फिर्ता भई अयोध्या आइ सकेका हुन्छन् । यो भनाइ अनुसार पनि फैजावादको अयोध्यादेखि एक दिन र एक बिहानमा वाल्मीकि आश्रम आइ सीतालाई आश्रममा छाडी तीन दिन भित्रै फैजावाद स्थित अयोध्या फर्किनु कुनै सम्भावना देखिँदैन । सीतालाई आश्रममा छोड्दा यिनी गर्भवती रहेकी हुन्छिन् । समय पुगेपछि सीताबाट लव र कुश (जुम्ल्याहा) बच्चाको जन्म हुन्छ । यिनीहरूको शिक्षादीक्षा पनि यिनै ऋषिको गुरुकुलमा हुन्छ । यो स्थल आज हामीहरूको निमित्त धार्मिक एवं ऐतिहासिक पर्यटकीय स्थल वन्न पुगेको छ । यहाँ जान नवलपरासीको त्रिवेणी घाटदेखि डुङ्गा तरेर वा केही तलबाट बाँधको पुल तरेर भारतको बाटो हुँदै पनि वाल्मीकि आश्रम जान सकिन्छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामायणका सन्दर्भमा

हिन्दु समाजमा यो ग्रन्थ आध्यात्मिक विचारधाराका व्यक्तिहरूलाई आस्थाको कारणले होस वा साङ्गीतिक कारणले होस रामायणको किताब निकालेर गुनगुनाउनु हरेक हिन्दुको चाहना हुन्छ । प्राचीन कालदेखि नै गाउँघरमा भानुभक्तीय भाकामा लय राखेर गाइने, व्रतोपासना गर्दा भजनको रूपमा लिइने र सुन्दर काण्डबाट हनुमान् उतारिने जस्ता क्रियाकलापले लोकप्रिय बन्दै गएको यो ग्रन्थ प्रत्येक नेपालीको निमित्त जिभ्रोको रसिलो स्वाद बन्दै आएको सर्वविदितै छ । यो रामायणका मञ्चनमा सहभागी भएका नायक खलनायक र सहयोगी पात्रहरूको पृष्ठभूमिका बारेमा पनि अवगत हुन उत्तिकै महत्व हुने ठानी रामायणको माध्यमद्वारा सर्वसाधारण जनतालाई दिन खोजिएको व्यवहारिक ज्ञानका कुरालाई प्राथमिकतामा राखी रामको जन्म भूमिका बारेमा पनि स्पष्ट गराउन रामको जन्मभूमि अयोध्याको अनुसन्धानमा निहित रहेर यो रामायणको लेखन कार्य भएको छ । हुनत रामको जीवनीमा आधारित भएर ऐतिहासिक, मार्मिक तथा धार्मिक घटनाक्रमका दृष्टान्तलाई उद्धरण गरेर लेखिने यो ग्रन्थ लेखकले आफ्नो डायरीको पानामा उतार्न खोज्नु आफैमा मुर्खता पनि हुनसक्छ, तैपनि कसैको अनुसन्धान र प्रयास बाट सङ्कलन गरिएको यो छोटो लेख पनि अरू कसैको निमित्त मननयोग्य र फलदायी पनि बन्न सक्छ भन्ने उद्देश्यका साथ यसमा रहेका सार भूत कुराको छनौट गर्ने क्रममा लेखकका आफ्नै चाहना र जिज्ञासा अनुकूलका घटनाक्रमलाई प्राथमिकतामा राखि प्रकाशमा ल्याउने प्रयास गरिएको हो ।

यदा-यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे-युगे ॥ (श्रीमद्भगवद्गीता ४-७-८)

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् जव-जव लोकमा अत्याचार अशान्ति फैलिन्छ तव-तव यस लोकमा मेरो अवतरण हुनेछ र यी अन्यायी आततायीहरूको विनास गरी लोकमा शान्ति स्थापना गर्नें छु भन्ने भगवान श्रीनारायणको वाणी भएको कुरा हामी यी वाक्यहरूबाट बुझ्दछौं । यही भनाइ अनुरूप त्रेतायुगमा लोकमा राक्षसादि बाट अत्याचार बढिरहेको बेला यी राक्षसहरूको विनास गरी लोकमा शान्ति कायम गर्न भगवान श्रीनारायण स्वयंले मानवको जुनीमा श्रीरामको रूपमा जन्म लिनुभएको थियो भन्ने यी पुराण ग्रन्थहरूबाट सुन्न र पढ्न पाइन्छ । रामायणको कथा सर्वप्रथम अन्तर्यामी भगवान श्री शंकरजीले रामको जन्म अगावै पार्वतीलाई सुनाउनु भएको थियो भनिन्छ।

कुनै दिन लोमश ऋषिले भागवत श्रवण गराई रहेको बेला काग भुशुण्डीले बीच बिचमा पटक-पटक प्रश्नहरू सोधिरहँदा लोमश ऋषिलाई झर्को लागेर जति बेला पनि काग जसरी क्वारक्वार कराइरहँदो रहेछ । यो त काग नै भइजाओस् भनेर श्राप दिएका हुनाले काग भुशुण्डी वास्तविक काग नै बनेका हुन्छन् । यति बेला ती श्रापित काग भूसुण्डीले यो कागको जुनीबाट मुक्ति पाउने कुनै उपाय पनि छ कि भनेर लोमशलाई सोध्दा ऋषि लोमशले राम नाम मन्त्रको बोध भएपछि तिम्रो यो काग जुनीबाट मुक्ति मिल्नेछ र मृत्यु पनि इच्छा मरणको हुनेछ भनेका हुन्छन् ।

एक दिन शंकरजीले पार्वतीजीलाई कथा सुनाइ रहँदा संयोग बस ती काग जुनी लिएका काग भुशुण्डी लाई पनि यो कथा सुन्ने अवसर मिलेको हुन्छ । यति बेला बल्ल यिनलाई राम नामको महत्व बोध हुन्छ र यो कागको जुनीबाट छुट्कारा मिली पूर्ववत् काग भुशुण्डीको जुनीमा फर्किई इच्छा मरणको सौभाग्य पनि प्राप्त गरेका हुन्छन् । उनले कागको जुनीमा सुनेको रामायणको कुरा पछि काग भुशुण्डीको जुनीमा पुनर्जीवन पाउँदा पनि यिनलाई रामायणको बारेमा पुरै याद रहेको हुन्छ । वाल्मीकि ऋषिले जन्म लिनु भन्दा पहिले नै काग भुशुण्डीले गिद्ध राज गरुडलाई पनि यो कथा सुनाएका थिए भनिएको छ । यिनै काग भुशुण्डीले शिवजीबाट राम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामको महत्व बोध गरेपछि काग जुनीबाट मुक्ति पाएको क्षेत्र नेपालको मुक्तिनाथको कागबेनी भएको हुनाले यो क्षेत्रलाई मुक्तिक्षेत्र भनिन्छ । यहाँ मुक्तिनाथ दर्शन गर्न जाने यात्रुहरूमध्ये श्राद्ध कर्म गर्ने अधिकार प्राप्त सबै व्यक्तिहरूले यो कागबेनीको दोभान (काली र गण्डकीको संगम बिन्दु) मा तीर्थ श्राद्ध गरेर मात्र मुक्तिनाथ दर्शन गर्न जाने प्रचलन छ ।

लङ्कामा राम र रावण बिच युद्ध हुँदा मेघनादले रामलाई नागपाशमा पारेको बेला देवर्षि नारदको आदेशमा गरुडले ती नागहरू सबैलाई खाएर रामलाई नागपाश बाट मुक्त गराएका थिए । गरुडले रामलाई नागपाशबाट मुक्त गराए पनि राम जस्ता देवावतार नाग पासमा बाँधिनुलाई गरुडले सहज रूपमा विश्वासमा लिन सक्दैनन् र यसको सत्यता पुष्टिको निमित्त उनी तिनै काग भुशुण्डीसँग रामको बारेमा सोध्न पुग्छन् । काग भुशुण्डीले आफूले सुनेको रामको सम्पूर्ण कथा सुनाएपछि बल्ल यिनको मन शान्त भएको हुन्छ । भगवान शंकरको मुखारविन्दबाट श्रीरामजीको बारेमा निस्केका यी शब्द त्रेतायुगमा वेद ब्यासजी द्वारा संस्कृत भाषामा लिपिबद्ध गरी प्रकाशमा ल्याइएको यो रामायण अध्यात्म रामायणको नामले चिनिन्छ ।

ब्रह्मर्षि वाल्मीकिद्वारा लिखित वाल्मीकि रामायणलाई श्रुतिस्मृति ग्रन्थ पनि भनिन्छ । वैदिक कालमा संस्कृतमा लेखिएका सम्पूर्ण रामायणहरूमध्ये रामको समकालीन समयमा लेखिएको यो रामायण ग्रन्थलाई सबभन्दा उत्तम ठानिएको छ । भनिन्छ कि यो भूलोकमा रामको जन्म हुने निश्चित भएपछि देवर्षि नारदले वाल्मीकिलाई भेटी रामको जन्मको उद्देश्यको बारेमा सम्पूर्ण कुरा अवगत गराई रामको गतिविधिको बारेमा अध्ययन गर्न सहज होस् भनी उनलाई दिव्यदृष्टि पनि दिएका हुन्छन् । तत्कालीन समयमा वाल्मीकिद्वारा लेखिएको यो रामायण केवल छ काण्डमा नै सीमित रहेको देखिन्छ । उत्तर काण्ड त पछि बौद्ध कालमा जोडिएको हो भन्ने भनाई छ । यो रामायण अहिले लोकमा वाल्मीकि रामायणको नामले प्रसिद्ध छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकिद्वारा नै रचित अर्को एक रामायण छ जसलाई योग वाशिष्ठ भनिन्छ । यो रामायणलाई आर्य रामायण, महा रामायण, आर्ष रामायण, वशिष्ठ रामायण, ज्ञान वशिष्ठ रामायण आदि नामले पनि पुकार्ने गरिन्छ। यो ग्रन्थलाई ग्रन्थ वैराग्य प्रकरण, मुमुक्षु व्यवहार प्रकरण, उत्पत्ति प्रकरण, स्थिति प्रकरण, उपशमन प्रकरण तथा निर्वाण प्रकरण गरी छ प्रकरणमा विभाजन गरिएको छ। संस्कृत भाषामा लेखिएको यो रामायणमा श्रीरामको मानवीय चरित्रको बारेमा विस्तृत रूपमा वर्णन गरिएको छ । यस वाहेक पनि यिनले अरू रामायण पनि लेखेका छन् । यहाँ अहिले आनन्द रामायणको बारेमा उल्लेख गर्दैछु ।

आनन्द रामायणलाई भने सार काण्ड, जन्म काण्ड, मनोहर काण्ड, राज्य काण्ड, आदि काण्डको नामले विभाजन गरिएको छ । यो रामायणमा रामका राजनैतिक, धार्मिक, सांस्कृतिक, आध्यात्मिक एवं सामाजिक महत्वका कुरामा अलि विशेष महत्व दिई उनका कृयाकलापलाई प्रकाशमा ल्याएर रामलाई मर्यादा पुरुषोत्तमको उपाधिले लोकमा प्रसिद्ध गराउन खोजिएको पाइन्छ। यो बाहेक पनि यिनको अर्को रामायण छ, जसलाई अद्‌भुत रामायण भनिन्छ । यो पनि संस्कृत भाषामा नै लेखिएको छ। भनिन्छ यसमा लेखिएका चौध हजार श्लोक सत्ताइस सर्गमा विभाजन गरिएका छन् । यो रामायणमा बढी मात्रामा सीताजीको जीवनीको बारेमा प्रस्‌ट्याउन खोजिएको छ। भनिन्छ कि रावणका दश शिर थिए भने उनका पुर्खामा एक व्यक्ति शहस्र शिर भएका पनि थिए। जसलाई माता सीताले नै महाकालीको रूप धारण गरेर वध गर्नु भएको थियो भन्ने उल्लेख गरिएको छ ।

अर्को एक रामायण जो हनुमानजी द्वारा लेखिएको थियो जसलाई हनुमन्नाटक भनिन्छ। कृति वास रामायण बङ्गाल निवासी मनीषी कवि कृति वास द्वारा लेखिएको थियो। यो रामायण बङ्गाली भाषामा लेखिएको छ । यसमा पनि साते काण्ड उल्लेख गरिएको छ । दिवाकर प्रकाशद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिएको अर्को एक रामायण छ जसलाई कश्मीरी रामायण भनिन्छ। यो रामायण कश्मीरी भाषामा लेखिएको छ। यो रामायण दिवाकर प्रकाशले लेखेको हुनाले यसलाई प्रकाश रामायण पनि भन्ने गरिन्छ। यसलाई हिन्दीमा पनि उल्था गरिएको छ। यो हिन्दी रामायणमा भक्ति, ज्ञान र वैराग्यको त्रिवेणी प्रवाह भएको देखाइएको छ। आदिकवि शरला द्वारा उडिया भाषामा लिखित प्रियंका रामायण शिव पार्वती संवादको रूपमा लेखिएको छ भने यो रामायणलाई पूर्व काण्ड र उत्तर काण्ड गरी केवल दुई काण्डमा मात्र विभाजन गरिएको छ।

गोस्वामी तुलसी दास द्वारा अवधि भाषामा लेखिएको राम चरित मानसलाई महाकाव्यको रूपमा लिइन्छ। यो महाकाव्यमा पनि बाल काण्ड, अयोध्या काण्ड, अरण्य काण्ड, किष्किन्धा काण्ड, सुन्दर काण्ड, लङ्का काण्ड तथा उत्तर काण्डसमेत गरेर सात काण्ड नै छन्। लोकमा अर्को पनि एक रामायण छ जो मनोबुध्द राजद्वारा लेखिएको थियो र यसलाई रङ्ग नाथ रामायण भनिन्छ। यस रामायणको युद्ध काण्डमा रामको वीरताको प्रशंसा गर्दै रामलाई महा प्रतापी पुरुष भएको पुष्टि गरिएको छ।

यसबाहेक पनि विभिन्न देशमा विभिन्न भाषाहरूमा उल्था गरिएका रामायणहरूमा विष्णु प्रताप रामायण, मोल्डा रामायण, रूइपादकातेणपदि रामायण (उडिया), राम केर (कम्बोडिया), ईरामावतारम् (तमिल), जानकी हरण (संस्कृत), मलेराज कथाव (सिंहली), काव्य दर्श (तिब्बती), रामायण काकाविन (इण्डोनेशियाई), हिकायत सेरिराम (मलेशियाई), रामवत्थु (बर्मा), रामकेर्तिरिआमकेर (कम्पुचिया खमेर), तैरानो यसुयोरी की होबुत्सुशू (जापानी), फ्रलक फ्रलाम राम जातक (लाओस्), रामकी येन (थाइलैण्ड), खोतानी रामायण (तुर्किस्तान), जीवक जातक (मङ्गोलियाई), मसीही रामायण (फारसी), दशरथ कथा नाम (चीन), आम मैथिली रामायण, दिनकर रामायण, शंकर रामायण, जग मोहन रामायण, तारा चन्द्र रामायण, अमर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामायण, प्रेम रामायण, तोखे रामायण, गडबड रामायण, विचित्र रामायण, मन्त्र रामायण, तिब्बती रामायण, राधेश्याम रामायण, चरित्र रामायण, कारक वीन रामायण, जाबी रामायण, जानकी रामायण आदि यस्ता स्थानीय भाषामा लेखिएका कैयौं रामायण भएको पाइन्छ। हाम्रो नेपालमा भने नेपालीहरूकै निमित्त लक्ष गरी आदिकवि भानुभक्तद्वारा सरल नेपाली भाषामा लेखिएको रामायण नै प्रचलनमा रहेको देखिन्छ। यो रामायण पनि अध्यात्म रामायणको भावानुवाद गरी तयार गरिएको हो भन्ने उल्लेख छ। यसरी रामको जीवनीका बारेमा विभिन्न कवि र लेखकहरूले आ-आफ्नो बुझाइ, शैली र आ-आफ्ना भाषामा विभिन्न रामायणहरू लेखेका छन्।

यसमा पनि कति सत्यता छ त भन्ने सन्दर्भमा हालसम्म मानि आएको अयोध्या, भारतको उत्तर प्रदेशमा स्थित अयोध्यालाई नै रामको जन्मभूमिको रूपमा मानिदै आएको अवस्था छ। बौद्धकालीन समयमा भारतको फैजावादमा अवस्थित यो अयोध्यामा बौद्ध मार्गीहरूको तीर्थस्थल भएको देखिन्छ। मस्जिद बन्नु अगावै यो स्थानमा एक मन्दिर थियो र मुगल शासक बाबरका सेनापति 'मीर बाकी' ले आफ्ना बादशाहको सम्झनामा स्मारक बनाउने प्रसङ्ग उठाउँदा "लड्डु लडाउ झिल्ली खाउ" भन्ने मनसाय भएका तत्कालीन अङ्ग्रेजहरूकै उस्काहटमा मीर बाँकीले यो मन्दिर भत्काएर यही मन्दिरको जग माथि मस्जिद निर्माण गरेका थिए भन्ने पाइन्छ। यो बेला सम्म रामको जन्म भूमिको बारेमा खोज अनुसन्धान भएको देखिँदैन। पछि विक्रमादित्यको पालामा बल्ल रामको जन्मभूमिको बारेमा खोज अनुसन्धान हुँदा चित्रकुट, पञ्चवटी जस्ता ठाउँमा पुरातात्विक सम्पदाका केही प्रमाणहरू प्राप्त भएपछि राम जन्मभूमि पनि यही सेरोफेरोभित्र हुनुपर्ने भन्ने अड्कलको आधारमा मुस्लिमहरूले मस्जिद निर्माण गर्दा हिन्दुहरूको मन्दिर रहेको स्थलमै मन्दिर भत्काई मस्जिद निर्माण गरिएको थियो भन्ने प्राप्त प्रमाणको आधारमा हिन्दुहरूले यो मस्जिदलाई भत्काई पुनः राम मन्दिर बनाउने कार्य गरेको देखिन्छ। हिन्दु मुस्लिम बीचको यो विवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्दाको रूपमा परिणत भएर जिल्ला अदालत पुनरावेदन हुँदै हाइ कोर्ट सम्म पुगेको छ।

सुप्रिम कोर्टबाट इन्साफ दिने प्रसङ्गमा आजसम्मको अनुसन्धानले रामायणमा वर्णित विषयवस्तु होस वा बाबरी मस्जिदसँग मेल खाने खालका कुनै भौगोलिक, ऐतिहासिक वा सांस्कृतिक कुनै संरचना प्राप्त नभएको परिस्थितिमा, उता मुस्लिमहरूको पनि उक्त स्थलमा परापूर्वदेखि उनीहरूको आस्थाको केन्द्र बाबरी मस्जिदको स्थल भएको भन्ने दाबी अनुसार हिन्दु मुस्लिमको बिचमा उग्र रूपमा बढिरहेको यो विवाद न्यायालयको विचाराधिन अवस्थामा रहेको बेला अनुसन्धानको क्रममा भारत सरकारद्वारा उत्खनन् गरी हेर्दा त्यहाँ हिन्दु मुस्लिमको दाबी अनुसारका कुनै वस्तु फेला नपरेर त्यहाँ साकेत राज्यको बेला निर्माण भएका बौद्धका मूर्तिहरू मात्र फेला परेका थिए।

उत्खननको क्रममा पनि हिन्दु र मुस्लिमका दाबी अनुसारका कुनै प्रमाण फेला नपरे पछि अदालतलाई इन्साफ दिन गाह्रो परिरहेको बेला विना सबुद प्रमाण इन्साफ दिँदा धार्मिक युद्ध झन् चर्किन सक्ने सम्भावना देखी निर्णयतर्फ नगई यो मुद्दा निकै लामो समयसम्म विचाराधिनमा न्यायालयमा नै रोकिएर रहेको थियो। यस्तो अवस्थामा यी दुई समुदायको बिचमा मिलापत्र गराइ दिनुको अलावा अर्को विकल्प पनि थिएन। त्यसैले मन्दिर रहेको स्थानमा नै हिन्दुहरूको दाबी रहेको हुँदा यो स्थान हिन्दुहरूलाई छाडी मुस्लिम हरूको मस्जिद निर्माणको निमित्त सरकार द्वारा अयोध्याको अन्यत्रै स्थानमा पाँच एकड जमिन दिलाई दिने गरी दुवै पक्षको सम्झौता भए अनुरूप न्यायालय बाट फैसला भएको देखिन्छ। अहिले हिन्दु-मुस्लिम दुबै पक्षले आ-आफ्नो स्थानमा मन्दिर र मस्जिद निर्माण गर्ने कार्यमा जुटेका छन्। यो अर्थले यहाँ रामको जन्मभूमि होइन भन्ने कुरा भारतीय उच्च अदालत (SUPREME COURT) ले नै प्रमाणित गरिसकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्था छ । हुनत मिलापत्र पनि एउटा विवशता हो । उत्खननको बेला बौद्ध मूर्तिहरू देखा परेपछि यहाँ बौद्ध मार्गीहरूले यो विवादित भूमिमा बौद्ध कालिन संरचना फेला परेपछि यो स्थान बुद्धिष्टहरूको स्वामित्वमा दिनु पर्नेमा सो नभई हिन्दुहरूलाई मन्दिर निर्माण गर्न दिइएकोमा यो निर्णय बाट बुद्धिष्टहरू पनि संतुष्ट हुन सकेका छैनन् ।

भारतका शासकहरूको नियतलाई यदि नियालेर हेर्ने हो भने, देशको सिमा मात्र नभएर यहाँका सांस्कृतिक एवं ऐतिहासिक सम्पदाका स्थलहरूमाथि पनि अतिक्रमण भएको देखिन्छ । जस्तो कि बुद्धको जन्म स्थल भारतको लुम्बिनीमा भएको थियो भनि प्रमाणित गर्न भारतमा नै सिद्धार्थनगर र लुम्बिनी खडा गरिएको छ । नेपालको वाल्मीकि नगरलाई ओझेलमा पार्न त्यही नजिकै भैंसालोटनमा वाल्मीकि नगर निर्माण गरिएको छ । महाभारत कालिन ऐतिहासिक स्थलहरूमा पनि नेपाल भित्रै पाइने कतिपय स्थानहरू भारतमा स्थापना भएका ऐतिहासिक स्थलहरूसङ्ग मेल खाएको देखिन्छ। हामीले स्नान गर्दा भन्ने मन्त्र **गंगे च यमुने चैव गोदावरी सरस्वती, नर्मदे सिन्धु कावेरी जले अस्मिन् सन्निधिम् कुरू** ॥ यो श्लोक पनि भारतीयहरूले नै बनाएको श्लोक हो । खैत यहाँ नेपालमा उद्गम भएर बग्ने शालिग्राम प्राप्त हुने पवित्र नदी काली गण्डकी र स्वयं महादेवले नै आफ्नै त्रिशुल खोपेर उत्पन्न गराएकी त्रिशुली समेतका सप्त गण्डकीको नाम ? यस्ता कुराहरू पछि पनि अनुसन्धानको क्रममा खुल्दै जानेछन् । यो फैजावादको अयोध्या पनि उदाहरणको निमित्त एक ज्वलन्त नमुना हो । यहाँ पनि यो पौराणिक कालमा अयोध्या भनेर घोषणा गरेको कुनै दस्तावेजमा उल्लेख भएको देखिँदैन ।

वाल्मीकि ऋषिले आफू आफ्नै आश्रममा रहेर पनि रामको जीवन यात्रामा बिते घटेका सबै घटनाका कुराहरूलाई कागजको पन्नामा उतार गर्न सफल भएका छन् । भन्न त 'मन्दिर प्रवेश गर्दा हात खुट्टा नधोई प्रवेश गरेमा दर्शन निष्फल हुन्छ' भन्ने लोक भनाइ जस्तो यहाँ पनि तुलसी दास द्वारा रचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'राम चरित्र मानस' नपढी केवल रामायणका पुस्तक मात्र अध्ययन गर्नु लाई पनि अर्थ हीन हुने मानिएको छ तर पाठकको बुझाइमा समकालीन ऋषि वाल्मीकिजीले रामजीकै कार्यकालमा आफ्नै दिव्य दृष्टिद्वारा अवलोकन गरी लेखिएको रामायणका कुरालाई पहिलो प्राथमिकतामा राखि अन्य कुराको हकमा मात्र अन्य ऋषि वा लेखक हरूको भनाइलाई प्रमाणको रूपमा लिनु पर्ने हुन्छ ।

जसरी विभिन्न रचनाकारद्वारा विभिन्न भाषामा यी ग्रन्थहरू लेखिएका छन्, त्यसैगरी विभिन्न छाया चित्रकारहरू (सिनेमा उत्पादक कम्पनी) ले पनि विभिन्न भाषामा चलचित्रको छायाङ्कन गरी बजारमा ल्याएका छन् । जसमध्ये रामानन्द सागरद्वारा छायाङ्कन गरिएको चलचित्र समाजमा बढी लोकप्रिय भएको मानिन्छ । हुनत एउटाको दृष्टिमा सबै कुराको ज्ञान हुनु पनि त्यति सम्भव पनि होइन । त्यसैले कुनै एउटा लेखकको मात्र अनुभवलाई लिएर यही नै सत्य हो भन्न त्यति उपयुक्त हो जस्तो मलाई पनि लाग्दैन । यस्ता शास्त्रीय कुरामा रामको समकालीन युगमा लेखिएको वाल्मीकि रामायणमा उल्लेख नभएका कुराको हकमा मात्र अन्य रामायणमा उल्लेख भएका कुरालाई प्रमाणमा लिन सकिन्छ । लेखकहरूको पनि अध्ययनको विषयवस्तु फरक-फरक पनि हुनसक्ने हुनाले सम्भव भएसम्म जति सकिन्छ, धेरै लेखकको किताब अध्ययन गरी आफ्नो निर्णय लिन उपयुक्त हुने हुनाले मेरो सम्भवले भ्याए सम्मका किताबहरूको अध्ययनको आधारमा यो किताब लेख्ने प्रयास गरिएको कुरा अध्ययनकै क्रममा पाठकहरूलाई पनि अवगत हुने नै छ ।

अब कथा शुरू गर्नु भन्दा पहिला के बुझौं भने हामी कसैको घर जानुभन्दा पहिला आफू जाने घरको परिवारको क्रियाकलापको बारेमा जानकारी राख्नु उचित हुन्छ । किनभने त्यो परिवार कस्तो हो ? त्यहाँका मानिसको चालचलन कस्तो छ ? आफ्नो अनुकूलको परिवार हो होइन? कतै त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गएर आफ्नो अपमान पो हुन्छ कि ? कतै त्यहाँ आफ्नो अनुकूलको खानपान बसाइँ पो नमिल्ने हो की ? इत्यादि कुरा बुझेर गयौं भने हामी त्यहाँ पुगेर पछि पछुताउनु पर्दैन । जाने बित्तिकै परिवारसँग घुलमिल हुन पनि सहज हुन्छ । त्यस्तै रामायणको बारेमा पनि यसको कथा वस्तुको प्रसङ्ग, यो कथा वस्तुसँग सरोकार राख्ने पात्रहरूको व्यक्तिगत परिचय यिनैका विगतका क्रियाकलाप (जसले यहाँ रामको जीवनीसँग पनि प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्छ) आदि कुरा कथा शुरू हुनु अगावै देखीक घटनाक्रमको बारेमा पनि जान्न सकिएमा कथाको विषयवस्तु बुझ्न सहज हुने ठानी मैले पहिला यी पात्रहरूको विगतलाई पनि खोजीनिती गर समावेश गर्ने प्रयास गरेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामको जन्मभूमि अयोध्यापुरी

शास्त्रहरूमा अयोध्याको बारेमा यसरी वर्णन गरिएको छ । **अकारो ब्रह्मरुपस्य ओ (यो) कारो रुद्र रूपितो । ध्यकारो विष्णुरुपस्य अयोध्या नाम राजते ॥** (अयोध्याको प्राचीन इतिहास) । यसरी अयोध्या शब्दमा नै ब्रह्मा, विष्णु र रुद्रको निवास रहेको देखिन्छ ।

स्वयमागता-स्वयमागता स्वयमागतेति । साकेत-साकेत संज्ञा संविता ॥ (अयोध्याको प्राचीन इतिहास) अर्थात् बौद्ध कालीन कथा ग्रन्थ दिब्यावदानमा उल्लेख भए अनुसार स्वतः आविर्भुत भएको हुनाले यो स्थानलाई साकेत पनि भनिन्छ ।

सचस्कुरूश्चता वमप्रेमारपरिखादिभिः । अयोध्यानगरनाम्नां गुणे नाप्यरिभिः सुराः ॥ (जैन धर्मको आदि पुराण) अर्थात् यो देवताहरूको निमित्त आविर्भुत भएको हुनाले यसमा कुनै वाह्यशत्रुले कब्जा गर्न नसकोस भनेर यो क्षेत्रमा सबै देवताहरूले मिलेर अलङ्कृत गरेका छन् । यसै कारण यसको नाम अयोध्या रहन गएको छ ।

अष्टचक्रा नवद्वारा देवानां पूरयोध्या । तस्यां हिरण्यमयः कोषः स्वर्गो ज्योतिषावृताः ॥ (अथर्व वेद दशम स्कन्ध) यो अयोध्यापुरी देवताहरूको नगरी हो । यो आठ चक्र र नौ द्वारले सुशोभित छ । यो स्वर्ण समान हिरण्य मय छ, जो दिव्य ज्योतिले चारै तर्फबाट घेरिएको छ । वेद पुराणहरूमा यो अयोध्याको बारेमा यसरी वर्णन गरिएको छ ।

याऽयोध्या जगतीतले तु मनुमा वैकुण्ठतो ह्यानिता । याचित्वा निज सृष्टि पालन पर वैकुण्ठ नाथ प्रभुम् ॥ या वै भूमि निधाय सेव्य विमला चेक्ष्वाकर्वे चार्पिता । साऽयोध्या परमात्मनो विजयते वाम्नापरा मुक्तिदा ॥ (रामानुज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिग्विजय) अर्थात् यो अयोध्या भगवान बैकुण्ठनाथजीको थियो । यसलाई मनु महाराजले पृथ्वीमा आफ्नो शासन सत्ता चलाउन प्रधान कार्यालय राख्नको निमित्त अनुमति लिनुभएको थियो । वहाँले यहाँबाट धेरै समय पर्यन्तसम्म शासन सत्ता चलाएपछि इक्ष्वाकुलाई हस्तान्तरण गर्नुभएको थियो । यसैले यो पवित्र भूमिको नै चयन गरेर भगवान श्रीरामजीको पनि यसै भूमिमा अवतरण भएको हुनाले यो स्थानलाई मुक्ति धाम भनिएको छ ।

याऽयोध्या पूः सा सर्ववैकुण्ठा न मेव, मूल धारा मूलंकृतेः परा तत्सद ब्रह्ममय । विरजोतरा दिव्य रत्न कोषाढ्या वस्यां, नित्यमेव सीतारामयीः विहारस्मलधारितः ॥ (अथर्व बेद) अर्थात् मणिकुट पर्वत अन्तर्गत तीन बन र अन्य नौ बन गरेर यहाँ जम्मा बाह्र बन थिए भनिएको छ । अर्थात् यो क्षेत्रको चारैतर्फ पर्वत (पहाड) ले घेरिएको छ । जसमा उत्तरमा मुक्तादी पर्वत, दक्षिणमा मणिकूट पर्वत पूर्वमा निलाद्री पर्वत र पश्चिममा शृङ्गारादी पर्वत पर्दछन् । इतिहासकार मार्क मैनको भनाइ अनुसार अयोध्याका राजा भागिरथले नै आफ्ना सन्ततिको उद्धार गराउनको साथै पृथ्वीको चारैतर्फ हराभरा गराउन आफ्नो ठूलो तपोबलद्वारा स्वर्गकी गङ्गालाई पृथ्वीतलमा अवतरण हुन बाध्य तुल्याएका थिए । जो यस भारतवर्ष अन्तर्गत नै बाह्र गङ्गा हिम क्षेत्रबाट नै अवतरण भएकी छन् जसमा यो देवलोक अयोध्याको पवित्र गराउन शालिग्राम गङ्गा (काली गण्डकी र त्रिशुली जस्ता पवित्र गंगा) यसै क्षेत्र बाट बगेकी छन् ।

सरय्यां सर्व तीर्थानि निवसन्ति च सर्वदा । छल रूपेण ब्रह्मैव सरयु मोक्षदा सदा ॥ (अयोध्याको प्राचीन इतिहास) सरयुजी साक्षात् जल रूपी ब्रह्माजी हुन् । यसैले संसारका सारा तीर्थहरू यही नदीमा निवास गर्दछन् । त्यसैले यो सरयु नदीमा स्नान गर्नाले सारा तीर्थको दर्शन गरेको फल प्राप्त हुन्छ । **मन्वन्तर सहत्रैस्तु काशी वासने यत्फलम् । तत्फलमं समवाप्नोती सरयु दर्शने कृते ॥** (अयोध्याको प्राचीन इतिहास) जो फल एक हजार मन्वन्तर तक काशी कल्पवास बसेर प्राप्त गरिन्छ त्यति फल सरयुमा एक पटक दर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र गर्नाले प्राप्त गर्न सकिन्छ। **मधुमासे सिते पक्षे नवभ्यां च पुनर्वसौ। मध्याह्ने कर्कटे लग्ने जातोरामः स्वयं हरिः॥** (अयोध्याको प्राचीन इतिहास) चैत्र शुक्लपक्ष नवमी तिथिका दिन पुनर्वसु नक्षत्र मध्याह्न कालको कर्कट लग्नमा श्रीरामजीको जन्म भएको थियो भनिएको छ।

सृष्टिको आदि कालमा देवताहरूद्वारा यज्ञ गरिएको हुनाले पुण्य स्थलको रूपमा मानिएको पवित्र स्थान मुक्तिनाथ धामदेखि उत्पन्न भएकी गण्डकी र भगवान श्रीकृष्णको कृपाद्वारा लोक कल्याणको निमित्त सिर्जना गरिएको दामोदर कुण्डदेखि उत्पन्न भएकी (जहाँ विष्णुजीका प्रतीकको रूपमा मानिएका शालिग्राम शिला पाइन्छ) कृष्णा नदीको संगमस्थल कागबेनीदेखि संयुक्तरूपमा कृष्ण गङ्गा अर्थात् कालीगण्डकीको नामले बहँदै आएकी प्रसिद्ध कालीगण्डकी र समुद्र मन्थन गर्दा उत्पन्न कालकूट विष पिएका शिवजीले विषद्वारा जलेको आफ्नो कण्ठलाई शितल बनाउन आफ्नै त्रिशुल जमिनमा धसाई उत्पन्न गरेका त्रिशुली नदी (जो गोसाइँ कुण्डदेखि बग्छिन्) को संगम विन्दु रहेको स्थान जसलाई प्रयाग वा देवधाम वा देवघाटको नामले लोकमा प्रसिद्ध छ। यो स्थान र यी काली गण्डकीभन्दा उत्तम अर्को स्थान कहाँ हुनसक्छ ? जहाँ विभिन्न ऋषिहरूको तपोस्थलको रूपमा चिनिएको पवित्र धार्मिक स्थल देवघाट रहेको छ, जो अयोध्याको निकटतम अर्थात् देवघाटदेखि अयोध्या हालको मोटर बाटो हुँदै जाँदा ५० कि. मी. मात्र पर्दछ।

अयोध्याको उत्तरमा उत्तर दक्षिण भएर बग्ने सरयु नदी भनिएको छ जसमा यहाँ दुई सम्भ्याब्य नदीहरू छन्। एक नारायणीको नामले चिनिने त्रिशुली, बुढी, मर्स्याङ्दी, मादी, दरौंदी, सेती र काली गरी सात गङ्गा सम्मिलित छन् भने अर्को राप्ती नदी जसको मकवानपुरमा उद्गम स्थल रहेर पश्चिम उत्तर हुँदै चितवनको अयोध्यापुरीसम्म आएपछि यहाँबाट पश्चिम दक्षिण हुँदै नारायणी नदीमा मिल्दछिन् र त्रिवेणी हुँदै भारत प्रवेश गर्दछिन्। यी दुई नदीको आफ्नै छुट्टै महत्व रहेको हुनाले यी दुई नदीमा कुनैपनि एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नदी प्राचीन सरयु नदी हुन सक्ने कुरामा विश्वस्त हुन सकिन्छ । अझ मेरो बुझाइमा त सरयु नदीको पवित्रताको व्याख्यान पढ्दा यस्तो पवित्र नदी त नारायणी नदी नै हुनुपर्छ । यसको विकल्पमा यस्तो पवित्र नदी अरू कुनै हुनै सक्दैन ।

रामायणको चर्चा सङ्गै रामको जन्मस्थानको बारेमा पनि चर्चा गर्नुपर्ने हुन्छ । अयोध्या यहाँ नेपालको चितवन माडीमा र भारतको उत्तर प्रदेश यू. पी. मा पनि अयोध्या रहेको हुनाले कुन अयोध्या आधिकारिक राम जन्मभूमि हो त ? भन्ने सन्दर्भमा बाहिरी धरातलबाट अध्ययन गर्दा यसको भौगोलिक, ऐतिहासिक र सांस्कृतिक रूपबाट हेर्नुपर्ने हुन्छ ।

भौगोलिक क्षेत्रबाट हेर्दा रामायणको भनाइको आधारमा अयोध्याको पूर्वमा श्रृङ्गारदी पर्वत, पश्चिममा निलाद्री पर्वत, उत्तरमा मुक्तादी पर्वत र दक्षिणमा मणिकूट पर्वत पर्छ भनिएको छ । त्रेता युगमा नेपाल वा भारत कुनै मुलुकको बारेमा रामायणमा चर्चा गरिएको छैन । हुनपनि सो समयमा हालको जस्तो राजनैतिक क्षेत्रको हिसाबले नेपाल वा भारत भनेर विभाजन नभएको पनि हुन सक्छ । किनभने भारत भन्ने शब्द त अङ्ग्रेजहरूले छाडेपछि अर्थात् भारत अङ्ग्रेजहरूबाट स्वतन्त्र भएपछि मात्र भारत नामकरण भएको देखिन्छ । यस अगावै यो क्षेत्र इष्ट इण्डिया कम्पनीको नामले चिनिन्थ्यो । नेपाल पनि गोपाल वंश अगावैका ने नामका ऋषिले राज्य गर्न थालेपछि नेपाल नामकरण गरिएको थियो भन्ने नेपालको इतिहासमा पाइन्छ । यो अर्थमा भारत भन्दा नेपाल धेरै पुरानो देश हो भनेर बुझिन्छ ।

ऐतिहासिक दस्तावेजको आधारमा, त्यो समय ताका विभाजित भएका राजनैतिक क्षेत्र र हालका समयमा देखिने राजनैतिक क्षेत्रलाई तुलनात्मक रूपमा हेर्ने हो भने धेरै कुरामा असमानता पाइन्छ । पौराणिक कालमा हालको जस्तो राजनैतिक कारणले राज्य विभाजन नभएको हुनाले र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलियुगको बितेको समय (वि. सं. २०७८ सालसम्म) पाँच हजार एक सय बाइस वर्ष र द्वापरको समय आठ लाख चौसट्ठी हजार वर्ष गर्दा आज भन्दा आठ लाख उनन्सत्तरी हजार एक सय बाइस वर्ष अघिको कुरा हुनाले पनि, त्यो बेला नामकरण भएका स्थानहरू त्यस पछिका दिनहरूमा देश टुक्रिने र गाभिने क्रमले राजनैतिक विभाजन भइ रहँदा यस्ता नाम परिवर्तन पनि हुन सक्छन् तर नेपालमा अवस्थित अयोध्यापुरी भारतको जस्तो साकेत राज्य, फैजावाद हुँदै अयोध्या हुन आएको नभई यहाँका पुराना दस्तावेजहरूमा पनि अयोध्यापुरीकै नामले सम्बोधन गरिएको देखिन्छ। रामायणमा वर्णित भौगोलिक, सांस्कृतिक र ऐतिहासिक दस्तावेजको आधारमा राम जन्मभूमि रहेको अयोध्याको स्थान छनौट गर्नुपर्ने भएको हुनाले तिनै ग्रन्थहरूमा उल्लेख भएका विषयवस्तुको खोज गरी प्राप्त हुन आएका केही तथ्यगत प्रमाणहरू तल प्रस्तुत गरिएको छ।

यो प्राचीन त्रेतायुगको कुरा भएको हुनाले अन्य अनुसन्धान कर्ताहरूको साथै पछि उत्खननको बेला प्राप्त हुन आउने पुरातात्विक सम्पदाहरूले पनि यो कुरा पुष्टि गर्दै जाने हुँदा यहाँ मेरो प्रयासमा प्राप्त हुन आएका प्रमाणहरूको आधारमा अयोध्यापुरी चितवन माडीमा अवस्थित अयोध्यापुरी नै तत्कालीन साकेत (स्वतः आविर्भूत भएको स्थान) अयोध्या हुन सक्नेमा विश्वस्त हुन सकिने आधार प्रशस्त रहेको हुनाले यिनै प्रमाणहरू यहाँ प्रस्तुत गरिएको छ।

कोशलो नाम मुदितः स्फितो जनपदो महान् । निविष्टः सरयुतिरे प्रभूतधनधान्यवान् ॥ अयोध्या नाम नगरी तत्रासील्लोक विश्रुता । मनुना मानवेन्द्रेण या पुरी निर्मिता स्वयम् ॥ (वा रा.बा.का.स ५ श्लो. ५ र ६) सरयु नदीको किनारामा एउटा कोशल नाम गरेको बस्ती छ , जो प्रचुर मात्रामा अन्नवाली को भण्डार छ। यसै वस्तीको नजिकमा अयोध्या नामको नगरी पनि रहेको छ। जसलाई स्वयं मनु महाराजले नै निर्माण गरी बसोबास गराएका हुन् भनिएको छ। यो भनाइ अनुसार कोशल देश (कौशल्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महारानीको माइत) पनि यही राप्ती खोला वा नारायणी पारीको बस्ती भित्रै हुनुपर्छ । किनभने यहाँ यही रामायणमा राजा दशरथको विवाहको बेला दशरथ विवाहको कुरो छिन्न कोशल देश जाने क्रममा बाटोमा सरयु नदीमा डुङ्गा तर्न लाग्दा दशरथको विवाह हुन नदीन दशरथको गतिविधिको चियो चर्चो गरी बसेको रावणले आफ्नो मन्त्र शक्तिले आँधीबेहरी उत्पन्न गराएर डुङ्गा अनियन्त्रित भई डुङ्गा नदीमा बग्दै गङ्गासागरसम्म पुर्याएको थियो भन्ने भनाई पाइन्छ । त्यसैले यही राप्ती वा नारायणी तर्दा डुङ्गा अनियन्त्रित भएको हुनु पर्दछ ।

दुर्गगम्भीरपरिखां दुर्गामन्यैर्दुरासदाम् । वाजिवारणसम्पूर्णां गोभिरुष्ट्रैः खरैस्तथा ॥ (बा.रा.बाल.का.स.५ श्लोक १३) यो नगरीको चारैतर्फ शत्रुबैरी सजिलै प्रवेश गर्न नसकुन् भनेर ठाउँ ठाउँमा ठूला-ठूला द्वारहरू राखी बाँकी ठाउँमा खाडल खनी द्वारहरू बाहेक अन्यत्र बाट प्रवेश गर्न नमिल्ने बनाइएको थियो । बाहिरबाट यहाँ जान घना जङ्गल र हात्ती गैंडा जस्ता जङ्गली जनावरले युक्त विकटको बस्ती हुनाले यो स्थान शत्रु वैरीबाट पनि सुरक्षित थियो भनिएको छ । हुनपनि रामायणमा वर्णन गरिए जस्तै यो क्षेत्र पनि राष्ट्रिय निकुञ्जभित्र नै परेको हुनाले बाहिरी शत्रु बैरी सहजै भित्र छिर्न सक्ने संभावना कम हुने हुँदा शत्रु वैरीको भयबाट सुरक्षित नहुने कुरै भएन । **जनकेन समादिष्टा दुतास्ते क्लान्तवाहनाः । त्रिरात्रमुषिता मार्गे तेऽयोध्यां प्राविशन् पुरीम् ॥** (बा.रा बा.का सर्गः६८ श्लोक १) जव विश्वामित्र ऋषिले राम र लक्ष्मणलाई लिएर राजा जनकको धनुष यज्ञमा आउनु भएको थियो, त्यो बेला श्रीरामले राजा जनकसँग रहेको शिव धनुष तोडेपछि राम र सीताको स्वयंवर हुन्छ ।

अस्मै देव्या मया सीता विर्यशुल्का महात्मने । प्रतिज्ञां तर्तुमिच्छामि तदनुज्ञातुमर्हसि ॥ (बा.रा बा का सर्ग ६८ श्लोक १०) मैले यहाँ महात्मा रामचन्द्रजीलाई मेरी पुत्री सीता प्रदान गर्दै छु । यसको निमित्त म हजुरको आज्ञाको प्रतिक्षारत छु भन्दै राजा जनकले अयोध्यामा रहेका राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दशरथलाई सन्देश पठाउँछन् । **जनकेन समादिष्टा दूतास्ते क्लान्तवाहनाः । त्रिरात्रमुषिता मार्गे तेऽयोध्यां प्राविशन् पुरीम् ॥** (बालकाण्ड सर्ग ६८ श्लोक १) यो निमन्त्रणाको आधारमा महाराज दशरथले सजाइएका रथ र घोडाहरूको साथमा लावालस्करका साथ बरियाँत लिएर जनकपुर आउँदा चार दिनमा जनकपुर आइ पुगेका थिए भनिएको छ । यो भनाइ अनुसार भारतको अयोध्याबाट सजाइएका रथ र घोडाहरूको साथमा त्यत्रो लावालस्करको साथ ५०० कि.मी.भन्दा पनि टाढा रहेको जनकपुरमा चार दिनमा आइपुग्न के सम्भव थियो होला त ? त्यसैले पनि यो अयोध्या भारतको फैजावादमा रहेको अयोध्या थिएन भन्न सकिन्छ ।

द्विरात्रमन्तरे शूर उष्य राघव नन्दनः । वाल्मीकेराश्रमं पुण्यमगच्छद् वासमुत्तमम् ॥ (उ.का. सर्ग ६५ श्लोक २) जव रामले लवणासुरलाई मार्न शत्रुघ्नलाई तत्कालीन मधुवन (मथुरा) पठाउँछन् यति बेला उनी अयोध्याबाट विदा भएर सेनाको साथमा तीन दिनमा वाल्मीकि आश्रममा बस्न आइ पुग्छन् । **भगवन् वस्तुमिच्छामि गुरोः कृत्यादिहागतः । श्वःप्रभाते गमिष्यामि प्रतीर्ची वारुणीं दिशम् ॥** (वा. रा. उ.का.सर्ग ६५ श्लोक ४) वाल्मीकि नगरमा पुगेर शत्रुघ्नले वाल्मीकिलाई सम्बोधन गर्दै "हे भगवान् ! म मेरा दाजु श्रीरामजीको आज्ञाले पश्चिम मथुरा जान आएको हुँ । आज एक रात यहाँ वास बसेर भोलि सबेरै पश्चिम दिसातर्फ लाग्छु" । शत्रुघ्नले यसो भनिरहँदा यहाँ पनि अयोध्यादेखि मथुरा हिंडेका मानिस वाल्मीकि आश्रममा बास बसेर पश्चिम दिशा तर्फ लागेका छन् । **प्रभाते सुमहावीर्यः कृत्वा पौर्वाह्णिकीं क्रियाम् । मुनिं प्राञ्चलिरामन्त्र्य ययौ पश्चान्मुखः पुनः॥** (वा.रा.उ.का.सर्ग ६६ श्लोक १४) शत्रुघ्न बिहानै उठेर आफ्नो नित्य कर्म सकी मुनिसङ्ग विदा लिई त्यहाँबाट पश्चिम दिशा तर्फ लागे ।

स गत्वा यमुनातिरं सप्तरात्रोषितः पथि । ऋषिणां पुण्यकीर्तीनामाश्रमे वासमभ्ययात् ॥ (वा. रा. सर्ग ६६ श्लोक १५) यहाँबाट हिंडेपछि बाटोमा सात रात बिताएर आठौं दिनमा यिनी यमुना नदीको किनारामा रहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुण्यकीर्ति महर्षिको आश्रममा बस्न पुग्छन् । यो भनाइ अनुसार पनि भारतको अयोध्यादेखि मथुरा जान हिंडेका शत्रुघ्न दुई दिनमा नेपालमा अवस्थित वाल्मीकि आश्रममा बास बस्न आएर त्यहाँबाट फेरी मथुरातर्फ लाग्नुपर्ने कारण पनि देखिँदैन । **स गत्वा गणितान् वासान् सप्ताष्टौ रघुनन्दनः । वाल्मीकाश्रममागत्य वासं चक्रे महायशाः।।** (वा. रा. उ.का. सर्ग ७१ श्लोक ३) मधुवन (मथुरा) जितेर त्यहाँका निवासीलाई सुरक्षित बसोबास गराएपछि बाह्र वर्षपछि बल्ल उनी अयोध्या फर्किन्छन् । अयोध्या फर्किने क्रममा पनि पहिला जस्तै बाटोमा सात रात बिताएर आठौं दिनमा वाल्मीकि आश्रम बास बस्न आइ पुग्छन्। यो भनाइ अनुसार पनि भारतको अयोध्या जानुपर्ने व्यक्ति अयोध्या जाने क्रममा सात दिन लगाएर हिंडी यहाँ नेपालको वाल्मीकि आश्रममा बास बस्न आउने कुरै आउँदैन । यसैबाट पनि रामको जन्मभूमि अयोध्या भारतमा नभएर नेपालमै थियो भन्न सकिन्छ । **अध्यर्घ योजनं गत्वा नदीं पञ्चानमुखाश्रिताम्। सरयूं पुण्यसलिलां ददर्श रघुनन्दनः ।।** (वा. रा. सर्ग ११० श्लोक १) भगवान श्रीरामले अयोध्या देखि डेढ योजन पश्चिम गएर सरयु नदीको दर्शन गर्नु भयो । यो भनाइले त नारायणी गङ्गालाई नै सरयु नदी भनिएको रहेछ भनेर प्रस्ट पारि दिएको छ ।

बी. एच. बडेरद्वारा लिखित कल्याण रामायणानुसार प्रयागदेखि २० मील दक्षिण वाल्मीकि आश्रम छ भनेर लेखिएको कुरा वाल्मीकि रामायण सप्तम खण्डको पेज ७ को भौगोलिक विवरण भन्नेमा नै उल्लेख गरिएको छ । (हालको मोटर बाटोको हिसाबमा देवघाट देखि अयोध्या सम्म जान ५० की. मी. भए पनि नदीको बहावको हिसाबले २० मिल अर्थात् ३० की. मी. पनि हुनसक्छ) यो अर्थमा देवघाट धामलाई प्रयाग भनेर घोषणा गरिनु ले पनि यो पनि नेपालकै भौगोलिक संरचनासँग मिल्न आउँछ ।

सा पुण्या ध्वजिनी गङ्गां दाशैः संतारिता स्वयम् । मैत्रे मुहूर्ते प्रययौ प्रयागवनमुत्तमम् ।। आश्वा सयित्वा च चमूं महात्मा निवेशयित्वा च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यथोपजोषम् । द्रष्टुं भरद्वाज मृषिप्रवर्य मृत्विक्सदस्यैर्भरतः प्रतस्थे ॥ (बा. रा.अ.का .सर्ग ८९ श्लोक २१,२२) रामको वनवास पछि जव भरत रामलाई वनवासबाट फर्काउन सेनाका दलबलसहित अयोध्याबाट निस्कन्छन्, यति बेला उनी त्यहाँबाट प्रयाग (देवघाट) तर्फ प्रस्थान गरेर नदी पारगरी सेनालाई त्यही कतै बिश्राम गर्न लगाएर आफू राजसभाका सदस्यहरूको साथमा भरद्वाजको दर्शन निमित्त खालि खुट्टा ऋषिको आश्रम तर्फ गएका छन् । यो भनाइ अनुसार पनि भरत अयोध्याबाट निस्की प्रयाग (देवघाट) हुँदै चित्र कूटतर्फ प्रस्थान गरेको देखिन्छ । यसैगरी सबै रामायणका किताबहरू खोतल्दै जाने हो भने यस्ता तमाम प्रमाणहरू पाउन सकिन्छ ।

भारतवर्ष विषे मणि मुकुट झैँ नामता अयोध्या भनी । ठूलो एक शहर थियो मणिमयी सुन्दर बन्याको पनि ॥ इच्छाकूका कुलैमा अति वली दशरथ बीर महाराज रह्याछन् । तिनका तीन रानी मध्ये गुणी-गुणी अति बीर चार छोरा भयाछन् ॥ (भानुभक्तीय रामायण) यहाँ उल्लेख गरिएको मणि मुकुट पर्वत पनि यही पर्दछ । अयोध्याको पासमा सरयु नदी रहेको उल्लेख छ । यो सरयु नदी कुन हो त भन्ने सन्दर्भमा अयोध्या नगरीको उत्तरतर्फ पूर्वदेखि पश्चिमतर्फ बग्ने नदी भनेर व्याख्या गरिएको छ । यो श्लोक हेरौं - **जन्मभूमि मम पुरी सुहावनि उत्तरदिशि सरयु वह पावनि ।** (राम चरित मानस उ काण्ड) लक्ष्मणले सीतालाई वाल्मीकि आश्रममा लगेर छोड्दा पनि अयोध्यादेखि वाल्मीकि आश्रम पश्चिम दिसामा रहेको भन्ने उल्लेख छ । यसको क्षेत्रफलको बारेमा पनि सरदरमा १२ योजन लम्बाइ र तीन योजन चौडाइ रहेको भन्ने उल्लेख भएको पाइन्छ । एक योजन बराबर बाह्र माइल अर्थात् छ कोष हुन्छ । यो क्षेत्रफलको बारेमा तत्कालीन अयोध्याको सीमाङ्कन कहाँसम्म थियो भन्ने कुरा तत्कालीन समयमा उल्लेख भएका दस्तावेजहरूको अनुसन्धान नभएसम्म यकिन गर्न नसकिने हुँदा क्षेत्रफलको बारेमा यो कृति मौन रहेको छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्कालीन समयको संरचना वा भग्नावशेषको कुरा गर्नु पर्दा यो रामावतार त्रेतायुगको अन्तिम चरणको बेला भएको भए तापनि द्वापर युगको आयु आठ लाख चौसट्ठी हजार वर्ष र हाल कलियुगको बितेको वर्ष पाँच हजार एक सय बाइस (विक्रम सम्बतको पात्रो अनुसार २०७८ सम्म आइ पुग्दा) गर्दा, जम्मा ८,६९,१२२ वर्ष अघिको कुरो भएको हुनाले इतिहासका पानाले बताउने कुरा र उत्खननको बेला प्राप्त हुने सम्पदा बाहेक अव त्यो बेलाका संरचना बाहिरी धरातलमा खोजेर पाइने सम्भावना पनि देखिँदैन ।

अर्को कुरा रामायण कालीन परिपथ (CIRCUIT) को आधार लिने हो भने पनि महर्षि विश्वामित्रले राम रावणको युद्धमा रामलाई आवश्यक पर्ने अस्त्र शस्त्रहरू यज्ञद्वारा सिर्जना गर्न लाग्दा ताडकादि राक्षसहरूले यज्ञमा विघ्न वाधा पुर्याई यज्ञ सम्पन्न गर्न नदिइएकोले महर्षि विश्वामित्र स्वयं अयोध्यापुरी पुगी राजा दशरथसँग रामको आवश्यकताको बोध गराई रामको साथमा लक्ष्मण समेतलाई लिएर देवघाट हुँदै घना जङ्गलको बाटो पार गर्दै आफ्नो आश्रम रहेको स्थलमा आई त्यहाँ आफूलाई दुःख दिइरहेका ताडकादि राक्षसहरूको रामद्वारा वध गराई त्यहाँ बाट राजा जनकको निमन्त्रणामा जनकपुरतर्फ प्रस्थान गरेका छन्। महर्षि विश्वामित्रको आश्रम रहेका स्थलको अध्ययन गर्दा सिन्धुपाल्चोकको पाँच पोखरीमा र रामेछापको खाँडादेवी मन्दिरको पासमा समेत विश्वामित्रको आश्रम रहेको देखिन्छ । ऋषिको आश्रम स्थल देखि जनकपुर जाने क्रममा बाटोमा पर्ने पनौतीमा ऋषि गौतमको आश्रममा पसी महर्षि गौतमबाट श्रापित भएकी अहिल्याको शिलामा रामको चरण स्पर्श गराई गौतमीको उद्धार गरेर त्यहाँबाट जनकपुरतर्फ प्रस्थान गरेको कुरा स्थलगतको घटनाक्रमले पुष्टि गर्दछ । राजा दशरथको पुत्रेष्टि यज्ञ गराइदिने ऋषि श्रृङ्गृयको आश्रम कोशी नदीको किनारमा भएको पाइन्छ भने उनको तपोस्थल गुल्मीको शृङ्ग गामा रहेको पाइनु जस्ता घटनाक्रमले पनि यी सबै ऐतिहासिक स्थलहरू एक आपसमा आवद्ध भएको देखिन्छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै अर्को प्रमाण पनि हेरौं । रामले सीतालाई वनमा छोडेर आउन लक्ष्मणलाई आदेश दिँदा लक्ष्मणले एक रात बाटोमा बास बसी अर्को दिन वाल्मीकि आश्रम पुर्याएको कुरा रामायणमै उल्लेख गरिनु ले पनि भारतको फैजावाद बाट डेढ दिनमा नेपालको वाल्मीकि आश्रमसम्म आइ पुग्ने सम्भावना देखिँदैन । राजा दशरथको अश्वमेध यज्ञको बेला छोडिएको घोडा पनि अयोध्याबाट पश्चिम तर्फ लगी सिमानामा छाडिएको थियो भन्ने पाइन्छ । यो भनाइ अनुसार पनि वाल्मीकि आश्रम भारतको सिमानामा हुनुले र अयोध्या देखि वाल्मीकि आश्रम पश्चिम दिशामा पर्नाले पनि अयोध्या र वाल्मीकि आश्रमको स्थान विशेषले मेल खाएको देखिँदा थप पुष्टि भएको महसुस हुन्छ ।

अर्को प्रमाण हेरौं श्रवण कुमार आफ्ना अन्धा माता पितालाई खर्पनमा बोकेर तीर्थाटन गराउने क्रममा जाँदै गर्दा आँधी खोलाको मुहानमा पर्ने अन्ध अन्धी तालको नजिक रहेको राजा दशरथद्वारा निर्मित धर्मशालामा आफ्ना माता पितालाई आराम गर्न लगाएर उनी नदीमा पानी लिन गएका हुन्छन् । यति बेला राजा दशरथ शिकार खेल्न यतैको जङ्गलमा गएको बेला पर्छ । श्रवणले पानी भरिरहेको बेला सुराहीमा पानी भरिदैं गर्दाको कलकल आवाजलाई मृगले पानी पिइरहेको आवाजको भ्रममा परी वाण चलाउँदा शब्दभेदी बाण चलाउने अभ्यास गरेका राजा दशरथले छाडेको वाण संयोगवश श्रवणलाई लाग्न जान्छ र अचानक कुनै मानिसलाई वाण लागेको चित्कार सुनिन्छ ।

यो चित्कार सुनेपछि उनी झटपट उक्त स्थानतर्फ दौडेर हेर्न जाँदा तिनै श्रवण कुमार वाणको चोटको पीडाले छटपटिई रहेका हुन्छन् । यो देखेर उनले श्रवण कुमारसँग माफी माग्दै आफूबाट हुनसक्ने सहयोगको निमित्त अनुरोध गर्छन् । श्रवणले माहाराज दशरथलाई देखेर चिनिसकेपछि आफ्नो अवस्था अवगत गराउँदै पिता मातालाई राजा दशरथको जिम्मा लगाई आफूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राण त्याग गरेका हुन्छन् । यो ठाउँ आज श्रवण कुमारको समाधिस्थल वा अन्ध अन्धी क्षेत्र भनेर चिनिन्छ । यहाँ पनि राजा दशरथ फैजावादको अयोध्याबाट स्याङ्जामा शिकार खेल्न आउने सम्भावना कतैबाट पुष्टि हुँदैन । यस्ता तमाम प्रमाणहरू छन् जो नेपालको अयोध्यासँग मेल खान्छ र भारतको फैजावाद स्थित अयोध्यासँग कुनै रूपबाट पनि मेल खाएको देखिँदैन । यहाँ त के देखिन्छ भने **“बोल्नेको पीठो बिक्छ न बोल्नेको चामल पनि बिक्दैन”** भन्ने उखान जस्तै भएको छ । भनिन्छ नि “बडाले जो गर्यो काम हुन्छ त्यो सर्वसम्मत” । यहाँ यही भएको छ ।

ने नामको ऋषिका पालादेखि नामकरण भएको नेपालले इष्ट इण्डिया कम्पनीले छोडेपछि कायम भएको INDIA लाई दाइ भनेर सम्बोधन गर्न बाध्य वाद्य हुनु परेको छ, समस्या यही हो । यहाँ अहिलेसम्म जानकारीमा आएका ऐतिहासिक संरचनाको बारेमा जान्न र बुझ्न एवं यसका भावी योजनाहरूको बारेमा थाहा पाउन नेपाली अयोध्या मन्दिर भनेर YouTube मा टाइप गरेर हेर्नु भएमा र यसका भावी योजनाको बारेमा जान्न नेपाल टेलिभिजन बाट प्रसारित कार्यक्रम हेर्न https://youtube/1VNn8f0dk2vo लिंकमा टाइप गरेर हेर्न सक्नुहुन्छ । YouTube मा नेपाली अयोध्या मन्दिर र भनेर टाइप गरेमा पनि त्यहाँको बारेमा बुझ्न सहज हुने छ । अहिले त भारतीय च्यानलहरूले पनि राम जन्म भूमि नेपालमै भएको कुरा स्विकार गरी विभिन्न मिडियाहरूद्वारा प्रकाशमा ल्याइरहेको कुरा देख्न र सुन्न पाइन्छ । फैजावादस्थित अयोध्याको बारेमा भन्नु पर्दा यसको इतिहासलाई केलाएर हेर्ने हो भने बौद्धकालीन समयमा यो स्थानको नाम साकेत भएको पाइन्छ । त्यसपछि मुगल राज्यको समयमा यही स्थानलाई फैजावाद भनेर नामकरण गरिएको छ । यही फैजावादलाई आज राम जन्मभूमि अयोध्याको नामले प्रचार प्रसार गरिएको छ ।

यता नेपालको अयोध्यापुरीमा ऐतिहासिक कुराको अनुसन्धान गर्ने चासो बढेसँगै राम जन्मभूमिलाई पुष्टि गर्ने खालका भौगोलिक ऐतिहासिक र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सांस्कृतिक संरचनाहरू, प्रशस्तै भेटिन थालेका छन् । जस्तै सीताको जन्म स्थल जानकी नगर जनकपुरमा हुनु, वाल्मीकि आश्रम यही अयोध्याकै पश्चिम चितवनमै हुनु । रामायणमा वर्णित प्राचीन सरयु नदी अयोध्यापुरीको उत्तरतर्फ उत्तर वाहिनी भएर पश्चिमतर्फ बग्दै हिम गङ्गा नारायणीमा समाहित हुनु । यो अयोध्यादेखि ५०० मिटर अगाडि उत्तर दिशामा महर्षि दधीचिको तपोस्थल हुनु । रामायणमा उल्लेख भएअनुसार अयोध्याको उत्तरमा मुक्तान्द्री पर्वत, दक्षिणमा मणि कोट पर्वत, पूर्वमा श्रृङ्गारदी पर्वत र पश्चिममा निलाद्री पर्वत यहीँ पाइनु जस्ता प्रमाणले पनि अयोध्यापुरी नै राम जन्मभूमि भएको पुष्टि गर्न सकिन्छ ।

तत्र गङ्गां महापुण्यां विष्णुपादोद्भवां नदीम् । निरीक्ष्य स्नातुमुद्युक्ताः सीताख्यां प्रथितौजस । (वा. रा. दोस्रो अध्याय श्लोक ७) ऋषिले आफ्नोमा आएका आगन्तुक ऋषिहरूलाई यो सीता नदी श्री विष्णुका चरणबाट उत्पन्न भएकी हुनाले स्नान योग्य पवित्र छिन् । त्यसैले नदी स्नान गरेर जानुस् भनेको कुरा यो श्लोकमा उल्लेख गरिएको छ । यही माडी अन्तर्गत नै यो सीता नामको नदी पनि पाइनुलाई एक संयोगमात्र भन्न कहाँ सम्मको औचित्य होला ? साथै अन्य स्थलहरूमा वैकुण्ठ ताल, एवं झरना, पाँच पाण्डव, सोमेश्वर गढी क्षेत्र, छरछरे धाम, आदिको साथै यहाँ यस्ता प्राकृतिक एवं ऐतिहासिक स्थलहरू प्रशस्तै पाइने गरेका छन् ।

यिनै विविध कारणहरूबाट यो राम जन्मभूमि अयोध्या भनिने नेपालको यही अयोध्यापुरी हुनुमा कुनै सन्देह मान्नुपर्ने देखिँदैन । धेरै लामो समयदेखिको विवादित अयोध्याको विकल्पको रूपमा देखिएको अयोध्यापुरीलाई पनि निर्विवाद बनाउन यहाँ पनि छिट्टै नै उत्खननको कार्य शुरू गरी प्राप्त सम्पदाको पनि व्यवस्थापन गर्दै जानुपर्ने नितान्त आवश्यक देखिन्छ । यहाँका बासिन्दाहरूले यही जमिनबाट समय समयमा प्राचीन नमुनाका इट्टा, तामाका पैसाहरू समेत प्राप्त गरेको कुरा गत वर्षका समयमा मिडियाहरूद्वारा प्रचारमा आएको कुरा त हामी मध्येकै कतिपयले YouTube, T.V.Chanel

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदिको माध्यमद्वारा देख्ने अवसर पाए कै हौं । यहाँको अयोध्यामा केवल नामको मात्र अयोध्या नभएर यहाँ ऐतिहासिक पुण्य स्थलको रूपमा मानिँदै आएको धार्मिक स्थल पनि भएको हुनाले रामायण कालीन संरचनाको अरू सम्भाव्य स्थलको खोजी गरी उत्खनन गर्नु पनि नितान्त आवश्यक देखिन्छ। हालसम्म यस अयोध्यापुरीको आसपासमा पुजिँदै र मानिँदै आएका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरू यस्ता छन् । स्नेही पर्वत, गोले डाँडा, सेतो पहाड, चुरे श्रृङ्खला संसारी डाँडा, रानीबन, राई धारा, अमृत धारा, क्यामुनु घारी, बुलबुले, वन शक्ति मन्दिर, बाघ मोर्चा माई मन्दिर, सिद्धेश्वर मन्दिर, सीता गुफा, कृष्ण मन्दिर लगायतका अध्ययन र दर्शन योग्य धार्मिक एवं पर्यटकीय स्थलहरू यहाँ अहिले पनि विद्यमान छन् । माटोबाट निर्मित इट्टा, भिँडटी जस्ता प्राचीन वस्तुहरू बाहिरी सतहमा नै पाइनु ले उत्खननको निमित्त पनि केही आधार शिलाहरू मिलेका छन् । हो, यसमा रामको पालाका केही तथ्यगत प्रमाण फेला नपरेसम्म विमति राख्नेहरूको निमित्त विरोध गर्ने मसला वन्न सक्छ। यस विषयमा नेपाल सरकारले नै नेपालको आफ्नो सम्पदाको विकास र पर्यटन क्षेत्रको महत्त्वले पनि यसमा चासो दिनुपर्ने नितान्त आवश्यक देखिन्छ ।

सूर्यवंशी शासकको उदय

हामीहरू सबैका आ-आफ्ना गोत्रहरू छन् । जस्तै माण्डव्य, अत्रि, आत्रेय, विश्वामित्र, भारद्वाज, कौडिन्य आदि । यी गोत्र भनेको ऋषिहरूको नाम हो । हाम्रा गाउँघरमा फलानोका सन्तान भनेर चिनिए जस्तै यी गोत्रको आधारबाट हामीलाई पनि फलानू ऋषिका सन्तान रहेछन् भनेर चिनिन्छ। यस्तै सूर्य र चन्द्रका पनि आफ्नै वंश छन् । सूर्यवंशका सन्तति अयोध्याका राजाहरू हुन् भने चन्द्रवंशका सन्तति यदुवंशी खलक कृष्णका पूर्वजहरू पर्दछन् । हामीले यहाँ सूर्यवंशी राजाहरूमा श्रीरामको पुर्खाको खोजी गर्दै छौं । यिनीहरूको वंशावली हेर्दा राजा दीलिपलाई सूर्यदेखि ६५ पुस्ता र इक्ष्वाकु वंशदेखि ५५ पुस्तामा परेको देखिन्छ । यस पछिका पुस्तामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिलीपका पुत्र रघु र रघुका पुत्र अज हुन् । अजकी श्रीमती इन्दुमति थिइन् । राजा अज र रानी इन्दुमतिका पुत्र दशरथ र दशरथ पुत्र राम हुन् । खोजी हुँदै गएमा यिनैका वंशहरू आजपनि समाजमा भेटिन सक्छन् ।

रावणले आफ्नो मृत्यु रघुकुलबाट हुन्छ भन्ने कुरा ब्रह्माजी बाटै थाहा पाएका हुन्छन् । त्यसैले पनि उनका भयभीत आँखा सधैं रघुकुलतर्फ रहने गर्थे । **"न रहे बाँस न बजे बाँसुरी"** भन्ने उखान जस्तै रघुकुलको वंश नाश गर्न सकिएमा आफ्नो मृत्यु असम्भव हुनेमा विश्वस्त रहेका रावणले तत्कालीन महाराजा रघुजी माथि पनि पटक-पटक आक्रमणको धावा बोलेको देखिन्छ । रावणमा अभिमान बढेको देखि एकपटक राजा रघुले उनको युद्धको ललकारलाई स्विकार्दै भनेका थिए कि मसँग युद्ध गर्ने भए मेरो दरबारको ढोका भित्रबाट मैले एक हातले अड्याउने छु, तिमीले आफ्नो शक्ति बलले यो ढोका खोलेर मात्र युद्धको निमित्त भित्र प्रवेश गर्नु भनी चुनौती दिए र भित्रबाट आफूले आफ्नै एक हातले मात्र ढोका थामेर उभिएका हुन्छन् । बलको अभिमान त दुवैमा थियो तरपनि रावणले आफ्नो सारा शक्ति लगाउँदा पनि ढोका खोल्न नसकी लाजले फिर्ता हुनु परेको थियो ।

राजा अजको कार्यकालमा पनि युद्धको ललकार दिन रावण अयोध्या पुग्छन् । यति बेला राजा अज सन्ध्यावन्दनमा हुन्छन् । सन्ध्यावन्दनको समयमा हातमा एक मुठी जल लिएर टाढै फ्याँक्छन् । रावण यो क्रियाकलाप देखेर आश्चर्य मानी राजा अजलाई सोध्छन् कि महाराज ! यो जल फ्याँक्नुको मतलब ? राजाले उत्तर दिए कि त्यहाँ पर एउटा चरिरहेको गाई माथि बाघले आक्रमण गर्दै थियो, त्यही बाघ मारेर गाईको सुरक्षा गर्न जल फ्याँकेको हुँ भनेपछि रावण यसको सत्यताको पुष्टि गर्न उक्त स्थानमा हेर्न जान्छन् । त्यतिबेला त्यहाँ नजिकै एउटी गाई चरिरहेकी हुन्छिन् भने त्यहीं नजिकै एउटा बाघलाई शरीरभरि बाण लागेर रक्ताम्य भई लडिरहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ। यो घटना देखेपछि हतियार विना हातमा पानी लिएर छर्किएको भरमा त बाण बन्छ र नहेरी फ्याँक्दा पनि यसरी निसाना लाग्छ भने यिनको शक्ति पनि अभेद्य रहेछ भनेर राजा अजको शक्तिदेखि भयभीत भएर हच्किएर रावण भागेका हुन्छन् ।

दशरथको जन्मको प्रसङ्ग पनि विचित्रको छ । राजा अजलाई धेरै उमेर पुग्दासम्म पनि सन्तान नहुँदा पुत्र प्राप्तिको निमित्त पुत्रेष्टि यज्ञ गर्नुपर्ने हुन्छ। यो यज्ञ राजगुरु ऋषि वशिष्ठद्वारा सम्पन्न गराउने कार्य शुरू हुन्छ। यज्ञान्तको वेला गुरुदक्षिणा दिने समयमा गुरु वशिष्ठले आफ्नो मेहनतको कमाइबाट दिने भए दक्षिणा लिने हो तर राज्य कोषबाट दिएको दक्षिणा हो भने स्वीकार नगर्ने वचन दिन्छन् । यो भनाइले राजालाई निकै अप्ठेरो पर्छ, किनभने राजा भनेका जनताका शासक भएको हुनाले उनको निजी सम्पत्ति भन्ने केही हुँदैन । त्यसैले दक्षिणाको निमित्त आफ्नै परिश्रमबाट केही रकम सङ्कलन गर्नुपर्ने भएकाले दक्षिणाको निमित्त ऋषिलाई केही समय धैर्य रहन अनुरोध गर्छन् ।

परिश्रमबाट धन आर्जन गर्न उसै दिन राती भेष बदलेर दरबारबाट बाहिर निस्की साहु महाजन कहाँ पुगी ज्याला मजदुरी गरी पारिश्रमिक रूपमा एक रुपियाँ मात्र प्राप्त गरेका हुन्छन् । उचित समयमा उचित पारिश्रमिक टकार्न नसकेको मा लजालु हुँदै यही एक रुपैयाँ गुरुजीलाई दक्षिणाको रूपमा टकार्दै स्वीकार गरिदिन विन्ती गर्छन् । गुरुले पनि आफ्नै परिश्रमबाट प्राप्त भएको द्रव्य श्रद्धा पूर्वक टकारेको मा खुसीसाथ स्वीकार गरी आफ्नो कुटीतर्फ लाग्छन् ।

कुटीमा पुगेपछि ऋषि पत्नी अरुन्धतीले राजाको यज्ञबाट दक्षिणाको रूपमा के कति प्राप्त भयो भनेर खोजीनीति गर्दा त्यही एक रुपियाँ झिकेर श्रीमतीलाई दिन्छन् । दरबारबाट बक्स भएको दक्षिणा जम्मा एक रुपैयाँ देखाएकोमा ऋषि पत्नी अरुन्धतीलाई विश्वास लाग्दैन र ऋषिको नियतमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्का गर्दै रिसले उक्त रुपैयाँ आफूले सके सम्मको टाढा पुग्ने गरी हुर्याई दिएकी हुन्छिन् । यो रुपैयाँ खसेको ठाउँमा एउटा विचित्रको वृक्ष उत्पन्न हुन्छ । जहाँ यो वृक्षमा सुनको मुकुट आकारका फल फल्न थाल्छन् ।

राजा अजले यो कुरा थाहा पाएर त्यहाँ गई वृक्षमा फलेका ती स्वर्ण मुकुट आकारका सबै फल टिप्न लगाउँछन् र यस्तो फल लाग्ने वृक्षको तल के होला भनी जरा उखेल्दै जमिन मुनि खन्न लगाउँछन् । केही फिट तल सम्म खन्दा एउटा सुनको रथ निस्कन्छ । त्यो रथ बाहिर निकाल्ने बित्तिकै रथ उडेर आकाशमा जान्छ र विलीन हुन्छ । यसरी खन्दै जाँदा अरूपनि यसैगरी एक-एक रथ निस्कँदै आकाशमा विलय हुँदै जान्छन् । नवौं रथसम्म यसैगरी विलय भएपछि दशौं पटकको समयमा निस्केको रथमा एउटा बालकसमेत निस्कन्छन् र यो रथ पूर्ववत् आकाशमा विलीन नभएर त्यहीं स्थिर रहन्छ । सन्तान न हुँदाको पीडा भोगेका अजले अचानक बालक नै उत्पन्न भई रथ पनि स्थिर रहेकोमा यिनै बालकलाई यज्ञको प्रसादीको रूपमा प्राप्त भएको बुझी यिनैलाई पुत्रवत् रूपमा स्वीकार गरी दरबार प्रवेश गराउँछन् र ऋषिहरूद्वारा जन्म संस्कारादि कर्म गराई दशौं रथबाट प्राप्त भएको हुनाले ऋषिहरूको मतानुसार यिनको नाम पनि दशरथ राखिन्छ ।

यस्तै राजा दशरथ र कौशल्याको विवाह प्रसङ्ग पनि निकै रोचक छ । कौशल्याको कोखबाट जन्मिने सन्तान आफ्नो मृत्युको कारण हुनसक्ने बुझेका रावणले यो वेला पनि विवाह असफल गराउने षडयन्त्र रच्न शुरू गर्छन् । कौशल नरेश सु कौशल र रानी अमृत प्रभाकी पुत्री कौशल्याको साथमा विवाह निश्चित गर्न मन्त्री सुबन्तको साथमा दशरथ कौशल देशतर्फ जाँदै गर्दा रावणले चाल पाएर आफ्नो मायावी शक्तिद्वारा त्यहाँ आँधीबेहरीको सृजना गर्छन् । राजा दशरथ र मन्त्री सुबन्त नाउद्वारा नदी पार गर्दै गर्दा आँधीले नाउलाई अनियन्त्रित दिशातर्फ मोड्दै गङ्गामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुर्याई दिन्छ । गङ्गादेखि हावाले बगाउँदै हिन्द महासागरको संगममा पुर्याई डुङ्गालाई एउटा किनारामा लगाइदिन्छ । यसरी यी दुई प्राणी एक अनकन्टार स्थानमा उत्रिन पुगेका हुन्छन् ।

यता दशरथको प्रतीक्षामा रहेका कौशल नरेश दशरथको आगमनमा ढिलाई हुनु र मौसममा परिवर्तन देखिनुले बाटोमा कतै समस्यामा परेको पनि हुन सक्ने आँकलन गरेर चिन्तित बनेका हुन्छन् । सबैको ध्यान अन्तै मोडिएको वेला अवसरको फाइदा उठाई यता रावणले कौशल्याको अपहरण गर्न सफल हुन्छन् र कौशल्यालाई हत्या गरी एउटा बाकसमा बन्द गराई टाढै लगेर गाडिदिन आदेश दिन्छन् । तर दूतहरूले एक निरपराध कन्यालाई हत्या गर्दा अपराध हुने ठानी कन्याको हत्या नगरी त्यहाँबाट निकै टाढा पुर्याएर छोड्ने क्रममा संयोगवश यिनीहरूले पनि हिन्द महासागरकै टापुमा (जहाँ दशरथ र सुमन्त्र उत्रिएका थिए) पुर्याई एक ठाउँमा सुरक्षित रूपमा छाडेर फर्किन्छन् । मन्त्री सुबन्त र राजा दशरथ पनि त्यहीँ किनारामा टहल्दै गर्दा अचानक कौशल्यासँग मिलन हुन्छ । यो वैवाहिक कार्यक्रममा आइ परेको सङ्कटको बारेमा दुवै पक्षबाट महसुस गरी तत्काल आपत्कालिन विवाह गर्ने निधो हुन्छ । मन्त्री सुबन्त द्वारा माल्यादिको प्रवन्ध मिलाई तत्काल स्वयंवरको कार्य त्यहीँ सम्पन्न हुन्छ । यता रामको जन्मको पर्खाइमा रहेका देवताहरू सधैँ अयोध्यातर्फको चियोचर्चो गरिरहेका हुन्छन् । यो घटनाको बारेमा नारदजीलाई अवगत हुन्छ र अयोध्यामा यो खबर पुग्छ । अयोध्याबाट साधन पठाई यी तीनै जनालाई अयोध्या झिकाइन्छ र विधिवत् विवाहको तयारी हुन्छ ।

यता रावणले विधिको विधानलाई तोडी राजा दशरथ र कौशल्याको विवाह असफल तुल्याइ दिएको कुरा सुनाउन ब्रह्माजी कहाँ पुगेर यो सन्देश ब्रह्माजीलाई सुनाउँदै गर्दा ब्रह्माले दशरथ र कौशल्याको विवाह सम्पन्न भइसकेको कुरा रावणलाई सुनाउँछन् । यो खबरले रावण चकित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदै विश्वास नलागी आफ्ना दूतहरूलाई अयोध्यातर्फ दशरथको खबर बुझ्न पठाउँदा दशरथ र कौशल्या अयोध्यामा भएको खबरले रावण चकित हुन्छन् ।

जन्मदेखि दशरथमा दैवी शक्ति प्रवेश भएको हुनाले बाल्य कालदेखि यिनी निकै पुरुषार्थी कहलिएका थिए । यिनको पालामा पनि सन्तानको पीडाले छोडेन । कौशल्याको गर्भबाट एक पुत्री शान्ताको जन्म पश्चात् अरू सन्तान भएनन् । शान्ता निकै प्रभावशाली कन्या थिइन् तापनि छोराको कामनामा रहेका दशरथलाई पुत्री जन्मेकोमा छोरी शान्ताबाट सन्तुष्टि हुन सकेनन् । एक दिन कौशल्याका बैनी ज्वाइँ (अङ्ग देशका राजा रोम पद र रानी वर्षिणी) त्यहाँ दिदी भिनाज्यू कहाँ आएका बखत शान्ताको प्रतिभासँग प्रभावित भएर शान्ताको निकै प्रशंसा गरेर आफ्नो पनि सन्तान नभएकोमा खेद प्रकट गर्दै शान्ता जस्तै प्रतिभाशाली सन्तान पाउने आफ्नो पनि इच्छा रहेको भावना प्रकट गर्छन् । यसै प्रसङ्गलाई छोपेर विचारै नगरी हतारमै दशरथले शान्तालाई काखमा लिई छोरीको रूपमा राख्न इच्छा भएमा आफू पनि सहमत भएको विचार प्रकट गरेका हुन्छन् । यही शब्दलाई वचनबद्ध बनाई राजा रोम पदले शान्तालाई आफ्नै पुत्री सम्झी काखमा लिन्छन् । यो दिनदेखि शान्ता राजा रोम पद र रानी वर्षिणीकी धर्मपुत्री बनी अङ्ग देशकी राजकुमारी बन्न पुग्छिन् । पछि यिनको विवाह ऋषि शृङ्गसँग हुन्छ ।

यसपछि राजा दशरथले पुत्र प्राप्तिको अभिलाषा राखेर दोस्रो विवाह काशी नरेश सुमितकी पुत्री सुमित्रासँग गर्छन् । यिनी निकै संयमित, अनुशासित र नैतिकवान हुन्छिन् । यी दुई रानी हुँदा पनि राजा दशरथलाई सन्तानको बाटो खुल्दैन । एक पटक कैकेय राज्यमा रावणद्वारा हमला हुँदा छिमेकी राज्यको हैसियतले राजा कैकेयलाई युद्धमा सहयोग पुर्याउन राजा दशरथ कैकेय देश पुगेका हुन्छन् । राजा कैकेयले राजकुमारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कैकेयीलाई शास्त्रार्थ विद्यामा पारङ्गत बनाई एक कुशल सारथि पनि बनाएका हुन्छन् । छिमेकीको मित्रताले राजा आफ्नो राज्यको सहयोगार्थ आएको देखी राजकुमारी कैकेयीले राजा दशरथको रथ आफै हाँक्ने निधो गर्छिन् र राजा दशरथको सारथिको भूमिकामा युद्धमा निस्कन्छिन् ।

युद्धको वेला राजकुमारी कैकेयीको साथ पाएर राजा प्रसन्न भएका हुन्छन् । रावणसँगको यो युद्धमा कैकेय राजाको विजय हुन्छ । पटक-पटक मृत्युको सङ्कटबाट बचाएर युद्धलाई विजय तुल्याउनमा राजकुमारी कैकेयीको ठूलो भूमिका रहेको हुन्छ । उनको पराक्रम देखि प्रसन्न भएका राजा दशरथले युद्धको मैदानमा कैकेयीलाई दुई वरदान लिन वचन दिन्छन् । तर राजकुमारी कैकेयीले आफ्नो सहयोगमा आएको वेला राजासँग कुनै माग राख्नु उचित नहुने ठानी राजाको सान्त्वनाको निमित्त पछि आवश्यक परेको वेला मागुँला भनेर वचनबद्ध बनाएर राखेकी हुन्छिन् ।

युद्धमा विजय भएको खुसीयालीमा राजा दशरथसँग प्रभावित भएर कैकेय नरेश अश्वपतिले राजा दशरथलाई केही उपहार टक्र्याउँछन् । राजा कैकेय बाट प्राप्त उपहार दशरथले राजकुमारी कैकेयीलाई दिँदै युद्धको वेला आफ्नो साथमा रहेर पटक-पटक आफूलाई मृत्युको सङ्कटबाट बचाएको हुनाले राजकुमारीको सेवाबाट आफू प्रभावित हुन गई आफूले प्राप्त गरेको यो भेट उपहार तिनै राजकुमारीलाई प्रदान गरी दशरथले कैकेय राजपरिवारलाई अनु ग्रिहित तुल्याएका हुन्छन् । राजकुमारी कैकेयी राजा दशरथको सौन्दर्य र युद्ध कलासँग प्रभावित भएर राजालाई यो वीरताको उपहार स्वरूप आफ्नो मन मुटु सुम्पिने इच्छा प्रकट गर्छिन् । एक वीरङ्गना उसैमा सौन्दर्यले धप्प बलेको यो अनुहारको प्रस्तावलाई सिधैँ अस्वीकार गर्न दशरथलाई गाह्रो हुन्छ र आफू विवाहित भएको हुनाले परिवारको सल्लाह र अनुमति विना निर्णय दिन नसकी कैकेयीलाई विश्वासपूर्ण आश्वासन मात्र दिएर त्यहाँबाट बिदा हुन्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यता दशरथको दोस्रो विवाहबाट पनि पुत्र प्राप्त नहुनु, कैकेय नरेशको सहयोगमा रावणसँग युद्ध गर्न जाँदा राजकुमारी कैकेयीसँग प्रेम सम्बन्ध हुनु जस्ता संयोगले राजा दशरथको कैकेयीसँग विवाहको सम्भावना बढेर जान्छ । यो प्रसङ्गमा राजा दशरथले घरमा कुरा चलाउँछन् र घर परिवारको सहमतिमा कैकेयीसँग विवाह गर्न राजा अश्वपतिसँग विवाहको प्रस्ताव लिएर जान्छन् । राजा अश्वपतिले आफूहरू दुई राजा बिचको मैत्री सम्बन्ध आफ्नो स्थानमा रहेपनि तेस्रो विवाहको निमित्त आएको प्रस्ताव हुनाले सिधैँ स्वीकार गर्न नसकी राजकुमारी कैकेयीको गर्भबाट पैदा हुने सन्तानलाई युवराज चयन गरी राज्यको उत्तराधिकारी दिनुपर्ने शर्तमा मात्र यो प्रस्ताव स्वीकार्य हुने जबाफ दिन्छन् । राजा दशरथले पनि कैकेय नरेश अश्वपतिको यो प्रस्तावलाई स्वीकार गरी कैकेयीसँग विवाह गर्न सहमत हुन्छन् । यसरी रानी कैकेयीसँग राजा दशरथको तेस्रो विवाह सम्पन्न भएको हुन्छ ।

राजा दशरथको पालामा पनि रावणद्वारा अयोध्यामा पटक-पटक हमला गरेका प्रमाणहरू छन् । एक पटक देवासुरको युद्धमा रावणले राजा दशरथको शिरको मुकुट तल खसाली दिएका हुन्छन् । त्यति वेला राजाले मुकुट उठाउन लाग्दा तिम्रो शिरबाट मुकुट उत्रिनु तिम्रो पराजय हो । यसको परिणाममा कि त तिमीले तिम्रो मुकुट त्याग गर्नुपर्छ, होइन भने तिम्री पटरानी मेरो ह्वाला गरि दिनुपर्छ । यसमा तिम्रो इच्छा भनेपछि राजाले मुकुट त्याग गरी दरबार फर्केका हुन्छन् । यो मुकुट राम रावणको लङ्का युद्धको वेला रामको दूत बनेर अङ्गद लङ्का गएको वेला रावणबाट छिनेर रामलाई फिर्ता दिएका हुन्छन् । यसको प्रसङ्ग पछिका पाठमा आउनेछ ।

तत्कालीन समयमा रावणले तीनै लोकमा कब्जा गरी विश्वकै चक्रवर्ती सम्राट बन्ने अभिलाषा राखेर मारिच, सुबाहु, ताडक जस्ता राक्षसहरूको सहयोगमा मानव धर्मको विनाश गर्ने, ऋषि मुनिहरूको ध्यान तपस्यामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रहार गरी तहस नहस बनाउने, उमेर पुगेका सुन्दरी युवतीहरूलाई अपहरण गर्ने जस्ता अप्रिय कार्यहरू गरेर लोकमा अशान्ति मच्चाई इन्द्रासनमा समेत आक्रमण गरी देवताहरूलाई पनि वन्दी बनाउँदै आएको घटनाले लोक आतङ्कित बनेको हुन्छ । रघुवंशमा पनि रावणद्वारा पटक-पटक आक्रमण भएका हुन्छन् । यसै वेला यो आतङ्कबाट आततायी भएका देवताहरू प्रजापालकको जिम्मा लिएका विष्णुसँग विन्ती गर्न विष्णु लोकमा पुग्छन् ।

यति वेला श्री विष्णुले देवताहरूलाई सान्त्वना दिँदै भन्नुभएको थियो कि, रावणले ब्रह्माको तपस्या गरी मानव बाहेक अन्य कसैबाट उसको मृत्यु हुन नसक्ने वरदान पाएको छ । त्यसैले समय आएपछि म मानवको रूपमा जन्म लिई यसको वध गरी यो आक्रान्तलाई साम्य तुल्याई तीनै लोकमा शान्ति सु-व्यवस्था कायम गराइ छाड्ने छु । अहिले तिमीहरू जाऊ भनी देवताहरूलाई सान्त्वना दिई पठाउनुभएको हुन्छ ।

अयोध्याका राजा दशरथलाई पुत्र नहुँदा पनि पुत्र प्राप्तिको निमित्त विष्णु भगवानको तपस्या गरेका हुन्छन् र दशरथको माग अनुसार पुत्र प्राप्तिको वरदान दिनु परेको हुन्छ । अर्कोतर्फ रावणले आफूसँग भएको शक्तिको आँकलन गरी मानव जातिबाट आफ्नो कुनै क्षति हुन नसक्ने ठहर गरी मानव जाति बाहेक अन्य कुनै शक्तिबाट आफूलाई मर्नु नपरोस् भन्ने ब्रह्माबाट वरदान पाएका हुन्छन् । यसै कारण रावणकै वधको निमित्त पनि दैवी शक्ति भएको मानव अवतरण हुनु आवश्यक देखिएको हुन्छ । यिनै कारणले विष्णुलाई मानव जुनी लिन बाध्य हुनु परेको हुनाले उनले दशरथकी जेठी पत्नी कौशल्याको कोखलाई आफ्नो जन्मको माध्यम चयन गरेका हुन्छन् । रामको सहयोगार्थ शेषनाग र चक्रले सुमित्राको कोखबाट लक्ष्मण र शत्रुघ्नको रूपमा जन्म लिन्छन् भने शङ्खले कैकेयीको कोखबाट भरतको रूपमा जन्म लिन्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामावतार

यता दशरथलाई तीनवटै रानी भित्र्याउँदा पनि पुत्र प्राप्ति नभएपछि राजपरिवार चिन्ता ग्रस्त भई राजगुरु वशिष्ठको सल्लाहमा पुत्रेष्टि यज्ञ गर्ने निधो हुन्छ, तर पुत्रेष्टि यज्ञ गराउँदा यज्ञ गराउने ब्राह्मणको सञ्चिति पुण्य सबै यही यज्ञमा समर्पित हुने हुनाले यो यज्ञ गराउन कोही ब्राह्मण सहमत हुँदैनन् । अन्त्यमा गुरु वशिष्ठले ऋषि शृङ्गलाइ यो यज्ञ सम्पन्न गरि दिन अनुरोध गर्छन् । ऋषि शृङ्गले पनि यसमा चासो न देखाए पछि ऋषि शृङ्गकी पत्नी शान्तालाई आफ्ना पिताको वंश वृद्धिमा अवरोध भएकोमा चिन्ता लाग्छ र राजा दशरथसँगको आफ्नो सम्बन्धको बारेमा आफ्ना पतिलाई अवगत गराई ऋषिलाई यो यज्ञ सम्पन्न गराइ दिन अनुरोध गर्छिन् । यसरी राजा दशरथको पुत्रेष्टि यज्ञ ऋषि शृङ्गद्वारा सम्पन्न हुन्छ । यज्ञ पश्चात् ऋषि शृङ्ग पुण्य सञ्चितिको निमित्त पुनः तपस्या गर्न नेपालकै गुल्मी जिल्ला अन्तर्गत शृङ्गा भन्ने पर्वत तर्फ जान्छन् । यज्ञ कुण्डबाट अग्नि देव हातमा पायस लिएर प्रकट हुँदै राजा दशरथको हातमा यो पायस दिँदै जसरी उचित हुन्छ उसैगरी रानीहरूको बिचमा बाँडि देउ भनेर अग्नि देव विलीन हुन्छन् ।

राजाले पनि रानीहरूलाई त्यहीँ बोलाउन लगाउँछन् । पहिला कौशल्या र कैकेयी मात्र आएका हुन्छन् । राजाले दुई रानीमात्र आएको देखी उक्त पायस आधा-आधा गरेर दुई रानीलाई बाँडि दिन्छन् । उनीहरूले आ-आफ्ना भाग समाती खान शुरू नगर्दै सुमित्रा पनि टुप्लुक्क त्यहीँ आइ पुग्छिन् । सुमित्रा आएको देखी सुमित्रालाई पनि भाग छुट्याउन पर्ने भएकाले दुवै बैनीले आ-आफ्ना भागबाट उभाई अर्को एक भाग तयार गर्छन् र सुमित्रालाई दिन्छन् । यसरी तिनै बैनीले उक्त पायस मिलीजुली बाँडेर खाएका हुन्छन् । यसमा पनि के बुझिन्छ भने दशरथले पुत्र प्राप्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कामना राखेर तपस्या गर्दा चार पुत्रको कामना राखेका हुँदैनन् । तर भगवान् श्री विष्णुले भविष्यमा आफूलाई सहयोगको आवश्यक पर्न सक्ने ठानी दशरथलाई वरदान दिँदा तिम्रा चार पुत्र हुनेछन् भनेर वरदान दिनु भएको हुनाले सन्तान जन्मने बेला कौशल्या र कैकेयीले एक-एक भाग मात्र लिएका हुनाले यिनीहरूको कोखबाट एक-एक पुत्र राम र भरतको जन्म हुन्छ भने सुमित्राले दुई दिदीहरूबाट उठाएको दुई भागबाट खाएको हुनाले यिनलाई दुई पुत्र लक्ष्मण र शत्रुघ्न जन्मिन्छन् । सुमित्राको जीवनी अध्ययन गर्दा सुमित्रा निकै अनुशासित संस्कारी र आफ्ना मान्य जनहरू प्रति आज्ञाकारी पनि थिइन् भन्ने पनि पाइन्छ । त्यसैले पनि यिनी पट्टिका छोरा लक्ष्मण र शत्रुघ्नमा पनि आमाको गुण प्रवाह भएको हुनाले यिनी दुवै भाइहरू आफ्ना आदरणीय जन प्रति आज्ञाकारी मात्र नभएर भक्त पनि भएको देखिन्छ । हुनत यी चार पुत्र श्री विष्णुकै रूप थिए । रामको अवतारमा श्री विष्णु, लक्ष्मणको अवतारमा शेषनाग र भरत शत्रुघ्नको अवतारमा भगवान् श्री विष्णुका शङ्ख चक्र थिए भन्ने उल्लेख छ ।

यता राजकुमारहरूको शिशु अवस्थाबाट किशोरावस्था तर्फ प्रवेश गर्दै गर्दा राजगुरु वशिष्ठलाई झिकाई चूडाकर्म र उपनयनादि कर्म गराई शिक्षा ग्रहण गर्नको निमित्त गुरुकुल पठाइन्छ । राजकुमारहरू गुरुकुलमा एक सर्वसाधारण विद्यार्थीको हैसियतमा, गुरुकुलको अनुशासनमा रही स्नातकोत्तर सम्मको शिक्षा हासिल गर्नुको साथै एक शासकको निमित्त आवश्यक पर्ने शिक्षा राजनीति, कूटनीति, युद्ध कला जस्ता सबै विधामा निपूर्ण भई दीक्षान्त पश्चात् अयोध्या फर्किएका हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिथिला (जनकपुर)

जानकीको जन्म स्थल मानिएको मिथिला सम्बन्धमा पनि एउटा रोचक कहानी जोडिएको छ । कुनै वेला तत्कालीन राजा निभी सन्तान विहीन भएको हुनाले राजाको देहावसानपछि राजाको वंश नै लोप हुने परिस्थिति सृजना भएको हुँदा यस्तो अवस्थामा राजामा रहेका गुण र प्रतिभाहरू त्यसै लोप भएर जाने हुनाले यसको बचावटको निमित्त ऋषिहरूको मत अनुसार राजाको देहावसान पछि पनि राजाको जिनबाट सन्तति उत्पादन गरी वंशलाई निरन्तरता दिन उपयुक्त हुने ठानी तान्त्रिक विधिद्वारा राजा निभिको लाश मन्थन गरिन्छ । यसरी मन्थन गर्दा यिनबाट एक बालक उत्पन्न हुन्छ। मन्थनबाट उत्पन्न भएको हुनाले यी बालकको नाम मिथिला राखिन्छ।

यिनै मिथिला ठूला भई राजपाटको कार्यभार सम्हाल्न सक्ने भएपछि, यिनलाई राज्याभिषेक गराई राजकाजको कार्यभार जिम्मा लगाइन्छ । मिथिलाले राज्य गर्न थालेपछि यो राज्यको नाम पनि मिथिला राज्य रहन्छ। मिथिलाको जन्म प्रजनन प्रक्रियाबाट नभई मन्थनबाट भएको हुनाले यिनलाई विदेह पनि भनिन्छ । यसै कारण विदेहका वंशमा जन्म भएको हुनाले सीताजीलाई पनि वैदेही भन्ने गरिएको छ । पछि जनक राजाले शासन गर्न थालेपछि मात्र यसको नाम परिवर्तन भई जनकपुर रहन गएको देखिन्छ । जनकको अर्थ प्रजापालक संरक्षक भन्ने अर्थले सीताजीलाई पनि माताको दर्जा दिएर माता जानकी भनिन्छ। माता जानकीको जन्मको बारेमा पनि विभिन्न मत रहेका छन् । जनक राजाकी पुत्री जानकी भनिए तापनि जानकीका पिता माता को हुन् र यिनको उत्पत्ति जमिनबाट कसरी हुन गयो ? भन्ने विषयमा पनि लामो कथा छ ।

सृष्टिको आदिम कालमा ऋषिहरूले पृथ्वीमा एउटा महायज्ञ गरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् । यति वेला नारद आई यो यज्ञको आहुति कुन देवतामा समर्पण गर्दै हुनुहुन्छ ? भनेर प्रश्न गर्छन् । वास्तवमा यतातर्फ कसैको सोंच पुगेको हुँदैन । ऋषिहरू अनिर्णयमा पुगेको देखी देवताहरूमा सर्वश्रेष्ठ जो छन् तिनैमा यो समर्पण गर्न उपयुक्त हुने ठानी ऋषिहरूमा सर्वश्रेष्ठ मानिएका भृगु ऋषिलाई यो निर्णय लिने अधिकार दिइन्छ । भृगु ऋषि यो छानबिन गर्न ब्रह्मलोक, वैकुण्ठ लोक र कैलाश तीनै लोकमा पुग्छन् ।

ऋषि पहिला ब्रह्मलोक जान्छन् । ब्रह्मलोक जाँदा ब्रह्मा र सावित्री रसरङ्गमा मस्त रहेको वेला हुनाले ऋषिको आगमनतर्फ ब्रह्माको ध्यान न पुगेकोमा ऋषि भृगुले ब्रह्माबाट आफ्नो अनादर भएको ठानी रिसले आवेगमा आई आफूहरू (ऋषिहरू) जति वेला पनि लोक कल्याणको निमित्त ध्यान, जप, यज्ञादि कार्यमा व्यस्त रहने हुनाले यत्रो ब्रह्माण्डको रचयिता ब्रह्माजी यसरी विलासितामा समय बिताएको उनलाई पटक्कै मन पर्दैन र ब्रह्मासँग रिसाई आफ्ना सन्तति प्रति गैर जिम्मेवार बनेको देखी पृथ्वीतलमा तिम्रो कतै पनि प्रतिमा स्थापना हुने छैन र तिम्रो नाममा कतै पूजा आदि पनि चल्ने छैन भनेर ब्रह्माजीलाई श्राप दिई त्यहाँबाट निस्किन्छन् । यिनैको श्रापको कारण पृथ्वीमा शिवजी र विष्णुको सरह ब्रह्माको प्रतिमा स्थापना गरेर पूजाआजा चलाएको कतै पाइँदैन । ब्रह्माको मन्दिर केवल एउटा मात्र भारतको पुष्करमा छ । त्यो पनि ब्रह्माले स्वयं स्थापना गरेका छन् । यसको कथा प्रसङ्ग मैले नै लेखेको देव दर्शन नामक पुस्तकमा पुष्कर नामको पाठमा उल्लेख गरिएको हुनाले यहाँ दोहर्याउने प्रयास गरिएन ।

त्यसपछि ऋषि भृगु शिवलोक कैलाशमा जान्छन् । त्यहाँ पनि शिव र पार्वती भोगविलासमा मस्त रहेको पाउँछन् । उनले आफू आएको आवाज दिंदा पनि उनीहरूले भृगुको आगमनतर्फ ध्यान नदिए पछि त्यहाँ पनि भृगुले आफ्नो उपस्थितिको अनादर भएको महसुस गरी उनले शिवजीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि श्राप दिन्छन् कि तिमी इन्द्रियको बसमा परेको हुनाले तिम्रो शक्ति पनि तिम्रो इन्द्रियमा (लिङ्गमा) गएर केन्द्रित होस् भन्छन् । यही श्रापकै कारण शिवको शक्ति सबै शिवलिङ्गमा केन्द्रित भएको हुन्छ । जसको फलस्वरूप शिवजीको पूजा हुँदा उनको प्रतिमामा पूजा नगरिएर उनको लिङ्ग (शिवलिङ्ग) मा पूजा गरिन्छ । यद्यपि शिव र पार्वतीले पनि आफ्नो शक्ति सञ्चय गर्न यही शिवलिङ्गकै स्थापना गरी पूजा आराधना गर्ने गर्छन् । हुनत शिवलिङ्गको पूजा हुनुमा अरू पनि विभिन्न कारणहरू जोडिएको सुन्नमा आउँछन् तर पनि अहिले हामी यही तर्कमा आधारित भएर वर्णन गर्दै छौं ।

यसपछि ऋषि भृगु विष्णु लोक पुग्छन् । त्यहाँ जाँदा पनि हालत त त्यस्तै देखिन्छ । ऋषिलाई रिसले खपि सक्नु हुँदैन र रिसको आवेगमा आएर सुतिरहेका श्री विष्णुको छातीमा लात्तीले हिर्काउँछन् । ऋषिले विष्णुलाई लात्तीले हानेको देखी लक्ष्मीलाई सह्य हुँदैन तैपनि विष्णुले कुनै प्रतिक्रिया जनाउलान् भनेर लक्ष्मी चुप लागेर बस्छिन् । तर विष्णुको व्यवहारमा लक्ष्मीले सोचे जस्तो भने हुँदैन । विष्णुले ऋषि भृगु भनेर चिन्ने बित्तिकै झटपट उठेर ऋषिको शरणमा पर्छन् र क्षमा याचना गर्दै मेरो यस्तो कठोर छातीमा ती कोमल पाउले प्रहार गर्दा कति कष्ट पुग्यो होला ? भन्दै पाउ मुसार्न थाल्छन् । ऋषिले विष्णुको चाप्लुसी भाषा बुझी अरू दुईभन्दा त बरु यिनै वेश रहेछन् भन्ने ठानी तीन देवतामा विष्णुलाई सर्वश्रेष्ठ मानेर यिनैलाई यज्ञका अधिष्ठाता प्रजापतिको तहमा स्थान दिई फर्किन्छन् । यसै कारण यज्ञादिमा यज्ञको अनुष्ठानको निमित्त प्रजापतिको स्थापना गरिन्छ र यज्ञको समापन प्रजापतिमा अर्पण गर्ने गरिन्छ ।

ऋषि त्यहाँबाट हिंडेपछि त्यस्ता घमन्डी रिसाहा ऋषि जसले आफूलाई छातीमा लात्तीले हानेको छ, उसको प्रतिक्रिया नजनाई उल्टै उसैको चरण स्पर्श गरेको देख्दा विष्णुको यो क्रियाकलाप लक्ष्मीलाई पटक्कै मन पर्दैन । यसै कुरालाई लिएर लक्ष्मी र विष्णुको बिचमा वाद-विवाद (झगडा) हुन्छ । लक्ष्मी रिसाएर त्यहाँबाट निस्किन्छिन् । रिसको आवेगमा त्यहाँबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निस्की केही टाढा पुगेपछि लक्ष्मीको रिस मर्छ र विष्णुप्रति माया जागेर आउँछ, अनि आफ्नो रिसप्रति पश्चात्ताप लागेर आउँछ। त्यति बेला उनले आफूलाई फर्काएर फेरि विष्णुसँग जान प्रतिष्ठाको विषय हुने सम्झेर यो शरीर त्यहीं त्याग गर्छिन्।

यता मिथिलामा ब्रह्म ऋषि कुश ध्वज र मालावतीले सन्तान प्राप्तिको निमित्त तप गरेका हुन्छन्। त्यसैले लक्ष्मीले यिनै ब्रह्मर्षिको पुत्रीको रूपमा जन्म लिएर श्री विष्णुको तप गर्ने निर्णय लिन्छिन् र मालावती को गर्भमा प्रवेश गर्छिन्। ब्रह्म ऋषिको पुत्री हुनाले यिनी लाई सानै उमेरदेखि वेदको ज्ञान भएको हुनाले यिनको नाम पनि वेदवती रहन गएको हुन्छ। यी वेदवतीको जन्मको लक्ष्य नै भगवान् विष्णुलाई प्राप्त गर्नु भएकाले सानै उमेरमा नै श्री विष्णुको तप गर्न निस्किन्छिन् र शेषाचल पर्वतको जङ्गलमा गएर तप गर्न शुरू गर्छिन्।

यति बेला रावण पुष्पक विमानद्वारा आकाश मार्गको बाटो हुँदै शेषाचल पर्वततर्फ आउँदै गरेका हुन्छन्। शेषाचलको सुनसान जङ्गलमा एक्लो अवस्थामा एक सुन्दर नारीलाई ध्यानमा बसेको देखी काम वासनाले उत्तेजित भई त्यहीं तपो स्थलमा आफ्नो विमानलाई अवतरण गराई वेदवतीलाई प्राप्त गर्न आफ्नो परिचय दिंदै लङ्काकी पटरानी बनाउने सपना देखाउँछन् र विवाहको प्रस्ताव राख्छन्। वेदवती आफूले श्री विष्णु भगवानलाई प्राप्त गर्ने लक्ष्य राखेको सुनाउँदै रावणको प्रस्तावलाई इन्कार गर्छिन्। रावण स्वभावले राक्षसी प्रवृत्तिको भएको हुनाले ऊ वेदवतीको कुरा नसुनी जबरजस्ती हातपात गर्न अघि सर्छन्। एक तपस्विनी माथि हातपात हुन गएकोले परपुरुषबाट कु नियतले स्पर्श भएको शरीर अपवित्र हुने ठानी, रावणलाई 'तिम्रो मृत्यु पनि नारी स्पर्शकै कारणबाट हुनेछ' भनी श्राप दिई त्यो शरीर त्यहीं यज्ञको अग्निकुण्डमा समाहित गराई रावणसँग बदला लिने उद्देश्यले गृष्मद ऋषिको छोरीको रूपमा जन्म लिन त्यहाँबाट उनी गृष्मद ऋषिले तपस्या गरिरहेको स्थलमा पुग्छिन्।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि गृष्मदले लक्ष्मीलाई छोरीको रूपमा पाउन उनले बडो कठोर तपस्या गरी बसेका हुन्छन् । उनले आफ्नो तपोस्थलमा एउटा घडा स्थापना गरी बिहानी प्रहरमा कुशको अग्र भागको टुप्पोमा देखिने दूधको थोपो लक्ष्मीको नाममा यही घडामा अर्पण गर्दै सङ्कलन गर्दै आएका हुन्छन् । गृष्मदको कामना छोरीको रूपमा लक्ष्मीलाई प्राप्त गर्ने चाहना भएकाले देवीजीले आफ्नो हँस यही दूधको घडामा प्रवेश गराएकी हुन्छिन् । दुष्कर्मद्वारा उन्माद हुन पुगेका रावणले ऋषिहरूलाई यज्ञकर्मबाट वञ्चित गराउँदै आउँदा पनि आफ्नो अवज्ञा गरी लुकीछिपी यज्ञ गर्दै आएको अभियोगमा ऋषिहरूबाट राज्यको नाममा कर असुल्न पठाउँछन् । कर नदिने ऋषिहरूलाई वन्दी बनाई थुनिदिनु भन्ने आदेश दिन्छन् ।

यसरी ऋषिहरू माथि भएको ज्यादती सहन गर्न नसकी ऋषि पत्नीहरू मिलेर रावणको शरणमा आई उनका पतिहरूको कुनै कसुर नभएको र उनीहरूले कुनै किसिमबाट अर्थोपार्जन पनि नगरेको बताउँदै ऋषिहरूलाई विना सर्त छाडी दिन अनुरोध गर्छन् । रावणले ऋषि पत्नीहरूको अनुनय विनयतर्फ विचारै नगरी ऋषिहरूको शरीरबाट आएसम्मको रगत निकाली छाडी दिनु भन्ने आदेश दिन्छन् । सैनिकहरूले पनि यी थुनामा रहेका ऋषिहरूको शरीरबाट रगत निकाली तिनै गृष्मद ऋषिले जम्मा गरेको दूधको घडामा जम्मा गराई ल्याएर रावणलाई बुझाउँछन् । रावणले यो रगतको घडालाई एक कुनामा राख्न लगाई, रानी मन्दोदरीलाई यो विषको घडा भएकाले नछुनू भनी अह्राएका हुन्छन् । रावणको कुकृत्यदेखि विरक्त भएकी मन्दोदरीले एक दिन त्यही विष सेवन गरेर मर्ने निर्णय गरी घैंटोको रगत पिएकी हुन्छिन्। उक्त रगतमा लक्ष्मीको अंश प्रवेश भएको हुनाले मन्दोदरीमा लक्ष्मीको अंशबाट गर्भ रहन जान्छ ।

यता मन्दोदरी पुरुषसँगको संसर्ग विना नै आफू गर्भवती हुन पुगेकोमा चिन्ताले ग्रस्त हुन्छिन् । मन्दोदरीको अस्वस्थताको कारण रावण पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्तित भएका हुन्छन् । आफू स्वयं ज्योतिष हुँदा हुँदै पनि आफ्नो समस्यामा आफैले निर्णय लिन नसकेर उनि मन्दोदरीको ग्रहदशा देखाउन अर्को ज्योतिषको सहारा लिन पुग्छन् । ज्योतिषीले रानी गर्भवती भएकी र यो गर्भमा अनिष्ट गर्भको योग परेको हुनाले यो गर्भबाट जन्मने सन्तान तपाईंको मृत्युको कारण बन्न सक्ने भविष्यवाणी बताउँछन् । ज्योतिषको यो भविष्यवाणीबाट विचलित हुन पुगेका रावणले यो गर्भलाई जन्म हुनासाथ शिशु अवस्थामै हत्या गर्ने योजना बनाउँछन् । जातक पैदा हुने समयमा कन्याको जन्म भएकाले शिशु नारी माथि हातपात गर्न उचित नहुने ठानी यसलाई सिधैं एउटा बाकसमा बन्द गराई राज्यको बाहिरै टाढै लगेर गाडि दिनु भन्ने आदेश दिन्छन् र दूतहरूले यो बाकस उक्त स्थानबाट टाढै लगी गाड्ने क्रममा नेपाल देशको जनकपुरसम्म ल्याई त्यहाँ एक किसानको जमिनमा हल्का खनेर यो बाकस जमिनमुनि पुरी उनीहरू लङ्का फर्किएका हुन्छन् ।

दैवी शक्तिको प्रभावले त्यो वेला त्यस भेगमा अनर्थ हुन थाल्छ । जमिनमा सुक्खा पर्नाले जमिन सबै उर्वराविहीन हुन्छन् । पानीका मूल सुक्दै जानाले नदी नाला पनि सबै सुक्दै जान्छन् । खडेरीको कारण सुक्खा बढ्दै जानाले चारैतिर हाहाकार मच्चिन्छ । यस्तो अनर्थको घडीमा राजाले हलो जोतेमा पानी पर्न सक्छ भन्ने लोक मान्यताको आधारमा राजा जनकलाई हलो जोत्न लगाइन्छ । यसै वेला राजाले हलो जोत्ने क्रममा संयोगवस त्यही बाकस गाडिएको खेत जोत्न तयार हुन्छन् । यसरी हलो जोत्दा हलोको फालीका टुप्पाले बाकसमा छुन पुग्छ र हलो अड्किन्छ । हलोको टुप्पोमा परेको वस्तु खोस्रेर हेर्दा एउटा बन्द बाकस देखी बाकसलाई जमिनबाट बाहिर निकालिन्छ । महाराजाको रोहबरमा बाकस खोली हेर्दा त्यहाँ एक सुन्दर कन्यालाई देखी आफ्ना पुत्री नभएकोमा पुत्रीको रहर पूरा हुने अभिप्रायले उनले आफ्नो दरबारमा लगी पालनपोषण गरेका हुन्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्द रामायणका अनुसार किसानले खेत जोतिरहेको अवस्थामा यो बाकस भेटिन गएको हुनाले जमिनमुनि दबिएको वस्तुमा सरकारी स्वामित्व हुन सक्ने बुझी राजा जनक कहाँ बुझाउन ल्याएका थिए भन्ने उल्लेख गरेको पनि पाइन्छ भने यता देवीभागवतको कथा अनुसार भने अलिकति फरक तरिकाले व्याख्या गरिएको छ ।

लक्ष्मीको पूजा सर्वत्र भएको देखी राजा प्रभासको मनमा लक्ष्मीलाई छोरी बनाउने चाहना हुन्छ र उनी लक्ष्मीको तपस्या गर्न जान्छन् । उनले कठिन तपस्या गरेपछि लक्ष्मी प्रसन्न भएर वर माग्न भन्छिन् । राजाले तपाईलाई मैले आफ्नी छोरीको रूपमा देख्न चाहन्छु भनेपछि लक्ष्मीले भन्छिन् - हे राजन् ! म त श्रीविष्णुको अधिनमा छु । मलाई प्राप्त गर्न त विष्णुको आराधना गर्नुपर्छ भनेर विष्णुको तप गर्न लगाउँछिन् । राजा प्रभासले फेरि विष्णुको तपस्या गर्न थाल्छन् ।

उनको घोर तपस्यादेखि विष्णु भगवान् प्रसन्न भएर राजालाई दर्शन दिँदै भन्छन् - हे राजन् ! के वर माग्छौ माग । राजा भन्छन् - हे विष्णु ! मेरा छोरी छैनन् । लक्ष्मीलाई मेरो छोरीको रूपमा देख्ने मेरो इच्छा छ । विष्णु पनि प्रसन्न हुँदै हातमा एउटा फल लिएर राजालाई फल दिँदै जाऊ यो फल लगेर तिम्रो श्रीमतीलाई खान देऊ । तिमीले चिताएको पुग्नेछ । यति भनेर विष्णु विलीन हुन्छन् । राजाले यो फल लगेर रानीलाई खान दिन्छन् र रानीबाट एक सुन्दर कन्याको जन्म हुन्छ ।

यी सुन्दर कन्याको नाम पद्मा राखिन्छ । दिन प्रतिदिन यी कन्या हुर्किंदै गएपछि राजा प्रभासलाई छोरीको विवाहको चिन्ता बढ्न थाल्छ । राजालाई आफ्नी छोरी लक्ष्मी भएकाले भगवान् श्रीविष्णुको अंश धारण भएको वरको चिन्तन गर्दै गर्दा उनको मनमा आकाशको रङ्ग र श्रीविष्णुको रङ्ग एकै देखिने भएकाले स्वयंवरको वेला जसले आफूमा आकाशको रङ्ग बदल्न सक्छ उसैलाई छोरी दिने सर्त राख्ने निर्णय लिन्छन् र स्वयंवरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेला सोही अनुरूप गरिन्छ । यो स्वयंवरको समयमा विभिन्न देशका राजा महाराजाहरूलाई निमन्त्रणा दिने क्रममा लङ्काका नरेश रावणलाई पनि निमन्त्रणा दिइएको हुन्छ ।

स्वयंवरको वेला सबै राजा महाराजाको उपस्थिति त हुन्छ तर यो सर्त पूरा गर्ने क्षमता कसैसँग हुँदैन । त्यसैले राजाहरूले एक आपसमा कानेखुसी गर्दै यी कन्या अव त्यसै छोड्न हुँदैन र अपहरण गरेर भएपनि कसैले लैजानु पर्छ भन्ने निर्णयमा पुग्छन् । यिनै कन्याको विषयलाई लिएर एक आपसमा विवाद बढ्दै जाँदा आगन्तुकहरू बिचमै युद्ध शुरू हुन्छ र यही युद्धमा कैयौं राजाहरूको देहावसान हुने क्रममा राजा प्रभासको पनि देहावसान हुन्छ । पद्माले आफूलाई निःसहाय भएको ठानेपछि उनी पनि यज्ञकुण्डमा हाम फाल्छिन् । युद्धमा धेरै देशका राजाहरूको साथै देशका वीर पुरुषहरूको पनि देहावसान भएको हुनाले नगर नै शून्य बनेको देखी त्यहाँ बचेका राजा महाराजाहरू आ-आफ्नो बाटो अपनाउँछन् ।

समय शान्त भएपछि पद्मा अग्निकुण्डबाट बाहिर निस्केर बसेकी हुन्छिन् । यसै वेला रावण फेरि पुष्पक विमानबाट आकाशमार्गको बाटो हुँदै त्यतै आएको वेलामा तल एक सुन्दरी कन्या देख्छन् र तिनै पद्मा जस्तो ठानी विमान तल ओराल्छन् । पद्माले रावणलाई देखी फेरि यज्ञकुण्डमा प्रवेश गर्छिन् । रावणले यीनमा विशेष शक्ति भएको थाहा पाई यिनलाई प्राप्त गर्न जसोतसो गरी अग्नि बुझाउँछन् त अग्निकुण्डको पिँधमा केवल पाँचवटा सिक्का मात्र पाउँछन् । उसले यी पाँच वटै सिक्कालाई एउटा बाकसमा वन्द गरी लङ्का लिएर जान्छन् ।

लङ्कामा रावणले मन्दोदरीलाई आश्चर्य चकित पार्दै यो बन्द बाकसलाई खोल्न लगाउँछन् । मन्दोदरीद्वारा यो बाकस खुल्दैन र रावण स्वयं अघि सरी बाकस खोल्छन् । त्यहाँ त्यस बाकसबाट एक सुन्दरी कन्या निस्किन्छिन् । कन्याले भन्छिन्– हे रावण ! तेरो कारणले मेरो घर आज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्मशान बनेको छ। पख तेरो घर पनि यस्तै श्मशान बनाएर छोड्छु भनेपछि मन्दोदरी आत्तिँदै रावणलाई भन्छिन्, हे स्वामी ! यो कस्ती कन्या लिएर आउनुभयो ? आफ्नै वंशको नाश गर्ने यस्ती कन्या तुरुन्त यही बाकसमा वन्द गरी यहाँबाट टाढै लगेर छाडी दिनुस् भनेपछि रावणले ती कन्यालाई सोही बाकसमा बन्द गराई देश बाहिर लैजाने क्रममा जनकपुरमै ल्याइ बाकसलाई जमिनमा गाडेर छाड्छन् ।

यता राजाले यज्ञ गरिरहेको वेला यो जमिन एक ब्राह्मणलाई दान गरि दिन्छन् । ती ब्राह्मणले खेती लगाउने क्रममा हलो जोत्न लगाउँदा त्यहाँ बाकस भेटिन्छ । राजाले मलाई दिएको त भूमि (जमिन) मात्र हो । यो बाकसको त प्रसङ्ग उठेको थिएन । राजाको वचन नपरेको बाकसमा त मेरो कुनै अधिकार हुँदैन भनेर यो बाकस उठाई राजा कहाँ पुर्याएर राजालाई कुरो बुझाई बाकस जिम्मा लगाएर फर्किन्छन् । राजाले उक्त बाकस खोलेर हेर्दा एक सुन्दर कन्या देख्छन् र हलोको सियोबाट उत्पन्न भएकी कन्या भनेर यिनको नाम सिया (सीता) राखिन्छ ।

जे होस् हलोले जोतेको डोबको रेखालाई सिया भनिने हुनाले यिनको नाम पनि सिया र सियाबाट पछि सीता हुन गएको भन्ने एउटा किंवदन्ती र जनकपुरकी चेली भएकोमा जानकी, विदेहमा जन्म लिएको मा वैदेही एवं मिथिला देशकी हुनाले मैथिली आदि विभिन्न नामले यिनलाई पुकार्ने गरिएको पाइन्छ । भारतीयहरूले त अहिले पनि सीतालाई सिया भनी सम्बोधन गरेर सियाराम भन्ने गर्छन् ।

राजा जनकले सीताको काख लिएपछि रानी सुनयनाको कोखबाट पनि एक कन्या उर्मिलाको जन्म हुन्छ । यसरी राजा जनकका दुई बैनी छोरी र उनका भाइ कुशध्वजलाई पनि माण्डवी र श्रुत कीर्ति दुई बहिनी छोरी जन्मिन्छन् । पछि यिनै चार बहिनी अयोध्याका राजकुमारहरूसँग विवाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । अब राजकुमारहरूको विवाह प्रसङ्गतर्फ लागौं । यहाँ विवाहको प्रसङ्गमा पनि केही रोचक तथ्यहरू रहेका छन् ।

राजा जनकलाई शिवजीको धनुष (पिनाक) प्राप्त भएको हुन्छ । यो धनुषको प्रसंगमा, प्रलयकालको निमित्त भनेर शिवजीको आदेशमा देवेन्द्रद्वारा समान क्षमताका दुई धनुषको निर्माण गराइएको हुन्छ । यसमध्ये एक विष्णुको लागि र एक शिवको लागि । यत्तिकैमा एक दिन यी दुई धनुषमा कुन शक्तिशाली छ भनी परीक्षण गर्न शिवले श्री विष्णुसँग धनुर्युद्ध गर्ने प्रस्ताव राख्दा आकाशवाणी हुन्छ कि यो युद्ध भएमा लोकमा अनर्थ हुन गई भयावह स्थिति हुन सक्ने हुनाले यो युद्ध गर्न नहुने भन्ने वाणी सुनिन्छ। धनुष साथमा लिएर प्रयोग गर्न नहुने भएपछि साथमा राख्नुको के अर्थ ? भन्दै रुद्रले आवेशमा आएर आफ्नो हातको धनुष फ्याँकि दिन्छन् । यही धनुष पृथ्वी लोकमा खस्दा राजा जनकका पुर्वज देवद्रथको हातमा पर्छ। यो धनुष भारी गह्रौं हुनाले धेरै पहलवानहरूको सहायता लिएर धनुष बोकाई घरमा लगेर घरको एक कुनामा राख्न लगाइएको हुन्छ । एक दिन सीताले घुर कसिङ्गर सफा गर्ने क्रममा एक हातले सजिलै उठाई स्थान परिवर्तन गरेको देखेर राजा जनक छक्क पर्छन् । सीतामा भएको क्षमता देखेर यिनको विवाह पनि जसले यो धनुषमा ताँदो चढाउन सक्छ उसैलाई दिनु पर्ला भन्ने सोच बनाएर राजा जनक बसेका हुन्छन् ।

यता अयोध्याका राजकुमारहरूको शिक्षादीक्षा पछि यिनीहरूको कार्यकुशलता चारैतिर फैलिएको हुन्छ । यस्तैमा भविष्यमा रावणसँगको युद्धमा आवश्यक पर्ने शस्त्र अस्त्रहरूको सञ्चय गर्नुपर्ने भएकाले ऋषि विश्वामित्रले एउटा यज्ञको आयोजना गरेका हुन्छन् । यज्ञ गर्न शुद्ध स्थानको आवश्यक पर्ने कुरा रावणले थाहा पाएर जहाँ-जहाँ ऋषिहरूले यज्ञको आयोजना गर्छन्, त्यहाँ-त्यहाँ जमिन अशुद्ध गरिदिने भनेर राक्षसहरूले घडाका घडा रगत र मरेका जनावरका हड्डी र मासुका फिल्लाहरू जम्मा गरेर राखेका हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जब ऋषिहरूले यज्ञ शुरू गर्छन् तब यज्ञ स्थलमा माथिबाट कहिले रगतको वर्षा हुन्छ त कहिले हड्डी र मासुका फिल्ला बर्सिन्छन् । यसरी ऋषिहरू आफ्नो यज्ञ सम्पन्न गर्न नसकेर दिक्क भएका हुन्छन् ।

श्रीरामले आफ्नो अध्ययन पूरा गरी अयोध्या आएको थाहा पाएर ऋषि विश्वामित्रले श्रीराम विना यो समस्या समाधान हुन असम्भव देखी रामलाई लिन अयोध्या आउँछन् । यता लामो समयदेखि राजकुमारहरूलाई देख्न नपाएर तड्पिएका अयोध्याका राजपरिवारमा राजकुमारहरूको आगमनले सबैको मन प्रफुल्लित भएको हुन्छ । राजकुमारहरूसँगको नियाँस्रो मेटिन नपाउँदै रामलाई लिन ऋषि विश्वामित्र आएको देखी सबै परिवारमा खिन्नता हुन्छ । ऋषिले रामको जन्मको उद्देश्य राक्षसहरूको विनाश गर्नु भएकाले राम यस परिवारको पुत्रमात्र नभएर रामले लोक कल्याणको निमित्त पनि समय दिनुपर्ने हुँदा अहिले रामलाई रोक्न नमिल्ने बताउँछन् । रामले भित्रैबाट पिता दशरथ र ऋषि बिच भएको संवाद सुनिसकेको हुनाले बाहिर निस्कन्छन् र राजा दशरथको साथै सबै परिवारलाई कुरो बुझाई ऋषिको साथमा जान तयार हुन्छन् । ऋषिको साथमा राम जान लागेको थाहा पाएर लक्ष्मणले पनि आफूले रामलाई छोड्न नसक्ने भएकाले रामको साथमा आफूलाई पनि जाने अनुमति दिन ऋषिसँग अनुरोध गर्छन् र लक्ष्मण पनि रामको साथ लागी निस्कन्छन् ।

त्यहाँ तपोवनमा राक्षसहरू सुवाहु, ताडका, मारिच जस्ता मायावी राक्षसहरूले ऋषिहरूलाई दुःख दिएको देखी रामले यिनैहरूसँग युद्ध गरी मारिच बाहेक अरू सबैलाई त्यही समाप्त पारि दिन्छन् र एकजना राक्षसलाई बचाइदिएपछि उसले आफ्ना साथीहरूको मृत्यु भएको खबर रावण समक्ष पुर्याउनेछ भनेर मारिचलाई नमारी जीवितै छाडीदिएका हुन्छन् । मारिचको मृत्युपछि रामको वनवासको समयमा मात्र हुन्छ । यी राक्षसहरूको वध गरेपछि तपोवनमा शान्ति कायम हुन्छ र ऋषिहरूले पनि आफ्ना यज्ञहरू सम्पन्न गर्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रवण कुमार

श्रवण कुमारको नाम आउने बित्तिकै एक पितृभक्त पुत्र भनेर बुझिन्छ । यिनैका माता पिता दुवै अन्धा हुन्छन् । पिता माताप्रति अगाध भक्ति हुनाले पिता मातालाई तीर्थाटन गराउन यिनैले खर्पन (काँधमा भार राखेर सामान बोकिने वस्तु, तराईतिर यसलाई भार पनि भनिन्छ) मा राखेर काँधमा बोकी डुलाउथे । आफूहरू दुवै जना अन्धा हुनुको पीडा आफ्ना ठाउँमा रहेपनि छोराको भक्ति भाव देखि यी वृद्धाहरू निकै प्रसन्न थिए । एक दिन राजा दशरथ शिकार खेल्न जङ्गलतर्फ गएको वेला संयोगवस यी श्रवण कुमार पनि त्यही जङ्गलको बाटो हुँदै तीर्थाटनमा निस्केको बेला पर्छ ।

त्यहाँ तिनै राजा दशरथले बनाएको एक आश्रम (धर्मशाला) पनि हुन्छ । श्रवणले आफ्ना पिता मातालाई यही आश्रममा राखी पानीको खोजीमा निस्कन्छन् र त्यहीँ नजिकै रहेको एउटा कुवामा पानी भर्न थाल्छन् । यही वेला सिकारको खोजीमा निस्केका राजा दशरथ श्रवणले आफ्नो सुराहीमा पानी भर्दा निस्केको बुलबुल आवाजलाई मृगले पानी पिइरहेको आवाजको भ्रममा परी आवाजको भरमा शब्दभेदी बाण चलाउँदा, दशा लागेको वेला यो बाण कुवामा पानी भर्दै गरेका श्रवणलाई लाग्न जान्छ । बाण लागेपछि श्रवण ऐ...या भन्दै चिच्याउँछन्। यो आवाज सुनेर के अनर्थ हुन गयो भन्दै राजा दशरथ दौडेर आवाज आए तर्फ हेर्न जाँदा एक युवालाई बाण लागी छट्पट्टिई रहेको देखी नजिकमा पुगी क्षमा याचना गर्दै आफ्नो परिचय पनि दिन्छन्। श्रवणले पनि राजालाई चिनी आफ्नो सबै विवरण बताउन भ्याउँछन् र आफू पिता माताको एक्लो छोरा भएको हुनाले पिता माताको संरक्षकत्व पनि राजालाई सुम्पी आफूले तत्काल प्राण त्याग गर्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा बिचल्लीमा परी कमण्डलुमा पानी लिएर ती वृद्ध वृद्धा भए तर्फ लाग्छन् । उता ती वृद्ध वृद्धाहरू श्रवण आउन ढिलाइ गरेकोमा चिन्तित भई आफूहरूले आश्रय लिएको आश्रम पनि राजा दशरथले निर्माण गरेको कुरा एक आपसमा चर्चा गर्दै राजा दशरथको प्रशंसा गर्दै बसेका हुन्छन् । अचानक दशरथ पुग्छन् । मानिस आएको आभास पाएर ती वृद्ध वृद्धाले श्रवण आयो भन्ने ठानी किन अबेर गर्यौ ? भन्दै प्रश्न गर्छन्। दशरथको मुखबाट शब्द नै निस्किँदैन । ती वृद्ध वृद्धाले फेरि किन बोल्दैनौ भनेर सोध्छन् । दशरथले मसिनो स्वरमा म श्रवण होइन । म राजा दशरथ हुँ भन्दै ती वृद्ध वृद्धाहरूसँग क्षमायाचना गर्दै घटनाको विवरण सुनाउँछन् ।

यो खबर सुनेर ती वृद्ध वृद्धाहरूले आफूलाई सम्हाल्न नसकेर भक्कानिँदै रुन्छन् । अघि भर्खरसम्म राजा दशरथको नाम लिँदा श्रद्धा लाग्ने व्यक्ति अहिले तिनै व्यक्तिको नाम प्रति घृणा जागेर आउँछ । राजाले छोराको अभिभारा सबै आफैले बहन गरी उनीहरूको सबै कामना पूरा गराइदिने कबुल गर्दा पनि ती वृद्धाहरूको मनमा शान्ति हुँदैन र दशरथलाई पनि आफूहरूलाई जस्तै प्राण जाने वेलामा छोराहरूको वियोगमा छटपटाएर मर्नु परोस् भनी श्राप दिन्छन् र तत्काल दुवै जनाले प्राण त्याग गर्छन् । नहुनु अनर्थ त भयो भन्दै राजाले पनि ती वृद्ध वृद्धाहरूको त्यही सद्गत गरी दरबार फर्किन्छन् । यहाँ पनि स्याङ्जा जिल्ला आँधी खोलाको मुहानमा अन्धा अन्धि ताल भनेर चिनिनु ले एक संयोग मिलेको पनि हुन सक्छ भन्न कहाँ सम्मको औचित्य होला ? के राजा दशरथ भारतको अयोध्या देखि नेपालको स्याङ्जा सम्म सिकार खेल्न भनेर आए होलान् त ? बरु चितवनको माडी देखि स्याङ्जा जानुलाई कुनै आश्चर्य मान्नु पर्ने देखिँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहल्याको श्राप मोचन

प्राणी जगतका प्रेरणा र शक्तिका स्रोत, सृष्टिका सञ्चालक, जीवनका गति र मुक्तिका अधिकारी भनेर मानिएका देवताहरू पनि महिलाहरूको आकर्षण बाट अछुतो रहन सकेको देखिँदैन । हरेक कथावस्तुभित्र केलाएर हेर्ने हो भने महिलाभित्र निहित रहने यो मोहनी शक्तिदेखि बचेर जिउन हाम्रा ऋषि मुनिहरूलाई पनि हम्मेहम्मे परेर आफ्ना गन्तव्यबाट च्युत हुन पुगेका उदाहरणहरू धेरै देखिन्छन् । हुनत आफ्ना कर्मको फल देवताहरूले पनि भोग्नु परेको छ । यस्तै यहाँ गौतमी अहल्याको कथा पनि रामको जीवनीसँगै जोडिएको छ ।

अहल्या ऋषि कर्दम र देव हुतीकी छोरी थिइन् । यिनी जन्मैदेखि साह्रै सुन्दरी भएकी हुनाले यिनमा आँखा नलगाउने ऋषि महर्षि कोही थिएनन् । यिनैको स्वयंवरको वेला जसले तीनै लोकको परिक्रमा गरेर छिटो आइ पुग्छ उसैसँग अहल्याको विवाह गरि दिने भन्ने कर्दम ऋषिको निर्णय हुन्छ । स्वयंवरको वेला कुमारी अहल्यालाई पाउन सबै देव दानव, ऋषि महर्षि तिनै लोकका विशिष्ट व्यक्तिहरू लोकको परिक्रमा गर्न निस्किन्छन् । ऋषि कर्दम गो भक्त थिए । उनले गाई लक्ष्मीकी प्रतीक हुन् भन्ने बुझेर गाईलाई सर्वोपरि ठान्ने गरेको कुरा गौतम ऋषिलाई राम्रै अवगत भएको हुनाले गौतम ऋषिले पनि यही उपाय अवलम्बन गरी प्रकृतिको शक्तिको श्रोत मानिएकी लक्ष्मीकी प्रतीक गौमाता भन्दा ठूलो यो तीनै लोकमा अरू कोही हुनै सक्दैन भनेर उनले गाईको परिक्रमा गरेर कर्दम ऋषि समक्ष पुग्छन् र आफूले गाईको परिक्रमा गरेर आएको विवरण सुनाउँछन् । कर्दम ऋषि पनि गौतमको यो भनाइ प्रति प्रसन्न भएर अहल्यालाई ऋषि गौतमको गलामा वरमाला पहिर्याइ दिन आदेश दिन्छन् ।

उता अरू भ्रमणमा गएकाहरू फर्किने क्रममा यता अहल्याको स्वयंवर भइसकेको हुन्छ । अहल्यालाई देखेर कामुक हुनेहरू यो निर्णय न्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गत नभएको भन्दै असन्तुष्टि प्रकट गर्दै फर्किन्छन् । देवराज इन्द्र र चन्द्रमा भने स्त्री प्रति अली बढी आसक्त हुने स्वभावका भएकाले स्वयंवरको कार्यक्रममा धाँधली भएकोमा यसको बदला लिएरै छाड्ने दावा इगो लिएर त्यहाँबाट निस्कन्छन् ।

एक दिन यी दुई मिलेर अहल्यालाई छलमा पारेर भएपनि गौतमसँग बदला लिएरै छोड्ने अठोट गर्छन् र मध्यरातमा गौतमको निवासमा पुग्छन् । चन्द्रमा कुखुरोको भाले वनेर राती बाह्र बजे बासेपछि ऋषिले उठ्ने वेला भएको ठानी बाहिर आएर आकाशतर्फ हेर्दा चन्द्रमा नदेखेपछि बादलले ढाकेको हुन सक्ने ठानी उनी आफ्नो नित्यकर्म गर्न स्नानको निमित्त नदीतर्फ लाग्छन् । यता देवराज इन्द्रले उनै गौतमको भेष गरी गौतमी सुतेको कोठाभित्र प्रवेश गर्छन् । गौतमीले किन यति छिट्टै फर्किनुभयो ? भनेर सोध्दा उनी भन्छन्– बल्ल मध्य राती भएको रहेछ। त्यसैले फर्किएको भन्दै श्रीमतीसँग रसरङ्गमा तल्लीन हुँदै सम्भोगको निमित्त प्रस्ताव राख्छन्। पतिको प्रस्ताव इन्कार गर्न नसकी उनी पनि सहमत हुन्छिन् । यसरी इन्द्रले गौतमीको सतीत्व हरण गरेका हुन्छन् ।

उता गौतम नदीमा पुग्दा नदी निद्रामा हुन्छिन् । गौतमले नदीमा स्पर्श गर्ने बित्तिकै नदी ब्यूँझिन्छिन् र यति मध्यरातमा आउनु को कारण गौतमलाई सोध्छिन् । गौतमको कुरा सुन्दा उनी छलमा परेको थाहा हुन्छ र गङ्गाले गौतम ऋषिलाई छिटो घर फर्किने सल्लाह दिन्छिन् । गौतम घरमा आइ पुग्दा चन्द्रमा पाले बनेर ढोकामा बसिरहेका हुन्छन् भने देवराज इन्द्र अहल्याको बिस्तरामै सुतेको भेट्टाउँछन् । यसरी ऋषिले आफ्नै आँखाले यो गतिविधि देखेपछि यी तीनै जनालाई श्राप दिन्छन् । पहिला चन्द्रमालाई आफ्नो कमण्डलुको जलले छेप्दै तँलाई जीवनभरि कुरूप भएर बस्नु परोस् भनेको हुनाले उनको अनुहारमा काला-काला धब्बा निस्केको हुन्छ ।

देवराज इन्द्रलाई तिमी परस्त्री प्रति आसक्त भएकाले तिम्रो शरीरभरि स्त्री यौनाङ्ग होऊन् भनेर श्राप दिन्छन् । ऋषिको यो श्रापबाट विचलित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भई इन्द्रले गौतमको शरणमा परी आफूलाई यो श्रापबाट उन्मुक्ति पाउने उपाय सोध्छन् । गौतम ऋषिले श्रापमा पुनः विचार गरी यी स्त्री यौनाङ्ग लाई आँखाको आकारमा बदली शरीरमा दागी लगाएर छाडी दिन्छन् । अहल्यालाई श्रीरामको चरण स्पर्श नुहुँदासम्म पत्थर भएर रहन परोस् भनेर श्राप दिन्छन् । अहल्यालाई आफ्नै पतिको श्रापबाट पत्थर बनेर बस्नु परेकोमा विश्वामित्रको साथमा श्रीराम जनकपुर प्रस्थान गर्ने क्रममा ऋषि विश्वामित्रले नै अहल्याको श्राप मोचनको निमित्त श्रीरामलाई गौतमको आश्रममा प्रवेश गराएका थिए । यसै वेला रामलाई अहल्याको बारेमा अवगत गराई अहल्याको शिलामा चरण स्पर्श गर्न लगाई श्राप मुक्त गराएका हुन्छन् ।

लङ्काधिपति रावण

रावणको जन्म सबन्धमा कुनै वेला, ऋषि सनक, सनन्दन, सनातन, र सनद कुमार (सनकादि ऋषि) लोकमा विरक्त भएर चित्त शान्तिको निमित्त भगवान श्री विष्णुको दर्शन निमित्त वैकुण्ठलोक पुगेका हुन्छन् । यिनीहरूले सधैँ बालक रहि रहने वरदान पाएका हुन्छन् भने चाहेको बेला जहाँ जान पनि यिनीहरूलाई कुनै बन्देज रहेको हुँदैनथ्यो । यो बेला वैकुण्ठलोकमा द्वारपालको रूपमा रहेका जय र विजय नाम गरेका दुई द्वारपालले भर्नै यी ऋषिहरूलाई विष्णुको अनुमति बिना सिधैं भित्र प्रवेश गर्न नदिई द्वारको बाहिरै रोकेर राखेका हुन्छन् । यो बेला ऋषिहरूले आफ्नो सारा परिचय दिई आफूहरू विष्णुका भक्त भएकाले विष्णुको दर्शन निमित्त यहाँ आएको भनी बताउँदा पनि उनीहरूले भित्र जान नछोडे पछि श्री विष्णुको निवासस्थान रहेको वैकुण्ठ द्वारमा शान्ति र सुब्यवस्थापन हुनु पर्नेमा यी द्वारपालमा रहेका व्यक्तिमा देखिएको यो अहंता को प्रदर्शनले लोकमा नकारात्मक सन्देश प्रवाह हुने हुँदा, यिनीहरूको उपस्थिति यस द्वारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शोभनीय नहुने भन्दै द्वारपाललाई श्राप दिन तयार हुन्छन् र तिमीहरूलाई अव उप्रान्त पापयोनिमा जन्म लिई पापकर्ममा लिप्त रहनु परोस् भन्दै श्राप दिएर भित्र प्रवेश गर्छन् ।

भित्र प्रवेश गर्दा विष्णुले भित्र प्रवेशको समयमा बाहिर ढोकामा त कुनै असुविधा भएन ? भनेर सोध्दा बाहिर ढोकामा बसेका पार्षदहरूले आफूहरूको अनादर गरेको कुरा श्रीविष्णुलाई अवगत गराई उनीहरूको व्यवहार अनुसारको दण्ड समेत दिएर छाडेको कुरा अवगत गराउँछन् । सनकादि ऋषिको कुरा सुनिसकेपछि श्रीविष्णु भन्नु हुन्छ, यिनीहरू त मेरो आदेशानुसार चल्ने भएको हुनाले यो आदेशमा मेरो त्रुटि हुन सक्छ। त्यसैले मेरो निवेदन अनुसार यो श्रापमा केही छुट कटौती गराई यिनीहरूलाई यो श्राप देखि उन्मुक्ति हुने बाटो खोली दिन भन्दै विन्ती गर्छन् । भगवान श्रीविष्णुको पुकार सुनेपछि आफूले दिएको श्रापबाट उन्मुक्ति पाउन तीन जुनीसम्म राक्षसको जुनीमा बिताउनु पर्ने र तिनै जुनीमा विष्णुकै हातबाट मरण सम्भव भएमा मात्र यिनीहरूले यो पाप जुनीबाट मुक्ति पाउनेछन् भनी पाप जुनीबाट उन्मुक्ति पाउने बाटो खोली दिन्छन् । यसै कारण यी द्वारपालहरू तत्काल सत्ययुगमै हिरण्याक्ष र हिरण्य कश्यपु भएको बेला विष्णुले वराह अवतार लिएर हिरण्याक्षको वध र नरसिंह अवतार लिएर हिरण्य कश्यपुको वध गर्नु भएको हुन्छ । त्रेतायुगमा रावण र कुम्भकर्णको रूपमा जन्म लिंदा रामको हातबाट मृत्यु हुन्छ भने द्वापरमा कंस र शिशुपालको रूपमा जन्म लिंदा कृष्णजीको हातबाट यिनीहरूको मृत्यु भएको हुन्छ । यसरी यी जय र विजयले द्वापर युगमा आएर बल्ल राक्षस योनीबाट मुक्ति पाएका हुन्छन् ।

रावण सृष्टिकर्ता ब्रह्माका पनाति, पुलस्त्य ऋषिका नाति र विश्रवा ऋषिका छोरा लङ्काधिपति हुन् । विश्रवाका दुई श्रीमती थिए । जेठी चक्रवर्ती सम्राट तृण विन्दु र अलम बुशा (कतै ऋषि भारद्वाजकी पुत्री इला बिदा थिइन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने पनि पाइन्छ) बाट कुवेरको जन्म भएको थियो भने कान्छी राक्षस कुलकी राक्षस समाली र राक्षसी त्रिजटाकी छोरी थिइन् । कैकेसीको कोखबाट रावण, कुम्भकर्ण, कुम्भिनी, सुर्पणखा, र विभीषणको जन्म भएको थियो । रावण जन्म हुँदा कैकेसीले ऋषि विश्रवासँग एउटा अद्भुत छोरो (जसलाई कसैले जित्न नसकोस् र देख्दा पनि अलौकिक रहोस्) दिन वचनबद्ध गराएकी हुनाले ऋषि विश्रवाको आशीर्वादले उनले दश शिर भएको बलिष्ठ तेजस्वी पुत्र पाएकी थिइन् । दश शिरले दैनिक दिन चर्यामा समस्या उत्पन्न हुने देखिएको हुनाले यी शिर पछि हटाइएको थियो । रावणका सौतेला भाइहरूमा अन्य अहिरावण-महीरावण, खर दूषण आदि भएको पाइन्छ । रावणले मायावी रूप पनि धारणा गर्न सक्ने भएको हुनाले ब्रह्माको तप गर्दा आफ्नो ध्यान केन्द्रित नभएकाले आफूसँग भएका कमी कमजोरी हटाउन यिनै कमजोरीका प्रतीकको रूपमा दश शिर पुनः धारण गरी, अग्निकुण्डमा एक-एक शिर गरी आहुति दिएका थिए । रावणका यिनै दश शिरका कारण यिनलाई दशानन पनि भन्ने गरिन्छ ।

रावणकी बैनी कुम्भिनीको विवाह मथुराका राजा राक्षस मधुसँग भएको थियो । राक्षस लवणासुर यिनै कुम्भिनी र मधुका पुत्र थिए । सुर्पणखाको विवाह पाताल लोकका राजा विद्युज्जिह्वा नामको राक्षससँग भएको थियो । रावणका तीन पत्नी थिए । मन्दोदरी, दम्य मालिनी र तेस्रीलाई तीन सन्तानपछि रावणले हत्या गरेको हुनाले नाम नखुलेको भन्ने पाइन्छ। भनिन्छ - रावणका सात पुत्र थिए । मन्दोदरीबाट मेघनाद र अक्षयकुमार, दम्य मालिनीबाट अतिक्या र त्रिशिर । कान्छीबाट प्रहस्त, नरान्तक, देवताका । रावण ब्रह्मा र शिवका परम भक्त हुन्छन् तर श्री विष्णु भने रावणको मृत्युको कारण बनेका हुनाले विष्णुप्रति भने रावण सधैं नकारात्मक नै रहेको देखिन्छ ।

देवता र दानवहरूको बिचमा भावनात्मक सम्बन्धमा फरक रहेकोले यिनीहरूको बिचमा मेल कहिल्यै हुँदैन । दानवहरू सधैं देवताहरूमाथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजय हासिल गरी तीनै लोकको आधिपत्य जमाउन खोज्छन् भने देवताहरूमा दानवहरूसँग युद्धको सामना गर्ने क्षमता हुँदैन र जहाँ पनि छलकपटद्वारा दानवहरूलाई पराजित गराउने गर्छन् । हाम्रा प्राचीन ग्रन्थहरू रामायण, महाभारत, भागवत, गीता र चण्डी जे पढ्दा पनि देवता र दानव बीच भएका युद्धको वर्णनको आधारमा देखिएका तथ्यले यही देखाउँछ । सायद यही भएर होला 'मूर्ख देखि दैव डरा' भन्ने लोकोक्ति प्रचलनमा आएको ।

शक्ति सञ्चयको निमित्त त राक्षसहरूले पनि यज्ञादि ध्यान तप गरेको देखिन्छ । भगवानहरूमा पनि एउटा कमजोरी पक्ष भनौं कि के भनौं, आफ्नो ध्यान तपस्या गरेर आफूलाई प्रसन्न गरायो भने, उसले जे माग्छ त्यो वरदान दिइ हाल्ने बानी भएको देखिन्छ। विना सोंच बिचारबाट यसरी दिने गरिएको वरदानको दुस्परिणाम बाट नै देव र दानवहरूको बिचमा पटक-पटक युद्धहरू हुने गरेका छन् । कुनैपनि दानवहरूले देवी देवताको आराधना नगरी, उनीहरूको वरदान बिना शक्ति सञ्चय गरेका उदाहरण छैनन् । दानवहरूलाई वरदान दिनेमा अधिकांश त ब्रह्मा देखिन्छन् भने कतै-कतै शिव पनि रहेका छन् । विष्णु र राक्षसको बिचमा त कहिल्यै मेल भएको देखिँदैन । राक्षसहरूको युद्ध हुन्छ त सधैं विष्णुसँग । रावणका तीन भाइले पनि शक्ति सञ्चय गर्न ब्रह्माको नै तपस्या गरेका छन् ।

यता रावणको जन्म राजकुलमा भएको र राज्यको उत्तराधिकारी पनि भएको हुनाले उनलाई स्वर्ग, मर्त्य र पाताल तीनै लोकको चक्रवर्ती राजा बन्ने अभिलाषा जागेको हुन्छ । त्यसैले रावण र कुम्भकर्ण भएर ब्रह्माको तपस्या गर्न जान्छन् । तपोबलद्वारा ब्रह्मालाई प्रसन्न गराई अमरत्वको निमित्त माग गर्दा नश्वर शरीरमा अमरत्व दिन आफू असक्षम भएको हुनाले कुनै एकमा मरणको कारण राखी वरदान माग्न ब्रह्माद्वारा आदेश हुन्छ । यिनीहरूले आफूमा भएको बल बुताको अभिमानले मानवहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किञ्चित् पनि नगन्ने भएको हुनाले मानव बाहेक अन्य कुनै स्रोत वा माध्यमद्वारा उनीहरूको मृत्यु नहोस् भन्ने वरदान मागेका हुन्छन् । यसरी अमरत्व प्राप्त गरेको महसुस गरी रावणले चारैतिर युद्धको डङ्का बजाई आतङ्क मच्चाई राखेका हुन्छन् ।

उनलाई ब्रह्माबाट अर्को पनि के सङ्केत मिलेको थियो भने तिमीले मानव जाति बाहेक भनेर वरदान मागेका छौं, आखिर मानव कुलका रघु वंशीबाट तिम्रो मृत्यु हुनेछ भनी जानकारी समेत दिएका हुनाले रावण रघुकुलसँग सधैं त्रसित भइ रहन्थे र रामावतार अगावै पनि रघुकुलको वंश विनाश गर्न पटक-पटक अयोध्यामा जाइ लागेका उदाहरणहरू धेरै छन् ।

शास्त्रीय अध्ययनमा देवताहरूमा छलकपट गर्ने बानी धेरै देखिन्छ भने दानवहरूमा आक्रामक स्वभाव । यी दुईका बिचमा भावनात्मक सम्बन्ध नमिल्ने हुनाले सधैं बेमेल वैमनस्य र युद्धहरू हुँदै आएको देखिन्छ । हुनपनि विधिले पनि यस्तै परिस्थिति सृजना गर्दो रहेछ । रावणको मृत्यु रामको हातबाट हुनुलाई पनि विधिको विधान मान्नु पर्ने हुन्छ । ब्रह्माबाट रावणलाई तिम्रो मृत्यु रघुवंशीको हातबाट हुनेछ भनेर जानकारी दिइनु र अन्त्यमा रामकै हातबाट रावणको मृत्यु हुनुलाई एक संयोग मात्र नमानेर विधिको विधान भन्नुपर्ने हुन्छ । यहाँ एउटा लौकिक भनाइ पनि छ - **न रामै जन्मिन्थे, न सीता हरिन्थिन् । न रावण मारिन्थ्यो, न लङ्कै मासिन्थ्यो । यहाँ यो त एक लौकिक व्यवहार हो जान, यहाँ केही हुन्न विना विधिको विधान ।**

राक्षस भएर देवताको तप गर्नु भनेको आफ्नो राक्षसी धर्मको मान्यता विपरीत हुने हुनाले विभीषणको सल्लाह अनुसार एकपटक बाहिर कसैले थाहा नपाउने गरी रातिमा विभीषणको घर भित्रै तीनै भाइले सामूहिक यज्ञ गरेका हुन्छन् । विभीषण र कुम्भकर्णमा धार्मिक आस्था भएकाले यिनीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहज रूपमा यज्ञमा आफ्नो ध्यान केन्द्रित गर्न सक्छन् भने रावणको ध्यान केन्द्रित हुन नसक्दा विभीषणको परामर्शमा आफू भित्र रहेका विकारहरूको कारण यस्तो हुनसक्ने कुरा दाजुलाई बुझाई आफूसँग भएका कमी कमजोरीको मूल्याङ्कन गरी रावणले आफ्ना दश दुष्कर्मलाई अग्निमा समाहित गर्ने निश्चय गर्छन् र मायावी दश शिरको रचना गरी यिनै शिरको माध्यमबाट काम, क्रोध, लोभ, मोह, मद, मत्सर, घृणा, ईर्ष्या, द्वेष एवं भयलाई अग्निमा होम गरेपछि (आफूबाट त्याग गरेपछि) मात्र उनको ध्यान लाग्छ र मात्र ब्रह्मा उनीहरूको तपबाट प्रसन्न भई उनीहरूलाई दर्शन दिनुहुन्छ।

वरदान माग्दा रावणले पहिला अनुजहरूले वरदान लिएपछि मात्र आफूले लिने भनेर पहिलो अवसर कान्छो भाइ विभीषणलाई दिन्छन्। विभीषणको भक्ति समर्पण विष्णुमा रहेपनि यो कुरा रावणले थाहा पाएमा आफूसँग रिसाउने कुरा बुझी उनले चलाखी पूर्ण तरिकाले मेरो मनले जसलाई सम्झेको छु उसैमा मेरो चित्त लागि रहोस् भनेर माग्छन् । रावणले मेरो भाइ मेरो भक्त छ मेरैमा चित्त लागोस् भनेर वर माग्यो भनेर दङ्ग हुन्छन् । कुम्भकर्णले इन्द्रासन पाऊँ भन्ने चाहना राखेका हुन्छन् । कुम्भकर्णले वरदान माग्नु अगावै इन्द्रले कुम्भकर्णको भावनालाई बुझेर सरस्वतीको पुकारा गरी यसको मति भ्रष्ट गरि दिन अनुरोध गरेका हुन्छन् र सरस्वती तुरुन्तै कुम्भकर्णको जिब्रोमा गएर बसेकी हुन्छिन् । वर माग्ने वेलामा कुम्भकर्णले इन्द्रासन पाउन सकूँ भन्छु भन्दा उनको जिब्रो चिप्लिएर निद्रासन पाउन सकूँ भन्न पुगेका हुन्छन् ।

पछि उनलाई आफूले गल्ती गरेको महसुस हुन्छ र वरदानमा पुनः विचार गरि दिन अनुरोध गर्छन् । ब्रह्माले एक पटक दिएको वरदान फिर्ता लिन नमिल्ने हुँदा पूरै निद्रासन भनिए तापनि छ महिनामा एक दिन जागा रहेर खाना खाने र बाँकी दिन सुति रहने भनेर यो एक सुविधा थपि दिन्छन् । यसै कारण कुम्भकर्ण छ महिनामा एक दिन उठेर खाना खाने र बाँकी दिन

वाल्मीकि विद्यापीठ

दर्ता २४६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुत्ने गर्छन् । रावणको पालीमा तीनै लोकको अधिपति हुन पाऊँ भनेर वर माग्छन् । ब्रह्माले 'तथास्तु' भनेर विलीन हुन्छन् । यही शक्तिले रावणले एक पटक देवताहरू सबैलाई बन्दी बनाई इन्द्रासन पनि कब्जा गर्न सफल भएका छन् ।

सीताजीको विवाह प्रसङ्ग

सीताजीको विवाहको प्रसङ्ग चलेको वेला राजा जनकले धनुष यज्ञ गरी यही धनुष उठाएर यसमा ताँदो चढाउने प्रतियोगिता राख्ने र विजेतालाई छोरी सीतासँग स्वयंवर गराइदिने योजना बनाएका हुन्छन् । यज्ञको निमन्त्रणाको साथै स्वयंवर निमित्त योग्य राजकुमारहरूको पनि आह्वान गरिएको हुन्छ । राजाको निमन्त्रणालाई स्वीकार गरी देशविदेशबाट राजा महाराजाहरू र राजकुमारहरूको साथै अन्य प्रतिष्ठित व्यक्तिहरू पनि समारोहमा जम्मा भएका हुन्छन् । गुरु वशिष्ठ पनि निमन्त्रणामा भाग लिन जाने क्रममा आफ्ना दुई शिष्य श्री राम र लक्ष्मणलाई पनि साथमा लिएर आफ्नो तपोस्थल देखि काभ्रेको पनौती हुँदै जनकपुर प्रस्थान गर्छन् । स्वयंवरको वेला राजाको हुकुम अनुसार त्यहाँ आमन्त्रित सबै राजा र राजकुमारहरूले पालैपालो धनुष उठाएर त्यसमा ताँदो चढाउने प्रतियोगिता सुरु हुन्छ । आगन्तुक प्रतियोगी सबैले प्रयत्न गर्छन् तर सबै असफल हुन्छन् ।

अन्तमा ऋषि वशिष्ठले राजा जनकसँग आज्ञा लिएर श्रीरामलाई पनि उक्त कार्यक्रममा सहभागी बनाउन अनुरोध गर्छन् र राजाको आज्ञानुसार राम अगाडि जान्छन् । रामले धनुषलाई प्रणाम गर्दै एक हातले सजिलैसँग धनुष उठाई अर्को हातले ताँदो चढाएर देखाइदिन्छन् । तालीको गडगडाहट हुन्छ । सीताले पनि श्रीरामलाई वरमाला पहिर्याइ चरणस्पर्श गर्छिन् । यसरी राम र सीताको स्वयंवर कार्यक्रम सम्पन्न भएको हुन्छ । सीताको विवाह निश्चित भएपछि अन्य राजकुमारहरूको निमित्त पनि सीताकै बहिनीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्ताव अगाडि बढ्छ र लक्ष्मणसँग उर्मिला भरतसँग माण्डवी र शत्रुघ्न सँग श्रुतिकीर्तिको स्वयंवर गराइन्छ। पछि शुभ लग्न हेरी यी चारै भाइको विवाह यिनै चार बहिनीहरूसँग सुसम्पन्न हुन्छ ।

राज परिवारको विवाहमा हुने चटक भटक र पर पाहुनाको सम्मान र विवाहमा दिइने दाइजो पातको त झन् कुरै न गरौं । यहाँ एउटा रोचक र मनन योग्य कुरा के थियो भने दुवै पक्षका सम्धीहरूका संस्कार एउटै भएपनि हिन्दु परम्परामा छोरी पट्टिका सम्धी सम्धिनीले दुलहा पक्षका सम्धी सम्धिनीको चरणमा अभिवादन गर्ने प्रचलन हुँदा हुँदै पनि राजा दशरथले छोरी तर्फका सम्धी राजा जनकको चरण स्पर्श गरेका थिए । उनको आशय के थियो भने आफूले जन्म, संस्कार, शिक्षा, दीक्षा दिएर पूर्ण गराएकी एक वयस्क पुत्रीलाई आफ्नो काख छुटाएर अर्कोको घरजम बसाउन मेरो जिम्मा हस्तान्तरण गर्दै हुनुहुन्छ । मैले त हजुरको यो महानताको कदर गर्दै अभिनन्दन गरेको हुँ भन्दै जनकलाई पछि अङ्गालोमा पनि बेर्नु भएको थियो । यस्ता महान् पुरुषको आचरणलाई हामीले पनि सिको गरी अनुशरण गर्नु पर्दछ । यसले हाम्रो समाजमा हाम्रा बुहारी प्रति गरिने व्यवहारमा परिवर्तन ल्याउन सक्नेछ । उता सुनयनाले पनि छोरी विदाई गर्ने क्रममा छोरीलाई जिम्मा लगाउँदै छोरी भलै शिक्षित संस्कारी भएपनि यहाँको रहनसहन र त्यहाँको रहनसहनमा भिन्नता हुन सक्छ । माइतीको उदाहरण दिएर घरको संस्कारलाई प्रभावित पार्ने चेष्टा नगर्नू, आफ्ना मान्य जनहरूको आज्ञा पालन गर्नु, आफ्ना पति प्रति सधैं वफादार रही आफूलाई पतिको दासीको रूपमा समर्पण गर्नु भन्ने अर्ति दिँदै बिदा गरेकी हुन्छिन् । तर हाम्रो आधुनिक समाजमा बुहारीहरूले आफ्नो माइतीका रितिरिवाज र संस्कारका कुरालाई प्राथमिकतामा राखी घरतर्फका प्रचलनलाई घृणा गर्ने र दबाउन खोज्ने प्रवृत्ति बढ्दै गएको हुनाले सायद आज घरघरमा देखिने पारिवारिक झगडाको कारण पनि यिनै संस्कारको कमीले हो कि ? भन्ने प्रश्न पनि उठ्न सक्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराम सीताजीको साथमा अयोध्या आएपछि अयोध्यावासीमा नयाँ रौनक छाएको हुन्छ । रामको कार्यकुशलताको कारण यिनको शासन व्यवस्था हेर्न सबै प्रजाहरू व्याकुल भएका हुन्छन् । महाराजा दशरथ पनि आफूले भोग्दै आएको जीवनभरिको तनावबाट मुक्ति पाउन छिट्टै रामको राज्याभिषेक गराई राजकाज जिम्मा लगाउन आतुर रहेका हुन्छन् । यसैले राजगुरुको परामर्शमा राज्याभिषेकको निमित्त उपयुक्त दिनको ठहर गरी राज्याभिषेकको निमित्त तयारी पनि गरिन्छ ।

देवर्षि नारदबाट विष्णुलाई श्राप

नारदमा म सबैभन्दा राम्रो छु भन्ने अभिमान बढेको देखेर श्रीविष्णुले एउटा छल प्रपञ्च रचेर नारदको अभिमान तोड्ने बिचार गर्नुहुन्छ र नाटकीय रूपमा एक विश्व सुन्दरीको सृजना गरेर उनको विवाहको योजना तयार गरिन्छ । यो सन्देश नारदजी कहाँ पनि पुग्छ । नारद आफू स्वयं एक अविवाहित कुमार भएको हुनाले यस्ती विश्व सुन्दरीसँग सम्बन्ध कायम गर्न स्वयं लालची हुन्छन् र उक्त स्वयंवरको कार्यक्रममा प्रतिस्पर्धी हुन आफू पनि उनको निमित्त सुयोग्य वर भएको महसुस गरी स्वयंवर कार्यक्रममा भाग लिन जान तैयार हुन्छन् । नारद श्री विष्णुका भक्त पनि भएकाले यो सुन्दरीको निमित्त आफू योग्य छु कि छैन भन्ने जान्न यिनी विष्णु समक्ष जान्छन् । नारदको प्रस्तुतिमा रूपको अहङ्कार बढेको देखी उनको अहङ्कार तोड्न विष्णुले नारदको मुखलाई बाँदरको मुख जस्तो बनाइदिन्छन् र नारदलाई फुर्क्याउँदै जाऊ ती सुन्दरीले अवश्य पनि तिमीलाई पतिको रूपमा वरण गर्नेछन् भनेर पठाइदिन्छन् ।

स्वयंवरको निमित्त तयार गरिएको भवनमा पुग्दा सबै राजा महाराजाहरूको साथै स्वयं विष्णु पनि त्यहीं उपस्थित भएका देखिन्छन्। उपस्थित राजकुमार हरूले नारदको मुखतर्फ हेरेर खिल्ली उडाउँदै हाँसोमा उडाउँछन् । मौन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा बसेका कुमारीहरू पनि नारदको मुख देखेर मन थाम्न नसकी हाँसोको फोहरा छोड्छन् । आफूप्रति लक्षित गरी हाँसेको देख्दा उनको मनमा केही शङ्का त पैदा भएको हुन्छ । स्वयंवरको वेला पनि सुन्दरीले हातमा माला लिएर वरको परीक्षण गर्दै हिँड्दा पनि नारदको मुखमै नहेरी सिधैँ अगाडि बढेर तीनै विष्णुलाई वरमाला पहिर्याई दिएको देखेपछि नारदको मनमा विष्णुको नियतप्रति शङ्का उब्जिन्छ र उनी त्यहाँबाट तुरुन्त ऐनामा आफ्नो अनुहार हेर्न बाहिर निस्कन्छन् । आफ्नो मुहार ऐनामा देखेपछि श्रीविष्णुद्वारा आफूप्रति यत्रो षड्यन्त्र रचिएको थाहा पाई विष्णुप्रति खिन्न हुन्छन् र एक्कासि आवेगमा आएर उनी सिधैँ विष्णुसँग गइ हे विष्णु ! आज तपाइले मलाई धोका दिएर त्यत्रो भारी सभामा मेरो बेइज्जत मात्रै गराउनुभएन कि मलाई श्रीमती विहीन पनि बनाउनु भयो । त्यसैले तपाई लाई पनि श्रीमतीकै वियोगमा जङ्गल-जङ्गल भड्किनु परोस् र मेरो अनुहारमा परिवर्तन गराई बाँदरको अनुहार बनाइ दिएकोमा तपाईंको पनि बाँदरकै सङ्गत होस् भनेर रिसको झोँकमा विष्णुलाई श्राप दिएका हुन्छन् । यसै कारण पनि रामलाई वनवासी हुनु परेको थियो र बाँदरको साथ लिनु परेको थियो भन्ने भनाई पनि छ ।

रामलाई वनवास र भरतलाई राज्याभिषेकको घोषणा

यता दिनानुदिन वृद्ध हुँदै गएका दशरथ रामको कार्यकुशलता देखी प्रसन्न भएकाले रामलाई राज्य भार सुम्पिन हतारोमा देखिन थाल्छन् । एक दिन यसै प्रसङ्गमा आफ्ना भारदारहरूसँग रामलाई राज्याभिषेक गराइदिने बारेमा छलफल भइरहेको सुनी यो खबरले कैकेयीको सेवामा रहेकी मन्थराको भित्र खलबली मच्चिन्छ । कैकेयीको विवाहको वेला राजा दशरथले कैकेय नरेशसँग कैकेयीबाट जन्मिने सन्तानलाई राज्यको उत्तराधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउने वचन दिएका हुन्छन् । यो कुरा मन्थरालाई थाहा हुन्छ । मन्थरा कैकेयीको सुसारे भएको नाताले पनि कैकेयीको भलो हुने कुरा सोच्नुलाई स्वाभाविक मान्न सकिन्छ। राजाले कैकेय नरेशलाई दिएको वचन अनुसार भरतलाई राजगद्दी दिनुपर्ने मा आफ्नो वचन आफैले उलङ्घन गरी रामलाई राज्यारोहण गराउन लागेको मन्थरालाई मन पर्दैन र यो निर्णय सह्य नभई उनी यो खबर कैकेयीलाई सुनाउन जान्छिन् । कैकेयीले मन्थराको कुरा सुनेपछि यो कुराले कैकेयीको मन पनि परिवर्तन हुन्छ । रानी कैकेयीले आफ्नो पुत्र भरतलाई राज्यको उत्तराधिकारी बनाई रामबाट सुरक्षित बनाउन आफूले साँचेका दुई वरदान यही मौकामा उपयोग गर्ने निश्चय गर्छिन् र राजाको समीपमा गई आफ्ना दुई वरदानको स्मरण गराउँदै वचन पुरा गरिदिन अनुरोध गर्छिन्। राजाको अनुमति पाएपछि रानीले पहिलो माग रामलाई १४ वर्षको वनवास र दोस्रो माग भरतलाई राज्याभिषेक भनेर राजालाई सङ्कटको घेरामा पार्छिन् ।

हुनत राजाहरूको परम्परागत नियम अनुसार जेठो छोरा ज्येष्ठ पुत्र श्रीराम राजा हुनुपर्ने हो तर राजा आफ्नो वचनबाट आफै चुक्नाले यहाँ कैकेयीको मागलाई नकार्न सकिने ठाउँ पनि छैन । यो खबरले दरबारमा खैलाबैला मच्चिन्छ । रानी कैकेयीलाई यो माग फिर्ता लिन चारै तर्फबाट दबाब सृजना हुन्छ र राजासँग आफ्ना माग फिर्ता लिई क्षमा याचना गर्न लगाइन्छ । राजपरिवार र राज्यको आकाङ्क्षा अनुरूप राजा पनि आफ्ना वचनको उलङ्घन गर्न तयार हुन्छन् । तर सङ्कटग्रस्त परिस्थितिमा पिताबाट विषम परिस्थितिको फाइदा उठाई आफ्नो सत्यको अडानमा जीवन यापन गरी आएका पिताको वचनलाई फिका गराउन रामलाई उचित लाग्दैन । यसमा पिताको आज्ञा पालन गर्न आफू खुसीसाथ कटिबद्ध रहेको आफ्नो आशय प्रकट गर्दै यो दुर्घटनालाई एक अवसरको रूपमा लिन सबैलाई अनुरोध गर्दै आफू तत्काल वनवास जान तैयार हुन्छन् । त्यो समयमा सुमित्रा नन्दन शत्रुघ्नलाई लिएर कैकेयी नन्दन भरत, आफ्नो मावली घर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गएका हुनाले तुरुन्त भरतलाई लिन मावली घरमा मानिस पठाइन्छ र यता भरतलाई राज्यारोहण गराउने तयारी हुँदै गर्छ ।

भन्न त रामायण पढ्ने र सुन्नेहरू सबैले कैकेयीको क्रियाकलाप बुझेपछि यिनैलाई नकारात्मक सोचबाट लिने गरेको पनि पाइन्छ। तर यहाँ कैकेयीको भूमिकालाई हेर्दा रामायणको मुख्य पात्रको रूपमा कैकेयी रहेको देखिन्छ। यतिसम्म की राजा दशरथले कैकेयीसँग विवाह नगरेको भए वा कैकेयीले यी दुई वरदान सञ्चित गरी नराखेको भए पनि रामको वनवास जाने योजना पूरा हुने थिएन । यस्तो परिस्थितिमा न देवताहरूको कामना पूर्ण हुने थियो न रामको जन्मको औचित्य नै पूरा हुने थियो ।

अर्को कुरा रामको जन्म, राजपाटको साथै दरबारिया सुख भोगको निमित्त मात्र नभएर लोकमा राक्षसहरूबाट भइरहेको आतङ्कबाट छुटकारा गराई जनतामा शान्ति सुव्यवस्था कायम गराउनु पनि उनको दायित्व भित्र पर्दथ्यो । यदि रामले राज्याभिषेक ग्रहण गरी राजपाटतर्फ लागेको भए रामको जन्मको औचित्य पुरा हुन सक्ने संभावना थिएन । त्यसैले पनि रामको वनवास हुनु अनिवार्य थियो। अर्को कुरा राजा दशरथ र रावणको युद्धमा रावणले राजाको श्रीपेच उतारी लगेको हुनाले रावणसँग युद्ध गरी त्यो राजमुकुट फिर्ता गर्नु पनि थियो । यसैले पनि रामलाई चौध वर्ष वनवास र भरतलाई राज्य भन्ने पिताजीको आदेशलाई रामले एक अवसरको रूपमा लिई सहर्ष स्वीकार गरेको देखिन्छ।

मन्थराबाट यी अप्रिय शब्द प्रयोग हुनुमा पनि मन्थरा कैकेयमा पिताको साथमा रहँदा देखि कैकेयीकी धाई दिदीको रूपमा थिइन् । कैकेयीकी आमा शुभ लक्षणा र पिता अश्वपतिको पारिवारिक बेमेलको कारण राजाले रानीलाई धेरै पहिलेदेखि त्याग गरि सकेका हुनाले दासी मन्थराबाट कैकेयीको रेखदेख भएको थियो । त्यसैले राजा अश्वपतिले कैकेयीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बिदाइमा धाई दिदीको भूमिकामा रहेकी मन्थराको साथ छुटाइ दिन उपयुक्त नहुने ठानी मन्थरालाई साथमा लगाएर अयोध्या पठाएका हुन्छन् ।

राजा अश्वपतिले कन्याको वाग्दान दिने वेलामा कैकेयीकै पुत्रलाई राज्याभिषेक दिनुपर्ने भनी राजा दशरथलाई वाचा गराएको पनि मन्थराको दिमागमा ताजै हुन्छ । राजकुमारहरूको बाल्य कालको समयमा पुत्र शोकबाट भर्खर उन्मुक्ति पाएको परिवारमा राजकुमारहरूको बालक्रीडाले सबैलाई रोमाञ्चित गराएको त हुन्छ नै, उसैमा पनि अरू बालकमा भन्दा राममा विशेष क्रियाकलाप देखिनाले सबैको दृष्टि रामतर्फ मोडिनुलाई मन्थराले यसमा अन्यथा लिई आफ्नी रानी कैकेयीको सन्तान भरतलाई बेवास्ता गरेको अर्थ लगाई रामप्रति उनले नकारात्मक दृष्टिकोण राख्ने गर्थिन् । राज्यारोहणको वेला कैकेयीलाई दिएको वचन भुली रामलाई राज्याभिषेक गराउने सूचना प्रसारित हुनुले मन्थराको मन विचलित हुनु स्वाभाविक पनि थियो ।

हुनत मन्थराको विगतलाई हेर्दा अघिल्लो जुनीमा यिनी गन्धर्वी थिइन् । त्यतिवेला रघुवंशबाटै राजा दशरथको घरमा दासीको रूपमा रहेर रामलाई वनवास पठाउनमा सहायक बन्नू भन्ने उनलाई आशीर्वाद प्राप्त भएको हुन्छ । यसै कारण यहाँ मन्थरालाई बोल्नु परेको हुनाले यो दोष यिनैलाई लागेको हुन्छ । पछि त मन्थराले र कैकेयीले पनि आफ्ना वचन फिर्ता लिई रामसँग माफी मागेका छन् । मन्थरालाई त मेरो अर्को जन्ममा तिमी मथुरामा एक कुप्री मालीको रूपमा रहने छ्यौ । त्यति वेला मैले तिम्रो उद्धार गरि दिने छु , भनेर रामले वचन दिएका हुन्छन् र कृष्णावतार मा कंस मार्न मथुरामा गएको वेलामा यिनको उद्धार पनि गरिदिन्छन् ।

राज्याभिषेकको वेला मन्थराको मतियारमा लागी कैकेयीबाट यस्तो अप्रिय शब्द निस्कनु लाई पनि विधिको विधान अनुरूप यो सब घटना मञ्चन भएको देखिन्छ । रामको वनवासको खबरले दरबारमा बज्रपात ल्याउँदा रानी कैकेयीले आफ्नो मागप्रति पश्चात्ताप गरेकी हुन्छिन्, क्षमायाचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छिन् । तरपनि रामको लीला भनौं वा विधिको नियति भनौं रामको कारण यसमा कुनै परिवर्तन हुँदैन ।

मावली घरबाट भरत र शत्रुघ्नको आगमनपछि उनीहरूले यो घटना सुनेर दुवै भाइ मर्माहत हुन्छन् । मन्थरा र माता कैकेयीसँग भरत रुष्ट भई यी दुवैलाई त्याग गरी यिनीहरूको सम्पर्कमा भरत कहिल्यै पनि जाँदैनन् तरपनि चौध वर्षपछि वनवासबाट रामको आगमन हुँदासम्म न राम प्रतिको श्रद्धा माता कैकेयीबाट टुटेको हुन्छ न कैकेयीसँग रामको । चौध वर्षपछि पनि उही स्नेह उही श्रद्धाको साथमा राम र कैकेयीको पुनर्मिलन हुन्छ । यसैले पनि यहाँ कुनै षडयन्त्र नभई विधिको खेल थियो भन्न सकिन्छ ।

रानीहरूमा कौशल्या, सुमित्रा र कैकेयीको स्वभाव फरक-फरक शैलीको देखिन्थ्यो । जस्तो कि रानी कौशल्या जेठी हुनाले पनि अलि व्यावहारिक, सबैको राय सल्लाह लिएर मात्र निर्णय लिने, हठ नगर्ने स्वभावकी हुन्छिन् भने माइली सुमित्रा संस्कारी र ज्ञानी । यसैले सुमित्राले पुत्रहरूलाई शिक्षा दिँदा मान्यजनको आज्ञाकारी वनेर वहाँहरूको सेवा टहल गर्नु मानवको कर्तव्य हो भनेर पुत्रहरूलाई सिकाउने गर्थिन् भने आफूले पनि संस्कारको पालना गर्ने गर्थिन् । त्यसैले सुमित्रा नन्दनको व्यवहारले सबैको मन मुटु छोएको हुन्छ ।

अर्को पक्षबाट हेर्ने हो भने रामको साथमा लक्ष्मण र भरतको साथमा शत्रुघ्न जोडिनुलाई पनि 'रगतको साइनु' भन्नु पर्ने हुन्छ, किनभने राम र लक्ष्मणले जनक राजाकी छोरी सीता र उर्मिला अनि भरत र शत्रुघ्नले जनकका भाइ कुश ध्वजकी छोरी माण्डवी र श्रुत कीर्ति विवाह गर्नु ले पनि श्रीमतीहरूको माइती साइनुको कारण एक आपसमा नजिकको संबन्ध बनेको हुनसक्ने मान्न सकिन्छ ।

रामको वनवास कालमा रामकी जीवन सँगिनी सीताले र भाइ लक्ष्मणले पनि रामको साथ नछोड्ने प्रण गरी रामको साथमा वनवास गएका छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वनवासको बेला उनको ऋषि भारद्वाज, गौतम, विश्वामित्र समेतका धेरै ऋषिहरूसँग भेट हुन्छ। उनीहरूकै निर्देशनमा आफ्नो तपोभूमि निमित्त पञ्चवटीको पवित्र भूमिलाई चयन गरी यहीँ आफ्नो आश्रम निर्माण गरी बस्छन्। रामको वनवासको वेला कति असहाय, पीडित र श्रापित हरूको पनि उपकार गरेका उदाहरणहरू पढ्न र सुन्न पाइन्छ। रावणको वध गर्न आएका रामले आफ्नै दरबारमा बसेर पनि रावणको हत्या गर्न सक्थे। तर यहाँ रामलाई पनि नारदको श्राप परेको हुनाले यही श्राप मोचनको निमित्त पनि समयको सदुपयोग गर्दै आफ्ना कर्तव्य पूरा गरेका छन्।

श्रीरामको बनवास यात्रा

रामको वनवास प्रस्थान हुने निश्चित भए लगत्तै राजा दशरथलाई चक्कर लागि उनी दरबारमा नै मूर्छित हुन पुगे। राम वनवास प्रस्थान गर्ने वेलामा पिताजीबाट अनुमति नमिल्ने लगभग निश्चित भए पछि पिताजीको शोकाकुल अवस्था देख्नु पर्ला भनेर वनवासी टोली अर्को बाटो गरी घरबाट बाहिरिएका हुन्छन्। रामको वनवास हुने खबरले रामको दर्शन र रामलाई वनवास नजान आग्रह गर्नेहरुको बाटो भरी लामबद्ध ताँती लागेको हुन्छ। यात्राको वेला कतैबाट अवरोध नहोस् भन्ने उद्देश्यले रामले आफ्नो सारथिलाई रथ छिटो-छिटो अघि बढाउन लगाएका हुन्छन्। अयोध्याबाट प्रस्थान गरेपछि तमसा नदी हुँदै पहिला गूहको राज्य स्थलमा पुग्छन् र त्यहाँ गङ्गा नदी पार गर्ने क्रममा केवट निषाद राजसँग भेट हुन्छ। (गुहको राज्य भनेको आजको भारतमा अवस्थित भैंसालोटन वा नेपालको त्रिवेणी पनि हुनसक्छ। किनभने तमसा नदी वाल्मीकि आश्रमको पासमा छ। यो भाइअनुसार पनि भारतको अयोध्या बाट तमसा नदी र नारायणी भएर चित्रकुट पञ्चवटी जाने कुरा आउँदैन)

निषादराज गूहलाई श्रीराम वनवासमा जान आउँदै हुनुहुन्छ भन्ने खबर पहिले नै आइ सकेको हुन्छ। सीताको साथमा रामलाई देखेपछि उनले रामलाई चिन्छन् र प्रणाम गर्छन्। रामले नदी पार गराइ दिन अनुरोध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा निषादले राम ऋषि विश्वामित्रको साथमा जनकपुर जाँदा बाटोमा ऋषि गौतमबाट श्रापित अहल्याको पत्थरमा टेकेर अहल्यालाई पुनर्जीवित तुल्याएको थाहा पाएको हुनाले यहाँ पनि कतै आफ्नो डुङ्गामा प्रवेश गर्दा रामको पाउ पर्ने बित्तिकै कुनै अनर्थ हुन गएमा उनको रोजी रोटीमा असर पर्ने भएकाले पहिला पाउ प्रक्षालन गर्न पाऊँ भनी रामसँग अनुरोध गर्छन् । रामको अनुमतिमा उनले पाउ प्रक्षालन गरेर चरणोदक लिएपछि मात्र उनले रामलाई नाउमा पाउ राख्न दिन्छन् र डुङ्गामा बसाली गङ्गा पार गराइदिन्छन् । नदी पार गरेपछि यिनै निषाद राज गुहले रामलाई जङ्गलको बाटो देखाउँदै चित्रकुट पुर्याई दिन्छन् ।

चित्रकुट

घना जङ्गलले ओगटेको क्षेत्र, जहाँ पानी कन्दमूल आदिको सुविधा भइकन पनि तप साधनामा बस्ने हरूको निमित्त राम्रा-राम्रा गुफाहरू पनि भएको हुनाले यो स्थललाई वन्यजन्तुहरूको साथै ऋषि मुनिहरूले पनि आफ्नो तपस्थलको निमित्त उपयुक्त ठानी यहाँ तप साधना गर्नकोनिमित्त अत्रि, अनसूया, दत्तात्रय, महर्षि मार्कण्डेय, सार भङ्ग, सुतीक्ष्ण आदि तमाम साधु, सन्त, ऋषि, मुनिहरूले यस क्षेत्रलाई चयन गरेर आफ्नो तपस्थल बनाएका हुन्छन् ।

यता राम दरबारबाट बाहिरिएको खबर पाउनासाथ राजा दशरथ पुत्र शोकले झन्-झन् चिन्ता ग्रस्त हुँदै जान्छन् । उपचारका विधिहरू सबै अवलम्बन गर्दा पनि मृत्युको अगाडि कसैको केही लाग्दैन । राज्याभिषेकको निमित्त राजकुमार भरतलाई लिन कैकेय राज्य (भरतको मावल) मा पुगेका व्यक्तिहरूले भरत र शत्रुघ्नलाई लिएर अयोध्या आइ नपुग्दै पुत्र शोककै कारण चारै भाइ छोराहरूको अनुपस्थितिमा राजा दशरथको देहावसान भएको हुन्छ । भरत आएर घरको परिस्थिति बुझ्ने बित्तिकै यिनीहरू दुवै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाइ शोकाकुल हुन पुग्छन् । यो सारा कर्तुत आफ्नै जननीद्वारा भएको थाहा पाई आफ्नी माता कैकेयीसँग आक्रोशित हुँदै धाई आमा मन्थरासँग पनि भरतको भनाभन हुन्छ । उनले यो गद्दी आरोहण कुनै हालतमा पनि नगर्ने र यो गद्दीका अधिकारी दाजु राम भएको हुनाले रामलाई वनवास बाट फिर्ता गराई गद्दी आरोहण गराउने निश्चय लिन्छन् । यदि उनको प्रस्तावमा राम मञ्जुर नभएमा रामलाई उनकै आश्रममा राज्याभिषेक गराई उनको निमित्तक भएर आफूले राज्य सञ्चालन गर्ने निर्णयमा पुगी पिता दशरथको काजक्रिया समाप्त गरे लगत्तै यिनले गुरु पुरोहित र आमाहरूलाई साथमा लिएर दाजु रामलाई भेट्न रामको खोजी गर्दै भारद्वाज ऋषिको कुटी रहेको स्थान प्रयाग (देवघाट) मा पुगी ऋषिको निर्देशन अनुसार रामले आश्रय लिएको स्थान चित्र कुटसम्म पुग्छन् ।

त्यहाँ भरतले दाजु रामलाई आदरपूर्वक प्रणाम गरी पहिला त अयोध्या फर्किन अनुनय विनय गर्दै स्त्रीको वशमा परेका पिताजी र मन्थराको मतियारमा लागेकी आफ्नी माता कैकेयीलाई समेत क्षमा गरी अयोध्या फिर्ता हुन आग्रह गर्छन् । पिताजीको आज्ञाको अवज्ञा गर्नु उचित नहुने स्पष्ट पार्दै रामले आमा कैकेयीलाई पनि दोष नदिई पिताजीको आज्ञानुसार राज्यारोहण गर्न भरतलाई आग्रह गर्दै उनी आफ्नो लक्ष्यमा अडिग रहन्छन् । त्यहाँ उनले रामलाई अयोध्या फिर्ता गराउन निकै अनुनय विनय गरेका हुन्छन्, तरपनि राम फिर्ता हुने वाला थिएनन् त्यसैले उनको प्रयास सफल हुन सक्दैन ।

रामले पनि भरतलाई राज्यारोहण गराउन निकै प्रयास गर्छन् । तर भरतको हठको अगाडि रामको पनि केही जोड नलागे पछि अन्त्यमा भरतले यदि राम फिर्ता हुन राजी नभएमा अर्को विकल्पमा रामलाई यही कुटीमै राज्याभिशेक गराई रामको निमित्तकको रूपमा रहेर मात्र आफूले राज्य सञ्चालन गर्ने मनसायले आफूहरू राज्याभिषेकको तयारीको साथ यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आएको जानकारी गराउँदै राज्याभिषेक ग्रहण गरि दिन अनुरोध गर्छन् । भरतको यो भनाइलाई हृदयङ्गम गरी राम यो कुरामा सहमत हुन्छन् र अन्त्यमा भरतको सान्त्वनाको निमित्त आफ्नो नाममा राज्याभिषेक गराई रामको नामको राजमुकुट र उनका एक जोर खराउ (पादुका) लिएर भरत अयोध्या फिर्ता हुन्छन् ।

यसरी भरत चित्रकुटबाट रामका एक जोर खराउ र राजमुकुट लिएर अयोध्या फिर्ता हुन्छन् र राजगद्दीमा यही श्रीपेच र रामका खराउलाई गद्दी आसीन गराई उनी आफूले पनि वनवासी दाजुहरू सरह संन्यासी जीवन वरण गरी दाजुहरूले जस्तै कन्दमूल खाने जमिनमा सुत्ने गरेर आफूलाई दाजुको प्रतिनिधिको रूपमा स्थापित गरी राज्य सञ्चालन गर्न शुरू गर्छन् । राम चित्रकुट आए लगत्तै यहाँ उनको सबै ऋषिहरूसँग भेट सम्पर्क हुन्छ । चित्र कुटमा रहँदा सम्म यिनले यहाँ तप साधना गर्ने ऋषिहरूमाथि अत्याचार मच्चाउँदै आएका राक्षसहरूसँग पनि युद्ध गरी सबैलाई सखाप पारेका हुन्छन् । रामले यहाँ आफ्नो वनवासको समयको एघार वर्ष त यही चित्रकुटमा बिताएको पाइन्छ ।

यहाँबाट उनी आफ्नो लक्ष्य अनुरूप पञ्चवटीतर्फ प्रस्थान गर्छन् । दण्डकारण्य (भयानक डरलाग्दो जङ्गल)को बाटो जाँदै गर्दा उनीहरू आफ्नो बाटोको आसपासमा पर्ने ऋषि मुनिहरूको आश्रमहरूमा पनि प्रवेश गर्दै त्यो क्षेत्रको गतिविधि बुझ्दै गएका हुन्छन् । त्यो वेला यी तपस्वी भेषमा रहेका आगन्तुकहरूलाई देखेर त्यहाँका ऋषि मुनिहरूले उनीहरूको परिचय लिन्छन् । यी आगन्तुकहरू राम सीता हुन् भन्ने परिचय पाएपछि त्यहाँ ऋषिहरूले श्रीरामसँग एक विराध नामको राक्षसले आफूहरूको तप साधनामा निकै दुख दिइरहेको कुरा श्रीरामलाई सुनाएपछि श्रीरामले उक्त राक्षसको खोजी गर्दै महावनमा प्रवेश गर्छन् जहाँ यस्ता हिंस्रक राक्षसहरूको निवास हुने गर्थ्यो । त्यहाँ पुग्दा उनको नजरमा एउटा पर्वताकारको रूपमा रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयानक डरलाग्दो राक्षस देखा पर्छ। यो राक्षसले सर्वप्रथम सीतालाई देख्ने वित्तिकै सीतालाई झम्टिन पुग्छ र सीतालाई आफ्नो कब्जामा लिन्छ। राक्षसको यो चाला देखेर लक्ष्मण क्रोधपूर्ण हुँदै उसको परिचय माग्छन्। राक्षसले आफ्नो परिचय दिने क्रममा भन्छ ँम जय राक्षसको छोरा हुँ। मेरी माताको नाम शतह्रदा हो । मलाई ब्रह्माजीबाट वरदान मिलेको छ कि मलाई तिमीहरूका कुनै शस्त्र अस्त्रले केही क्षति पुर्याउन सक्दैन। म यस जङ्गलमा नर भक्षण गरेर मेरो आफ्नो दैनिकी चलाउँदै आएको छु। यदि उनीहरूले सीतालाई छाडिदिएमा उनीहरूलाई केही नगरी छाडी दिने र प्रतिकार गरेमा उनीहरू माथि पनि जाइ लाग्ने भन्दै आफ्नो गर्जन सुनाउँछ।

राक्षसका यी वचनले रामलाई सह्य हुँदैन र रामले आफ्ना शक्तिशाली अस्त्रहरूले उसमाथी प्रहार गरी यसलाई मार्न नसके पनि जमिनमा ढलाउनुहुन्छ र एकसाथ राम र लक्ष्मण राक्षसमाथि जाइ लागी मुक्का प्रहार गर्न शुरू गर्नुहुन्छ । यो बेला राक्षस उठेर सीतालाई त्यहीँ छाडी राम र लक्ष्मणलाई काँधमा उठाएर आकाश मार्गतिर लाग्छ । यता सीताले दुवै भाइलाई राक्षसले लगेको देखी राक्षसलाई सम्बोधन गर्दै बरु मलाई राख तर यी दुई भाइलाई छाडिदेउ भन्दै पुकार गर्छिन् । उता राम र लक्ष्मण दुई भाइले राक्षसका एकएक हात समाएर बल पूर्वक दुवै हात बटारी राक्षसलाई जमिनमा खसाली दिन्छन् । यो यसै नमर्ने भएपछि यसलाई गहिरो खाडल खनी जिउँदै खाडलमा पुर्न राम लक्ष्मण तयार हुन्छन् र लक्ष्मणले गहिरो खाडल खन्न थाल्छन् । यति वेला राक्षसले यी चानचुने मानिस नभएर श्रीराम नै हुनुपर्छ भन्ने ठानी दुवै हात जोड्दै बिन्ती गर्छ- हे प्रभु ! वास्तवमा म तुम्बुरु नामको गन्धर्व हुँ । कुवेरको श्रापबाट मलाई राक्षस हुनु परेको हो । आज हजुरको हातबाट मेरो अन्त्य हुनु भनेको आज मेरो मुक्ति हुनु हो । यति भन्दै गर्दा राम लक्ष्मणले राक्षसलाई उठाएर त्यही गयमा हाली माथिबाट ठूला-ठूला ढुङ्गाले च्यापी पुरि दिन्छन् यसरी विराध राक्षसको अन्त्य भएको हुन्छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जटायुसँग श्रीरामको भेट

सीताजीलाई साथमा लिएर अगाडि बढ्दै जाँदा बाटोमा एक जटायुसँग भेट हुन्छ । रामले जटायुलाई देखेर असाधारण प्रकृतिको पक्षी देखी परिचय लिने मनसायले नजिकिँदै जटायुलाई प्रणाम गर्छन् र आफ्नो परिचय दिँदै उनको परिचय लिन्छन् । जटायुले रामलाई चिनेपछि आफ्नो परिचय दिने क्रममा भन्छन् कि काश्यप ऋषिका दुई छोरामध्ये जेठा गरुड र कान्छा वरुण थिए । गरुड श्रीविष्णुका वाहन भए भने वरुण सूर्यदेवका सारथि । यिनै वरुणका पुत्र दुई भाइमा जेठा सम्पाति र कान्छो म जटायु हुँ । हाम्रो बाल्यावस्थामा हामी दुई भाइको एक ऋषि सँगको भेट संवादमा हामी दुवै जनाले सूर्यदेवलाई छोएर आउने प्रण गरेर दुवै भाइ अन्तरिक्षतर्फ प्रस्थान गरेका थियौँ । सूर्यको नजिक पुग्दै गर्दा सूर्यको तापले हामीहरूका प्वाँख तातेर उड्न नसक्ने स्थितिमा पुगेपछि दाजु सम्पातिले आफ्ना प्वाँखले मलाई छोपेर राख्नुभयो । दाजु सम्पातिको प्वाँख पनि जल्ने सम्भावना भएपछि सूर्यको तापक्रम सहन गर्न नसकी हामी दुवै भाइ जमिनमा खस्न पुग्यौं । यति वेला म पञ्चवटी क्षेत्रमा खस्न पुगेँ भने दाजु सम्पाति कहाँ खस्नुभयो ? आजसम्म मलाई थाहा छैन भन्छन् । यसरी सम्पातिको र जटायुको बिछोड भएको हुन्छ । रामकै यात्राको क्रममा हिन्द महासागरको नजिक पुग्दा त्यहाँ एक टापुमा सम्पातिसँग पनि रामको भेट परिचय हुन्छ ।

जटायु अगाडि भन्छन् - एक दिन राजा दशरथ शब्दभेदी बाण चलाउने शक्ति प्राप्त गर्न यही पञ्चवटी क्षेत्रमा आई तपस्या गरिरहेको वेला राक्षस राज खर दूषणको सेनाले राजा दशरथलाई देखी राजामाथि आक्रमण गर्न जाइ लाग्दा आफूले देखी ती राक्षस सैनिक माथि आफू एक्लै जाइ लागेर ती राक्षस गणलाई परास्त पारेको र राजालाई उक्त सङ्कटबाट बँचाएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा रामलाई सुनाउँदै राजा दशरथसँग उनको मित्रता पनि कायम भएको खबर सुनाउँछन् । यो सबै खबर जटायुबाट प्राप्त गरेपछि पिता दशरथका मित्र ठानी रामले पनि यिनलाई आफ्नै काका समान सम्झी यिनीसंग मित्रता गाँसेका हुन्छन् । जटायुले पनि नवआगन्तुक रामलाई जङ्गलको बाटो पहिल्याउँदै पञ्चवटी पुग्न एक्लै गाह्रो होला भनी पञ्चवटीसम्म आफूले साथ दिएका हुन्छन् ।

पञ्चवटी आश्रम

राम पञ्चवटी (भारतको महाराष्ट्र अन्तर्गत नासिक भन्ने स्थानमा) पुगेपछि यहाँको वस्तुस्थिति हेर्छन् । यो क्षेत्र पनि प्राकृतिक सम्पदाले भरिपूर्ण भएको अति मनोहर महसुस हुन्छ । हुनसक्छ यिनै सुविधाहरूको कारणले यो क्षेत्र ऋषि मुनिहरूको तपस्थलको निमित्त उपयुक्त हुने ठानी पञ्चवटी स्थललाई पनि ऋषि मुनिहरूले आफ्नो तपोभूमि बनाएका हुन्छन् । यहाँ रहेर तप साधना गर्ने ऋषिहरूलाई पनि राक्षसहरूकै घेराभित्र रहेर यी राक्षसहरूद्वारा सधैं यातना खेप्न परिरहेको हुन्छ । यो समय ताका जता पनि राक्षसहरूद्वारा धर्ममाथि प्रहार भइरहेको हुनाले यिनीहरू कै विनाशको निमित्त रामावतारको आवश्यकता भएको हुन्छ। यही कारणले पनि रामले आफ्नो वनवासको बाँकी अवधि यही पञ्चवटी मै बिताउने निधो गर्छन् ।

श्रीरामको एघार वर्ष चित्रकुट र त्यसपछि पञ्चवटीको बसाइँको क्रममा भेट सम्पर्कमा आएका ऋषिमुनि, साधुसन्त, महन्तहरूको सम्पर्कमा रामसँग भएका वार्तालापहरूबाट लक्ष्मणमा पनि आत्म चिन्तनतर्फ मन ढल्किँदै गएको हुन्छ र मनमा निकै जिज्ञासाहरू खेलिरहेका हुन्छन् । जीवन एक मायावी जाल मात्र रहेछ। अघिल्लो जीवनको शेष कर्मले यो जीवन र यो जीवनका कर्मको शेषबाट अर्को जीवन निर्माण हुने हो भने त यो प्रक्रिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त अनन्त कालसम्म निरन्तर चली रहन्छ । यो भौतिक शरीर धारण गरेर अनन्त कालसम्म यसैगरी रूमल्लिने हो भने त यो सांसारिक दुःखबाट छुटकारा पाउने अनुकूल मिल्दो रहेन छ । सांसारिक मोहबाट छुटकारा पाउने उपाय केवल मोक्ष मात्र रहेछ भन्ने ज्ञान भएपछि एक दिन लक्ष्मणले मोक्षको बाटो जान्न रामसँग प्रश्न गर्छन् ।

श्रीरामजीले लक्ष्मणलाई दिएको तत्वज्ञान (राम गीताको सार)

महाभारतको युद्धमा अर्जुनले युद्धको मैदानमा पुगेर आफ्नो विपक्षबाट आफूसँग युद्ध गर्न आएका आफ्ना नातेदारहरूलाई देखेपछि अर्जुन युद्धको मैदानबाट पछि हट्न खोज्दा, कृष्णले अर्जुनलाई युद्धका निमित्त प्रेरणा दिन दिएका ज्ञानका कुरालाई सङ्कलित गरी श्रीमद्भागवतगीता तयार गरिएको छ भने यहाँ लक्ष्मणलाई रामले तत्त्वबोधको ज्ञान दिनुभएको कुरालाई सङ्कलित गरी रामगीता बनाइएको छ । यी राम लक्ष्मण बिचमा भएको संवाद वाल्मीकि ऋषिले आफूले प्राप्त गरेको दिव्यचक्षुको माध्यमबाट ज्ञान प्राप्त गरी रामायणमा लिपिबद्ध गरेका छन्। यो सारा कुरा अन्तर्यामी शिवलाई पनि थाहा हुन्छ । यही ज्ञान लोकलाई बुझाउन राम गीतामा शिव पार्वती संवादको रूपमा प्रस्तुत गरिएको छ ।

लक्ष्मण प्रश्न गर्छन् - हे प्रभु ! हजुर जस्तो निर्विकार, शुद्ध चैतन्य अपवर्ग (मोक्ष वा त्याग) आदि गुणले सम्पन्न, हजुरको यो चैतन्य कला द्वैतवादी (दुई अलग विचारधारा भएका दुई भिन्न रूप) ले बुझ्न सक्दैनन् । हजुरलाई बुझ्न त तत्त्वज्ञान विना हजुरको शुद्ध स्वरूप जान्न सकिँदैन । संसारमा सुखको आशा त्यागेर केवल हजुरका चरणको मात्र आधार मान्ने योगी, ज्ञानी पुरुषहरू केवल हजुरको कृपादृष्टिले परमपद प्राप्त गरेर मोक्ष प्राप्त गर्न सक्छन् । हे प्रभु ! म त हजुरको भक्त, हजुरको भ्रमर (भमरो) हुँ । यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो एकात्म देखिने अन्त्य रहित अज्ञानजनित महासिन्धु छ। यो सिन्धुबाट पार हुने उपाय के छ ? मलाई यो उपाय बताइ दिनुहोस् भन्दै रामका चरणमा परी विन्ती गर्छन्।

श्रीराम भन्नुहुन्छ - हे लक्ष्मण ! मानिस यो पृथ्वी लोकमा जन्म लिएपछि कर्म त अवश्य गर्नुपर्छ, त्यसैले मानिस स्वभावले कर्मयोगी हो, तर कर्म गर्दा निष्काम भएर गर्नुपर्छ। आफूबाट सम्पादन हुने सबै कर्महरू ईश्वरमा समर्पण गर्नुपर्छ। यसरी कर्म गर्दै गएपछि जब अन्तःकरण शुद्ध हुन्छ, तब मात्र शरीर विकार रहित हुन्छ। त्यसपछि कर्म गरि रहन पनि आवश्यक पर्दैन। मानिस कोही पापाचार कर्ममा रमाउने गर्छन् भने कोही दान धर्म, यज्ञादिमा रमाउने गर्छन्। वेदको कथन अनुसार जुन व्यक्तिले अग्नि होत्रादि आवश्यक कार्य त्याग्छन् तिनलाई कर्म त्यागेको दोष लाग्दछ। जबसम्म शरीरमा शक्ति रहन्छ तबसम्म कर्म त्याग गर्न हुँदैन। स्वर्ग, नर्क, जन्म मृत्यु आदि जो अटल छन् तिनको कर्मानुसार भोग गर्दै मुक्ति पथमा अग्रसर हुनु मानव कर्तव्य हो। मानिसलाई कर्तव्य परायण गराउनमा विद्याले ठूलो सहयोग पुर्याउँछ।

विद्याका मार्ग पनि विभिन्न छन्। जुन मार्गद्वारा मुक्तिको बाटो पहिल्याउन सहज हुन्छ विद्या पनि सोही अनुकूल हुनु आवश्यक छ। यदि कर्म मुक्तिको मार्ग हो भनेर बुझ्ने हो भने त्यो असत्य हुनेछ, किनभने कर्मबाट मानिसमा अहङ्कार उत्पन्न हुन्छ। त्यसैले ज्ञान र कर्मको पनि एकापसमा विरोधाभास छ। विद्यारूपी ज्ञानले जड र चैतन्यको जुन एकता रूप छ त्यसबाट उत्पन्न हुने अहङ्कारलाई सजिलै नाश गर्न सक्दछ। कर्मद्वारा उत्पन्न ज्ञानले कर्मकै बढोत्तरी गर्दछ। कर्मरहित नभई अहङ्कार नष्ट हुँदैन। जबसम्म अहङ्कार नष्ट हुँदैन तबसम्म ज्ञान प्राप्त हुन सक्दैन। यसैले ज्ञान हासिल गर्नमा विद्याको ठूलो महत्त्व छ।

अखण्ड ब्रह्म वृत्ति विषयरहित जुन साक्षात्कार हो, त्यसैलाई विद्या वा विबेक भनिन्छ। यज्ञादि जो कर्महरू छन्, तिनले कर्मको फल दिन समर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् भने जुन ज्ञानरूपी विद्या हो, त्यसले सम्पूर्ण कारकको नाश गर्दछ। यसमा जो बुद्धिका धर्महरू छन् जस्तो कर्ता, भोक्ता, राग, द्वेष आदिलाई पनि विद्याले नाश गरेर परमपद प्राप्त गराउन समर्थ हुन्छ। जसको चित्त शुद्धि भएको छैन त्यसलाई वैराग्य प्राप्त हुन सक्दैन। त्यसैले यही चित्तशुद्धिका निमित्त पनि धर्मकर्म गर्न अनिवार्य ठानिएको छ। मानिसको मनमा अहं भावना उत्पन्न हुनेबित्तिकै ऊ भित्र रहेको ज्ञानको नाश हुने भएकाले कर्म गर्दा निष्काम भएर वैराग्यबाट प्रेरित भई शुद्ध चित्तले कर्म गर्नु पर्दछ। चित्त शुद्धिपछि भने कर्म गरिरहनु कुनै आवश्यक छैन। ज्ञान प्राप्त भइसकेपछि अब मुक्तिको कुरा आउँछ।

अब मुक्ति प्राप्त गर्न इच्छा राख्ने व्यक्तिको हकमा भने अलि फरक छ। हाम्रा इन्द्रियहरूका आफ्नै सुख सुविधाका आकङ्क्षाहरू छन्। जस्तो कि आँखाले राम्रो मात्रै देख्न खोज्छ। कानले राम्रा कुराहरू मात्रै सुन्न चाहन्छ। नाकले सुगन्ध मात्रै लिन चाहन्छ। छालाले पनि तातो चिसो स्पर्शको अनुभूति लिन चाहन्छ। अन्य इन्द्रियहरू पनि विषय वासनाबाट प्रभावित भएका छन्। यी इन्द्रियहरूलाई हामीले सजिलैसँग नियन्त्रणमा लिन सक्दैनौं। जबसम्म हामीले यी इन्द्रियहरूलाई नियन्त्रणमा लिन सक्दैनौ तबसम्म मुक्तिका कुरा गर्नु व्यर्थ हुन्छ। नियन्त्रणमा राख्नु भनेको यी इन्द्रियहरू सक्रिय रहेको अवस्थामा नै आफ्नो योगको साधनाले निष्कृय बनाउन सक्नु हो। अर्थात् आफ्नो इच्छानुकूल कान सक्षम हुँदाहुँदै पनि श्रव्य क्षमतालाई निष्क्रिय तुल्याउनु अर्थात् नसुन्नू, आँखाले हेर्दा हेर्दै पनि केही नदेखिनु, कुनै सुगन्ध वा दुर्गन्ध नाक नजिकै पुर्याई दिँदा पनि गन्धको चाल नपाउनु जस्ता परिवर्तन इन्द्रियहरूमा देखा पर्न थाल्यो भने मात्र इन्द्रियलाई नियन्त्रणमा लिएको मान्न सकिन्छ। यसको निमित्त मनको चञ्चलतालाई पनि नियन्त्रणमा राख्नु उत्तिकै आवश्यक छ।

जब मानिसमा आत्मज्ञान हुन्छ त्यतिवेला उसमा अविद्या रहन सक्दैन। भित्री अन्तःकरणमा सूर्य उदाएपछि भित्री अन्धकार (अज्ञानता) स्वतः नष्ट भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छ। विना ज्ञान मुक्तिको सम्भव छैन। ज्ञानको माध्यमबाट ब्रह्मानन्दको अनुभव हुने हो। ब्रह्मानन्दको अनुभव भइसकेपछि मानिसलाई संसारको कुनैपनि दुःख सुखको अनुभव हुँदैन। मनुष्यले आफ्नो वर्णानुसारको कर्म गर्दै गृहस्थ धर्मको पालना गरेर पनि मुक्त भएका उदाहरणहरू छन्। दुःख सुख, पाप धर्म आदि भनेका स्थूल शरीरले अपनाउने धर्म हुन् भने इतिआदिदेखि म भिन्न हुँ भनेर बोध गर्नु ब्रह्म बोध हो। यही आत्माको साक्षात्कार जीवन मुक्तको स्थिति हो।

हे लक्ष्मण ! जुन व्यक्तिले निष्काम कर्महरू गरेर आफ्नो भित्री अन्तस्करण पवित्र बनाइ सकेको छ, त्यस्ता पुरुषलाई ती योग्य गुरुका उपदेशले प्राप्त भएको तत्त्वमसि (आत्म स्वरूप) आदि वचनको स्मरण, आत्मा र परमात्माको एकत्व रूप र मोक्ष साधनाको ज्ञान राम्ररी जानी बुझी मनन निदिध्यासन (निरन्तर चिन्तन) द्वारा संशयरहित भएर विषय त्यागिसकेको र परिपक्व भइसकेको छ, त्यस्तो व्यक्ति आत्म साक्षात्कार गरी जीवन मुक्त परमानन्द सुख स्वरूपले अचल भएर विषयतिर मन नडुलाई अविचल भावले आनन्द पूर्वक जीवन यापन गर्दछ। हे लक्ष्मण! पृथ्वी, जल, तेज, वायु र आकाश यी पञ्च महाभूत भए, यी पञ्चमहाभूतबाट उत्पन्न सुख, दुःख, रोग, भय आदि र तिनैबाट उत्पन्न भएका शुभाशुभ अनेक थरीका कर्म एवं तिनै कर्मद्वारा उत्पन्न विकृतिहरूको वासस्थान भनेकै यही स्थूल शरीर हो। यो स्थूल शरीर अर्थात् देह नाश वान छ। पूर्वजन्ममा गरेका शुभाशुभ कर्महरू भोग गर्न शरीरको जन्म अवश्य हुन्छ। त्यसैले यसलाई आत्माको स्थूल उपाधि भनिन्छ भने स्थूल शरीरदेखि भिन्न रहेको जुन सूक्ष्म देह छ त्यसलाई सूक्ष्म उपाधि भनिन्छ। सूक्ष्म शरीर अदृश्य छ। यसलाई हाम्रा यी भौतिक आँखाले देख्न सकिँदैन। यही सूक्ष्म शरीर स्थूल शरीरमा प्रवेश गरेर बाह्य कुराहरूको अनुभूति गराउँछ। जब यो सूक्ष्म शरीर स्थूल शरीरलाई छाडेर बाहिर निस्कन्छ, त्यति वेला हामीले त्यस स्थूल शरीरलाई मृतक भनेर घोषणा गर्छौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्ष्म शरीर स्थूल शरीरको भित्र रहेर पनि ऊ तटस्थ रहन्छ भने सूक्ष्म शरीरद्वारा सञ्चालित स्थूल शरीरले बाहिरी समाजसँग समन्वय स्थापना गरी भौतिक कार्यहरूमा सहभागी हुन्छ र तेरो मेरो, नाता गोता, जातपात आदिसँग सरोकार राख्दछ। जसको परिणाम मानिसले आफूले अँगालेका कर्मको आधारमा उत्पन्न हुने सुख दुःख र यो संसारिक माया मोहमा बल्भिन्छ। मानिस जब ज्ञानी हुन्छ तब उसले आफूले आफ्नो लक्ष्य प्राप्तिको मार्ग बिराएको महसुस गर्छ र विगत प्रति पश्चात्ताप गर्दै आफूलाई जन्म मृत्युरहित अद्वितीय (यो बाहेक अर्को नभएको) सच्चिदानन्द स्वरूप ठानेर यी पञ्च कोशका धर्म र संशय विषयरहित योगद्वारा केवल सुख स्वरूप ब्रह्मानन्दमा निमग्न हुन्छ।

आत्मा अजन्मा छ। यो न जन्मिन्छ न मर्छ न त कहिल्यै घटबढ हुन्छ। त्यसैले यसको विनाश हुने सम्भावना छैन। जसलाई जानेपछि मानिसले मुमुक्षु (मोक्षको कामना राख्ने) आत्म स्वरूप, निरतिशयानन्द (सामीप्यता) वा ब्रह्मानन्दको सुख प्राप्त गर्दछ। जसको फलस्वरूप यो मिथ्या संसारमा उसको मोह रहँदैन। हुनपनि हो जब मानिसमा ज्ञान प्राप्त हुन्छ तब त यो मिथ्या संसारप्रति आसक्त हुने प्रश्न पनि उठ्दैन। ज्ञानी व्यक्तिको अन्तस्करण स्वतः प्रकाशमय हुने भएकाले उसलाई अज्ञान रूपी अन्धकारले छोप्ने कुरा पनि आउँदैन। मानिसले ज्ञान प्राप्त गरिसकेपछि जब ब्रह्मानन्दको अनुभूति गर्छ तब उसलाई ब्रह्म भनेको स्वयं म नै हुँ भन्ने अनुभूति हुन जान्छ। यो अनुभूति हुनु भनेको भित्री स्वरूप प्रकाशमय हुनु हो। यसपछि त अज्ञानता स्वतः नष्ट भएर जान्छ।

रामले अगाडि भन्नुहुन्छ - हे लक्ष्मण !“म अचिन्त्य (अकल्पनीय) शक्ति, अतीन्द्रिय (अप्रत्यक्ष) विकृत रूप नभएको, सदैव मुक्त अनन्त पार शुद्ध चैतन्य हुँ। म तीनै कालमा मुक्त छु, म देहेन्द्रिय रहित मन वाणीभन्दा पनि पर अचिन्त्य शक्ति, ज्ञान स्वरूप र आत्मा स्वरूप परिणामरहित देश, काल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिस्थितिले रहित अनन्त पार छु। ऋषिमुनि, ज्ञानी, ध्यानी पण्डितहरू दिनरात मेरो चिन्तन गरेर संसार तर्छन्। त्यसैले मुमुक्षु व्यक्तिले चिन्तन गरेमा पार तर्न सजिलो हुने हुँदा यस्ता व्यक्तिहरू सधैं मेरो चिन्तनमा लागि रहन सल्लाह दिन्छु"।

हे लक्ष्मण ! आत्मचिन्तन गर्नु व्यक्तिको कर्तव्य हो। एकान्त स्थानमा बसेर प्रत्येक इन्द्रियलाई तत्-तत् विषयबाट फर्काएर विना कुनै साधन आत्मामा स्थिर भई आफ्नो वशमा पारेर ध्यान दृष्टिद्वारा शुद्ध मनले आत्म चिन्तन गरोस्। यसलाई निर्विकल्प समाधि भनिन्छ। समाधि पनि सविकल्प र निर्विकल्प दुई किसिमको हुन्छ। सविकल्प समाधिमा ध्याता (ध्यान गर्ने वाला) ध्येय (ध्यान योग्य) र ध्यान यी तीन चीजको मिलन हुन्छ। निर्विकल्प समाधिमा यी कुनै हुँदैनन्। किनभने यो वेला केवल ध्येय मात्र हुन्छ। राग द्वेषसमेत विषयको अभिलाषी भएका साधकको निर्विकल्प समाधि स्थिर हुन सक्दैन। अर्को कुरा अचिन्त्य परमात्मा नै जसको प्रकाशक छ, त्यस्तो यो चराचर जगत् र उसलाई मायाको सान्निध्यले कार्यदेखि कारण भिन्न नदेखोस्, म अहिले यस्तो स्थितिमा पुगेको छु भन्ने विश्वास भइसकेपछि ब्रह्मबाहेक अरू केही देखिन्न।

हे लक्ष्मण ! जसले समस्त इन्द्रिय र काम मोहादि शत्रुलाई जितेको छ, जसमा सर्वज्ञ, विज्ञान स्वरूप, निर्बाध स्वतन्त्र र सबै कालमा समान रहने, अनन्त रूप हुने, यस्ता गुणहरू विद्यमान छन् त्यस्ता भक्तहरूलाई म स्वयं दर्शन दिन्छु। जो मेरा योगी भक्तहरू छन्, तिनीहरूका निमित्त पनि मेरो दर्शन सहज छ। तर विषय भोगमा लिप्त हुने, विवेक हीन मूढ व्यक्ति केवल बाहिर मात्र देख्ने प्रवृत्ति भएको यस्ता व्यक्तिले इच्छा गरेपनि मेरो दर्शन पाउन सक्दैनन्।

हे लक्ष्मण ! यसरी दिनरात आत्मचिन्तन गर्ने ज्ञानी, मुनि सबै प्रकारका बन्धनबाट मुक्त अर्थात् म कर्ता भोक्ता हुँ भन्ने अहङ्कारको भावना त्यागेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरले दिएको प्रारब्ध भोगमा सन्तोष रहेर जो बस्दछ यस्तो व्यक्ति अन्त्यमा आत्म साक्षात्कार गरेर ममा लीन हुन सक्छ। हे लक्ष्मण! आदि अन्त्य र मध्य सबैमा सबै थरीका रोग, शोक र भय प्रधान छन् भन्ने जानेर सम्पूर्ण वेद विहित (विधिको अनुरूप) कर्महरूलाई त्यागी प्रत्येक जीवको अन्तरात्मा स्वरूप आफ्नै आत्माको मनन, चिन्तन भजन गर्दै गरोस् ।

हे लक्ष्मण ! वेद उक्ति र स्मृत्यादिका प्रमाणले सारा संसार बाँधिएको हुनाले दिग्भ्रमित भएको छ, त्यसैले यो सारा असत्य, मिथ्या छ भन्ने निश्चयमा पुगेको व्यक्तिलाई ज्ञानी वा योगी भनिन्छ। हे लक्ष्मण ! जसले यो सारा संसारलाई मेरै रूप ठान्दछ र दिनरात मेरै चिन्तन मनन र आराधना गरेर समय बिताउँछ, जो श्रद्धालु भक्त छ, उसलाई दिनरात आफ्नो हृदयमा मेरो साक्षात्कार भइ रहन्छ। यो समस्त वेद र स्मृतिहरूको सार सङ्ग्रह रूप (गोपनीय) मैले तिमीलाई सुनाएँ। जो बुद्धिमान् मानिस यसमा विचार गर्नेछ, अर्थात् जसले यो राम गीता बुझेर दिनहुँ पाठ गर्दछ। त्यो व्यक्ति एकछिनमै समस्त पापको थुप्रोदेखि मुक्त हुनेछ। यदि कसैले यसको अर्थ बुझ्न सक्दैन भने पनि केवल मूलपाठ मात्र गरोस् यसमा पनि ठूलो फल मिल्नेछ यसमा कुनै शङ्का छैन ।

यो थियो राम गीताको सार। यहाँ बुझ्नुपर्ने कुरा के छ भने मानिस भएर जन्म लिएपछि वर्णाश्रम अनुकूलको कर्म त अनिवार्य गर्नै पर्दछ। बाटो बिराएर कुबाटो हिँड्ने हरू गन्तव्यमा पुग्न सक्दैनन्। कर्म गर्दा आफ्नो नैतिकता प्रति निष्ठा राखेर कर्म गर्नु पर्दछ। गृहस्थाश्रममा रहेर यसरी गरिएका कर्मले हामीलाई आफ्नो नैतिक कर्तव्यको बोध हुन्छ र संन्यास र वानप्रस्थ आश्रमको अवस्थामा आइ पुग्दा व्यवहार पनि सम्पूर्ण त्याग गरी आत्म चिन्तनको बाटो अपनाउनुपर्छ। सुरुमा कर्म त्याग्नुहुँदैन। स्वर्ग नर्क र मुक्ति अलग-अलग पाटा हुन्। स्वर्ग र नर्क भनेको आफ्नो सञ्चिति पाप र पुण्य भोग गर्न जाने स्थल हो भने मुक्ति भनेको फेरि कहिल्यै जन्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिन नपर्ने गरी परमेश्वरमै एकाङ्ग भएर लीन हुने हो । त्यसैले कर्म गर्दा आफ्नो इच्छानुकूल कर्म गर्दा हुन्छ अर्थात् हाम्रा कर्म अनुसारको भोग हामीले गर्नु पर्दछ । यहाँ भनिएका सारगर्भित कुरालाई हामीले यसरी पनि बुझ्न सक्छौं । विद्युतीय शक्ति भनेको एक अदृश्य ईश्वरीय शक्ति हो । जसको शक्तिलाई हामीले हाम्रा चर्मचक्षुले देख्न त सक्दैनौ तर यसमा रहेको अदृश्य शक्तिको उपयोग गरेर यसबाट हामीले हाम्रा आवश्यकता अनुसारका सहायक उपकरणहरू प्रयोग गरेर यसबाट मनग्य लाभ लिन भने सक्छौं । यहाँ हामीले प्रयोगमा ल्याइएको मूल इन्जिन (पावर हाउस)लाई हामी परमात्मा मान्यौं भने शरीरमा रहने मुटु रूपी इन्जिनलाई आत्मा मान्न सक्छौं । विद्युतबाट सञ्चालन हुने उपकरणहरू भने जस्तै, हामी आत्माद्वारा सञ्चालन हुने उपकरणमा पर्यौं । विद्युत् घरको माध्यमबाट उत्पादन हुने शक्तिले विद्युतीय उपकरणहरूको सञ्चालन गर्छ भने परमात्मा रूपी पावरहाउसबाट उत्पादन हुने शक्तिले जीवधारीहरूको शरीरमा रहेको आत्मालाई सञ्चालन गर्छ र यही आत्माद्वारा हाम्रो शरीरका इन्द्रियहरू सञ्चालित हुन्छन् । यी दुई बिचमा पाइने फरक यत्ति मात्र हो ।

हाम्रो शरीरको मृत्यु हुनु भनेको यो विद्युतद्वारा सञ्चालन हुने उपकरण बिग्रिएर बन्द हुनु अर्थात् पुनः सञ्चालनमा नआउनू जस्तै हो । यदि यो उपकरणको सट्टा हामीले अर्को उपकरणलाई पुनर्स्थापना गरेर फेरि सञ्चालनमा ल्याउनु भनेको यसको पुनर्जन्म हो भने यसलाई सधैंको निमित्त बन्द गरेर पावर पोइन्टको प्रयोग नगर्नू भनेको यो उपकरणलाई सधैंको निमित्त मुक्त गर्नु हो । यदि यहाँ खर्च हुने शक्ति खर्च नगरेर सञ्चितिमा गयो भने यो शक्ति पावर हाउसको स्टोरमा सञ्चित भए जस्तै हाम्रो आत्मा पनि परमात्मामा लीन भएर बस्छ । यही परमात्मामा लीन हुनु भनेकै मुक्त हुनु हो । यसैको निमित्त हामीले यहाँ रामले लक्ष्मणलाई बताए अनुसारको जीवनपद्धति अवलम्बन गर्न सक्यौं भने हामी पनि यो जीवनको जन्म मरणको प्रक्रिया देखि सधैंको निमित्त मुक्त हुन सक्छौं भन्दै

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामले लक्ष्मणलाई सम्बोधन गर्दै सम्झाए जस्तो गरेर हामीलाई पनि मुक्त हुने बाटो सिकाउनुभएको छ ।

यसै सिलसिलामा रामले लक्ष्मणलाई नारी शक्तिको बारेमा पनि धेरै कुराहरू अवगत गराउनुभएको छ । रामबाट नारी शक्तिको बारेमा लक्ष्मणलाई निर्देशन भएका केही तथ्यगत कुराहरू हाम्रो जनजीवनको निमित्त पनि उत्तिकै समय सापेक्ष र मननयोग्य लागेकोले यसका केही अंश मात्रै भएपनि यहाँ पनि प्रस्तुत गर्ने प्रयास गरेको छु ।

अहल्या, द्रौपदी, सीता, कुन्ती, मन्दोदरी तथा । स्मरेत् पञ्चकन्यायां महा पातक नाशनम् ॥ यो श्लोकको भनाई अनुसार यी माथि लेखिएका पाँच नारीले आजीवन कुमारी रहने वरदान पाएका हुनाले यिनीहरूको नाम मात्र सम्झना गरे पनि पाप नास हुन्छ भनिएको छ । अहल्या पतिव्रता नारी हुन् । यिनी चन्द्रमाको छलमा परी इन्द्र द्वारा बलात्कृत हुन पुगिन् र यिनलाई बहुपतिको दोष लाग्यो । द्रौपदी पनि अघिल्लो जुनीमा बहू प्रतिभाशाली (पाँच प्रकारको प्रतिभा भएको) पतिको इच्छा राख्दा एकै व्यक्तिमा यी सबै प्रतिभा विद्यमान हुन सम्भव नहुने हुँदा तिम्रो इच्छा अर्को जुनीमा पूरा हुनेछ भन्ने वरदान पाएकी हुनाले यिनलाई यो जुनीमा अलग-अलग प्रतिभा भएका पाँच पति वरण गर्न वाद्य हुनु परेको थियो। सीतालाई धोबीद्वारा दोष लागाइएको मात्र थियो । सीताले रामलाई वाहेक अरू कसैलाई पति वरण गरेको कतै पाइँदैन । पाण्डुलाई "स्त्रीसँग संभोग गरेमा तत्काल तिम्रो मृत्यु हुनेछ" भन्ने ऋषिको श्राप परेको कारण निःसन्तान भएर रहनु परेको परिस्थितिमा पाण्डुकै आदेशमा आफूले प्राप्त गरेको वरदान उपयोग गरेर कुन्तीले सन्तान प्राप्त गरेकी थिइन् । मन्दोदरीमा रहेको गर्भ कसै सँगको सम्भोगबाट नभई घडामा राखेको ऋषिको रगत पिउँदा यस्तो संयोग पर्न गएको देखिन्छ । यहाँ यी सबै नारीको विगतलाई नियालेर हेर्ने हो भने यी नारीहरूमा कसैले पनि आफ्ना काम वासना पुरा गर्नाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नियतबाट परपुरुषसँग यौन सम्बन्ध कायम गरेको देखिँदैन र आफ्नै पतिको आदेशबाट वा अलौकिक प्रक्रियाबाट सन्तान जन्मेको देखिन्छ । यतिमात्र नभएर यिनीहरू सबैले आफ्नो कुमारीत्व कहिल्यै नष्ट नहुने वरदान पाएको कारणले पनि शास्त्रीय मान्यतानुसार यी सबै नारीलाई पतिव्रता नारीको संज्ञा दिइएको छ । त्यसैले यी नारीहरूलाई सम्झेमा मात्र सारा पाप नष्ट हुनेछन् भनिएको हो ।

यस बाहेक नारीबाट भएका अलौकिक कार्यहरू पनि तमाम छन् । राक्षसहरूको अत्याचारबाट पृथ्वी वासीहरू निकै आक्रान्त भएको वेला पृथ्वीले गाईको रूप धारण गरेर ब्रह्मासँग विन्ती गर्न गएको कुरा पनि प्रस्टै छ । सीताको अघिल्लो जन्ममा वेदवती स्वरूप पनि लक्ष्मीकै रूप थियो । वेदवतीले आफ्नो शरीर त्याग गरेपछि मात्र ऋषि गृष्मदको घडामा प्रवेश गरेकी हुन्छिन् । अदिति र सत रूपाकै प्रतीक महान् आदर्श नारी कौशल्या र सुमित्रा थिए । कैकेयी र मन्थरा रामायणका मुख्य पात्र हुन्, जसले रामको जन्मको लक्ष्य पूरा गराउन मा सहायक भएका छन् । रामको जन्म हुनुमा दशरथपुत्री शान्ताको देन पनि उत्तिकै छ । रामको शिक्षार्जन को निमित्त गुरुकुलमा बसेको वेला वशिष्ठ पत्नी अरुन्धतीको भूमिका पनि कम छैन । ताडका एक राक्षसी भएपनि उनको स्थानमा उनको रोल पनि कम थिएन । सती अहल्याको उदाहरण लिउँ । एक पटक नारद घुम्दै त्रिदेवी (सावित्री, पार्वती र लक्ष्मी) कहाँ गएको बेला उनीहरूको आफ्नो सतीत्व प्रति निकै अभिमान चढेको देखि यिनीहरूको तेजोवध गर्न चाहन्छन् ।

उनी भन्छन् देवीजी ! म के भनुँ ? माता अनसूयाजीमा जस्तो कट्टर पतिव्रता त मैले अरू कसैमा पनि देखिन । सती सावित्री भन्छिन् म भन्दा पनि कडा पतिव्रता ? उनी भन्छन् एक पटक हजुरको श्रीमानलाई नै पठाएर परीक्षण गराउनु न थाहा भई हाल्छ नि ? यति भन्दै उनी फेरि पार्वतीसँग पुग्छन् त्यहाँ पार्वतीलाई पनि यसैगरी सन्काइदिन्छन् । अनि फेरी लक्ष्मी कहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुगेर लक्ष्मीलाई पनि यसैगरी उचाली दिन्छन् । यी तीनै देवीहरूले आफ्ना-आफ्ना पतिहरूलाई सती अनसूयाको चरित्र परीक्षण गर्न भनी दबाब दिन थाल्छन् । यसरी श्रीमतीहरूको दबाबमा परेपछि त्रिमूर्ति देव ब्रह्मा विष्णु महेश्वर तीनै जना मिलेर सती अनसूयाको परीक्षा लिन भिक्षुकको रूप लिएर अनसूयाको कुटीमा पुग्छन् । आफ्नो द्वारमा भिक्षुकहरू आएको देखी अनसूयाले झटपट भिक्षा लिएर ढोकामा निस्किन्छिन् । भिक्षा दिन लाग्दा योगीहरू भन्छन् हामी वस्त्र पहिरेर दिएको भिक्षा लिदैनौं । हामीलाई भिक्षा दिनेभए निर्वस्त्र भएर भिक्षा देउ, होइन भने हामी तिमीलाई श्राप दिएर जान्छौं । यति भनेपछि अनसूया द्विविधामा पर्छिन् र तुरुन्त एउटा निष्कर्षमा पुग्छिन् । अनि उनले तुरुन्त आफ्नो सतीत्वको धर्मलाई साक्षी राखी उनीहरूलाई तत्काल छ महिनाका दूधे बालकमा परिणत गराई आफू निर्वस्त्र बनेर यी अनाथ शिशुहरूलाई आफ्नो काखमा लिई आफ्नो स्तनपान गराई कोक्रोमा राखेर सुताइ दिन्छिन् ।

केही समय दिन बित्दै गएपछि यी त्रिदेवहरू आफ्नो घरमा न फर्केकोमा देवीहरूलाई चिन्ता लाग्न थाल्छ र उनीहरू सबै मिली यी त्रिदेवको खोजीमा निस्कन्छन् । बाटोमा नारदसँग भेट हुन्छ । नारदसँगको भेटमा उनीहरूलाई यस्तो अवस्थामा रहेको जानकारी दिएपछि उनीहरू अनसूयाको कुटीसम्म आइपुग्छन् । यहाँ आएर यी त्रिदेवहरूको बारेमा सोध पुछ गर्दा उनीहरूको अवस्थाको बारेमा जानकारी गराउँदै हातमा एक अञ्जुली जल लिई यिनीहरू तर्फ छर्किदैं अर्को जुनीमा यिनीहरूको अंशबाट आफ्नो सन्तानको रूपमा जन्म लिनेछन् भन्ने वरदान दिंदै उनीहरूलाई देवीहरूको जिम्मा लगाइ दिन्छिन् । त्रिदेवले पनि शर्मिन्दा हुँदै पुत्रवत् रूपमा जन्म लिन स्वीकार गर्दै त्यहाँबाट विदाई हुन्छन् । पछि यिनैलाई आफ्ना पति गौतमबाट नै श्रापित भई पत्थर भएर रहनु पर्दा गौतमको श्रापबाट उन्मुक्ति दिलाउन मा त्रिदेवी (सावित्री, लक्ष्मी र पार्वती) को पनि ठूलो योगदान रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ र पछि पनि सती अनसूया नै ऋषि गौतमको शरणमा पुगी आफ्नो पतिव्रता धर्मको पालना गर्दै बाँकी जीवन यापन गर्छिन् । अगस्त्यकी पत्नी लोपा मुद्राको त वेदमा नै नाम अङ्कित भएको पाइन्छ ।

रामायणमा रावणकी बहिनी शूर्पणखाले पनि ठूलो रोल खेलेकी छन् । यही यात्राकै क्रममा ऋषि अत्रिकी पत्नी अनसूयाले सीतालाई वन बसाइको क्रममा आइपर्ने कष्टहरूको बारेमा अवगत गराउँदै उनलाई हितोपदेश दिएकी छन् । महर्षि भारद्वाज पत्नी र ऋषि अग्निकी पत्नी स्वाहा र स्वधाले सीतालाई आफ्नो आश्रममा राखेर आमाले छोरीलाई अर्ती दिए सरह अर्ती दिएका छन् । हनुमानले सीता खोजी गर्ने क्रममा लङ्काकै निवासी स्वयं प्रभाबाट निकै ठूलो सहयोग लिएको पाइन्छ । किष्किन्धामा बालीको अत्याचारको बारेमा श्रीरामलाई अवगत गराउने पनि नारी रोमा (सुग्रीवकी पत्नी) थिइन् । रामायणमा बालीकी पत्नी ताराको पनि उत्तिकै स्थान छ । यसरी नारीको शक्ति र सहयोगको बारेमा प्रकाश पार्दै नारी भनेको शक्तिको स्रोत भएकाले जगतमा नारीहरू पूजनीय छन् र यिनीहरूको सम्मान गर्नुपर्छ भन्दै भाइ लक्ष्मणलाई सम्झाएको अंश यहाँ प्रस्तुत गरिएको छ । शायद यही वाक्यांशको सारलाई चाणक्यले पनि आफ्नो नीति श्लोकमा उद्धरण गरेको हुनुपर्छ । उनले पनि भनेका छन् -

यत्र नार्यस्तु पूज्यन्ते, रमन्ते तत्र देवता । यत्र नारी न पूज्यन्ते सर्वा तत्राऽफला क्रिया ॥ जहाँ नारीको सम्मान हुन्छ त्यहाँ गरिएका सबै कार्यहरू सफल हुन्छन् र जहाँ नारीको अपमान हुन्छ त्यहाँ गरिएका सबै कार्यहरू निष्फल हुन्छन् । यही कुरा रामले लक्ष्मणलाई बुझाउन यी माथि प्रस्तुत गरिएका उदाहरणहरू दिएको बुझिन्छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चवटीमासुर्पणखाको आगमन

रामको हातबाट आफ्नो मृत्यु हुने कुरा थाहा पाएको रावणले आफ्नो बुझाइमा रामको हत्या वा रामलाई बन्दी बनाएर राख्न सकेमा आफू अमर रहन सक्ने र आफ्नो पराक्रमबाट तीनै लोकमा आधिपत्य जमाई आजीवन सम्राट चक्रवर्ती बनेर बस्ने कल्पनामा रावण डुबेका हुन्छन् । कदाचित् युद्धमा पराजित हुनु परे वा मृत्यु वरण गर्नु परेमा पनि आफ्नो राक्षस योनिबाट मुक्ति पाउने कुरामा निश्चित बनी रामसँग युद्धको निमित्त निहुँ खोजिरहेका हुन्छन् । यसै कारण रामसँग युद्ध गर्न रामको वनवासको वेलामा उपयुक्त हुने ठानी रामको बसाइको गतिविधि बुझ्न शूर्पणखालाई पञ्चवटी पठाएका हुन्छन् ।

सुर्पणखाको जीवनी अध्ययन गर्दा पाताल देशका राजा कालकेयका पुत्र विद्युज्जिह्वा सँग यिनको विवाह भएको हुन्छ । उनी कालकेयका पुत्रमात्र नभएर उनका सेनापति पनि हुन्छन् । विद्युज्जिह्वा एक सुन्दर राजकुमार भएको हुनाले यिनी सँगको प्यारमा सुर्पणखा आसक्त बनेकी हुन्छिन् । आफ्नो शत्रुसँग आफ्नै बहिनीले सम्बन्ध बढाएकोमा रावणको चित्त बुझेको भने हुँदैन । दाजु रावण र विद्युज्जिह्वाको बिचमा मिलाप न देखेपछि मागी विवाह सम्भव नहुने ठानी शूर्पणखाले आफ्नो जीवन आफ्नै निर्णयमा चलाउनुपर्ने निश्चय गरेर विद्युज्जिह्वा सँग प्रेम विवाह गरेर पाताल जान्छिन् । यता रावणले आफ्नो इच्छा विपरीत आफ्नै शत्रुसँग बहिनीले सम्बन्ध स्थापित गरेकोमा भने उसको चित्त बुझेको हुँदैन । यही कारणले पनि रावणले पातालमा आक्रमण गरेर विद्युज्जिह्वालाई वध गरी बहिनीलाई फर्काएर ल्याउन सेना पठाउँछन् भने उता स्वयं विद्युज्जिह्वा रावणसँग मैत्री सम्बन्ध स्थापना गर्न शूर्पणखालाई नै लिएर लङ्का आइपुग्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लङ्कामा आएको वेला रावणले बहिनीलाई आफ्नो जिम्मा लिई विद्युज्जिह्वाको त्यहीँ वध गरिदिन्छन् । बहिनीको प्रेमी विद्युज्जिह्वाको आफ्नै हातबाट वध भएको हुनाले बहिनीको सान्त्वनाको निमित्त उनलाई निकै लाड प्यारमा राखिएको हुन्छ । रामको वन बासको वेला रामको बसाइको गतिविधि अध्ययन गर्न यिनै शूर्पणखालाई पञ्चवटी पठाएको थियो । उनी एकल महिला हुनुले पनि त्यहाँ रहेका वनवासी रामलाई देखी मोहित हुन्छिन् र रामसँग विवाहको निमित्त प्रस्ताव राख्न पुगेकी हुन्छिन् ।

सुर्पणखाको प्रस्तावलाई रामले मजाकको रूपमा लिन्छन् र आफ्नो साथमा श्रीमती सीता भएको हुनाले लक्ष्मण खाली छन् भन्दै लक्ष्मणतर्फ पठाउँछन् । लक्ष्मणले म रामको सेवक हुँ, जाऊ रामलाई भन भनेर उतै पठाउँछन् । आफूलाई घरी यता घरी उता गराएको शूर्पणखालाई मन पर्दैन र लक्ष्मण अविवाहित भएको बुझी अव यिनलाई नछोड्ने भन्दै लक्ष्मणको पछि पर्छिन् । आफ्नो इच्छा विपरीत आफ्नो पछि लागेको देखी लक्ष्मणले आफ्नो तरबार उठाएर सुर्पणखाको नाक काटी दिन्छन्।

रावणको भाइ पर्ने खर दूषण त्यही पञ्च वटीको नजिक बसेर ऋषिहरूको गतिविधिको चियोचर्चो गर्ने गर्थ्यो । आफ्नो नाक काटिएपछि शूर्पणखाले यिनै खर दूषण मार्फत राम र लक्ष्मणसँग बदला लिन आफ्नो काटिएको नाक देखाउन जान्छिन् । सम्बन्धमा सुर्पणखा आफ्नी बहिनी पनि पर्ने भएको हुनाले खर दूषण वनवासी राम र लक्ष्मणसँग आक्रोसित हुन्छ र युद्ध गर्न जाइ लाग्छ । यसै वेला रामको हातबाट खर दूषणको पनि मृत्यु हुन्छ । खर दूषणको मृत्यु भएपछि सुर्पणखा त्यहाँबाट सिधैँ आफ्ना दाजु रावणलाई भेट्न लङ्का पुग्छिन् र आफ्नो काटिएको नाक दाजु रावणलाई देखाउँदै पञ्चवटीमा भए घटेका सबै घटनाहरूको बेलीबिस्तार सुनाउँछिन् । रावणलाई पनि आफ्नी बहिनीमाथि यस्तो अपमान भएकोमा राम प्रति रिस उठ्छ र रामसँग बदला लिने हेतुले रामकी पत्नी सीतालाई अपहरण गर्ने योजना बनाउँछ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रावणद्वारा सीताजीको अपहरण

रावण र उनका मामा मारिचमा मायावी रूप (इच्छानुसारको रूप) धारण गर्न सक्ने क्षमता भएको हुनाले आफ्नो योजनामा साथ दिन रावणले मारिचलाई आफ्नो दरबारमा झिकाउँछ र आफ्नो योजनानुरूप पञ्चवटी रामको कुटीमा गई मायावी रूपबाट सुनको मृग बनेर छलमा पारी रामलाई कुटीदेखि टाढा पुर्याउने र त्यसै वेला आफूले सीताको हरण गर्ने सल्लाह मिलाउँछ। मारिच सुनौलो मृग बनेर पञ्च वटीको बगैँचामा आई सीताको नजरमा यता र उता गर्न थाल्छ । महिलाको स्वभाव नयाँ किसिमको कुनै पनि वस्तु देखेपछि मोहित भइ हाल्ने हुनाले सीता पनि यो मृगदेखि आकर्षित भई यो मृगका बुट्टे छालाको चोली बनाएर लगाउन इच्छा भएको भन्दै रामलाई मृग मार्न जान विवश बनाउँछिन् ।

सीताको यो अनावश्यक हठदेखि यो अवश्य छल हुन सक्छ, सुनको मृग त हुनै सक्दैन भनी सम्झाउँदा पनि रामको केही लाग्दैन र लक्ष्मणलाई सीताको रेखदेखमा राखी आफू मृग मार्न बगैँचातर्फ जान्छन् । मृगले पनि रामलाई अलि टाढै पुर्याउन पर-पर भाग्दै जान्छ र केही टाढा पुगेपछि रामले छोडेको तीरको निसानामा परी हाय... लक्ष्मण ! भन्दै जमिनमा लड्छ। हाय.. लक्ष्मण ! भनेको शब्दलाई सीताले भाइ लक्ष्मण भनेको सुनी दाजुलाई केही विपत् परेको हुन सक्ने भन्दै लक्ष्मणलाई दाजुसँग जान आग्रह गर्छिन् । लक्ष्मणलाई यो कुरोको विश्वास लाग्दैन र उनले अस्वीकार गर्छन् । 'दशा लागेको वेला मति बिग्रन्छ' भन्ने भनाइ जस्तो लक्ष्मणले सीताको आज्ञाको अपहेलना गरेको ठानी अप्रिय शब्द प्रयोग गरेर दाजुसँग जान दबाब दिन्छिन् । यो शब्दले लक्ष्मण अधैर्य हुन्छन् र सीतालाई रेखा बाहिर ननिस्कन भन्दै एउटा सीमा रेखा खिँची आफू सीताको आज्ञालाई शिरोधार्य गर्दै दाजुतर्फ लाग्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मण बगैंचातर्फ लाग्ने बित्तिकै यता रावणले मायावी रूपमा संन्यासीको भेष धारण गरेर भिक्षाटन गर्न कुटीको द्वारमा आइ पुग्छ र अलग जगाउँछ। योगीको आवाज सुनेपछि सीता बाहिर निस्कन्छिन् । त्यहाँ योगीलाई देखी सीधा लिएर भिक्षा दिन तयार हुँदा योगीले लक्ष्मण रेखाको भित्रबाट दिएको भिक्षा लिन अस्वीकार गर्छन् र योगीलाई खाली हात पठाएमा अनर्थ हुने ठानी सीताले लक्ष्मण रेखाको बाहिर निस्की भिक्षा दिन लाग्दा योगीले आफ्नो वास्तविक रूप धारण गरी आफ्नो शक्तिद्वारा सीतालाई आफ्नो कब्जामा लिन्छ र आफ्नो पुष्पक विमानमा राखी आकाश मार्गद्वारा लङ्का तर्फ लाग्छ ।

लक्ष्मणले सीतालाई एक्लै छाडी आफैतर्फ आएको देखी मृगले मर्ने समयमा लक्ष्मणको नाम लिनु र लक्ष्मणले सीतालाई कुटीमा एक्लै छाडेर निस्कनु लाई विषम परिस्थिति सृजना भएको हुनसक्ने ठानी राम हतार-हतार कुटीतर्फ लाग्छन् । कुटीमा पुग्दा कुटीमा सीतालाई न देखेपछि राम लक्ष्मण दुवै मूर्छित हुन्छन् र सीताको खोजीतर्फ यिनको गन्तव्य मोडिन्छ। सीताको हरणपछि राम सीताको खोजीमा निस्किँदा यहाँका बासिन्दा कसैसँग पनि बिदाबारी नभई आश्रम छाडेर गएका हुनाले राम जति वेला पनि फर्केर यहाँ आउन सक्छन् भन्ने मान्यतामा यहाँका बासिन्दाहरू रहेको हुनाले यहाँका बासिन्दाहरू ले राम अद्यापि यहीं भएको ठान्छन् भन्ने भनाइ पनि छ । त्यसैले पनि यो पञ्चवटी स्थललाई अन्य तीर्थभन्दा बढी महत्त्वको दृष्टिले हेर्ने गरिन्छ ।

यहाँबाट उनीहरू सर्व तीर्थ, पर्ण शाला, तुङ्ग भद्रा, शबरीको आश्रम, ऋष्यमूक पर्वत, कोडिकरई, रामेश्वरम् धनुष कोठी (यी सबै स्थल भारतमै पर्दछन्) सम्म यिनको पैदल यात्रा चलेको पाइन्छ । यहाँबाट सेतु निर्माण गरेपछि बल्ल लङ्का प्रवेश हुन्छ। यिनको यात्राका क्रममा यिनी जहाँ-जहाँ हुँदै गए त्यहाँ-त्यहाँ आज उनको आगमनको सम्झनामा तीर्थ स्थलहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनेका छन् । कैयौँ ऋषि, महर्षिहरूसँग भेट गरी उनीहरूबाट शिक्षादीक्षा ग्रहण गरेका छन् । आफ्नो यात्रा क्रममा त्यहाँका आदिवासीहरूको समूहमा आवद्ध भई उनीहरूलाई धर्मको महत्त्व बुझाउँदै सत्कर्ममा लाग्न प्रेरणा दिएका छन् ।

श्रीरामजीको दोस्रो भेट

सीताको खोजीमा पञ्च वटीबाट निस्केपछि अगाडि बढ्दै जाँदा बाटोमा विभिन्न राक्षसहरूसँग यिनको जम्का भेट हुन्छ । आफ्नो सम्पर्कमा आएका सबै राक्षसहरूको वध गर्दै बाटोमा भेटिने अन्य जीवजन्तु प्राणीहरू सबैसँग सीताको बारेमा जानकारी लिंदै अगाडि बढेका हुन्छन् । जाँदै गर्दा बाटोमा एउटा घायल जटायु भेटिन्छ । रामले यो जटायुलाई असक्त अवस्थामा देखी जानकारी लिन जटायु भएतर्फ अगाडि बढ्छन् र आफ्नो परिचय दिई जटायुलाई प्रणाम गर्दै उनको परिचय लिन्छन् । जटायुले रामलाई चिनी प्रणाम गर्दै रामको पञ्चवटी क्षेत्रमा आगमनको वेला रामसँग भेट भएको र रामलाई पञ्चवटी क्षेत्रसम्म पुर्याउन गएको कुरा रामलाई अवगत गराउँछन् ।

आफू घायल हुनु परेको प्रसङ्गमा एक दिन रावणले सीतालाई हरण गरी पुष्पक विमानद्वारा आकाश मार्ग हुँदै लैजाँदै गरेको देखी आफूले पुष्पक विमानमा आक्रमण गर्न लाग्दा रावणको प्रहारबाट आफ्ना पखेटा काटिन गई छिन्नभिन्न भएको र त्यही समयदेखि जमिनमा लडिरहेको कुरा रामलाई सुनाउँदै गर्दा राम जटायु प्रति प्रभावित भई उनलाई आफ्नो काखमा लिई सान्त्वना दिंदै गरेका हुन्छन् । यति वेला जटायुले रामको स्पर्शको वेला प्राणत्याग गर्न पाएमा आफूलाई यो भौतिक संसारमा पुनर्जन्म लिन नपर्ने ठानी उनकै काखमा प्राणत्याग गर्छन् । रामले पनि आफ्ना पिताका सखा भएकोमा आफ्नै काका समान सम्झी आफू पनि एक पुत्र समान हुनुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हैसियतले यहीँ यिनको अन्तेष्टीको कृयाक्रम गरी पितृ उद्धारको काम पनि गरेका छन् । यसरी उनी सीताको खोजी गर्दै अगाडि बढ्ने क्रममा किष्किन्धा नगरमा पुग्छन् ।

शवरी

सवरी एक शबर जातिकी भिल्ल मुखिया (राजा) की छोरी राजकुमारी थिइन् । यिनको नाम श्रवणा थियो । एक दिन यिनले एक भिल्ल कुमारसँग आफ्नो विवाह तय भएको थाहा पाई उनी त्यहाँबाट भागेर दण्डकारण्यमा आश्रम गरेर रहेका मातङ्ग ऋषिको आश्रममा आई उनैको चेली बनेर श्रीरामको भक्तिमा लागी आफ्नो दिन चर्या बिताइ रहेकी हुन्छिन् । श्रीराम सीताजीको खोजीमा जाँदै गर्दा मातङ्ग ऋषिको आश्रम नजिक पुगेको बेला शबरीको बारेमा थाहा पाउनु हुन्छ र शबरीलाई दर्शन भेट दिनको निमित्त शबरीको आश्रम तर्फ लाग्नुहुन्छ । उता शबरीले पनि राम सीताजीको खोजीमा यही बाटो गरी आउँदै हुनुहुन्छ भन्ने सूचना पाएर श्रीरामको स्वागतार्थ वहाँ आउने बाटोमा राम्रा-राम्रा सुगन्धित फूलहरू बाटोमा बिछाई फूलै फूलले बाटो सजाएर श्री रामको आतिथ्य सत्कारको निमित्त भनि मीठा-मीठा फलहरू खोजी गरी आफूलाई मीठो लाग्ने फलहरू मात्र अलग्याई छुट्याएर श्रीरामको निमित्त भनी राखेकी हुन्छिन् । राम सवरीको आश्रममा आइ पुग्दा शबरीले रामलाई चिनी उनी हर्षले विभोर हुन्छिन् र राम लक्ष्मणको स्वागत गर्दै आफ्नो कुटीसम्म पुर्याई आसन ग्रहण गराउँछिन् । आफूले रामको निमित्त भनी छुट्याई राखेका फलहरू ल्याएर श्रीराम र लक्ष्मणलाई टकार्दै आतिथ्य सत्कार गर्छिन् । शबरीले रामलाई सीताको खोज गर्न सहजताको निमित्त ऋष्यमूक पर्वतमा रहेका वानर राज सुग्रीवसँग मिल्न सल्लाह दिन्छिन् । त्यहाँवाट शबरीले आफ्ना गुरु ऋषि मातङ्ग सँग भेट गराउन ऋषिको आश्रममा श्रीराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मणलाई लिएर जान्छिन् र आश्रममा पुगेपछि रामकै अगाडि नै उनले आफ्नो देह त्याग गर्छिन् र श्रीरामको कृपाले उनी वैकुण्ठ लोक प्रस्थान गरेपछि राम लक्ष्मण सुग्रीवको खोजीमा ऋष्यमूक पर्वततर्फ प्रस्थान गर्छन् ।

किष्किन्धा नगरी

भारतको कर्नाटक राज्यमा पर्ने तुङ्गभद्रा नदीको आसपासमा किष्किन्धा नगर पर्दछ । यस शहरमा रामायण कालीन समयमा बाली र सुग्रीवको राज्य थियो । बालीको विवाह वानर वैद्यराज शुषेणकी छोरी तारासँग भएको हुन्छ, भने सुग्रीवको विवाह रुमा (रुमाको वंश पत्ता नलागेको) सँग भएको थियो । बाली किष्किन्धाका राजा थिए । एक दिन बाली र सुग्रीव दुवै जना मायावी दुन्दुभिलाई मार्न उसको पछि लाग्दै जाँदा मायावी दुन्दुभि एउटा ठूलो गुफाभित्र छिर्न पुग्छ । मायावी गुफाभित्र छिरेपछि बालीले सुग्रीवलाई गुफाको बाहिर द्वारमा पहरा राखी आफू गुफाभित्र छिर्छन् । गुफाभित्र दुन्दुभी र बालीको भीषण युद्ध हुन्छ । भित्रबाट रगतको खोलो बगेर बाहिर निस्कन्छ । यति हुँदा पनि बाली बाहिर न निस्किएपछि बालीको अवश्य पनि मृत्यु भइसकेको हुनसक्ने महसुस गरी मायावी दुन्दुभि फेरि बाहिर निस्केर आफूमाथी आक्रमण गर्न नसकोस् भनेर गुफाको द्वारमा एउटा विशाल ढुङ्गा राखी सुग्रीव किष्किन्धा दरबारतर्फ फर्किन्छन् र दाजुको बारेमा अशुभ खबर सुनाई भाउजूलाई पनि आफ्नो संरक्षणमा लिई किष्किन्धा नरेशको उत्तराधिकार वहन गरी राज्य सञ्चालन गर्न शुरू गर्छन् ।

बालीले दुन्दुभिलाई मारिसके पछि गुफाबाट बाहिर निस्कन खोज्दा द्वारमा ढुङ्गाले छोपेको देखी यो ढुङ्गालाई भित्रै बाट धकेली द्वार खुल्ला गराउँछन् र बाहिर सुग्रीवलाई खोज्दा कतै न देखेपछि यो गुफाको ढोका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बन्द गर्ने काम पनि सुग्रीवबाट भएको हुनुपर्छ भन्दै सुग्रीवको नियतमा शङ्का गर्दै दरबार फर्किन्छन् । दरबारमा आउँदा सुग्रीवले राज्यारोहण गरी बसेको देखी धोखापूर्ण तरिकाले राज्य अधिग्रहण गरेकोमा सुग्रीवको धनसम्पत्ति र श्रीमतीसमेत सबै जफत गरी सुग्रीवलाई त्यहाँबाट निष्कासन गरि दिएका हुन्छन् । यसरी निष्कासन भएका सुग्रीव ऋष्यमूक पर्वत (जहाँ ऋषि मातङ्गको श्रापको कारण बाली त्यहाँ जान हुँदैनथ्यो) मा जान्छन् र आफ्नो सुरक्षाको निमित्त त्यहीं एउटा गुफामा आश्रय लिएर बस्छन् ।

हनुमानको परिचय

वायु एवं अञ्जनी पुत्ररहित भएको वेला पुत्र प्राप्तिको निमित्त शिवको तपस्या गर्न गएका हुन्छन् । रामको वनवासको वेला पर्न सक्ने दुर्घटनाका बारेमा शिवलाई पहिल्यै थाहा हुन्छ र सङ्कटको वेलामा रामलाई हनुमानको सहयोग आवश्यक हुने ठानी अन्जनीलाई वरदान दिने क्रममा अञ्जनी बाट जन्म लिने बालकमा आफ्नो अंश प्रवेश गराउने निर्णय लिई 'तथास्तु' भनी वरदान दिएका हुन्छन् । यसरी हनुमानले जन्मैदेखि शिवको अंश धारण गरेका हुनाले यिनमा अलौकिक काम गर्न सक्ने क्षमता रहेको हुन्छ। यिनी नीतिवान् ज्ञानी र बलवान पनि हुन्छन् । यसै कारण हनुमानलाई शिवको एघारौं अवतारको रूपमा पनि लिइएको छ ।

रामका भक्त हनुमान् भएर हो वा हनुमान् शब्दको पर्यायवाची शब्द भक्त हो ? कोही व्यक्तिले कसै प्रति बफादारी गरेको देख्यौं भने हामीहरू पनि फलानु व्यक्ति त फलानुको हनुमान् हो भन्छौं । यो अर्थले पनि हनुमान् भन्ने बित्तिकै भक्त भन्ने बुझिन्छ । हनुमानको शरीर वज्र समान भएको हुनाले यिनलाई बजरङ्गबली पनि भनिन्छ । हनुमानलाई रातो सिन्दूर चढाउने प्रचलन छ। यसको कारण के हो भने रामको दरबारमा हनुमानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यदेखि सन्तुष्ट भएर सीताले हनुमानलाई मोतीको एउटा माला उपहार दिएकी हुन्छिन् । यो माला हनुमानले सिधैँ स्वीकार नगरी एक-एक दाना निकालेर यसमा रामको नाम कतै अङ्कित छ छैन भनेर कोल्ट्याई पोल्ट्याई हेर्दै गर्दा रामको नाम कतै नदेखे टोकेर त्यसलाई फुटाल्दै भित्री भागमा कतै रामको नाम अङ्कित छकी भनेर हेर्न थाल्छन्। हनुमानको यो चाला देखेर सीताले सोध्छिन् - हनुमान् ! किन यसरी मोतीको नाश गरेको ? हनुमान् भन्छन् - जुन वस्तुमा रामको नाम अङ्कित छैन त्यो वस्तु मलाई के काम ? सीता भन्छिन् - तिमीसँग पनि त राम हुनुहुन्न । यति वेला हनुमानले आफ्नो छाती चिरेर आफ्नो हृदयभित्र विराजमान भएका राम र सीताको प्रतीक देखाएर रामको परम भक्त भएको कुरा पुष्टि गरिदिएका छन् । यसै वेला यो छातीबाट बगेको रगत बन्द गर्न सीताले हनुमानको छातीमा सिन्दूर लेपन गरी दिएकी हुन्छिन् । हनुमानको यही पीडालाई आफ्नो पीडा सम्झेर दर्शनार्थी हरूले पनि हनुमानको छातीमा सिन्दूर दली दिने परम्परा चलेको अद्यापि यही चलन परम्परागत रूपमा चली आएको छ । (हाम्रो शरीरमा पनि कतै काट्यो वा चोट लाग्यो भने सिँदुर राखि दिनु पर्छ तत्काल रगत बन्द हुन्छ) ।

हनुमानको जन्मको उद्देश्य सीताको खोजीमा रामलाई साथ दिनु भएको हुनाले सीताको अपहरणपछि रामलाई हनुमानको आवश्यकता पर्ने ठानी हनुमानका पिता वायु केशरीले हनुमानलाई लिएर रामसँग भेट गराउन किष्किन्धा आएका हुन्छन् । किष्किन्धामा आइपुग्दा वायु केसरी र सुग्रीवको भेट परिचय हुन्छ । भेटको प्रसङ्गमा वायु केशरीलाई सुग्रीवको परिस्थितिको बारेमा सबै अवगत हुन्छ । यता रावणद्वारा सीताको हरण भएको र राम सीताको खोजीमा निस्केको कुरा पनि वायु केशरीलाई पहिले थाहा भइसकेको हुन्छ । राम पनि यही पम्फा सरोवर ऋष्यमूक पर्वत हुँदै आउने चाल पाएर हनुमानलाई यहीँ सुग्रीवको साथमा छोड्ने निधो गर्छन् । यता सुग्रीवले पनि आफूलाई दाजु बालीको भय रहेको हुनाले हनुमानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साथ पाउँदा खुसी महसुस गर्छन् । हनुमानको साथ पाएपछि सुग्रीवले पनि वानरहरूको साथ लिई एउटा सानो सुरक्षा दल खडा गर्छन् ।

यसै वेला पम्फा सरोवर ऋष्यमूक पर्वतमा दुईजना मानिस आएको देखिन्छ। दाजु बालीको भयदेखि त्रसित भएका सुग्रीवले यी मानिसलाई देखेपछि बालीले कुनै जासुसी छोडेको पनि हुन सक्ने ठानी हनुमानलाई बुझ्न पठाउँछन् । हनुमानले पनि मायावी (रूप परिवर्तन गर्न सक्ने क्षमता) शक्तिद्वारा एक तिलक धारी ब्राह्मणको रूप धारण गरी यी आगन्तुक समक्ष पुग्छन् र आफू एक ब्राह्मण भएको र ऋष्यमूक पर्वतमा एक वानर राजको राज्यमा सचिवको रूपमा काम गर्दै आएको बताउँदै यी आगन्तुकको परिचय लिने काम गर्छन् । यी आगन्तुकहरू अयोध्या निवासी दशरथ पुत्र राम र लक्ष्मण भएको थाहा पाई हनुमानले आफ्नो वास्तविक परिचय दिई आफ्नो हनुमानको सक्कली रूप धारण गर्छन् र रामको दर्शन गर्छन् । रामलाई पनि हनुमानको बारेमा पहिल्यै अवगत भएको हुन्छ । यसरी हनुमान् र रामको मिलन भएपछि हनुमानले सुग्रीवको बारेमा अवगत गराई ऋष्यमूक पर्वतमा लैजान्छन् र सुग्रीवसँग रामको परिचय गराइदिन्छन् । यसरी राम र सुग्रीवको बिचमा मित्रता कायम हुन्छ ।

उता सीतालाई रावणले हरण गरेर लगे पछि सीताले रामलाई आफ्नो खोजी गर्न सहज होस भनि ठाउँ ठाउँमा कुनै न कुनै वस्तु विमान देखि खसाल्दै जाने गर्थिन् । यही दसी प्रमाणको आधारमा राम लक्ष्मणले सीताको डोरो मेलो पिछा गर्दै हिँडेका हुन्छन् । ऋष्यमूक पर्वतको माथि आइ पुग्दा यहाँ उनले आफ्ना गहना जति एउटा कपडामा पोको पारी तल खसालेकी हुन्छिन् र यो पोको सुग्रीवले फेला पारी राखेका हुन्छन्। जव राम लक्ष्मणको भेट सुग्रीवसँग हुन्छ यति बेला सुग्रीवले यो गहना सीताजीको हुन सक्ने अन्दाज लगाएर लक्ष्मणलाई यो गहना चिन्न लगाउँछन् । तर यहाँ गजबको कुरा त के छ भने लक्ष्मणले सीताले पहिरेका बाहृय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधोवस्त्र वाहेक उपरि परिधानका वस्तुमा उनको नजर पनि परेको हुँदैन। किनभने उनले सीता मातालाई कहिल्यै ठाडो नजरले हेर्दैनथे। त्यसैले लक्ष्मणले यी गहनाको बारेमा आफू अनभिज्ञ रहेको जनाई यी गहनाको बारेमा दाजु रामलाई नै प्रस्न गर्न लगाउँछन्। रामले यी गहना देखे पछि सीताका गहना भनेर चिन्नु हुन्छ र सीतालाई यही बाटो हुँदै लगेको रहेछ भनी अड्कल् काट्न सहज हुन्छ।

बाली र सुग्रीव बिचको युद्ध

किष्किन्धामा वानर जातिको राज्य हुन्छ। यहाँका बासिन्दालाई वानर भनिए तापनि वास्तविक वानर भने हुँदैनन्। यिनीहरूका पुर्खा वानर जातिका भएको हुनाले यिनीहरू जङ्गली मानव (हाम्रा राउटे समुदाय जस्ता) हुन्छन्। यिनीहरू आफ्ना पुर्खा वानर भएको गौरवमा आफूहरूलाई पनि यही समुदायको हो भन्ने पहिचान गराउन कृतिम पुच्छर राखी वानरको जस्तो मुख बनाउने प्रचलन रहेको हुन्छ। पवनपुत्र हनुमान्, हनुमानका पुत्र मकरध्वज, बाली, सुग्रीव र बालीका छोरा अङ्गदमा दैवी शक्ति प्रवेश भएको हुनाले यिनीहरू अरू बाँदर जातिभन्दा विशेष प्रकृति र फरक स्वभावका हुन्छन्। यहाँका शासक पनि वानर जातिका यिनै बाली थिए। बाली र सुग्रीवका पिता माताका बारेमा फरक-फरक किंवदन्तीहरू पाइन्छन्। यहाँ सम्भावित प्रसङ्गलाई उद्धृत गरी अध्ययन गर्दा यिनीहरूकी माता एउटै भइकन पनि पिता भने फरक-फरक भएको पाइन्छ।

बाली इन्द्र देवका पुत्र थिए भने सुग्रीव सूर्य देवका। यी दुवैकी माता एउटै हुन्छिन् जो ऋक्ष राज को मायावी रूप अप्सराबाट यिनीहरूको जन्म भएको हुन्छ। यिनीहरूमा जेठा बाली र कान्छा सुग्रीव हुन्। बालीलाई आफ्ना पिता इन्द्रद्वारा एउटा माला मिलेको हुन्छ। यो मालामा एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गजबको शक्ति हुन्छ। जो व्यक्ति बालीको सम्मुखमा पर्छ उसमा रहेको आधा शक्ति बालीलाई जान्थ्यो। जसको कारण बालीलाई युद्धमा कहिल्यै कसैले हराउन सक्दैनथ्यो। एक पटक रावणले बालीको शक्ति थाहा पाएर उसको शक्तिको पहिचान गर्न बालीसँग युद्ध गर्न किष्किन्धा आएको थिए। बालीले रावणको चुरीफुरीलाई देखेर उनलाई आफ्नो मुठ्ठीमा कसी काखीमा च्यापी दिएका हुन्छन्। रावणले बालीको शक्ति थाहा पाएपछि यिनबाट सुरक्षित हुन यिनैसँग मित्रता कायम गर्दा उचित हुने सम्झी मित्रताको प्रस्ताव राख्छन् र बालीसँग सबन्ध जोडी बिदा भएका हुन्छन्।

आफ्नै दाजु बालीद्वारा श्रीमती रुमाको समेत हरण भई पीडित हुन पुगेका सुग्रीवको घटनाले रामको मन विक्षिप्त हुन पुग्छ। हुनत बालीसँग युद्ध गर्न जो कोही पनि बालीको अघि पर्ने बित्तिकै विपक्षीको आधा शक्ति बालीमा सर्ने भएको हुँदा बालीलाई युद्धमा पराजित गराउन कसैको सामर्थ्य हुँदैनथ्यो। रामलाई यो कुरा पहिल्यै थाहा भएको हुनाले विना छल बालीको वध हुन नसक्ने ठानी बालीको साथमा सुग्रीवलाई युद्ध गर्न लगाई आफू पछाडिबाट लुकेर बाण चलाउँछन् र बालीको मृत्यु भएको हुन्छ।

बालीका पक्षधरहरूले रामद्वारा बाली माथि छल गरी हत्या गरिनुलाई रामद्वारा बाली माथि अन्याय गरिएको ठहर गर्नेहरू पनि छन्। तर रामको हकमा यो नियम लागू भएको मानिँदैन। किनभने राम जहाँ पनि अन्याय र अत्याचारको उन्मूलन गर्न आफ्नो यात्रा तय गरेका हुनाले यहाँ बालीद्वारा सुग्रीवमाथि भएको अन्याय र अत्याचारको बदला लिनुका साथै उनमा रहेको अदृश्य शक्तिको अभिमान पनि तोड्नु आवश्यक ठानी उनले यो छलको प्रक्रिया अपनाएको देखिन्छ।

यता बालीको निधनपछि ताराले बिलौना गर्दै रुन थाल्छिन् र आफ्नो पतिलाई जीवित नतुल्याई दिएमा आफ्नो सतीत्वको शक्ति प्रयोग गरेर रामलाई श्राप दिन तयार हुन्छिन्। राम भन्छन् - मैले त केही गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैन। तिमीले बालीको यही स्थूल शरीरलाई पति मान्छ्यौ भने यो शरीर यहीँ छँदै छ । भित्र रहेको जीवात्मालाई पति मान्छ्यौ भने त्यो कहिल्यै पनि न मर्छ न त जन्मिन्छ । त्यसैले यसमा खेद मान्नुपर्ने कुरै छैन । शरीर जीवात्माको वस्त्र जस्तै हो । उसले हरेक जुनीमा नयाँ- नयाँ वस्त्र परिवर्तन गर्छ । बालीमा रहेको आत्माले पनि यो शरीरलाई त्यागेर अर्को शरीर धारण गर्दछ । अर्को जुनीमा उनी एक जरा नामको व्याधाको रूपमा जन्म लिनेछन् । तिमी अहिले सुग्रीवसँग विवाह गरेर पुत्र अङ्गदको संरक्षक बनेर बस । पछि तिम्रो देहावसानपछि तिमी पनि अर्को जुनीमा तिनै जरासँग तिम्रो विवाह हुनेछ । त्यति वेलामात्र तिमीले बालीको साथ पाउने छ्यौ भनेर तारालाई सम्झाउँछन् ।

बालीको मृत्यु हुने वेलामा उनले रामलाई भनेका हुन्छन् - मैले आफूलाई अमर ठानेको थिएँ तर आज छलद्वारा मेरो हत्या हुन गयो । अर्को जुनीमा तिम्रो पनि मेरै हातबाट मरण हुनु परोस् भन्दै प्राणत्याग गर्छन् । रामको अर्को जुनी कृष्णावतारको वेला बालीले जरा नामको व्याधाको रूपमा जन्म लिएका हुन्छन् । यदुवंशको नाश गर्न उत्पन्न भएको मुसललाई समुद्रको किनारमा लगेर घोटेर चन्दन बनाई बगाउने क्रममा बचेको एउटा सुई जस्तो पातलो अवशेष त्यही नदीमा फ्याँकिएको हुन्छ । संयोगवश यो सुई एउटा माछाले खान पुग्छ । यो माछो पनि संयोग वश तिनै जरा नामको सिकारीको हातमा पर्न पुग्छ । त्यो सिकारीले माछा काट्दा, माछाको पेट भित्र यो सुइरो देखी यो सुइरो त शिकार खेल्न जाँदा काम लाग्छ भनेर सुरक्षित राखेको हुन्छ । पछि यही जरा नामको व्याधा शिकार खेल्न जाँदा ध्यानमा बसेका कृष्णलाई घामको धूप छाया भएको वेला मृग जस्तो मानी आफ्नो बाणमा यही सुईको ताँदो चढाई प्रहार गर्छ । जराको हातबाट जीवनको विसर्जन गर्नु परेको हुनाले संयोगवश यो सबै काकताली जुट्न गएको हुन्छ । व्याधाले आफ्नो गल्ती भएको महशुस गरी कृष्णसँग क्षमायाचना गर्दा कृष्णले यो पूर्व जन्मको संस्कार अनुरूप यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संयोग जुट्न गएको कुरा स्मरण गराउँदै यस घटनाको वास्तविकता उजागर गरि दिन्छन् । यसरी बालीको श्रापको कारण जराको हातबाट कृष्णको देहावसान भएको हुन्छ ।

यसरी ताराको विवाह सुग्रीवसँग पनि भएको हुन्छ र अङ्गदलाई किष्किन्धाको युवराजमा घोषणा गराई उत्तराधिकारीको पनि सुनिश्चित गरिन्छ । सुग्रीवले पनि श्रीरामबाट ठूलो सहयोग पाएकोमा प्रसन्नता प्रकट गर्छन् र एक मित्र हुनुको हैसियतले आफ्ना वानरादि फौज साथमा लिई उनी पनि रामको साथ लागी सीताको खोजीमा निस्कन्छन् । यसरी बालीको निधन भएको हुन्छ । यहाँ ताराको दोस्रो विवाह हुनुमा उनको आफ्नो कुनै भूमिका रहेको देखिँदैन ।

जाम्बवन्त

यिनलाई ऋक्ष जातिका प्राणीमा वर्गीकरण गरिएको पाइन्छ । हनुमानकी माता अन्जनीले यिनलाई दाजु बनाएकी हुनाले जाम्बवन्त र हनुमान् बिचमा मामा भाञ्जाको सबन्ध रहेको हुन्छ । यिनी किष्किन्धा राज्यका महामन्त्री (प्रधानमन्त्री) पनि हुन्छन् । सीताको खोजी कार्यमा श्रीरामको साथमा रहेर यिनले श्रीरामलाई ठूलो साथ दिएका छन् ।

सम्पाति

यिनी पनि गिद्ध प्रजातिका पंक्षी जटायुका दाजु हुन्छन् । यिनीहरूमा एक हजार कोश टाढासम्म देख्ने क्षमता रहेको हुनाले यीनमा पनि टाढा-टाढा सम्मको कुरा जानकारी लिन सक्ने क्षमता रहेको हुन्छ । राजा सुग्रीवको नेतृत्वमा निस्किएको टोली सीताको खोजी गर्दै दक्षिण हिन्द महासागरको निकट पुगेको वेला त्यहाँ एउटा टापुमा अजङ्ग को पक्षीसँग मिलन हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय लिने क्रममा यिनी तिनै जटायुका दाजु सम्पाति भएको थाहा हुन्छ र यिनैको सहयोगमा सीता रावणद्वारा अपहरित भई पुष्पक विमानद्वारा लङ्का पुर्याएको र त्यहाँ रावणको अशोक वाटिकामा राखेको कुरा यिनै सम्पातिद्वारा पुष्टि हुन्छ । यही सुराकीको आधारमा रामले सीताको खबर बुझ्न हनुमानलाई लङ्का पठाउने निधो गर्छन् । यसरी रामलाई सीताको खोजीमा पञ्चवटी आश्रमदेखि रामेश्वरम् (सेतु निर्माण स्थल) सम्म पुग्न ४५ दिन लागेको देखिन्छ ।

तपस्विनी स्वयम्प्रभा

यता लामो यात्रा र थकावटको कारण वानरादि फौजहरू सबै भोक र प्यासले व्याकुल भएका हुनाले सम्पातिको सल्लाह र सुझाव अनुसार उनीहरू किष्किन्धाको जङ्गलतर्फ कन्दमूलको खोजीमा निस्कन्छन् । कन्दमूलको खोजी गर्दै जाँदा जङ्गलको बिचमा एउटा गुफा देखा पर्छ। यो गुफा बाहिरबाट हेर्दा भित्र निकै अन्धकार देखिन्छ । गुफाको प्राकृतिक बनोटमा केही रहस्यमय देखिएकोले हनुमान् आफू धरातलभन्दा माथिबाट उडेर बाटो हेर्दै गुफाभित्र प्रवेश गर्छन् भने उनको साथमा गएका अन्य वानरहरू हनुमानको पछि लाग्दै सबै क्रमशः त्यो रहस्मयय गुफाभित्र छिर्छन् ।

गुफाभित्र जति पर गयो यो गुफा झनझन रहस्मयय देखिन्छ । धेरै भित्र पुगिसकेपछि त्यहाँ उनीहरूको अगाडि रङ्गीचङ्गी बत्तीहरूले झल्झलाकारमा सजाइएको एउटा सुन्दर दरबार देखिन्छ । दरबारको चारैतर्फ सुन्दर बगैंचाहरू सजिएका देखिन्छन् । बगैंचामा पनि विभिन्न फलहरू लटरम्म फलेका देखिन्छन् । भोकाएका वानरहरू यी फलहरू देखेर लोभिन्छन् । यस भित्रको रहस्य देखेपछि यसको वास्तविकता पत्ता लगाउन यहाँको आधिकारिक व्यक्तिको खोजीतर्फ लाग्छन् । हेर्दै जाँदा त्यहाँ भित्र एक तपस्विनी भेट्छन् र हनुमानले आफ्नो परिचयको साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रमणको उद्देश्यसमेत अवगत गराउँदै आफूहरू लामो दिनको यात्रामा रहेकोले भोकाएको हुँदा कन्दमूलको खोजीमा बाहिर निस्केको यथार्थता बताउँछन् । ती तपस्विनीले पनि यिनीहरू श्रीरामका सेना रहेछन् भन्ने बुझी पहिला यिनीहरूलाई फलफूल आदिले स्वागत गर्दै भोकबाट सन्तुष्ट तुल्याउँछिन् ।

हनुमानसमेतका वानरहरूको भोजन ग्रहणपछि ती तपस्विनीले यो गुफाको रहस्य हनुमानलाई बताउन शुरू गर्छिन् । यो गुफाभित्र रहेको यो सुवर्णमय भवनको बारेमा बताउँदै गर्दा उनी भन्छिन्, यो भवन दानव शिरोमणि मायासुरले विश्वकर्माद्वारा आफ्नो निवासको निमित्त बनाएको हुन्छ । संयोगवश स्वर्गकी अप्सरा हेमासँग यिनको प्रेम सम्बन्ध हुन पुग्छा स्वर्गका राजा देवराज इन्द्रले यो कुरा थाहा पाएर मायासुर राक्षसमाथि जाइ लाग्छन् र आफ्नो बज्रद्वारा प्रहार गरेर मायासुरलाई मारी दिन्छन् । त्यसपछि यो महलको स्वामित्व तिनै अप्सरा हेमाको जिम्मामा स्थानान्तरण हुन्छ । म सावर्णी (मन्वन्तर शासक १४ छन् तिनिहरू मद्धे ७ वटा त सावर्णी नै छन् । यिनैहरूको विस्तृत ज़ानकारी पाउन हाम्रो धार्मिक आस्था नामक पुस्तकको पेज ५५ र ५६ पढ्न पर्ने हुन्छ) की कन्या हुँ । मेरो नाम स्वयम्प्रभा हो । हेमा मेरी प्रिय सखी भएकीले उनले मलाई यो महलको रेखदेख निमित्त राखेकी छन् । यसको देखभाल अहिले मैले गर्दै आएकी छु भनेर सविस्तार बताउँछिन् ।

तपस्विनीले अगाडि भन्दै जान्छिन् - आजसम्म यहाँ आएका कोही जीवजन्तु फिर्ता गएका छैनन् तर तिमीहरू माथि आज यस्तो हुनेछैन । एक मिनटको निमित्त तिमीहरू सबैले आफ्ना आँखाका पलकहरू बन्द गर भनेर आँखा बन्द गर्न लगाउँछिन् । एक मिनटपछि आँखा उघारेर हेर्दा उनीहरू गुफाबाट बाहिर निस्की सकेका हुन्छन् । यसरी स्वयम् प्रभाले रामका सहयोगी हुन् भन्ने थाहा पाएपछि यिनीहरूलाई सकुशल उद्धार गरेकी हुन्छिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमानको लङ्का गमन

सम्पातिबाट सीताको सुराक पाएपछि इच्छा शक्ति भएका पवनपुत्र हनुमानलाई सीताको जानकारी लिन लङ्का पठाउने निर्णय हुन्छ र हनुमान् आकाश मार्गद्वारा लङ्का प्रस्थान गर्छन् । आकाशमार्गको बाटो उडिरहेको वेला तल समुद्रमा रहेकी एक राक्षसी सुरसामाथि हनुमानको छाया पर्न जान्छ । उनले ब्रह्माको तपस्या गरेर एउटा यस्तो वरदान पाएकी हुन्छिन् कि आफू समुद्री तहमा बस्दा आफू माथिबाट जसले पार गर्छ उसको छाया पक्रेर उसलाई खिँची आफ्नो आहार बनाउन सक्थिन्। हनुमान् लङ्का जाने क्रममा समुद्रको माथिबाट उड्दै गर्दा तल उनको छाया पर्छ र सुरसाले यो छाया समाती हनुमानलाई तल तान्छिन् ।

हनुमान् पनि आश्चर्य मान्दै तल ओर्लिन्छन् । सुरसाले भन्छिन् - मेरो आहारा निमित्त मैले तिमीलाई खिचेकी हुँ । म मेरो आहार यसरी नै पूरा गर्ने गर्छु । हनुमानले आफ्नो परिचय दिँदै भन्छन् - रामकी पत्नी सीतालाई रावणले हरण गरी लङ्का लगेको हुनाले सीताको खोजीमा हिँडेको हुँ भन्दा पनि राक्षसी सुरसाले नछाडे पछि उनले लौ कसरी खान्छ्यौ खाऊ भन्दै आफ्नो शरीरलाई फुलाएर ठूलो बनाउँछन् । सुरसाले पनि आफ्नो मुखको आकार बढाएर झन् ठूलो बनाउँछिन् । यसै क्रममा सुरसाको मुख ठूलो हुने गरी बढाएको वेला हनुमानले आफ्नो शरीरलाई सूक्ष्म बनाई सुरसाको मुखभित्र छिरेर बाहिर निस्कन्छन् । यसरी आफ्नो वाचा पूरा गरी सुरसासँग बिदाइ माग्न विन्ती गर्दा सुरसाले मैले तिम्रो क्षमताको पहिचान गर्न परीक्षा लिएकी थिएँ । ठीक छ तिमी तिम्रो लक्ष्यमा सफलता हासिल गर्ने छौ भनी हनुमानलाई आशीर्वाद दिन्छिन् र हनुमान् अगाडि बढ्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमानले लङ्का प्रवेश गर्नेबित्तिकै उनको नजरमा एउटा भव्य दरबार देखा पर्छ । यो के रहेछ भनेर बुझ्न खोज्दा त्यहाँ भगवान् रामको नाम उच्चारण गरेको सुनिन्छ । यो पक्का रामभक्त रहेछ भनी हनुमानले परिचय लिने क्रममा उनी रावणको कान्छो भाइ भैकन पनि रामको परमभक्त भएको थाहा पाई उनले पनि आफ्नो परिचय दिंदै म पनि रामको सेवक हनुमान् हुँ । रामकी पत्नी सीतालाई रावणले हरेर ल्याएको छ भन्ने सुराक पाएको हुनाले उनैको खोजीमा यहाँ आएको बताउँछन् ।

विभीषणले आफू तिनै रावणको भाइ विभीषण भएको र दुई भाइ बिचमा वैचारिक भिन्नता भएको हुनाले उनलाई दरबारदेखि अपमानित तरिकाबाट निकाला गरिएकोले हाल यहाँ आई रामको स्मरण गर्दै बसेको आफ्नो दुखेसो हनुमानसँग व्यक्त गर्छन् । विभीषणसँगको परिचयले लङ्काको वस्तुस्थिति बुझ्न र सीताको हालखबर लिन हनुमानलाई सहज हुन्छ । विभीषणद्वारा सीता अशोक वाटिकामा रहेको खबर पाई हनुमानले पहिला सूक्ष्म रूप लिएर लङ्का दरबारको वस्तुस्थिति अध्ययन गर्छन् र सीताजी रहेको वाटिकामा पुग्छन् ।

विभीषण

यिनी रावणका कान्छा भाइ हुन् । राक्षस कुलमा जन्म लिए पनि सत्मार्गमा लागेका हुनाले यिनलाई यक्ष मानिन्छ । यिनी रामका परम भक्त हुन् । रावणसँग यिनको भावनात्मक सबन्ध नमिल्ने हुनाले यिनले सधैँ एकल जीवन यापन गर्दै आएका हुन्छन् । रावणद्वारा सीताको हरणपश्चात् पनि यो कार्य निन्दनीय र अशोभनीय भएको हुनाले यसको परिणाम लङ्काको क्षति हुनुवाहेक अरू केही हुन नसक्ने भनी पटक-पटक रावणसँग सीतालाई स-सम्मान रामको जिम्मा लगाइ दिन अनुरोध गर्दै आएका

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् । यो कुराले यिनीहरू बिचमा झन् ठूलो मतभेद भएको हुन्छ । कालले कुतकुत्याइएको रावणले यो कुरा कहिल्यै मनन गर्दैन । उल्टै भाइ विभीषणलाई अपमानजनक व्यवहार गर्दै दरबारबाटै बाहिर निकालिदिएको हुन्छ ।

विभीषणसँग पनि मायावी शक्ति हुन्छ । जसको सहायताले यिनले पनि समय परिस्थिति हेरेर आफ्नो अवस्था परिवर्तन गर्न सक्थे । हनुमानद्वारा रामको आगमनको खबर पाउनासाथ विभीषण खुसीले गद-गद हुन्छन् र उनमा पनि हनुमानको जस्तै हावामा तैरिन सक्ने क्षमता भएको हुनाले तुरुन्त वायुयान सरह उडी रामको दर्शनमा रामको शिविरतर्फ लाग्छन् । रामको शरणमा पुगेपछि युद्धको वेला रामको पक्षबाट एक विश्वासपात्र भएर सहयोगीको भूमिकामा रही रामको मद्दत गर्छन् ।

हनुमान् वाटिकामा पुगेर त्यहाँ पनि सूक्ष्म रूपबाट सीताले छहारी लिनुभएको बोटको माथि गएर बस्छन् । त्यहाँ रहेर सीतामाथि हुने गरेका अन्याय अत्याचार आदिको सबै गतिविधि अध्ययन गरेर केही समय बिताएपछि एकान्त समयको अवसर पारी सीताको अगाडि आई आफ्नो वास्तविक स्वरूपमा उभिन्छन् र आफ्नो परिचय दिँदै रामले दिनुभएको पहिचानको चिनो औँठी झिकेर दिँदै रामको सबै हालखबर पनि बताउँछन् ।

यो औँठी देखेपछि सीतालाई हनुमान् रामका दूत रहेछन् भन्ने विश्वास हुन्छ र हनुमान् प्रति आभार प्रकट गर्छिन् । सीताको अनुमतिले त्यहाँ बगैँचामा भएका कन्दमूल टिपेर खान्छन् र आफ्नो शक्तिको प्रदर्शन गर्दै बगैँचाका रूखहरू सबै उखेल्ने र भाँची दिने गरेर तहस नसह बनाइदिन्छन् । हनुमानको यो चर्तिकला देखेपछि त्यहाँ सुरक्षा निमित्त रहेका सेनाहरूद्वारा यो सन्देश रावणसम्म पुग्छ र रावणको आदेशानुसार सेनाहरू आई हनुमानलाई गिरफ्तार गरी दरबारमा उपस्थित गराइन्छ ।

दरबारमा पुर्‍याएपछि रावणद्वारा उनलाई बस्ने आसनसम्म नदिई अपमान गरिन्छ । उनले पनि राजाको अगाडि आफ्नै पुच्छरद्वारा सिंहासनभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अग्लो गद्दी बनाउँछन् र आफू त्यही गद्दीमाथि बस्छन् । लङ्केशको अगाडि एउटा बाँदरले देखाएको अभिमान रावणलाई पच्दैन र उसले हनुमानको पुच्छरमा आगो लगाएर छोडी दिन आदेश दिन्छ । सबै सेना नायकहरू मिलेर पुच्छरमा आगो लगाइ दिन तेलमा भिजाइएका कपडा पुच्छरमा लपेट्न शुरू गर्छन् । उनले पनि पुच्छर लम्ब्याएर कपडा लपेट्दैमा सबैलाई हैरानी पुर्याउँछन् । उनीहरूले पुच्छरमा आगो झोसी दिएपछि हनुमानले यो पुच्छर लिएर दरबारको चारैतर्फ घुम्न थाल्छन् । हनुमान् जता-जता जान्छन् उतै-उतै आगोको ज्वाला दन्किन थाल्छ । एकैछिनमा दरबारको चारैतर्फ आगोका ज्वाला लपलपाउन थाल्छ । चारैतिर कोलाहल मच्चिन्छ । हेर्दाहेर्दै दरबार जलेर खरानी हुन्छ र हनुमान् वायुवेगले उडेर समुद्रमा पुगी आफ्नो पुच्छरको आगो निभाउँछन् । यसरी हनुमानले आफ्नो काम सम्पन्न गरी रामेश्वरमा मा फर्किन्छन् ।

सेतुबन्धको निर्माण

हनुमानको राय अनुसार सीतालाई लङ्कादेखि फिर्ता गर्न रावणसँग युद्ध नगरी फिर्ता ल्याउने सम्भावना देखिँदैन । यसैले वानर सेनाका साथ लङ्का प्रवेश गर्नुपर्ने भएपछि महासागरमा कि त समुद्रसँग विन्ती गरेर केही समयको निमित्त बाटो माग्नुपर्ने हुन्छ या त यहाँदेखि लङ्कासम्म जोड्ने चालीस किलोमिटर लामो पुलको निर्माण गर्नुपर्ने हुन्छ । यसैले राम पहिला समुद्रसँग बाटो माग्ने निर्णयमा पुगी समुद्रसँग बाटोको निमित्त प्रार्थना गर्छन् ।

समुद्रबाट कुनै प्रतिक्रिया प्राप्त नभएपछि उनी आक्रोसित भई समुद्रमाथि बाण प्रहार गर्न तयारी हुँदा समुद्र साकार रूपमा प्रकट हुन्छन् र आफूले श्रीरामको अवज्ञा गरेको नभई आफू श्री शिवको खटनमा चल्नुपर्ने भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले उहाँ को आज्ञा बिना आफूले कुनै निर्णय लिन नसक्ने हुँदा पहिला शिवको आज्ञा लिन श्रीरामलाई विन्ती गर्छन् । समुद्र महाराजाको सल्लाह मुताबिक रामले तत्काल शिव ज्योतिर्लिङ्गको स्थापना गरी शिवको आराधना गर्नुहुन्छ र शिव प्रकट भई शिवले रामको सेवादल भित्रै रहेका नल र नील नामका दुई कुमारसँग रहेको शक्तिको जानकारी दिई यिनैको सहायताद्वारा पुल निर्माण गर्न सल्लाह दिनुहुन्छ । आफ्नै सेना अन्तर्गत रहेका यिनै नल र नीलको शक्ति पहिचान गरी यिनै द्वारा सेतु निर्माणको कार्य शुरू हुन्छ ।

नल र नील

यिनीहरू किष्किन्धाका वानर जातिका इन्जिनियर पनि हुन् । यिनीहरूले आफ्नो बाल्यकालमा एक तलाउको किनारमा बसी तलाउमा ढुङ्गा फ्याँकी पानीको छाल निकाल्ने खेल खेलिरहेको वेला त्यहीँ नजिक ध्यान गरी बसेका एक ऋषिलाई ध्यानमा बाधा पर्न गएकोले यिनै ऋषिले यी दुवै बच्चालाई यो खेलमा हतोत्साहित बनाउन यिनीहरूले तलाउमा जति ढुङ्गा फ्याँके पनि फ्याँकिएका ढुङ्गा पानीमा नडुबी पात सरह तैरिई रहुन् भनी श्राप दिएका हुनाले यिनले फ्याँकेका ढुङ्गा पानीमा खस्नेबित्तिकै पात जस्तै हल्का भएर तैरिन थालेपछि यिनीहरूले यो खेल खेल्न छाडेका थिए ।

सेतुबन्ध निर्माणको वेला शिवद्वारा यिनै नल र नीलको सहयोगमा सेतु निर्माण गर्ने सुझाव मिलेको हुन्छ । हुनत रामायणमा उल्लेख भए अनुसार नल र नीलमा रहेको यो शक्ति तिनै किष्किन्धाका महामन्त्री जाम्बवन्तलाई पनि थाहा थियो भनिएको छ तरपनि यहाँ जाम्बवन्तको परामर्शमा यो कार्य भएको नभई शिवको निर्देशानुसार नल र नीलसँग यो क्षमता रहेको कुरा थाहा हुन आएको भन्ने पुष्टि भएको देखिन्छ । यिनीहरूलाई पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमानलाई जस्तै आफूसँग भएको शक्तिको क्षमता अरूले याद न दिलाइ दिएसम्म आफै याद हुँदैनथ्यो। अरू कसैले तिमीसँग यस्तो क्षमता छ नि! भनेर सम्झना गराएपछि मात्र आफ्नो शक्तिको याद हुन्थ्यो र आफ्नो शक्ति प्रयोग गर्ने गर्थे। सेतु निर्माणको वेला पनि नल र नीललाई डाकी उनको शक्तिको याद दिलाइन्छ र समुद्रमा ढुङ्गा फ्याँक्दा यिनैहरूकै हातबाट फ्याँक्न लगाइन्छ।

हुनत अर्को भनाइ के पनि छ भने रामको नाम अङ्कित नभएको कुनै पनि वस्तु समुद्रमा तैरिन्छ भन्ने कुरामा हनुमानको विश्वास हुँदैन। त्यसैले यहाँ पुल निर्माणको वेला हनुमानलाई समुद्रमा ढुङ्गा फ्याँक्ने कार्यमा खटाइएको भए तापनि उनले यहाँ समुद्रमा फ्याँकिने प्रत्येक ढुङ्गामा रामको नाम लेख्न शुरू गर्छन्। हनुमान् द्वारा सबै ढुङ्गामा यसरी राम नाम लेख्न शुरू गरेको देखेपछि रामलाई आश्चर्य लाग्छ र यो रामनामी लेखिरहनु भन्दा मैले फ्याँकेमा यो मेरो नाम लेखिरहनु पर्ने झन्झट हुने थिएन भन्ने सोंच गरी उनी स्वयं निर्माणस्थलमा आएर आफ्नै हातद्वारा ढुङ्गा फ्याँक्न शुरू गर्छन्। तर यहाँ रामले सोचे जस्तो हुँदैन। उनले फ्याँकेको ढुङ्गा समुद्रमा डुब्न थाल्छन्। यो देखेर राम आश्चर्यमा पर्छन्। राम नामको शक्तिको बारेमा उनी यो बेला अनभिज्ञ जस्तो बनेर एक साधारण मानवले जस्तै व्यवहार देखाई स्वयं आफैले ढुङ्गा फ्याँक्न लाग्दा ढुङ्गा नदीमा डुब्न थाले पछि उनी आश्चर्यमा पर्छन्। पछि हनुमान् द्वारा राम नामको महिमा थाहा पाएपछि बल्ल आफ्नो नामसँग आबद्ध भएको उनको शक्तिको बारेमा रामलाई पनि छर्लङ्ग बोध हुन्छ।

यसरी हनुमान् द्वारा राम नाम लेखिएका ढुङ्गाहरू नल र नीलको हातबाट फ्याँक्न थालिएपछि, यसरी फ्याँकिएका ढुङ्गा समुद्रमा तैरिन थाल्छन् र यो सेतुबन्धको निर्माणको कार्य यिनै वानर सेनाद्वारा दिनरात लगाएर पाँच दिन पाँच रात भित्रमा ४० कि मी. (यो समुद्री दुई किनारा बीचको दूरी भने कतै ३० कि. मी., कतै ४० कि. मी. उल्लेख भएको देखिन्छ) लामो पुलको निर्माण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य सम्पन्न भएको थियो भन्ने पाइन्छ । आजकल वैज्ञानिकहरूको खोज अनुसन्धानमा यो तैरिने ढुङ्गाको बारेमा अनुसन्धान गर्दा ज्वालामुखीबाट बाहिर आएको ढुङ्गाहरूमा रासायनिक तत्वहरू पाइने हुनाले यी ढुङ्गाहरूमा रहेको रासायनिक तापक्रम नघट्दासम्म यसको वजन हल्का हुने भएको हुनाले यस्तो ढुङ्गा पानीमा तैरिन्छ भन्ने अनुसन्धानबाट पत्ता लागेको कुरा सुन्नमा आउँछ । तर यो यत्रो पुल निर्माण गर्न पुग्ने ढुङ्गा कहाँबाट यति सजिलै उपलब्ध भयो भन्ने सम्बन्धमा भने केही उल्लेख भएको पाइँदैन । यो पुलको भग्नावशेष देख्न चाहने हरूको निमित्त YouTube को माध्यमबाट RAM SETU BRIDGE टाइप गरी हेरेमा यहाँ समुद्रको बिचमा बाँधको भग्नावशेषको डोरो देख्न सकिन्छ भने रामेश्वरम् जाने यात्रुहरूको निमित्त धनुष कोठीबाट यो भग्नावशेष प्रत्यक्ष देख्न सकिन्छ। यसरी पुल निर्माण भएपछि सबै वानर सेनाहरू समुद्र पार गर्छन् र सुवेल पर्वतमा एउटा शिविर खडा गरी केही समयको निमित्त सैनिकहरू त्यहाँ बस्छन् । यसपछि रावणलाई युद्धको निमित्त तयारी रहन सूचित गर्नको निमित्त किष्किन्धाका युवराज अङ्गदलाई रामले आफ्नो दूत बनाएर लङ्का पठाउँछन् ।

युवराज अङ्गद

युवराज अङ्गद पनि निकै शक्तिशाली प्रतिभावान् वीर योद्धा थिए । अङ्गदमा हनुमानको जस्तो बल, बुद्धि, विवेक सबै थियो भनिन्छ, तैपनि उनमा हनुमानको जस्तो हृदयमा सरलता र पवित्रताको कमी थियो। अङ्गद सारै चतुर र हरेक क्रियाकलापमा दक्ष पनि भएका हुनाले यिनैलाई दूतको रूपमा खटाई लङ्का पठाइन्छ । रामको दूत बनेर लङ्का पुगेका अङ्गदलाई त्यहाँ रावणद्वारा अपमानजनक व्यवहार गरिन्छ। अङ्गदमा आफ्नै स्वाभिमान भएको हुनाले उनले त्यहाँ कसैलाई पनि टेर्दैनन् । लङ्केशको आदेशको अवज्ञा गरेको अभियोगमा अङ्गदलाई गिरफ्तार गर्ने आदेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। गिरफ्तार गर्नु पहिले आफ्नो एउटा मात्र खुट्टा उठाएर देखाउन अङ्गदले रावणलाई चुनौती दिन्छन् । रावणको आदेशमा त्यहाँ रहेका सबै सेनापतिहरू पालैपालोसँग अङ्गदको खुट्टा उठाउने प्रयत्न गर्छन् । तर कसैबाट सम्भव हुँदैन र सबै निरास मुख लगाउँदै शिर निहुराउँदै फर्किन्छन् ।

अन्तमा लङ्काधिपति रावणले नै गद्दी छाडेर अङ्गदको खुट्टा उठाउन आइ पुग्छ । रावण जस्तो बलियो व्यक्तिको प्रयासबाट पनि अङ्गदको गोडा उठ्न न सकेपछि रावणले पनि हरेस खाई शिर तल झुकाएको बेला लङ्केशको शिरबाट राज मुकुट भुइँमा खस्न पुग्छ । यति वेला अङ्गदले झटपट आफ्नो हातले यो राजमुकुट उठाउँछन् र लङ्केश लाई चुनौती दिँदै, शिरबाट जमिनमा खसिसकेको यो मुकुटले तपाइको हार जनाउँछ। त्यसैले महाराजलाई यो मुकुट आवश्यक पर्ने भएमा रामसँग युद्ध गरी विजय प्राप्त गरेपछि मात्र मिल्न सक्ने उद्धोष गर्दै रावणको मुकुट लिएर उनी त्यहाँबाट बाहिरिन्छन् । यसरी राजा दशरथबाट छिनेको अयोध्या राज्यको राजमुकुटको बदला अङ्गदले रावणको शिरबाट नै मुकुट छिनेर ल्याई रामलाई बुझाउँदै त्यहाँको वस्तुस्थितिको अवगत गराउँदै रामलाई मुकुट बुझाउँछन् ।

कुवेर

कुवेर ऋषि पुलस्त्यका नाति विश्रवाकी जेठी पत्नी रावणकी सौतेनी आमा ईलविडा (जो सम्राट चक्रवर्ती राजा तृण विन्दु र अप्सरा अलम बुशा की पुत्री थिइन्) का पुत्र थिए । राजा तृण विन्दुले आफ्ना नाति कुबेरलाई एउटा पुष्पक विमान र सुवर्णले जडित लङ्का शहर बक्सिस स्वरूप दिएका हुन्छन् । राक्षस सोमालीले कुबेरको यो पुष्पक विमान र स्वर्ण जडित लङ्काको वैभवमा लालायित भएर ऋषि विश्रवासँग सबन्ध स्थापित गर्न आफ्नी छोरी कैकेसी लाई उक्साउँछ र आफ्नो हाउभाउको प्रभावमा पारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छलद्वारा भएपनि ऋषिलाई मञ्जुर गराई विवाह बन्धनमा बाँधिन सल्लाह दिन्छन् ।

बाबुको आज्ञा अनुसार कैकेसीले आफ्नो हाउभाउको छलकपटबाट ऋषि विश्रवा (कुबेरका पिता) लाई वाचा बन्धनमा पारी विवाह गर्न सफल हुन्छिन् । यसरी कैकेसीको छलबाट वाचामा बाँधिनु पर्दा एक ब्राह्मण कुलका पण्डितसँग राक्षस कुलकी कन्याको विवाह हुन्छ । छलद्वारा आफूलाई विवाह बन्धनमा बाँधिन बाध्य बनाइएकोमा ऋषि विश्रवा आवेशमा आएर तिम्रो गर्भबाट जन्मने सबै सन्तान भ्रष्ट बुद्धिका राक्षस हुनेछन् भनेर कैकेसी लाई श्राप दिएका हुन्छन् ।

ऋषिको यो श्रापबाट विचलित भई कैकेसीले श्रापमा पुनः विचार गरिदिन ऋषिको पाउ पर्छिन् । यिनैको विन्ती पुकारलाई मनन गरी पुनः ऋषिले तिम्रो अन्तिम सन्तानको रूपमा जो जन्मिन्छ त्यो मैरै गुण र स्वभावको हुनेछ भनेका हुनाले यिनीभन्दा जेठा रावण, कुम्भकर्ण, सुर्पणखा राक्षसी स्वभावका भए पनि सबैभन्दा कान्छा विभीषण अरूभन्दा भिन्न स्वभावका र सन्मार्गी आध्यात्मिक विचारधाराका भएर निस्कन्छन् । यसरी एकै पिताका सन्तान भए पनि कुवेर र विभीषणको स्वभाव धार्मिक प्रवृतिको छ भने अन्य रावणादि भाइहरूको स्वभाव राक्षस प्रवृत्तिको छ ।

बाबुको उत्तराधिकारीको रूपमा रहेका कुवेरलाई ऋषि अङ्गिरा द्वारा निर्मित पुष्पक विमान र सुवर्णद्वारा निर्मित लङ्काको नगरी मिलेको हुनाले रावणलाई कुवेर प्रति ईर्ष्या भाव बढेको हुन्छ । ऋषि विश्रवाको मृत्युपछि रावणले आफ्ना दाजु कुवेरमाथि हमला गरेर यो सम्पूर्ण राजपाट र पुष्पक विमानसमेत छिनेर आफ्नो कब्जामा लिन्छन् । यसरी आफ्नो राजपाट र वैभव आफूबाट लुटिएपछि कुवेरले लङ्का छाडेर भगवान शिवजीको आराधना गर्न जान्छन् । कुवेरको तपदेखि प्रसन्न भएर शिवजीले उत्तर दिशामा कुवेरको इच्छानुकुलको अलकापुरीको निर्माण गरी त्यहाँ उत्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिशाका दिक्पाल, यक्षहरू (राक्षस कुलमा जन्म लिएर पनि सत्कर्ममा लागेका व्यक्तिहरू) का राजा, धनका स्वामी बनाई दिन्छन् । यसपछि उनी श्रीमती भद्रा (सूर्य र छाया देवीकी पुत्री) का साथमा उत्तर दिशामा स्थानान्तरण भएर आफ्नो बाँकी जीवन बिताउँछन् । हामीहरूले यज्ञादिमा दश दिक्पालको पूजा गर्दा उत्तर दिशाका दिक्पालको रूपमा यिनै कुवेरको पूजा गर्ने गरिन्छ ।

मन्दोदरी

पहिला मन्दोदरीको नाम मधुरा थियो । एक दिन पार्वती नभएको मौका पारी आफ्नो रूपको वर्णन गर्दै मधुराले शिवलाई प्रभावित पार्दै हुन्छिन्। यत्तिकै मा पार्वतीको आगमन हुन्छ र आफ्नो अनुपस्थितिमा शिवसँग हाउभाउ गरेको देखी सहन नसकेर पार्वतीले मधुरालाई तिमीलाई भ्यागुती बनेर बस्नु परोस् भनेर श्राप दिएकी हुन्छिन् । यत्तिकैमा शिवलाई दया लागेर आउँछ र पार्वतीलाई श्रापमा पुनः विचार गरिदिन सल्लाह दिन्छन् । तब पार्वतीले १२ वर्षको अवधि तोकेर यो समयसम्म शिवको कठोर तपस्या गरेमा यो भ्यागुती योनिबाट छुटकारा पाई पुनः आफ्नो रूपमा आउन सक्नेछन् भनेकी हुनाले मधुरालाई भ्यागुतीको योनिमा १२ वर्ष बिताउनु परेको हुन्छ ।

उता दानव, मय र अप्सरा हेमाले पनि सन्तान प्राप्तिका निमित्त यही पोखरीको किनारमा बसी शिवको तपस्या गरिरहेका हुन्छन् । मधुराको १२ बाह्र वर्ष पूरा भएपछि उनी आफ्नो पूर्ववत् रूपमा प्रकट हुन्छिन् । त्यसै वेला दानव मयले आफ्नो तपोबलको प्रभावले आफूलाई कन्या प्राप्त भएको महसुस गरी मधुरालाई आफ्नो काख लिएर घरमा लगी यिनको नाम मन्दोदरी राखिदिएको हुन्छ । पछि यिनै कन्यासँग रावणको विवाह हुन्छ । मन्दोदरी सदाचारी एक पतिव्रता नारी हुन्छिन् । रावणकी आमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षस कुलकी भएकी हुनाले आमाको बंशाणुगत गुणका कारण र पिता विश्वराजको श्रापको कारण छोरो रावणमा राक्षसी स्वभावको प्रभाव परेको हुन्छ। रावणको बालापनदेखि यस्तै उद्दण्ड स्वभाव देखेर मन्दोदरीले बारबार यस्तो कुकर्म नगर्न विन्ती गरि रहन्थिन्। रावणले सीतालाई हरण गरी लङ्का लिएर आउँदा पनि सीतालाई स-सम्मान फर्काइ दिएर क्षमायाचना गर्न पटक-पटक अनुरोध गरेकी हुन्छिन्। रावणसँग कहिल्यै पनि विचार नमिले पछि एक दिन आत्महत्या गर्ने निर्णय लिन्छिन् र विषको तलास गर्दा रावणले घडामा राखेको विषको याद हुन्छ र यो घडाको रगतलाई विष ठानेर पिउँदा रगतमा लक्ष्मीको अंश प्रवेश भएको हुनाले मन्दोदरीमा गर्भ रहन्छ। यही गर्भबाट जन्मने कन्याको नाम पछि सीता रहन्छ। सीताको जन्मको बारेमा सीताको पाठको सन्दर्भमा वर्णन गरिएको छ।

मेघनाद

मेघनाद रावणका जेष्ठ पुत्र हुन्। यिनी जन्मदा रोएको रोदन बादल गर्जे सरि गर्जन गरेको हुनाले यिनको नाम मेघनाद रहन गएको थियो भन्ने भनाइ छ। यिनको विवाह वासुकी नागकी छोरी सुलोचनासँग भएको छा भनिन्छ की, यिनले भूतप्रेत साध्य गरेका हुनाले यिनले आफ्नो इच्छा अनुकूल वेला वेलामा आफूलाई अदृश्य बनाएर राख्न सक्थे। यिनी पनि बडा वीर प्रतापी थिए। देवता र दानवहरूको बिचमा युद्ध त धेरै पटक भएका छन्, तर एक पटकको युद्धमा यिनले देवराज इन्द्रलाई पराजित गराएका हुनाले ब्रह्माबाट यिनको नाम इन्द्रजित् राखिएको थियो। यीनमा ब्रह्माण्ड अस्त्र, वैष्णव अस्त्र, तथा पाशुपत अस्त्रको सञ्चालन गर्ने राम्रो क्षमता रहेको थियो।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान् पहिलो पटक लङ्का प्रवेश गर्दा अशोक वाटिकाबाट हनुमानलाई गिरफ्तार गर्ने क्रममा अरू कुनै सेनाले न सकेपछि अन्तमा यिनै मेघनाद गएर नागपाशमा पारेर हनुमानलाई गिरफ्तार गरी दरबारमा उपस्थित गराएका थिए। उनी पिताका परमभक्त हुनाले यिनलाई पितृभक्त पनि मानिन्छ। उनलाई आफ्नो विपक्षबाट लड्ने राम विष्णुका अवतार हुन्, यिनीसँग युद्ध गरेर यिनलाई पराजित गराउन सकिँदैन भन्ने पनि थाहा हुन्छ। यसै कारणले पनि मेघनादले आफ्ना पिता रावणलाई पटक-पटक विन्ती गरेका हुन्छन्। रावणले रामसँग युद्ध गर्न खोज्नुको मुख्य लक्ष्य हुन्छ, सके रामलाई युद्धमा पराजित गराएर आजीवन बन्दी गराएर राखी रामको भयबाट आफूलाई सुरक्षित गराई अजम्मरी साबित गराउने, नसके रामको हातबाट मृत्यु वरण गरी आफूलाई मुक्ति दिलाउने। यसरी रामसँगको युद्धमा हारे पनि जिते पनि आफ्ना दुवै हातमा लड्डु हुने सपना देखेका हुनाले रामसँगको युद्धमा सहमति गर्ने पक्षमा ऊनी कदापि पुग्न सक्दैनन्। त्यसैले रावणले मेघनादको सल्लाह सुनेर पनि आफ्नो निर्णयमा परिवर्तन ल्याउन चाहँदैनथे।

लङ्कामा सीताको अवस्था

रावणलाई महिलाकै कारण बाट मृत्यु हुने श्राप परेको हुनाले महिलाको मामिलामा ऊनी सधै सतर्क रहने गर्थे, तापनि उसको मृत्युको कारण पनि राम नै भएको कुरा पनि उनलाई थाहा भएको हुनाले उनको लक्षमा कीत रामको जन्म मै अवरोध खडा गरेर जन्मन नै नदिनू वा रामसँग युद्ध गरी उनलाई युद्धमा पराजित गराएर आजीवन बन्दी बनाई राख्नु वा रामकै हातबाट मृत्यु वरण गर्नु। यसको अलावा उनका अन्य कुनै विकल्प पनि थिएनन्। त्यसैले उनले अन्तिम अस्त्रको रूपमा सीता हरणलाई नै एक विकल्पको रूपमा देखी यो योजना बनाएका हुन्छन्। सीताजीलाई हरण गर्दा पनि जमिन सङ्गै सीतालाई उठाएर आफ्नो रथमा राखी अपहरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका हुन्छन् र दरबारमा प्रवेश नगराई अशोक वाटिकामा लगेर राखिएको हुन्छ । रावणले सीतालाई आफ्नो हातले स्पर्शसम्म गरेका हुँदैनन् । त्यहाँ बस्दा सीतालाई रावणबाट हुनसक्ने खतराको बारेमा डरधाक देखाई सीताको मनोबल गिराउन र सीताको सुरक्षा पहराको निमित्त राक्षसीहरूको पहरा राखिएको हुन्छ ।

यसरी दिन प्रतिदिन सीतालाई मानसिक यातना दिएको सहन गर्न नसकी मन्दोदरीले बिभीषणकी छोरी त्रिजटालाई पनि त्यही सीताको रेखदेखमा खटाएकी हुन्छिन् । त्रिजटा राक्षस कुलकी भएपनि धर्मात्मा बिभीषणकी छोरी भएको हुनाले उनमा पनि राम र सीता प्रति सद्भाव रहेको हुनाले उनले त्यहाँ सुरक्षाकर्मीको रूपमा खटाइएका राक्षसीहरूलाई पनि आफ्नो प्रभावमा पारेर दरबारका मानिस आएको बेला देखावटी एउटा व्यवहार गर्ने र उनीहरू नभएको बेला सीताप्रति सद्भाव राख्ने माहोल बनाएकी हुन्छिन् । जसले गर्दा सीतालाई मानसिक तनाव भएपनि शारीरिक यातना थिएन । रामले लङ्कामा विजय प्राप्त गरेपछि सीतालाई अयोध्या फिर्ता ल्याउने क्रममा त्रिजटा सीताको सुसारेको रूपमा उनको साथमा लागेर अयोध्या आउन चाहन्थिन् । तर राक्षसी कुलकी भएकी हुनाले सीताले उनलाई काशी गएर बस्ने सल्लाह दिइन् । सीताको अयोध्या फिर्ता पछि त्रिजटा काशी बस्न गइन् र उनको देहावसान काशी मै भयो । त्रिजटाले सीता माताको रक्षा गरेकी हुनाले राक्षस कुलकी भएपनि उनले काशी जस्तो पुण्य स्थलमा मृत्यु वरण गरेकी हुनाले राक्षस योनिबाट मुक्ति हुन सफल भइन् । त्रिजटाको यही गुनको सम्झनामा हिन्दुहरूबाट नै काशी विश्वनाथ मन्दिरको गल्लीमा विनायक मन्दिरको सङ्गै उनको नाममा मन्दिरको स्थापना गरिएको छ र लक्ष्मी पूजाको अर्को दिन पर्ने प्रतिपदाको दिन वर्षको एक दिन मुला र भन्टा आदिको प्रसाद लगाएर त्रिजटा माईको पूजा गर्ने प्रचलन चली आएको छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लङ्का युद्ध

अङ्गद लङ्काबाट फर्केपछि त्यहाँ भएका घटनाका विवरण सबै रामलाई बताउँदै त्यहाँ आफूले देखे, जाने बुझेका, सबै अवस्थाको जानकारी रामलाई बुझाउँछन् र लङ्कामा आक्रमण गर्ने तयारी शुरू हुन्छ । श्रीराम लङ्का प्रवेश गरेको खबर थाहा पाए देखि रावणले आफ्ना गुप्तचरहरूद्वारा रामको गतिविधिको चियोचर्चो गर्दै आएका हुन्छन् । लङ्का प्रवेश गरेपछि रामले पहिला लङ्काको चारैतर्फका नाकाहरूमा आफ्ना सैनिकहरूद्वारा घेरा बन्दी गरि हाल्छन् । महाभारत युद्धमा कुरुक्षेत्रको मैदानमा कौरव र पाण्डवहरूको बिचमा लडाइँ हुँदा १८ दिनसम्म युद्ध चलेजस्तो यहाँ राम र रावणको बिचमा लङ्कामा भएको युद्ध, भाद्र शुक्ल प्रतिपदादेखि शुरूभई आश्विन शुक्ल दशमीका दिनसम्म चालीस दिन निरन्तर युद्ध चलेको देखिन्छ ।

रावणले आफ्नो इलाकामा रामका सैनिकहरूद्वारा घेरा बन्दी भएको थाहा पाएपछि उनले पनि आफ्नो प्रधान सेनापतिको कमाण्डमा एक दल सेनाको फौज लिएर युद्धको निमित्त तयारीका साथ किल्ला खुल्ला गरेर बाहिर निस्कन्छन् । पहिलो दिनको युद्धमा मेघनाद र अङ्गद, प्रजङ्ग र सम्पाति एकातर्फ र अर्को तर्फ हनुमान् र जम्मुमाली, प्रतवन र नल, प्रघस र सुग्रीव, लक्ष्मण र विरूपाक्ष, रहेका हुन्छन् । वानर राज द्विविधको अशुनि प्रभासँग, विद्युन्मालीको सुषेणसँग अनि अग्निकेतु, रश्मि केतु, सुप्तघ्न र यज्ञ कोप चार जनाको श्रीरामजीसँग भिडन्त हुन्छ ।

दोस्रो दिनको युद्धमा पिताको आज्ञानुसार मेघनाद युद्धमा निस्केका हुन्छन् । यिनी पिताका आज्ञाकारी एवं परम भक्त हुनुको कारणले पिताको आज्ञा उलङ्घन गर्न सक्दैनथे । त्यसैले उनी राम हुन् भन्ने जानेर पनि युद्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होमिएका छन् । इन्द्रजित् युद्धमा प्रवेश गर्दा पहिला कुल देवी माता निकुम्भला को आशीर्वाद लिएर मात्र युद्धमा प्रवेश गर्छन् । जब युद्धको आरम्भ हुन्छ, युद्धको सुरुवातसँगै वानरादि सेनातर्फ ठूलो क्षति पुर्याउँछन् भने रामका सैनिकद्वारा पनि रावणतर्फका योद्धाहरूमा प्रजङ्ग, जम्मुमाली, प्रघस, अग्निकेतु, रस्मिकेतु, सुप्तघ्न, यज्ञ कोप, प्रतवन, अशुनिप्रभ र विद्युन्माली सबैको मृत्यु भएको हुन्छ । युद्धको नशामा परेको इन्द्रजितले युद्धको नियम विपरीत सूर्यास्त हुँदा पनि युद्ध बन्द गर्न सहमत हुँदैनन् र सूर्यास्तपछि पनि यो दिन युद्ध जारी रहन्छ ।

इन्द्रजितले राम र लक्ष्मणलाई दुई पटकसम्म युद्धमा पराजित गराएका थिए भन्ने पनि पाइन्छ । एक पटक मेघनादकै हातबाट छुटेको ब्रह्मास्त्रको प्रहारबाट राम सख्त घाइते बनेका छन् भने लक्ष्मण मूर्छित हुन पुगेका छन् । त्यति वेला विभीषणको सल्लाह मुताबिक लङ्काबाट वैद्य शुषेण लाई झिकाइन्छ र उनको सल्लाह मुताबिक हिमालयबाट मृतसञ्जीवनी, विशल्य करणी, सुवर्ण करणी र सन्धानी नामक बुटी लिन हनुमानलाई हिमालय पर्वतमा पठाइन्छ । हनुमानले पनि यी बुटीहरू आफूले नचिनेका हुनाले यी बुटीहरू भएको टापु नै उठाएर लगेमा उपयुक्त हुने ठानी बुटीको टापु नै हातमा उठाएर युद्ध स्थलको शिविरमा ल्याइ पुर्याउँछन् । यसरी पर्वत उठाएर ल्याएकोमा वैद्यराजलाई पनि औषधि छान्न सहज हुन्छ र तत्काल औषधि सेवन गराएर उनीहरूलाई होसमा ल्याई सकेपछि पुनः युद्ध शुरू हुन्छ ।

रातीको युद्धमा पनि अङ्गदद्वारा आफ्नो पराजय खेप्नु परेपछि मेघनादले आक्रोशमा आएर नागपाशद्वारा वानर सेनातर्फ ठूलो क्षति पुर्याउँछन् । यसपछि लक्ष्मण र इन्द्र जितको बिचमा युद्ध शुरू हुन्छ । जब लक्ष्मणसँगको युद्धमा इन्द्र जितका सारा अस्त्र शस्त्रहरू विफल हुन्छन् तब इन्द्रजितले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफूसँग भएको क्षमता प्रयोग गरेर आफू अदृश्य हुन्छन् र श्रीराम र लक्ष्मणलाई नागपाशमा पार्न सफल हुन्छन् । यो कुरा हनुमानले थाहा पाएपछि हनुमानले तुरुन्तै गरुडलाई आह्वान गरेर डाकी गरुडले यी नागहरू सबैलाई खाइ नागपाशबाट राम र लक्ष्मणलाई मुक्त गराउँछन् ।

अर्को दिनको युद्धमा धूम्राक्षको नेतृत्वमा रावणले पठाएका सेना र हनुमानको बिचमा भीषण युद्ध हुन्छ । यो दिन पनि हनुमान् एक्लैले रावणका धेरै सेनाको हत्या गरेर सेनाहरूलाई बिचल्लीमा पुर्याएका हुन्छन् । यसैगरी पाँचौं दिनसम्म पनि वानर सेनाद्वारा लगातार क्षति व्यहोर्दै जानु परेपछि छैठौं दिनका दिन रावण स्वयं युद्धभूमिमा आउँछन् र वानर सेनाहरूलाई तहस नहस बनाउँछन् । यसपछि रावणले हनुमानमाथि प्रहार गर्छन् र हनुमानलाई घायल बनाउँछन् । रामले यो देखेपछि रावणमाथि प्रहार गरी उनको शिरको मुकुट खसाली रावणलाई पनि घायल गराइ दिनुहुन्छ । अनि उनको रथमाथि प्रहार गरेर रथ पनि धुजा-धुजा पारि दिनुहुन्छ । यसैगरी युद्धको निरन्तरता चल्दै गर्दा चौधौं दिनसम्म पनि युद्ध यसैगरी निरन्तर चल्दै जान्छ ।

युद्धको पन्ध्रौं दिनसम्म आइ पुग्दा रावणतर्फका धेरै सेनाको क्षति पुगिसकेको हुनाले यो दिन रावण र लक्ष्मणको बिचमा युद्ध शुरू हुन्छ । लक्ष्मणले रावणमाथि प्रहार गरेर रावणलाई घायल बनाई जमिनमा लडाइदिन्छन् । रावण फेरि उठेर आफूले ब्रह्माबाट प्राप्त गरेको शक्ति बाणको प्रयोग गरेर लक्ष्मणलाई घायल गराई बेहोस अवस्थामा पुर्याउँछन् । लक्ष्मण युद्धभूमिमा ढलेको देखेपछि रावणले झटपट लक्ष्मणलाई उठाएर आफ्नो रथमा राखी लैजान खोज्दा लक्ष्मण शेषावतार भएको हुनाले रावणले लक्ष्मणको शरीर हल्लाउन पनि सक्दैन । हनुमानले यो देखेर तुरुन्त रावणमाथि जाइ लाग्छन् र आफ्नो मुड्कीको प्रहारले रावणलाई त्यहीं मूर्छित तुल्याई लक्ष्मणलाई उठाएर काँधमा राखी रामको समीपमा ले जान्छन् । केही समयपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मण पनि सामान्य अवस्थामा फर्किन्छन् र लक्ष्मण पुनः रावणसँग भिड्न तयार हुन्छन् ।

अर्को दिनको युद्धमा हनुमानको साथमा रावणका पुत्र नराकान्त, त्रिशिरा, देवान्तक र रावणका भाइहरूको साथमा युद्ध हुन्छ। यही युद्धमा यी भाइहरू र छोराहरूको समेत देहावसान हुन्छ । यसपछि रावण पुत्र अतिकाय र वानर सेनाहरूको बिचमा युद्ध हुन्छ। यो युद्धमा वानर सेना तर्फ पनि क्षति त पुगेको हुन्छ तर यही वेला लक्ष्मणको हातबाट अति कायको पनि मृत्यु हुन्छ ।

अहीरावण महीरावण पनि रावणका भाइ थिए। यहाँ अहीरावण र महीरावण दुई फरक व्यक्तिको नाम भए जस्तो लागे पनि त्यस्तो नभएर एकै व्यक्तिको नाम भएको बुझिन्छ । राम रावणको युद्धमा रावणका पुत्र र सेनासमेत गरी कैयौँको हत्या भइसकेपछि युद्ध हार्ने निश्चित हुन्छ र रावण निरास हुन्छन् । यति वेला रावणकी आमाले पाताल लोकमा रहेका उनका भाइ अहीरावण मही रावणसँग रहेको मायावी शक्तिको बारेमा रावणलाई स्मरण गराउँदै सङ्कटको वेला सहयोग निमित्त उनलाई बोलाउन पठाउँछिन् । उनमा मायावी शक्तिद्वारा मानिसहरूलाई सम्मोहन गर्ने (जादु टुना तन्तर मन्तर गरेर मानिसलाई आफ्नो बसमा पार्न सक्ने) क्षमता हुन्छ । त्यसैले अन्तिम शस्त्रको रूपमा सहयोग लिन पातालबाट पनि झिकाइन्छ ।

राम लक्ष्मणको अपहरण

अहीरावण महीरावण आएपछि दाजु रावणबाट पाएको जिम्मेवारी पूरा गर्न यिनले आफ्नो सम्मोहन शक्तिद्वारा राम लक्ष्मणलाई आफ्नो कब्जामा लिई पाताल लोक पुर्याई पाताल देवी कामाक्षा माईलाई बली चढाइदिने निर्णय लिन्छन् । उनीहरूको यो वार्ता हुँदा त्यहाँ नजिकै बसेका परेवाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जोडीले सबै कुरा सुनिरहेका हुन्छन् । साथै विभीषणका दूतहरूलाई पनि यो षडयन्त्रको बारेमा थाहा हुन्छ र तत्काल यो खबर विभीषण कहाँ पुग्छ । विभीषण यसको सुरक्षा व्यवस्था तत्काल गर्नुपर्ने ठानी, हनुमानलाई सबै कुराको अवगत गराई सुरक्षाको प्रबन्ध मिलाउन लगाउँछन् । हनुमानले पनि आफ्नो तान्त्रिक विधिद्वारा राम लक्ष्मण सुतेको चारैतर्फ सुरक्षा कवचको घेरा लगाइ छाड्छन् ।

यता अहीरावण महीरावण राम लक्ष्मणको अपहरण गर्न आउँदा सुरक्षा कवचको घेराभित्र भएको थाहा पाई मायावी शक्तिद्वारा विभीषणकै रूप धारण गरेर शिविरको भित्र प्रवेश गरी मस्तसँग निदाएका राम लक्ष्मणलाई बेहोस बनाई सुतेको बिस्तरा सहित दुवै भाइलाई उठाई पाताल लोक पुर्याउँछन् । यति वेला यता विभीषणलाई केही अनर्थ भएको सङ्केत हुन्छ र राम लक्ष्मण सुतेको स्थानमा हेर्न जाँदा त्यहाँ उनीहरूलाई नदेखी तुरुन्त हनुमानलाई जगाई राम लक्ष्मणको खोजीमा पठाउँछन् । लङ्का प्रवेशमा हनुमानलाई सबैले चिन्ने हुनाले उनले आफ्नो रूप परिवर्तन गरी पक्षीको रूप धारण गर्छन् र लङ्का छिर्छन् ।

त्यहाँ पुग्दा पङ्छी रुपि हनुमानले परेवाका एक जोडीले आपसमा कुरा गरेको सुन्छन् कि अहीरावण महीरावणले राम लक्ष्मणलाई अपहरण गरी पाताल पुर्याए । अब उनले त्यहाँ कामाक्षा देवीलाई उनीहरूको बली दिनेछन् । यो त अनर्थ हुने भयो । ती पक्षी बिचमा यस्तो वार्ता भएको हनुमानले सुनेपछि उनी वायुवेगले पाताल पुग्छन् र कामाक्षा माईको मन्दिर प्रवेश गर्न खोज्दा त्यहाँ रहेका द्वारपालले प्रवेशमा रोक लगाउँछन् । द्वारपाल र हनुमान् बिचमा घमासान युद्ध हुन्छ । अन्तमा द्वारपालको पराजय भएपछि वीरतापूर्वक युद्ध गरेको देखी हनुमानले द्वारपालको बहादुरीको प्रशंसा गर्दै उनको परिचय लिन्छन् । यो परिचय दिने क्रममा हनुमानले समुद्रपार गर्ने क्रममा समुद्रमा चुहाएको पसिना एक माछाले खाई दिनाले माछामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भ रहन गएको हुन्छ । यही गर्भबाट आफ्नो जन्म हुन गएको घटनाक्रम उनले हनुमानलाई बताउँछन् र आफ्नो नाम मकरध्वज रहेको पनि खुलाई दिन्छन् । यसरी हनुमानलाई मकरध्वज आफ्नै पुत्र भएको थाहा हुन्छ र उनले पनि आफ्नो परिचय दिन्छन् । हनुमान् र मकरध्वज आफूहरू बिचमा पिता पुत्रको सम्बन्ध भएको थाहा हुन्छ । पुत्र मकरध्वजको सहायताले हनुमानले त्यहाँको वस्तुस्थिति सबै अवलोकन गर्ने अवसर पनि पाउँछन् ।

अहीरावण, मही रावणको आज्ञा विना पाताल देवीको मन्दिर खुल्न नसक्ने कुरा मकरध्वजबाट थाहा पाएपछि हनुमानले माहुरीको रूप धारण गरेर ढोकाको चर (प्वाल) बाट भित्र प्रवेश गरी बेहोस अवस्थामा रहेका राम लक्ष्मणलाई जगाई वहाँहरू अहीरावण मही रावणको अपहरणमा परेको र यहाँको वस्तुस्थितिको बारेमा पनि आफूले सबै जानकारी लिइ सकेको कुरा सबै रामलाई जानकारी गराउँछन् । राम लक्ष्मणलाई अपहरण गरेर आफूलाई बली चढाउन ल्याएको कुरा देवीलाई पनि थाहा हुन्छ । देवीले यी राक्षसहरू आफ्ना भक्त भए पनि यिनीहरूको कुकर्मदेखि आफू पनि दुखी रहेकोले मेरो निमित्त बली यी राम लक्ष्मणको नभई यिनै राक्षसको बली आफूले चाहेको बताउँछिन् । यति भन्दै गर्दा बाहिर बाजागाजाको आवाजले अहीरावण महीरावण आएको आभास हुन्छ । उनीहरू आउँदै गरेको थाहा पाएपछि राम लक्ष्मण पनि पूर्ववत् बेहोस अवस्थामै भए जस्तो गरी सुत्छन् । यिनीहरूको आगमन पछि मन्दिरको पनि सबै ढोका खुल्छन् ।

अहिरावण महीरावण आई बली चढाउने तयारी गर्दै गर्दा देवीबाट आकाश वाणी हुन्छ कि "अहिले बली होइन शोडषोपचार ले मेरो पूजा गर अनि पछि बली चढाऊ" । तब ती रावणले पूजा अर्चना शुरू गर्छन् र बली दिन निमित्त ती बेहोस राम लक्ष्मणलाई ल्याएर बली दिने स्थानमा राख्छन् । यति वेला राम लक्ष्मण निद्राबाट ब्यूँझे जस्तो गरी जागा हुन्छन् र रावणसँग आमनेसामने भएपछि यिनीहरू बिचमा युद्ध शुरू हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धमा यी रावणलाई पटक-पटक मार्दा पनि ती सबै जाग्दै युद्धमा सरिक हुँदै गरेको देखेपछि यसको भेद थाहा पाउन हनुमान् पुनः मकरध्वजसँग जान्छन् ।

मकरध्वजले यो सबै भेद उनकी पटरानी नागकन्यालाई मात्र थाहा हुनसक्ने बताउँछन् । यसपछि उनी नागकन्यालाई भेट्न दरबार प्रवेश गर्छन् । नागकन्या चित्र सेनाले पनि आफू यही अहीरावण मही रावणको अपहरणमा परी यो बन्धनमा बस्नु परेको र उनी पनि रामभक्त भएकाले रामसँग नै विवाह गर्ने आफ्नो इच्छा रहेको कुरा हनुमानसँग व्यक्त गर्दै आफूलाई पनि रामसँग मिलन गराइदिने भएमात्र हनुमानलाई उनीहरूको प्राणको सूत्र बताइदिने शर्तमा हनुमानलाई वाचाबन्धनमा पार्छिन् । हनुमानले पनि चित्र सेनाले रामलाई भेट्न चाहेको उनको आशय बुझी उनको माग पूरा गराइदिने कबुल गर्छन् र आफ्नो वचन पनि पूरा हुने र रामलाई पनि अप्ठेरो नपर्ने युक्ति रच्न थाल्छन् ।

यता चित्र सेनाले यिनीहरूको मृत्युको बारेमा बताउँछिन् - 'महाराजाले एउटा माहुरीको झुन्डलाई अपहरण गरी आफ्नो शयन कक्षमा राखेका छन् । जब यी रावणको मृत्यु हुन्छ, त्यति वेला यी माहुरीले अमृत कुण्डमा पुगेर अमृत ल्याई यिनको मृत शरीरमा छर्की बिउँताइदिने गर्छन् । यदि यी मौरीको नाश गर्न सक्यो भने यसपछि अमृत ल्याएर छर्की दिने कोही हुनेछैन । यति वेला मन्दिरको वरिपरि पाँचवटा बत्ती जलिरहेका हुन्छन् । यी पाँचै बत्तीलाई एकै व्यक्तिद्वारा एकसाथ निभाइ दिन सकेमा मात्र यिनीहरू कहिल्यै बिउँझिने छैनन्' भनेर हनुमानलाई यो सूत्र बताइ दिन्छिन् ।

यो भेद थाहा पाएपछि हनुमानले मौरीको झुन्डलाई मारेर सखाप पारि दिन्छन् । अन्तमा एक माउ मौरीको साथमा केही मौरीको झुन्ड बाँचेको हुन्छ । यो माउ मौरीले आफूहरूलाई बचाइ दिएमा हनुमानको काममा सहाय बन्न सक्ने बताउँछ । हनुमानले पनि यही मौरीको सहायताबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो काम फत्ते हुने सोचि रानीको बैठकमा गएर सोफाको तलबाट यसका जोर्नीहरूमा खोट्र्याई जोर्नीहरू खुकुलो पारि दिनु ताकी कोही सोफामाथि बस्दा सोफा टुटोस् भनेर सिकाउँछन् । मौरीले पनि यो कार्य हामी सम्पन्न गर्न सक्छौ भनेर जिम्मा लिन्छ र यही सर्तमा मौरीलाई छाडी दिन्छन् । मौरीले पनि आफ्नो काम गर्न तत्काल शुरू गर्छन् ।

यता युद्धमा बाण लागि ढल्दा अहिरावण मही रावणको बचावटमा मौरी आउन छाडेपछि अहीरावण महीरावण र उनका सेनाहरू अचम्भित पर्छन् । यतिखेर हनुमानलाई मौरीले भनेको कुरा याद आउँछ र उनले पञ्च मुखी हनुमानको रूप धारण गरी मन्दिरको वरिपरि रहेका बत्तीहरूलाई एकसाथ फुकेर निभाइदिन्छन् । यसरी अहिरावण मही रावणको पनि सदाको निमित्त अन्त्य हुन्छ । यसपछि रामले हनुमान् पुत्र मकरध्वजलाई पाताल लोकको राजा बनाई उनीहरू त्यहाँबाट निस्किन्छन् ।

पशुपतिमा रहेको शिव ज्योतिर्लिङ्गको शिलामा रहेको पाँच मुखको फरक-फरक आकार र तदनुसारको शक्तिमा पनि भिन्नता रहे जस्तो, यहाँ उत्पन्न भएका पञ्च मुखी हनुमानको पनि यिनको मुखाकृति अनुसार फरक-फरक मुखको फरक-फरक शक्ति र कार्य रहेको छ। यी पञ्च मुखी हनुमानको बारेमा यहाँ यसरी व्याख्या गरिएको छ की, यो पाँच मुखको आकारले हनुमानको यो अवतारको स्वभावलाई बुझाउँछ । पूर्वतर्फको वानरको वास्तविक रूपको अनुहारले विश्वरूप श्रीरामको परम भक्त भन्ने बुझाउँछ । दक्षिणतर्फ फर्केको नरसिंह रूपको अनुहारले अद्भुत स्वरूप, उग्र स्वभाव, कान्तियुक्त, सम्पूर्ण डर र त्रासलाई हटाउन सक्ने दक्षिण वक्त्रको स्वरूप भन्ने बुझाउँछ । पश्चिमतर्फको गरुड रूपले गरुडबाट सर्पहरूको नाश भए जस्तो सम्पूर्ण शत्रु र मनमा उत्पन्न हुने त्रासलाई निर्मूल पार्न सक्ने भन्ने बुझाउँछ । उत्तरतर्फ रहेको वराह रूपले भूत, प्रेत, रोग व्याधि निवारण गर्न सक्ने शक्ति भएको भन्ने बुझाउँछ । आकाशतर्फ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फर्केको ऊर्ध्व वक्त्र स्वरूपले दानवहरूलाई पराजित गर्न सक्ने ग्रहादि लाई वशमा राख्न सक्ने भन्ने बुझाउँछ। पञ्च मुखी हनुमानको शक्ति र स्वरूपको बारेमा यहाँ यसरी वर्णन गरिएको छ।

अहीरावण मही रावणको मृत्युपछि हनुमानले रामलाई लिएर चित्र सेनाको कक्षतर्फ जान्छन् । त्यहाँ चित्र सेनाले रामको आराधना गरेर बसेकी हुन्छिन् । उनको चाहनानुसार उनले रामसँग विवाह गर्न चाहन्थिन्। यो कुराको आभास हनुमानले बुझेर पहिले नै रामलाई पछि अप्ठेरो नपरोस् भनेर पहिले यहाँ षडयन्त्र रचि सकेका हुन्छन् । सो अनुरूप चित्र सेनाको कक्षमा राखिएको आगन्तुक बस्ने आसनलाई नाजुक अवस्थामा राख्न मौरीलाई यो कार्यको जिम्मा दिइएको हुन्छ। यो कुरा ती चीत्र सेनालाई थाहा हुँदैन।

रामको दर्शन पाएपछि उनले रामको आतिथ्य सत्कार गर्दै त्यहीँ बगलमा रहेको सोफामा आसन ग्रहण गरि दिन रामलाई अनुरोध गर्छिन् । राम सोफामा बस्न खोज्दा सोफाको फ्रेम भाँचिन्छ र सोफा लच्किन्छ । यो घटनाले चित्र सेना शर्मिन्दा हुन्छिन् । रानीले यो घटनालाई सहज रूपमा लिन नसकी, यो सब हनुमानको छलद्वारा भएको हुनसक्ने अड्कल लगाई हनुमानलाई श्राप दिन तैयार हुन्छिन् । यति वेला रामले चित्र सेनालाई श्राप दिनबाट रोक्दै द्वापर युगमा उनले कृष्णावतार लिएको वेला चित्र सेना सत्यभामाको रूपमा जन्म लिनेछन् र कृष्णसँग तिम्रो विवाह हुनेछ भनेर आश्वासन दिई राम बिदा हुन्छन् ।.

यसपछि राम, लक्ष्मण र हनुमानको लङ्कामा फिर्ती सवारी हुन्छ र रावणसँग लङ्कामा फेरि युद्ध शुरू हुन्छ । यसरी दिन प्रतिदिन रामका सेनाद्वारा क्षति व्यहोर्दै जानु परेको रावणलाई बाइसौं दिनदेखि सत्ताइसौं दिनसम्मको युद्धमा रावण पुत्र इन्द्रजित् स्वयं युद्धमा सामेल भएको हुनाले दुवैतर्फका सेना बीच युद्ध पनि घमासान हुन्छ र दुवैतर्फका सेनामा क्षति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि निकै पुगेको हुन्छ। राम र लक्ष्मण यी दुवै ईश्वरीय अवतार भएको र यिनीहरूलाई पराजित गराउन सकिँदैन भन्ने जानकार हुँदा हुँदै पनि पिताजीको आज्ञा उलङ्घन गर्न नसकेर युद्धमा होमिएका इन्द्रजित् यो दिन पनि लक्ष्मणको साथमा भिड्नुपर्ने हुन्छ।

इन्द्रजितले कठोर संयमताका साथ एकल पत्नीव्रत धारण गरेका हुन्छन्। यो व्रतका प्रभावले पनि उनमा धेरै शक्ति सञ्चय भएको हुन्छ। अर्को कुरा मेघनादले ब्रह्माबाट प्राप्त गरेको वरदानको आधारमा इन्द्रजित्लाई मार्न त्यति सहज थिएन, किनभने उनलाई मार्ने व्यक्ति बाह्र वर्षदेखि अनवरत रूपमा नसुती जागा रहेको व्यक्तिले मात्र उनको शिर छेदन गर्न सकेमा मात्र उनको मृत्यु संभव हुनेछ भन्ने उनले वरदान पाएका हुन्छन्। यदि संयोगवस शिर छेदन भइ हालेमा पनि उनको शिर छेदन हुँदा काटिएको शिर जमिनमा खस्न पुगेमा शिर त्यहीँ विस्फोटन भई त्यहाँ आसपासमा रहने सबैको समाप्ति हुने निश्चित हुन्छ। त्यसैले यिनको मृत्यु रामको हातबाट पनि त्यति सहज थिएन।

तर यहाँ विधिले यो सब काकताली पनि पहिलेदेखि जुटाइदिएको छ। जस अनुसार लक्ष्मण पनि वनवास प्रवेश गरेपछि अहोरात्र जागा रहेर श्रीराम र सीताको सेवामा अनवरत खटिरहेका हुन्छन्। इन्द्र जितको मृत्युको बारेमा विभीषणलाई थाहा भएको हुनाले इन्द्र जितको मृत्यु लक्ष्मणद्वारा सम्भव हुने ठम्याई यो कुरा लक्ष्मणलाई बताइदिन्छन्। त्यसैले लक्ष्मणले इन्द्रजित् माथि शक्ति अस्त्र प्रहार गर्दा यो शिर रावणको काखमा गिराउन श्रीरामको नाम स्मरण गर्दै बाण चलाउँछन् र यो बाणद्वारा इन्द्र जितको शिर छेदन भएर रावणको काखमा गिर्न पुग्छ। यो देखेर रावण चकित हुँदै बेहोस हुन पुग्छन्।

अब रामसँग युद्ध गर्न आफ्नो साथमा सैनिकहरू कोही नभएपछि अन्तमा रावणले सुतिरहेको आफ्नो भाइ कुम्भकर्णलाई जगाउन लगाई युद्धको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुस्थिति अवगत गराउँछन् र युद्धमा जान प्रेरित गर्छन् । कुम्भकर्णलाई रामको शक्तिको बारेमा पूर्ण जानकारी भएको हुनाले यो युद्ध नगरी अझै पनि सीतालाई स-सम्मान रामको जिम्मा लगाई मिलापत्र गर्न रावणसँग विन्ती गर्छन् । तर युद्धको नशामा परेका रावणले यो सल्लाह स्वीकार गर्दैनन् । स्वीकार गरून् पनि कसरी ? यो त विधिको विधान थियो कि रामको हातबाट रावणको मृत्यु हुनु नै थियो । रावणको हत्या कै निमित्त विष्णु भगवानलाई मानवको जुनी लिएर जन्मिनु परेको थियो । कुम्भकर्ण पनि जय विजय मध्येकै एक भाइ भएको हुनाले यिनको मृत्यु पनि रामको हातबाट हुनु थियो । यही संयोग जुट्नु को कुरालाई यहाँ विधिको विधान भनेर भनिएको छ ।

कुम्भकर्णको सोचाइमा "पञ्च त्वम् यद्गमिस्यामि किं सिंहा नुनये नमे ।" यदि मैले मेरा दाजुको आदेशको पालना नगरे यीनकै हातबाट मेरो मृत्यु निश्चित छ । यदि म युद्धमा सरिक भएँ भने मेरो मृत्यु रामको हात बाट हुनेछ र म यो जुनीबाट मुक्ति पाउने छु भने म यो अवसरमा युद्धमा सरिक किन नहुने ? यस्तो निश्चित गरेर उनि युद्धमा जान तयार हुन्छन् । कुम्भकर्ण पनि बलमा काबिल भएको हुनाले युद्धमा वानरादि सेनासँग घमासान युद्ध हुन्छ र यिनको हातबाट पनि वानर सेनाहरूमा धेरैको मृत्यु हुन्छ । यो देखेपछि कुम्भकर्णसँग लक्ष्मण भिड्न अघि सर्छन् । यीनबाट पनि कुम्भकर्णलाई परास्त पार्न कठिन हुने देखेपछि राम स्वयं कुम्भकर्णसँग भिड्न अगाडि बढ्छन् र राम र कुम्भकर्ण बिचमा पनि घमासान युद्ध हुन्छ । अन्तमा रामकै हातबाट कुम्भकर्णको पनि देहावसान हुन्छ ।

कुम्भकर्णको मृत्युले लङ्कामा हलचल मच्चिन्छ । यो घटनाले रावणको पनि धेरै मनोबल खस्किन्छ । सोह्रौं दिनदेखि एक्काइसौं दिनसम्मको युद्धमा रावणतर्फका वीर योद्धाहरू र रामतर्फका पनि हनुमान् अङ्गद महामन्त्री जाम्बवन्तसमेतका कुशल योद्धाहरू युद्धको सङ्ग्राममा भिडेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् । यो दिनको युद्ध निर्णायक विन्दुमा पुग्ने तरिकाले अगाडि बढिरहेको हुन्छ । यसरी निरन्तर युद्ध चल्दै गर्दा पनि रावणको वध हुन न सकेपछि देवताहरूको सल्लाहमा रामले शक्ति स्वरूपा दुर्गा माताको आराधना गरेमा दुर्गाको सहायताबाट विजय हासिल गर्न छिटो र सहज हुने उपाय बताउँछन् ।

नवदुर्गा माताको पूजा आरम्भ

श्रीरामले दुर्गा मातालाई प्रसन्न गराउन उनको प्रसन्नताको निमित्त आश्विन प्रतिपदाको दिनदेखि दुर्गाको स्थापना गरी एक सय आठ नीला कमलका फूल र जौको जमरा अर्पण गरेर देवीको स्तुति गर्दै दैनिक देवीको आराधना गर्न थाल्छन् । सातौं दिनमा देवीलाई मन पर्ने विभिन्न जडीबुटी युक्त वनस्पतिहरू ल्याई अर्पण गरेपछि उसै दिन रात्रिको मध्य समयमा कालरात्री देवीको नामले दुर्गा माता सिंहमा सवार भई रामको अगाडि प्रकट हुन्छिन् । रामले पनि दुर्गाको वाहन सिंहलाई आहाराको निमित्त बली प्रदान गरी दुर्गालाई शोडषोपचारले पूजा गर्नुहुन्छ । अष्टमीका दिन दुर्गा माताले रामलाई युद्धमा आवश्यक पर्ने आफ्ना अस्त्र शस्त्रहरू दिई विजयको आशीर्वाद पनि दिन्छिन् । यसरी दुर्गाको आशीर्वाद प्राप्त गरेपछि अष्टमी नवमी र दशमीको दिनसम्म रावणसँग घमासान युद्ध हुन्छ र अन्तमा यसै दिन रामको हातबाट रावणको पनि वध हुन्छ ।

रावणमाथि रामको विजयलाई यहाँ दानवमाथि देवताको विजय, अन्याय र अत्याचारमाथि न्यायको विजय वा असत्यमाथि सत्यको विजय, यसरी यो दिनको लागि यस्ता कैयौं नामले सम्बोधन गर्ने गरिएको छ । रामको यही सिको अनुशरण गरी हामी सनातनी धर्मका अनुयायीहरूले पनि हाम्रा यिनै शास्त्रहरूको कथनको आधारमा हामी आफूमा पनि शक्ति सञ्चय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गराउन प्रतिपदाकै दिन एउटा कलशमा पानी भरी त्यसमा पञ्च पल्लव (वर, पीपल, आँप, डुम्री र पाँकरीका पात) र पञ्चरत्न (सुन, चाँदी, मूगा, पुवाँलो र मोती) राखी त्यसमाथी एउटा तामाको थालीमा दुर्गा माताको प्रतीक स्थापना गराई कलशको साथमा दियो र गणेशको समेत स्थापना गरी जमराको निमित्त जौको बीजारोपण गरी घटस्थापना गर्ने गरिन्छ। (यी सबै सामग्रीहरू पूजा पसलमा उपलब्ध हुन्छन्) ।

पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैठौं दिन कात्यायनी देवीको पूजा गरिन्छ। सप्तमीको दिन फूलपातीको नाममा वनस्पति जन्य बुटीहरू नव पल्लव (केराको पात, दाडिमको हाँगा, धानको बोट, हलेदोको बोट, कालो हलेदोको बोट, पिँडालुको बोट, बेलको पात र फलसहितको हाँगा, अशोक र जयन्तीको फूल) जम्मागरी पूजा स्थलमा भित्र्याई यिनीहरूको पूजा गरिन्छ। मध्यरातको वेला चन्द्र अस्तको समयमा दुर्गा माता कालरात्री प्रकट हुने मान्यताको आधारमा सिंहको नाममा बली र माताको नाममा शोडषोपचारले पूजा गर्ने प्रचलन हाम्रो समाजमा अद्यापि छँदै छ। यसपछि अष्टमीको दिन महागौरीको पूजाको साथै अस्त्र शस्त्रहरूको नाममा आफ्नो घरमा भएका धारिला हतियारहरू देवीको स्थानमा राखी पूजा गर्ने गरिन्छ। नवमीको दिन सिद्धि दात्रीको पूजा गरिन्छ र यो दिन सरस्वती माताको पनि पूजा हुन्छ। विजया दशमीको दिन अपराजिता देवी दुर्गा माताको पूजा गरी यो नवरात्री यज्ञको विसर्जन गरिन्छ। यसैलाई हामी नवरात्री वा दसैं पर्वको नामले मनाउँदे आएका छौं। सनातनी धर्मा वलम्वी हरूले यो दिनलाई शुभ दिनको रूपमा लिने गर्छन् र विजया दशमीको दिन भगवती मातालाई अर्पण गरेका जमरा र राता अक्षता आफ्ना मान्य जनहरूको हातबाट भगवतीको प्रसादीको रूपमा ग्रहण गरी आशीर्वाद लिने प्रचलन छ। यो विजया दशमीलाई परिवारको साथमा रही सामूहिक रूपमा मनाउन देश परदेशमा रहेका आफन्त जनहरू पनि यो दिन आ-आफ्ना घरमा आइ पुग्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ मानिसको कर्मको आधारमा विकृति पैदा हुँदै जानाले मानिस धर्म गर्ने बहानामा बुझेर वा नबुझेर पाप गर्न तर्फ उन्मुख भएको देखिन्छ। किनभने दुर्गाको वाहन सिंहलाई दिइने वली खोटरहित (अर्थात् शरीरमा कतै घाउ चोटपटक नलागेको) जनावर दुर्गा मातामा अर्पण गरी (मन्साई) बाहिर जङ्गल वा अन्य कुनै सुरक्षित स्थलमा लगेर छाडी दिनुपर्ने नितिगत सिद्धान्त हो, तर यहाँ लोभी मानिसहरूद्वारा बलिको निमित्त मगाइएका जनावरलाई त्यसै छाड्न नसकी अरूको नाममा अर्पण गरेको वस्तु मासुको लोभले पुनः आफै हत्या गरेर धर्मको नाममा उल्टै पापकर्म गर्दै आएको देख्दछौं। मानव समाजबाट धर्मको नाममा हुँदै आएको यो एउटा विकृति हो।

वीभिषणको राज्यारोहण

रावणको प्राण त्याग भएपछि मन्दोदरीले रामसँग विन्ती गर्दै रावणको कारणले सारा जन धनको क्षति हुनुको साथै रावणको समेत वध हुन पुगेकोमा उनीबाट हुँदै आएका गल्ती उपर क्षमा याचना गर्छिन्। वास्तवमा मन्दोदरी अप्सराकी पुत्री र संस्कारी पतिव्रता नारी थिइन्। रावणद्वारा सीताजीको हरण भएदेखि नै यिनले तत्काल सीताजीलाई फर्काई रामको जिम्मा लगाएर रामसँग क्षमा याचना गर्न पटक-पटक अनुरोध गरेकी हुन्छिन्। रावणकै कारण लङ्कामा एक दिन यो दुर्गति अवश्य निम्तिने छ भन्ने उनलाई पहिल्यै अवगत भएको हुन्छ र यसमा उनलाई सधैं खेद रहेको हुन्छ। मन्दोदरीको जीवनलाई सरसरती हेर्दा सीताको गर्भधारण हुने समयमा पनि रावणसँगको सहवासबाट गर्भधारण भएको नभई अन्जानमै सीताको गर्भ रहन गएकोमा रावण र स्वयं मन्दोदरी नै भ्रममा परेका हुन्छन्। यो गर्भलाई रावणले स्विकार नगरेकै कारण लोक मान्यताको आधारमा यिनलाई पनि बहु पतिकी पत्नी हुनुको दोष खेप्नु परेको हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम रावणको युद्धमा रावणका परिवारमा रहेका मन्दोदरी र विभीषण बाहेक अरू सबैको मृत्यु भइसकेको कारण लङ्काको राज्यारोहण निमित्त विभीषणलाई प्रस्ताव गरी राज्याभिषेकको व्यवस्थापन जुटाई रावणले लगाएको राजमुकुट (जो अङ्गदले रामलाई दिएका थिए) विभीषणलाई पहिर्याई रामको हातबाटै राज्याभिषेकको कार्य सम्पन्न गरिन्छ। मन्दोदरी र विभीषण दुवै जना आध्यात्मिक विचारधाराका हुनाले पहिलेदेखि नै भावनात्मक रूपबाट पनि नजिक रहेको हुँदा र त्यो समय ताका एकल रूपमा रहेका भाउजू वा बुहारीसँग देवर वा जेठाजुले विवाह गर्ने प्रचलन पनि भएको हुनाले श्रीरामको प्रस्तावमा दुवै जनालाई मञ्जुर गराई वैवाहिक सबन्धमा बाँधी दिनुहुन्छ। एकल महिलालाई जीवनयापन गर्न गाह्रो पनि पर्ने हुनाले वा समय परिस्थितिको विचार गरी यस्ता कार्य त्यो समय ताका अरू पनि भएका छन्। जस्तो त्रेतायुगमा महर्षि व्यासद्वारा आफ्ना विधवा भाइबुहारीहरूलाई गर्भाधान गराएको कुरा, बालीको मृत्युपछि श्रीराम द्वारा नै ताराको विवाह उनैका देवर सुग्रीवसँग गराएको, कुरा यस्ता उदाहरणहरू कथाका प्रसङ्गमा अरू पनि सुन्न र पढ्न पाइन्छ। यसरी मन्दोदरीको दोस्रो विवाह विभीषणसँग हुन्छ र मन्दोदरी र विभीषण मिलेर लङ्कामा सुशासनको स्थापना गर्छन्। विभीषणको राज्यपालमा लङ्कामा धर्मको पनि उदय हुन्छ र राज्यमा शान्ति कायम हुन्छ।

यसरी लङ्काधिपति रावणको वध भएपछि देवताहरूमा खुसी छाउँछ। इन्द्रले रामको फिर्ती सवारीको निमित्त पुष्पक विमान लिएर लङ्का आउँछन् र राम, सीता, लक्ष्मण र हनुमानलाई लिएर विमानद्वारा अयोध्या फर्किन्छन्। अयोध्या फर्किने क्रममा राम पहिला सेतु निर्माण गर्दा यज्ञ गरेको स्थान रामेश्वरमा आएर आफ्नो जीवनको लक्ष्य पूरा भएको उपलक्ष्यमा यो यज्ञको उद्यापन समेत गरेको पाइन्छ। उद्यापनको समयमा पुरोहितको सल्लाह अनुसार कैलाश बाट नै सक्कली ज्योतिर्लिङ्ग मगाई स्थापना गर्न हनुमानलाई कैलाश पठाइन्छ। हनुमान् कैलाश गएको बेला समुद्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किनारमा एक्लै बसेको बेला सीताजीले बालुवाको एउटा शिवलिङ्ग बनाएकी हुन्छिन् । यज्ञको मुहूर्तको बेलासम्म पनि हनुमान् फर्केर न आएपछि पुरोहितको सल्लाहमा त्यहाँ अर्को शिवलिङ्ग निर्माण गरिन्छ । पछि सीताजीले निर्माण गरेको शिवलिङ्ग पनि देखेपछि दुवै शिवलिङ्ग त्यहाँ स्थापना हुन्छन् । केही समय लगत्तै हनुमानले पनि कैलाशबाट सक्कली शिवलिङ्ग लिएर आइ पुग्छन् र ती पनि यहीँ स्थापना गरिन्छ ।

यसरी यहाँ अहिले नै तीन शिव लिङ्गको स्थापना गरिएको हुन्छ भने पहिला सेतु निर्माणको वेला स्थापना गरिएको शिवलिङ्ग समेत गरेर यहाँ चार ज्योतिर्लिङ्ग स्थापना भएका हुन्छन् । हनुमान् स्वयंले रामको पनि एउटा ज्योतिर्लिङ्ग बनाई यहीँ स्थापना गरेका हुन्छन् । यसरी यहाँ पाँच ज्योतिर्लिङ्ग एकसाथ स्थापना गरिएका छन् भने साथै दुर्गाका दुई मूर्ति पनि स्थापना भएका छन् । जसमा एक पर्वत वर्धनी र अर्को विशालाक्षी । मन्दिरको पूर्व द्वारको बाहिर हनुमानको एक विशाल मूर्ति पनि स्थापना गरिएको छ । यो यज्ञमा रामले आफ्नो साथमा लगेकी सीतालाई वन बासमा पर्न सक्ने सम्भाव्य दुर्घटनाको आँकलन गरी चित्र कुटमा रहेको बेला त्यहाँ ऋषिहरूलाई डाकी एउटा यज्ञ गरेर त्यहाँ सीताको असली रूपलाई अग्निमा समाहित गराई सीताको प्रतीक (जो सीताको स्वरूपमात्र थियो) लाई साथमा लिएर हिँडेका हुन्छन् । यहाँ यही नक्कली रूपलाई अग्निमा विसर्जन गरी अघि अग्निको जिम्मा लगाएको असली रूप अग्निबाट फिर्ता लिई सक्कली रूप साथमा लिएर अयोध्या फिर्ता हुन्छन् । रामको यही क्रियालाई लोक भनाइमा सीताको अग्नि परीक्षा पनि भन्ने गरिन्छ ।

रामेश्वरमा मन्दिरको क्षेत्र पनि विशाल छ । यहाँ मन्दिर क्षेत्रभित्र अरू पनि धेरै दर्शनीय स्थलहरू छन् । जस्तो कोटी तीर्थ, बाइस कुण्ड तीर्थ, राम नाथ स्वामी मन्दिर लगायतका चौसट्ठी तीर्थ स्थल भएको पाइन्छ । तर यिनी तीर्थहरूमध्ये चौबीस तीर्थहरूलाई विशेष महत्वका साथ हेर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिन्छ। मन्दिरको पूर्वी प्रवेश द्वारको बाहिर रहेको तीर्थलाई अग्नि तीर्थ भनिन्छ। मन्दिर प्रवेश गर्नु पूर्व यही अग्नि तीर्थमा स्नान गरेर मात्र भित्र मन्दिर दर्शनको निमित्त प्रवेश गर्ने प्रचलन छ। चारधाम तीर्थ गर्न जाँदा रामेश्वरमा पुगेको वेला सोध खोज गर्यो भने यी सबै तीर्थहरू अवलोकन र दर्शन गर्ने अवसर मिल्दछ।

श्रीरामको अयोध्या आगमन

यसरी आफ्ना सम्पूर्ण काम सम्पन्न गरी रामेश्वरम् बाट पनि अयोध्याको निमित्त श्रीरामको प्रस्थान सुरु हुन्छ। अयोध्या आइ पुग्दा कार्तिक अमावस्या लक्ष्मीपूजाको दिन परेको हुन्छ। यो दिन श्रीरामको आगमन हुँदैछ भन्ने खबरले जनतामा झन् उत्साह थपिन्छ र यही खुसीयालीमा शहरको चारैतर्फ ध्वजापताकाले सिँगारी घरघरमा र चोक चोकमा दीपावलीको आयोजना गरिएको हुन्छ। रामेश्वरम् बाट फर्किने क्रममा हनुमान् र विभीषण सोही विमानद्वारा र अन्य सेनाका दलहरू स्थल मार्गद्वारा फिर्ता भएका हुन्छन्। राम विमानद्वारा अयोध्या प्रवेश गर्दा अयोध्या नगरीलाई नयाँ बेहुली सरह सिँगारी नगरलाई सजाएको देखेर नगरको बाहिरै विमान अवतरण गरेर पैदल मार्गद्वारा नगर प्रवेश गरेका हुन्छन्। रामको स्वागत गर्न त्यहाँ भरत र शत्रुघ्नको साथमा ऋषि मुनिहरू गुरुजन तथा वरिष्ठ व्यक्तिहरूको साथै अयोध्या वासी जनताहरूसमेत बाटोको दुवै किनारामा लाम बद्ध भएर रामको आगमनको प्रतीक्षा गरिरहेका हुन्छन्। अयोध्या वासी सबै बाट रामको आगमनलाई लिएर हर्षोल्लासका साथ चारै तिरबाट जय जयकार गुञ्जिन्छ। रामसँग मिलन हुनासाथ आफन्त मान्य जन बिचमा ढोग अभिवादन शुरू हुन्छ। श्रीरामले पनि आफ्ना प्रिय अनुजहरू भरत र शत्रुघ्नलाई अङ्कमाल गर्नुहुन्छ। यसरी सबैसँग सौहार्दता पूर्ण मिलनपछि यी वनवासी हरूलाई दरबारमा प्रवेश गराइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामको राज्याभिषेक

जब रामको दरबारमा प्रवेश हुन्छ, तब दाजुको नासोको रूपमा आफूले जिम्मा लिई सञ्चालन गर्दै आएको राज्य दाजुको आगमन लगत्तै भरतले यो नासो दाजुलाई सुम्पिन्छन् । यसपछि शुभ मुहूर्त हेरेर रामको राज्यारोहणको कार्यक्रम हुन्छ। रामको राज्यारोहणको वेला स्वर्ग लोकदेखि देवी देवताहरू, ऋषि गणहरू, गुरुजन, मान्य जन, सारालाई निमन्त्रणा पठाई सबैको उपस्थितिमा भव्य रूपमा राज्यारोहणको कार्य सम्पन्न भएको हुन्छ ।

श्रीरामको राज्यारोहण पछि उक्त समारोहमा उपस्थित प्रतिष्ठित व्यक्तिहरूको अगाडि हनुमानले राम र सीता बसेको स्थानमा आई अगाडि उभिएर बिन्ती गर्दै गर्दा, श्रीरामले सीताजीलाई सम्बोधन गर्दै भन्नुहुन्छ - हे सीता ! यी हनुमान् तिम्रो र मेरो हामी दुबैको अनन्त भक्त छन् र ज्ञानका सुपात्र पनि छन् । त्यसैले तिमीले यिनलाई तत्वज्ञानको उपदेश देउ । तव सीताजीले हनुमानलाई सम्बोधन गर्दै भगवान श्रीरामको निश्चित तत्वज्ञानको बारेमा बताउनु हुन्छ। हे हनुमान् ! तिमीले रामलाई साक्षात् अद्वितीय सच्चिदानन्द परब्रह्म सम्झ । वहाँ निःसन्देह समस्त उपाधिहरूबाट रहित मन तथा इन्द्रियको अतिसयानन्द धन निर्मल निर्विकार निरञ्जन सर्व व्यापक स्वयं प्रकाश पापरहित परमात्मा हुनुहुन्छ र मलाई उत्पत्ति स्थिति र अन्त्य गर्ने मूल प्रकृति भनेर जान्नु ।

अयोध्याको पवित्र रघुकुलमा जन्म लिनु, विश्वामित्रजीको सहायता गर्नु, उनको यज्ञको रक्षा गर्नु, अहल्यालाई गौतमको श्रापबाट मुक्त गराउनु, महादेवको धनुष तोड्नु, श्रीरामको साथमा मेरो स्वयंवर हुनु, परशुरामको घमण्ड तोड्नु, वनवास जानु, विराधको वध गर्नु, मायावी मृग रूपी मारिचको वध गर्नु, मायावी सीताको हरण हुनु, जटायुलाई मुक्ति दिनु, सवरी द्वारा भगवानको सेवा हुनु, सुग्रीवसँग मित्रता हुनु, बालीको वध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनु, अपहरित सीताको खोज हुनु, समुद्रमा पुल निर्माण हुनु, रावणको बध हुनु, लङ्काको आधिपत्य विभीषणलाई सुम्पेर लङ्का फर्किनु, रामको राज्याभिषेक हुनु जस्ता कार्य जो रामको कार्यकालमा भएका छन् यी सबै मेरा कारणले भएका छन् तर यहाँ अज्ञानीहरूको बुझाइमा यी सारा कर्म रामद्वारा नै भएको भनेर बुझ्ने गरेको पाइन्छ । राम त वास्तवमा निश्चल, स्थिर, चिन्तारहित, अनिच्छुक, निस्कृय, आनन्द स्वरूप, अविचल परिणाम हीन हुनुहुन्छ । मायाको गुणको कारणले मात्र वहाँ यी कृयाकलापमा प्रस्तुत हुनुभएको छ । यसपछि श्रीरामजीले पनि हनुमानलाई तत्वज्ञानको बारेमा बुझाउनुहुन्छ । सम्पूर्ण रामायणको सार नै यही हो ।

श्रीराम लक्ष्मणको तीर्थयात्रा

रावण ब्राह्मण कुलका एक पण्डित भएको हुनाले त्यो समय ताका ब्राह्मणले ठूलै हत्या गरेको भएपनि ज्यान लिने कार्य बाहेक अन्य प्रक्रियाबाट दण्डित गर्ने प्रचलन भएको हुनाले आफ्ना हातबाट एक ब्राह्मण परिवारको हत्या हुन गएकोमा रामलाई ब्रह्महत्याको दोष लाग्ने कुराले रामलाई निकै पिरोलिरहेको हुन्छ । यही ब्रह्महत्याको दोष निवारण गर्न निमित्त पनि रामले राज्य भारको जिम्मा पुनः आफ्ना भाइ भरतलाई राज्यको उत्तराधिकारीको निमित्त नियुक्त गरी सीता र लक्ष्मणको साथमा आफू तीर्थाटनमा निस्किन्छन् । यति वेला यिनले नेपाल र भारतमा रहेका सारा तीर्थहरू भ्रमण गरेका कुरा पूर्वीय दर्शनका विज्ञ योगी नरहरि नाथले लेख्नुभएको हिम वत् खण्डमा उल्लेख गरिएको छ । गयामा त श्रीराम श्राद्धको सामाग्री लिन बजार गएको वेला राजा दशरथकै वाणीद्वारा श्राद्धको मुहूर्त टल्न लागेको भनी सीतालाई वाणी हुन्छ र तत्काल आफूसँग श्राद्धको कुनै सामग्री नभएको हुनाले स्वर्गीय दशरथकै आत्माको निर्देशनमा सीताले बालुवाको पिण्ड बनाई पिण्डदान गरेकी हुन्छिन् । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परा आज पनि गया जानेहरूले फल्गु नदी पारी दर्शन गर्न जाने क्रममा त्यहाँका पण्डाहरूले सीताले बालुवाद्वारा दशरथलाई पिण्ड दिएको स्थान भनेर तीर्थयात्रीहरूलाई पनि बालुवाको पिण्ड दिन लगाउँछन् । त्रेतायुगमा रामले र द्वापर युगमा पाण्डवहरूले तीर्थाटन गरे देखि सनातनी धर्मावलम्वी हरूले पनि यही प्रथालाई निरन्तरता दिँदै आफ्नो जीवनको अवधिमा एक पटक अवश्य पनि तीर्थाटन गर्नुपर्ने भन्ने मान्यता राखि आएको पाइन्छ ।

भरतको शासन व्यवस्थामा पनि जनतालाई कुनै किसिमको दुःख कष्ट केही भएको हुँदैन । प्रजा सबै खुसी र सन्तुष्ट हुन्छन् । तैपनि रामको आगमनपछि रामको शक्तिको प्रभावले प्रजामा स्वतः परिवर्तन आएको देखिन्छ । उनको शासन व्यवस्थामा शारीरिक, आध्यात्मिक र भौतिक सुख सबै विद्यमान थिए भनिन्छ । जसको प्रभावको कारण जनता सच्चरित्र वान्, आत्मानुशासित, शास्त्रका ज्ञाता, शिक्षित, कार्यकुशल, निरोगी, बुद्धिमान्, रोग शोक र भयबाट मुक्त र परोपकारी पनि भएका हुनाले यो व्यवस्थापनलाई रामराज्य भनिएको थियो भन्ने पाइन्छ ।

रामले आफ्नो कार्यकालमा मर्यादाको पालना गरेका हुनाले यिनलाई मर्यादा पुरुषोत्तम भनिएको छ । यिनले पिताको आज्ञालाई शिरोधार्य गरेर आफूले प्राप्त गरेको राजपाट त्यागेर चौध वर्षसम्म वनवास जीवन बिताएका छन् । सबैले कैकेयीलाई विभिन्न लाञ्छना लगाएर दोषी देखाए पनि रामले आफ्नी आमाको मर्यादामा चोट पुग्ने कुनै काम गरेका छैनन् र भाइहरू प्रति पनि अगाध प्रेम दर्साएका छन् । रामलाई एकल पत्नीब्रता पुरुष पनि भन्ने गरिन्छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामद्वारा सीताको त्याग

तीर्थाटनबाट राम अयोध्या फर्किंदा एकजना धोबीको कुरालाई लिएर नगरभरि सीताको बारेमा गाइँगुइँको आवाज फैलिएको रामलाई थाहा हुन्छ । धोबीको भनाइमा परपुरुषको साथमा कैयौं रात व्यतीत गरेकी सीतालाई रामले पुनः फिर्ता ल्याएकोमा उनीहरूको चित्त बुझेको हुँदैन । रामको नजरमा सीता निर्दोष ठानिए पनि आफ्नो कारणबाट जनतामा असन्तुष्टि फैलिनु एक शासकको निमित्त दुःखदायी कुरा भएको हुँदा, उनले सीतालाई यो कुराको जानकारी गराई, प्रजाको सन्तुष्टि नै एक शासकको सन्तुष्टि हुनसक्छ भन्ने मान्यता राख्ने एक कुशल शासक हुनुको कारण आफू निष्कलङ्क भएको देखाउन रामले लक्ष्मणलाई डाकी सीतालाई जङ्गलमा लगेर छाडिँदिन आदेश दिन्छन् । रामको यो आदेश सुनेपछि कुनै प्रतिकार नजनाई सीता वनवास जान तैयार भएको देखी रामले सीतालाई भन्छन् - 'हे सिते ! एक नारीमाथि पुरुषबाट हुने गरेका यस्ता दमनको विरुद्धमा तिमीहरूको विरोधाभास किन प्रकट हुँदैन ? आफू माथिको अन्याय उपर एक प्रतिकारसम्म नगरी सिधै स्वीकार गर्न कसरी सक्छ्यौ ? सीताजी भन्छिन् - **'त्यजेत् एकं कुले सार्थी ग्राम सार्थी कुलम् त्यजत्'** । अर्थात् कुलको हितको निमित्त व्यक्तिको बलिदान र देशको निमित्त कुलकै बलिदान दिन परे पनि पछि हट्नु हुँदैन । यदि म जङ्गल जानाले मेरो एक ज्यानको त्यागबाट प्रजा खुसी हुन्छन् र देशमा शान्ति छाउँछ भने हामी शासकले पनि यो त्यागलाई सहर्ष स्वीकार गर्नुपर्छ । सीताले पनि यसो भनेपछि लक्ष्मणले रामको आज्ञालाई शिरोधार्य गर्दै सीता मातालाई जङ्गलमा लगेर छाडी दिएका हुन्छन् ।

हुनत यो घटना पनि विधिकै विधान अनुसार भएको हुनाले यो घटनाको बारेमा ब्रह्मर्षि वाल्मीकिलाई पहिले नै थाहा हुन्छ र सीता वनवास आउँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छिन् भन्ने सङ्केत पाएर उनी सीतालाई लिन आफ्नो कुटी देखि केही तलसम्म झर्न भ्याएका हुन्छन् । सीतालाई भेटी आफ्नो कुटीमा ल्याएर आफ्नी छोरी तुल्य बनाएर राख्छन् । सीतालाई जङ्गलमा लगेर छोड्दा यिनी दुई जीउकी भइ सकेकी हुन्छिन् । समय बित्दै जाँदा सीताबाट लव र कुशको जन्म हुन्छ ।

सीता माताको सङ्गत र ब्रह्मर्षि वाल्मीकिको साथ पाएपछि लव कुश पनि सानैदेखि सुशील, लगनशील र पराक्रमी भएर निस्केका हुन्छन् । गुरुकुल शिक्षामा यिनीहरूले आर्थिक राजनीतिक युद्ध कला, शस्त्र विद्या, अस्त्र विद्या जस्ता सबै विधामा निपूर्ण भएका हुन्छन् ।

रामको शासन कालमा अयोध्यामा सुशासन छाएको पाइन्छ । रामको कार्यकाललाई रामराज्यको नामले पनि चिनिन्छ। हुनत सृष्टिको क्रम सङ्गै यस्ता रामराज्य यस अगावै पनि भएको देखिन्छ । राम चरित मानसमा उल्लेख भए अनुसार प्रथम सु-शासक स्वायम्भुव मनुका नाति, प्रिय व्रतका छोरा प्रथम भरत, द्वितीय शासक ध्रुवका पुत्र भरत, तेस्रा महाभारत कालीन शकुन्तला पुत्र भरत, राजा हरिश्चन्द्र, राजा सुदास, भगवान राम, राजा युधिष्ठिर, सम्राट चन्द्र गुप्त मौर्य, सम्राट अशोक, सम्राट विक्रमादित्य, सम्राट चन्द्रगुप्त द्वितीय, राजा हर्ष वर्धन, राजा भोज, आदिको राज्य कालमा पनि सुशासन भएको हुनाले यी सबैको राज्य काललाई पनि रामराज्यकै उपमा दिइएको छ। यसरी रामले अयोध्यामा निकै लामो समयसम्म राज्य गरेपछि भारतवर्षको चारै तर्फका राज्यहरूमा पनि शान्ति कायम भएको हुन्छ । हाम्रो देस नेपालमा पनि हाम्रै पालामा यस्तै राम राज्य कायम भएको हाम्रै आँखाले देख्न पाइयोस भन्ने कामना गरौं शुभ कामना ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामको अश्वमेध यज्ञ

तीर्थाटनपछि अयोध्यामा रामले सुशासन कायम गराई आफ्ना छिमेकी राज्यहरूमा पनि आफ्नो कुशल प्रशासनको आधारमा राज्य विस्तार गर्दै आफूलाई सम्राट चक्रवर्ती राजा भएको घोषित गर्न अश्वमेध यज्ञ गर्ने तयारी गर्छन् । यो यज्ञ समापन गर्नु पूर्व चक्रवर्ती राजा घोषणा हुनुमा कसैको विमति भए यो यज्ञबाट छोडिएको घोडा समाती युद्धको लागि तैयार हुनु भन्ने लेखिएको ब्यानर घोडाको अगाडि टाउकोमा झुन्ड्याएर घोडालाई राज्यको सीमा क्षेत्रमा लगेर छाडिन्छ । घोडाको सुरक्षा र प्रतिकार गर्नेको सन्देश पुर्याउन घोडाको साथमा केही सैनिक पनि छाडिएका हुन्छन् ।

यत्तिकैमा घोडा अगाडि बढ्दै जाँदा घोडा वाल्मीकि ऋषिको आश्रम रहेको क्षेत्रमा आइ पुग्छ (यहाँ पनि कथाकै प्रसङ्गमा वाल्मीकि आश्रम दुई देशको सीमा क्षेत्रमा रहेको बुझाउँछ) । जो हालको वाल्मीकि आश्रम पनि सीमा छेत्रमै पर्दछ । यहाँ यो घोडा यिनै लव कुशको नजरमा पर्छ । राजाबाट छाडिएको घोडा विशेष आकर्षक भएको हुनाले यी बालकहरू यो घोडा हेर्न अगाडि बढ्छन् । घोडाको शिरमा टाँगिएको ब्यानरतर्फ यिनीहरूको नजर पर्छ र यो ब्यानरमा लेखिएको सन्देश पढ्छन् । आफूहरूमा यस्तो ललकारको प्रतिकार गर्न सक्ने क्षमता भएको हुनाले यो ललकारलाई चुनौती दिन यिनीहरूले राजाको घोडा समाती उनीहरूसँग युद्ध गर्न चुनौती दिन्छन् । बालकहरूको प्रतिभा देखी सैनिकहरूद्वारा यो सन्देश अयोध्या पुर्याइन्छ । साधारण बालकहरू ठानी रामले सेनाका टुकडी दललाई एक-एक टुकडी, पटक-पटक गरी युद्धको निमित्त पठाउँछन् । पटक-पटक गरी पठाइएका यी सबै दलबाट कुनै परिणाम न निस्केपछि आश्चर्य चकित भई अन्तमा सेनाको साथमा हनुमान् समेत निस्कन्छन् । हनुमानले यी बालकहरूको अनुहारमा विलक्षण प्रतिभा देखेपछि ध्यान दृष्टिबाट हेर्दा यिनीहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामको अंश भएको थाहा पाउँछन् र मनै मनले यी वालकहरूलाई प्रणाम गरी यिनीहरू प्रति कुनै प्रतिकार नजनाई बस्दा हनुमान् बालकहरूको गिरफ्तारीमा पर्छन् ।

यो सन्देशले रामलाई झन् चकित पार्छ र उनी स्वयं उपस्थित भई यी बालकहरूसँग युद्धको निमित्त तैयार हुन्छन् । यति वेला ऋषि वाल्मीकि र सीताले राम स्वयं युद्धमा उत्रेको थाहा पाई झटपट युद्धभूमिमा पुग्छन् र लव कुशलाई रोक्दै प्रतिपक्षीको रूपमा युद्ध गर्न आएका अरू कोही नभई स्वयं राम उनीहरूकै पिता भएको परिचय दिन्छन् । यसरी राम र लव कुशको बिचमा पिता पुत्रको सम्बन्ध कायम हुन्छ । हुनत रामको लीलाको बारेमा दिव्यदृष्टि पाएका वाल्मीकिले रामका क्रियाकलापको घटनाक्रमसँगै रामायण लेख्दै पनि आएका हुन्छन् र यो रामायणको कथा प्रसङ्ग यी बालकहरूलाई पनि सुनाउँदै आएका हुन्छन् । राम उनीहरूका पिता हुन् भन्ने थाहा पाउँदा पनि उनीहरूले पढेका रामायणका राम यिनै हुन् भन्ने लवकुशलाई अझै पनि थाहा हुँदैन । लव कुशसँगको भेटपछि रामले छोरा लवकुशलाई आफ्नो परिचय दिन्छन् र पुत्रहरूको साथमा सीतालाई पनि अयोध्या फर्काउने प्रस्ताव राख्छन् । यति वेला पनि सीताको पवित्रताको बारेमा प्रश्न उठ्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताको पाताल गमन

सीताले अब आफ्नो जन्मको उद्देश्य पूरा भइसकेको ठानी आफ्नो सत्यताको पुष्टि गर्न धर्ती मातासँग विन्ती गर्दै भन्छिन् - हे माता ! यदि म आफ्नो सत्यमा छु र मेरो पतिव्रता धर्म अटल छ भने मलाई तिम्रो आँचलभित्र रहन देऊ भन्दै धर्ती माताको पुकार गर्छिन् । सीताको यो पुकार सुनेपछि सीता माता उभिएकै स्थानबाट जमिन फाटी धर्ती माता प्रकट भएर सीतालाई आफ्नो अँगालोमा अँगाल्छिन् । सीताले पनि आफ्नो जीवनमा आफूले गर्नुपर्ने कर्तव्य पूरा गरिसकेको हुनाले श्रीरामलाई हृदयदेखि नै प्रणाम गर्दै सबैसँग बिदा लिदै आफू त्यहीँ धर्ती माताकै काखमा समाहित हुन्छिन् । सीताको यो कठोर निर्णयलाई रामले सहज रूपमा लिन सक्दैनन् र उनले सीतालाई आफूमा विलीन गराउने धर्ती माता माथि नै वाण चलाउन तयार हुन्छन् । रामले धर्ती माता उपर वाण चलाएमा लोकमा अनर्थ हुनसक्ने आँकलन गरेर अकस्मात् देवताहरूको वाणी हुन्छ। देवताहरूको अनुरोधमा रामले आफ्नो वाण खिच्न ढिलाई गर्दै आफूलाई संयम गराउँछन् र स्थिति सामान्य अवस्थामा फर्किन्छ । यसपछि ब्रह्मर्षि वाल्मीकिको परामर्शमा रामले आफ्ना पुत्रहरूलाई साथमा लिएर अयोध्या फर्किन्छन् ।

लव कुशलाई राज्य हस्तान्तरण

लव कुशलाई लिएर अयोध्या फर्केपछि पनि रामले यिनीहरूलाई सुशासनको बारेमा प्रशिक्षण दिँदै निकै लामो समयसम्म शासन चलाएको पाइन्छ। युग अनुसार मानिसको आयु फरक हुनु र रामको जीवन काल उनकै इच्छामा निर्भर हुनुले पनि हुनसक्छ, राम एघार हजार वर्षसम्म जीवित रहेको कुरा रामायणमा उल्लेख गरिएको छ। लव र कुशमा पनि आफ्ना पिताको वंशाणु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुण, गुरुकुलको शिक्षा, माता सीताले दिएको संस्कारको प्रभाव र पिताको शासन कालबाट समेत प्रभावित यी दुवै भाइमा एक कुशल शासकमा हुनुपर्ने सम्पूर्ण गुणहरूले पूर्णता पाएको हुन्छ । त्यसैले श्रीरामले पनि आफ्नो जीवनको कार्यकालको समाप्तिसँगै आफ्नो जीवनको समयावधिमा आफूले भोग्नु परेका बाधा अवरोधको कारण महशुस भएको थकावटबाट विश्राम लिने इच्छा राखेर आफ्ना यी दुई पुत्र लव र कुशलाई अलग-अलग राज्य खडागरी यिनीहरूलाई यसको उत्तराधिकारीमा नियुक्त गर्छन् ।

रामको कार्यकालको समाप्तिसँगै आफूले पनि यो संसारबाट बिदा लिनुपर्ने बेला भए्को हुँदा केही परामर्शको निमित्त यमराज(काल) लाई अयोध्यामा डाक्नुपर्ने हुन्छ। तर रामको कार्यकालमा अयोध्याभित्र प्रवेश गर्दा श्रीरामको द्वारपाल हनुमानसँग सामना गर्नुपर्ने भएकाले हनुमानको उपस्थिति रहँदा सम्म यमराजले पनि अयोध्या प्रवेश नगर्ने भएकाले यमराजको आगमनमा सहजता पुर्याउन केही समयको निमित्त हनुमानलाई त्यहाँबाट अन्यत्र कतै पठाउनुपर्ने हुन्छ । यसै कारण रामले एउटा नाटकीय मञ्चन गरी एउटा सानो सुरुङको निर्माण गरेर त्यहाँ आफ्नो औँठी खसाली हनुमानलाई औँठी खोजेर ल्याउन आदेश दिन्छन् र हनुमान् नभएको बेला पारी यमराजलाई दरबारमा प्रवेश गराउँछन् । उता हनुमानले औँठी खोजी गर्ने क्रममा सुरुङभित्र प्रवेश गर्नुपर्ने भएकाले सुक्ष्मरूप धारण गरेर सुरुङभित्र प्रवेश गर्छन् र औँठीको खोजी गर्दै सुरुङको भित्र भित्रै बाट केही टाढासम्म पुग्ने क्रममा नागलोक पुग्छन् ।

नागलोकमा नागराज वासुकिसँग हनुमानको भेट हुन्छ । भेटपछि आफू त्यहाँसम्म आइ पुग्नुको उद्देश्य बताउँदा नागराजले रामको औँठी जस्तै देखिने धेरै औँठीको रास देखाउँदै रामको औँठी चिनेर लैजान आदेश दिन्छन् । हनुमानले आफ्नो शक्ति लगाएर त्यो औँठीको थुप्रोबाट रामको औँठी पत्ता लगाउँछन् र औँठी निकाली बाहिर निस्कन्छन् ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यता हनुमान् नभएको मौका पारी यमराज (काल) ले श्री रामको आदेशमा एक साधुको भेष धारण गरेर अयोध्या छिर्छन् र रामको दर्शनमा दरबार प्रवेश गर्छन् । रामसँग केही गोप्य कुरा भएको जनाउँदै केही समयको निमित्त रामसँग एकान्त बासको निमित्त माग राख्दछन् । यति वेला रामले आफ्ना भाइ लक्ष्मणलाई नै बोलाई द्वारपालको निमित्त खटन गरी आफ्नो वार्ता अवधि भर कोही भित्र प्रवेश गरेमा तत्काल मृत्युदण्ड दिइने घोषणा सुनाउँदै राम कोठाभित्र प्रवेश गर्छन् र लक्ष्मणले ढोका बन्द गरी बाहिर पहरा दिन्छन् ।

भित्र प्रवेश गरेपछि साधुले आफ्नो परिचय दिँदै आफू पनि श्रीरामकै आदेशको पालक भएको र अहिले ब्रह्माजीको निर्देशानुसार श्रीरामको जन्मको उद्देश्य पूरा भइसकेको हुनाले अब आफ्ना सहयोगीहरूको साथमा वैकुण्ठलोक फिर्ता हुन स्मरण गराउँदै अरू बस्ने इच्छा भएमा हजुरको खुसी गर्नु भन्दै गर्दा यता बाहिर महर्षि दुर्वासाको आगमन भएको हुन्छ । महर्षि दुर्वासाले आफूलाई श्रीरामसँग तत्काल भेट गर्नुपर्ने अत्यन्त आवश्यक काम परेको बताउँदै भित्र प्रवेशको निमित्त रामको आज्ञा लिन लक्ष्मणसँग अनुरोध गर्छन् । लक्ष्मणले भित्र राम बाहिरी अतिथिको साथमा वार्तामा व्यस्त रहनु भएको कुरा ऋषिलाई जनाई केही समय धैर्य गर्न अनुरोध गर्छन् । महर्षि दुर्वासा बोलेपछि आफ्नो आदेशको पालना नभएमा तत्काल रिसाइ हाल्ने र श्राप दिइ हाल्ने उनको स्वभाव भएको हुनाले उनले लक्ष्मणसँग आफूलाई तत्काल भित्र प्रवेश गर्ने अनुमति नदिएमा पूरै रघुवंशको नाश हुने श्राप दिने धम्की सुनाएपछि उनको आदेशबाट लक्ष्मण अत्तालिन्छन् र आफ्नो अडानको कारण कुलको नाश गराउनु भन्दा आफ्नो एकल हत्यामा लोकको कल्याण हुने ठानी लक्ष्मणले ढोका खोलेर भित्र प्रवेश गर्छन् ।

भित्र जाँदा वार्ताको अन्तिम चरण पुगेको हुन्छ । लक्ष्मणको प्रवेश देखेपछि यमराजले आफ्नो कुरा यहीं स्थगित गरेर आफू बाहिरिन्छन् । रामको वचन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार लक्ष्मणले आफ्नो आज्ञा तोडेको हुनाले उनको हत्या गर्नुपर्ने हुन्छ। तर यहाँ तत्काल महर्षिको उपस्थिति पनि भएको र यो दिन ऊनको उपवासको अन्तिम दिन पनि परेको हुनाले आफूलाई यथेष्ट भोजन गराउन अनुरोध गर्छन् । लक्ष्मण उनको आतिथ्य सत्कारमा जुट्नुपर्ने भएकाले ऋषिको सेवा अंवधि सकिए पछि रामको मुहारमा हेर्दा रामको चेहरामा साबिक अवस्थामा भन्दा फरक प्रकृतिको मलिनता देखी लक्ष्मणले रामको मनोभावलाई बुझी रामसँग प्रश्न गर्छन् - हजुरको मनमा केही अनिर्णायक कुराले तनाव दिए जस्तो छ। यसमा हजुरले खेद मान्नुपर्ने कुरै छैन । विद्वानहरूको परामर्श लिई के गर्दा उचित हुन्छ गर्दा हुन्छ । किनभने हजुरको वचनको उलङ्घन आफैबाट भयो भने हजुरको आजसम्मको निष्ठा समाप्त भएर जानेछ, भनेपछि रामले लक्ष्मणको सल्लाहलाई उचित ठानी राज्यसभा बोलाई उचित परामर्शको निमित्त प्रस्ताव पेस गर्नुहुन्छ । विद्वानहरूको राय अनुसार हत्या गर्नु र त्याग गर्नु एकै प्रकृति भएको हुनाले लक्ष्मणलाई देश निकाला गर्नुपर्ने निर्णय सुनाइन्छ । यसपछि लक्ष्मणले पनि आफ्नो जीवनको लक्ष पुरा भएको महशुस गरी आफ्नो जीवनको विसर्जनको निमित्त सरयु नदीमा जान्छन् र त्यहाँ आफ्नो त्यो भौतिक शरीरको नै विसर्जन गरी शेषावतारको रूपमा परिणत भएर त्यहीं नदीमै रामको प्रतिक्षामा रहन्छन् ।

सीता र लक्ष्मणको देहावसानसँगै अव रामलीलाको पनि समाप्तितर्फ उन्मुख भएको देखिन्छ । प्रकृतिमा उत्पन्न भएका देव दानवदेखि लिएर किट पतङ्गसम्मको मृत्यु एक दिन निश्चित देखिएकोले अव राम, भरत, शत्रुघ्न र हनुमानले पनि यस धर्तीबाट बिदा लिनुपर्ने हुँदा, यसैको भूमिका मिलाउन यमराजलाई अयोध्या झिकाइएको हुन्छ । हनुमान् शिवजीको अंश भएको हुनाले र श्रीरामको सुरक्षा र सहयोगको निमित्त यिनको जन्म भएको हुनाले रामको जीवन अवधि भर यिनको मृत्यु संभव देखिँदैन । हनुमानमाथि मृत्युवतका घटना जीवनमा निकै घटेका छन् । उनी कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि घटनासँग विचलित नभई जस्तोसुकै परिस्थितिमा पनि रामकै नामको शक्तिले आफू सुरक्षित रहेका हुन्छन् । यो बेला भने हनुमान् नभएको मौका पारी रामले पनि आफ्ना काम जति सम्पन्न भएको महशुस गरी यसै वेला देहत्याग गर्ने निर्णय लिन्छन् र आफ्ना भाइहरू भरत र शत्रुघ्नको साथमा सरयु नदीमा प्रवेश गरी त्यो नश्वर शरीरलाई त्यही विसर्जन गरेर आफ्नो वास्तविक चतुर्बाहु रूप धारण गरी शेषनागमा सवार भएर हनुमानलाई यही लोकमा छाडी आफूहरूमात्र वैकुण्ठलोकमा प्रस्थान गर्छन् । यसै कारण हनुमानलाई आजसम्म पनि जिवितै छन् भन्ने लोकमा मान्यता रही आएको पाइन्छ ।

सुर्पणखाको बाँकी जीवन

राम र रावणको युद्धमा रावणका सबै भाइहरूको देहावसान भइसकेको हुनाले दाजुहरूको आश्रय नपाएपछि सुर्पणखा आफ्नो सुरक्षाको निमित्त राजगुरु शुक्राचार्यको आश्रममा गएर बसेकी हुन्छिन् । रावणका सबै परिवारको विनाश भएपछि राक्षसको वंश नै लोप हुने स्थिति देखेर शुक्राचार्यले शिवको कठोर तपस्या गर्छन् र शिवलाई प्रकट हुन विवश बनाउँछन् । शिव प्रकट भएपछि शुक्राचार्यको गुनासो सुनेर शिवले एउटा शिवलिङ्ग दिंदै भन्छन् - तिमीले यो ज्योतिर्लिङ्ग हिन्दु समाजदेखि टाढा लगी स्थापना गर्नू । जुन दिन हिन्दुको हातको जल यो ज्योतिर्लिङ्गमा पर्नेछ त्यो दिन तिमीहरूको निमित्त अर्थात् राक्षस जातिको निमित्त अनिष्ट हुनेछ भनेर शिवजीले शुक्राचार्यलाई वचन दिएका हुन्छन् । यसैले हिन्दुदेखि सुरक्षित गर्न गुरु शुक्राचार्यले यो शिवलिङ्गलाई अरब खाडीको मक्कामा पुर्याएर राख्छन् । यहाँ स्थापित ज्योतिर्लिङ्गलाई मक्केश्वर ज्योतिर्लिङ्ग भनिन्छ । हुनत त्यहाँ पहिलेदेखि हिन्दुधर्मका अनुयायीहरूले पुज्दै आएका मठ मन्दिरहरू पनि प्रशस्तै रहेका छन् । यी मूर्तिहरू रहेसम्म हिन्दुहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवागमन हुनसक्ने हुनाले मक्का र मदिना शहरका सारा मन्दिरहरूलाई शुक्राचार्यद्वारा भत्काउन लगाई मक्का र मदिनालाई हिन्दुहरूको वस्तीबाट मुक्त गराउँछन् र त्यहाँ स्थापना गरिएको मक्केश्वर मस्जिद परिसरमा हिन्दुहरूको प्रवेशलाई सख्त बन्देज लगाउँछन् ।

लक्ष्मणद्वारा सुर्पणखाको नाक काटिएपछि उनले काटिएको आफ्नो नाक छुपाउन, आँखा नछोपिने गरी आफ्नै पछ्यौराले विशेष किसिमले आफ्नो काटिएको नाक छोप्ने गर्थिन् । आफ्नो चेहरा सधैं ढाकेर राख्ने गरेको हुनाले कारण नबुझेका उनका महिला अनुयायीहरूले पनि यिनैको अनुकरण गरेर आफ्नो चेहरा ढाक्ने परम्पराको सुरुवात गर्छन् । यो परम्परा कालान्तरमा उनीहरूको संस्कृतिमा नै परिणत हुन्छ । यिनै सुर्पणखा पछिका वंश आजका मुस्लिम समुदाय हुन् भन्ने मान्यता छ । सायद आजको हाम्रो बुझाइमा पनि मुस्लिम समुदायमा देखिने क्रियाकलापहरू सबै हिन्दु धर्मा वलम्वी हरूले अपनाएका आचरणको ठीक विपरीत हुनु, हिन्दुहरूभन्दा मुस्लिम सम्प्रदायका मानिस बढी हिंस्रक देखिनु, महिलाहरूले मुख छोप्ने बुर्का वाला पहिरन पहिरेर हिँड्नु जस्ता क्रियाकलापले र मक्का मदिनामा हिन्दुहरूको प्रवेश निषेध हुनुले पनि यो कथन नहोला भन्न सकिँदैन ।

मक्का र मदिना दुई अलग-अलग शहर भए पनि अहिले यो ज्योतिर्लिङ्गको स्थापनापछि यसलाई एउटै शहर बनाइएको छ । मूल ज्योतिर्लिङ्गको चारैतर्फ मस्जिदहरू निर्माण भएका छन् । यहाँ मुस्लिम समुदाय बाहेक अरूलाई प्रवेश गर्न निषेध गरिएको छ । हिन्दुहरूले तीर्थयात्राको क्रममा चारधाम र बाह्र ज्योतिर्लिङ्गको दर्शन गरे पश्चात् आराध्य देव श्री महादेवको दर्शनको निमित्त श्री पशुपति नाथको दर्शन गर्न आए जस्तो मुस्लिमहरूमा पनि आफ्नो जीवन काल भरीमा एक पटक मक्केश्वर महादेवको दर्शन गर्नुलाई आफ्नो जीवनको ठूलो सफलता ठान्ने गर्दछन् ।

श्रीरामको एघार हजार वर्ष सम्मको सारा जीवन कालका गतिविधिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालान्तरमा आएर एउटा लेखकले कागजको पन्नामा उतार गर्न खोज्नु कति संभव होला ? यसैले प्रत्येक लेखकले आफ्नो जानकारीमा आएका कुराहरूलाई सङ्कलन गरी लेख्नुपर्ने हुँदा सबैको लेखाइमा भिन्नता देखिनु स्वाभाविकै मान्नुपर्ने हुन्छ । त्यसैले कसैको बारेमा पनि बढीभन्दा बढी जानकारी लिन विभिन्न लेखकहरूको अनुभवलाई अवलोकन गर्नुपर्ने हुन्छ । त्यसैले कुनैपनि विषयवस्तुको अध्ययन मनन गर्दा संभव भएसम्म धेरै भन्दा धेरै लेखकहरूको लेखलाई अध्ययन गरेर मात्र त्यस वस्तुभित्रको वास्तविकतामा पुग्नुपर्ने हुन्छ । मैले त यहाँ रामायण कालीन प्रमुख पात्रहरूलाई मात्र प्राथमिकतामा राखी उनीहरूको बारेमा मात्र प्रकाशमा ल्याउने प्रयास गरेको हुँ । रामको एघार हजार वर्षको जीवनीलाई कागजको पन्नामा उतार गर्नु त्यति सहजको विषय पनि होइन र एकै व्यक्तिद्वारा यो संभव पनि छैन । त्यसैले मैले यहाँ जे जति प्रस्तुत गर्न सकेँ, त्यति मात्र भए पनि यहाँको अमूल्य समय दिएर जानकारी लिन सफल हुनु भएकोमा यहाँलाई धन्यवाद ।

आफ्नो बुझाइमा लागेका केही सारगर्भित कुराहरू

यहाँ पाठकहरूले बुझ्नुपर्ने कुरा के जस्तो लाग्छ भने अन्याय अत्याचारको पाटो जति शक्तिशाली भएपनि यसको अन्त्य निश्चित छ । जस्तो कि ' अति गर्नु तर अत्याचार नगर्नू' भन्ने लोकोक्ति जस्तै यहाँ रावण पनि त्यति शक्तिशाली हुँदा हुँदै पनि एक साधारण मानिसकै हातबाट आफ्नो जीवनको अन्त्य गर्नु पर्यो । बालीलाई आफूसँग युद्ध गर्न आउने शत्रुको बल आफै तर्फ खिच्न सक्ने सामर्थ्य हुँदा हुँदै पनि पराजयको सामना गर्नुपर्यो । मेघनादको मृत्युको निमित्त बाह्र वर्षसम्म ननिदाएको व्यक्तिको हातबाट मात्र मृत्यु संभव देखिए पनि उनको मृत्युको वेला यो पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभव भएर आयो । त्यसैले ईश्वरको सृष्टिमा कसैले पनि आफ्नो बल र पुरुषार्थको घमन्ड गर्नु हुँदैन । यतिमात्र होइन यिनीहरूको जीवनीबाट सिकेर व्यवहारमा उतार्नुपर्ने कुराहरू धेरै छन् ।

'झुटको आयु साँचो न आउँदा सम्म र शीतको आयु घाम नलाग्दा सम्म' भन्ने लोकोक्ति जस्तै सत्यको विजय पनि एक दिन निश्चित छ। रघुवंशको वंश विनाश गर्न, रावणले कति जालझेल गरे तर उनको केही सीप लागेन र आखिर रामकै हातबाट मृत्यु वरण गर्नुपर्यो ।

सीता लक्ष्मीको अवतार थिइन् । एक राजकुमारी भइकन पनि राज्यको पटरानी बन्ने तयारीमा रहेकी सीतालाई पनि दरबारको सुख वैभव त्यागेर संन्यासी पहिरन गरेर आफ्ना पतिको साथमा जङ्गलको यात्रा तय गर्दै वनवासी जीवन बिताउन बाध्य हुनु पर्दा पनि रावण जस्ता क्रूर निर्दयीको अपहरणमा परी सास्ती बेहोर्नु पर्यो । जङ्गल यात्रामा भोग्नुपर्ने कष्ट, विभिन्न अवस्थामा भोग्नु परेका विपत्तिको सामना र अग्निपरीक्षा जस्ता कष्टकर दुख भोग्नु पर्दा पनि पति प्रतिको सद्भाव, आस्था र विश्वासदेखि उनी कहिल्यै विचलित भइनन् । सीताको यो जीवनले पनि हामीलाई आफ्नो जीवन संघर्षमा अटल रहन प्रेरणा दिन्छ ।

राम दैवी अवतार हुन् तरपनि मानव जुनीमा रहेर मानवको अभिनयमा हराएका छन् । सुनको मृग हुँदैन भन्ने ज्ञान हुँदा हुँदै पनि सीताको हठ पूरा गर्न सुनको मृगको पछि लाग्नु, सीताको खोजीमा रूख बिरुवा पशुपक्षीलाई पनि मेरी सीता देख्यौ कि ? भन्दै सोध्दै हिँड्नु, आफ्नो स्वार्थको निमित्त बालीको हत्या गर्नु जस्ता अनभिज्ञता एकातर्फ देखिन्छ भने समुद्रलाई बाण हानेर निश्चल गराउन खोज्नु, धर्ती मातालाई बाण हानेर सीता फर्काउन खोज्नु, श्रापित अहल्याको शिलालाई स्पर्श गरेर पुनर्जीवित गराउनु जस्ता दैवीय चमत्कार पनि रामबाट भएका छन् । यस्ता रामलाई हामी मानव जातिले कसरी बुझ्ने ? त्यसैले व्यवहारिक जीवन र वास्तविक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनमा देखिने फरक पाटोलाई बुझ्न सक्यौं भने मात्र हामीले आफ्नो जीवनको सार्थकतालाई पहिचान गर्न सक्ने छौं । नत्र हाम्रो जीवन मृगतृष्णा तुल्य हुनेछ ।

श्रीरामकै जीवनलाई मात्र औँल्याएर हेर्यौं भने पनि यिनको जीवन पनि पीडै पीडाले भरिएको छ । बालापनदेखि गुरु आश्रममा, घरमा आएर राजपाटको उत्तराधिकारी बन्नुपर्ने वेलामा वनवास, त्यसै वेला पिताको मृत्यु, वन बासमा पनि आफ्नै पत्नी पर पुरुषको अपहरणमा परी श्रीमतीसँग बिछोड हुनु पर्दाको पीडा र चिन्ता । रावणसँगको युद्धको निमित्त समुद्रमै पुल निर्माण गर्नुपर्ने समस्या, युद्धको सामना, धोबीको कुरामा लागेर सीतालाई अग्निपरीक्षा र फेरि त्यागसमेत गर्नु, खै त रामको जीवनमा सुख ? न लक्ष्मणको जीवनमा नै सुख देखियो ? न दरबारमा रहेका भरत र शत्रुघ्नको जीवन सुखी देखियो ? शायद यसले पनि हामीलाई रामको जीवनमा त सुख देखिएन भने हाम्रो जीवन कसरी सुखी बन्न सम्भव होला ? कसैलाई खुब दुःख दिनुपर्यो भने राम धुलाई गर्ने भन्छन् नि ! शायद रामको यही दुखी जीवनलाई औँल्याउँदै रामलाई जस्तै दुःख परोस् भन्न खोजिएको हुनुपर्छ । अर्कोतर्फ भरत, लक्ष्मण, र शत्रुघ्न जस्ता भातृ प्रेमले ओतप्रोत भएका कर्तव्य निष्ठ, आफ्ना अग्रजहरूका आज्ञाकारी, आफ्नो जीवनलाई एक सेवकको रूपमा समर्पण गर्न सक्ने त्यागी भाइ हुनु नै भातृ शक्ति भएको ज्वलन्त उदाहरण पनि यहाँ प्रस्तुत भएको छ ।

राजा दशरथमा आफ्ना वचनको प्रतिबद्धता, उदार स्वभाव र राजसी गुण भएको एक शीर्ष व्यक्तित्व हुनुको साथै जन्म संस्कारदेखि विद्यमान रहेको एक अद्भुत शक्तिको कारण जसको जीवनकाल एक उदाहरणीय बन्न पुगेको छ । यो रामायणको अध्ययन गर्नुले एक लोक दन्त्यकथाबाट लिइने मनोरञ्जन मात्रै नभएर एक कर्तव्य निष्ठ नैतिक वान र अनुशासित जीवनको प्रतिफल कस्तो हुन्छ ? जीवनको सार्थकता के हो ? त्याग के हो ? अनुशासनको आत्मबल के हो ? आदि कुराहरूको मनन गर्न पनि सकिन्छ ।

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दूध जमाएर दही र दही मथेर मोही बनाउनुको मुख्य अर्थ हुन्छ - त्यसमा रहेको तत्त्व (घ्यू) निकाल्नु । त्यस्तै यहाँ पनि यत्रो राम कथा पढेर हाम्रो जीवनको निमित्त के सन्देश पायौं, के बुझ्यौ र यसलाई व्यवहारमा कसरी उतार्ने ? किताब पढ्नुको मुख्य लक्ष यही नै हो । रामायण दृष्टान्तको एउटा बजार हो । यो भित्र छिरेपछि आफ्नो आवश्यकता र रुचि अनुसारको विषयवस्तु चयन गर्नु हामी उपभोक्ताको निमित्त एउटा पाटो हुन आउँछ । त्यसैले बजारमा गएर के सामान किन्ने भने जस्तै किताबी अध्ययनबाट पनि यसबाट आफूले के ग्रहण गर्ने यो उपभोक्ताको छनौटमा भर पर्ने भएकाले अब बाँकी पाठकहरूकै जिम्मामा छाडी म पनि बिदा लिन्छु । जय श्री राम !

आदौ राम तपो बनादि गमनं हत्वा मृगं काञ्चनम् । वैदेही हरणं जटायु मरणम् सुग्रीव संभाषणम् ॥ बाली निर्दलनम् समुद्र तरणम् लङ्का पुरी दहनम् । पश्चात् रावण कुम्भकर्ण हननम् एतद्धि रामायणम् जय श्रीराम ! जय हनुमान् ! मम सतत नमनमस्तु ॥ इति रामायणम् ॥

यज्ञराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रजि २८६५

NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक परिचय

यज्ञराज ज्ञवाली

जन्म मिति - २००७।०३।२७ (जुलाई ११, १९५०),
ठेगाना - का. म. पा. १० बुद्ध नगर,
शैक्षिक योग्यता - (SLC उत्तीर्ण) बुटवल मा. वि. २०२६,
अनुभव - लेखा समूह (ब्रिटिस प्रोजेक्ट महेन्द्र राजमार्ग नारायण घाट बुटवल खण्ड (२०२८-२०२९),
अध्यापन - प्र. अ. ग्राम. बि. प्रा. वि. हँसरा गुल्मी,
लेखापढी व्यवसाय - मालपोत भैरहवा (२०३७-२०३९),
निजामती प्रशासन - रा. प. अनं . द्वितीय (२०४०-२०६५)

कृति -
प्रथम - देवदर्शन २०७३,
द्वितीय - हाम्रो धार्मिक आस्था २०७३,
तृतीय - प्रतिविम्ब २०७३,
चतुर्थ - सरलीकृत नेपाली रामायण २०७८ (हजुरको हातमा),

फुटकर लेख रचनाहरू -
जन भावना - (कार्तिक १५ २०७८), कार्तिक २९ २०७८), एभरेस्ट टाइम यू.के- (जुन २२, २०१०), नेपाली पत्र अष्ट्रेलिया - (जन २९-१० फेब्रुअरी २०१५), (फेब्रुअरी २५ -१० मार्च २०१५,), (फेब्रुअरी ११-२४, २०१५), (फेब्रुअरी २५ - १० मार्च २०१५), (अक्टोबर ६-१५, २०१६),

9 789937 947985

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu